**आजको दिशाबोध**


**वर्ष १३, अङ्क १०, २०७३ असार १४**

**प्रकाशक**
**मदन भण्डारी फाउन्डेसन**
केन्द्रीय कार्यसमिति
काठमाडौं, नेपाल

***सम्पादक***

**भेषराज अधिकारी**
**चिन्तामणि भट्टराई**
**युवराज बास्कोटा 'यज्ञ'**

***कम्प्युटर सेटिङ***
**जिविजि कम्प्युटिङ**
काठमाडौं, नेपाल
फोन नं. ४२५५०७६


## विषय-सूची


मन्तव्य –***उषाकिरण भण्डारी*** ३

संविधानले कसैलाई विभेद गरेको छैन, सबैलाई समान अधिकार र अवसर दिएको छ –***केपी शर्मा ओली*** ५

नेपालको संविधानमा समाजवाद-उन्मुख विशेषता –***प्रदीप ज्ञवाली*** ११

जनताको वहुदलीय जनवाद र नयाँ संविधान –***शंकर पोखरेल*** १९

समावेशी राजनीतिको सन्दर्भमा मदनलाई सम्झँदा –***जीतेन्द्र देव*** २६

संविधान निर्माणमा अन्तर्राष्ट्रिय समुदायको भूमिका –***राजन भट्टराई*** २९

नेपालको संविधानका विशेषताहरूको सन्दर्भमा मानव अधिकार सम्बन्धी व्यवस्थाहरू –***हरि फुयाँल*** ३४

नेपालको संविधानमा महिलाका अधिकारहरू –***शशी अधिकारी राउत*** ४३

नेपालको संविधान २०७२ र सामाजिक सुरक्षा –***सुरेन्द्र भण्डारी*** ५२

नयाँ संविधानमा न्यायपालिका सम्बन्धी व्यवस्था: कार्यान्वयनका चुनौतीहरू –***सुनिल कुमार पोखरेल*** ५६

समृद्धिका लागि ५-टीको अवधारणा –***घनश्याम खतिवडा*** ६३

जननेता मदन भण्डारीको सपना र ... –***रमेश कुमार अधिकारी*** ६६

दलभित्र लोकतन्त्र संस्थागतकरण: चुनौती ... –***भेषराज अधिकारी*** ६९

संविधानमा महिला अधिकार ७८

अन्तरसंवाद कार्यक्रम ७८

नयाँ संविधान जारी पछि राष्ट्रपति र प्रधानमन्त्रीको निर्वाचन सम्पन्न ८३

गतिविधि ८६

# मन्तव्य



✍ उषाकिरण भण्डारी*

नेपाली जनताले निरन्तर संचालन गर्दै आएको आन्दोलनको सफलताबाट आफ्नो संविधान आफैँ लेख्ने अधिकार प्राप्त गरेपछि संविधान सभाबाट २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएको छ। यसरी लोकतान्त्रिक विधिबाट देशको मूल कानून निर्माण गर्ने नेपाली जनताको वर्षौं पुरानो सपना लामो प्रतिक्षापछि अहिले आएर पुरा हुनु एउटा ऐतिहासिक घटना हो। यस अवसरमा म लोकतान्त्रिक अधिकारका निम्ति शहादत हासिल गर्नेहरूप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु र यस आन्दोलनमा अथक रुपमा समर्पित हुने सबै योद्धाहरूलाई सम्मान व्यक्त गर्दछु।

इतिहासका विभिन्न कालखण्डमा अनेकौं रुपमा प्रकट हुँदै आएको शोषक वर्गीय राज्यलाई समाप्त पार्दै लैजाने अभियान संघर्षको माध्यमबाट क्रमशः सफलतातर्फ उन्मूख हुँदै आएको छ। यस बिचमा हाम्रो समाजमा लादिएको मध्य युगिन सामन्ती शासन सत्ता समाप्त भयो, बहुदलीय राजनीतिक व्यवस्था सुरुवात भयो र अहिले मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। यहाँसम्म आइपुग्न देश र जनताले ठूलो मुल्य चुकाउनु परेको छ। सुखद पक्ष चाहिँ के हो भने अब आफ्नो र देशको समृद्धिका लागि बलियो जग हाल्न सफल भयौं भन्ने विश्वास नेपाली जनतामा पलाएको छ। यसलाई सम्बद्ध सबै पक्षले आत्मसात गर्दै मुलुकको विकासमा परिचालित हुने अवसरका रुपमा ग्रहण गर्न सक्दा सामाजिक आर्थिक समृद्धिले गति लिने नै छ।

संविधान तत्कालिन राजनीतिक तथा सामाजिक सन्तुलनको दस्तावेज मात्र नभएर समाज विकासक्रमको एउटा प्रकृया र माध्यम पनि बनिरहेको हुन्छ। संविधानमार्फत् कुनै पनि मुलुकले आफ्नो भविष्यको स्पष्ट दिशावोध पनि गरिरहेको हुन्छ। नेपालको संविधानले आफ्नो प्रस्तावना मार्फत देशलाई प्रगतिशील दिशातर्फ लैजाने संकल्प मात्र गरेको छैन बरु स्वयंलाई एक गतिशील सामग्रीको रुपमा आत्मसात समेत गरेको छ। जसबाट समयको माग बमोजिम उचित संवैधानिक प्रकृयाबाट जनताका इच्छा तथा चाहनाहरूलाई सम्बोधन गर्न सकियोस्। संविधानका लागि शुरु भएको राणाकालिन आन्दोलनका मागहरूमा २१ औं शताब्दीमा आइपुग्दा नयाँ आवाज थपिए, परिमार्जित भए र लामो समय पछि वर्तमान संविधानमा समाविष्ट हुन सफल भए। यसबाट यो कुरा स्पष्ट हुन्छ कि संविधानरुपी यो दस्तावेज समय सापेक्ष परिष्कृत हुँदै जान्छ। यो महत्वपूर्ण भावना स्वयं संविधानले आत्मसात गरेको र हामी पूर्णतः लोकतान्त्रिक पद्धतिमा समेत पदार्पण गरिसकेको वर्तमान परिवेशमा संविधानप्रति समाजको अन्तरकुन्तरमा रहेका जायज गुनासाहरू समयक्रममा संवोधित हुने कुरामा कुनै दुइमत छैन। अहिले संविधानलाई लिएर विभिन्न कोणबाट आएका छिटफुट आलोचनात्मक भावहरू संविधानको गतिशीलतालाई बुझ्न वा विश्वास गर्न हिच्किचाएर उत्पन्न भएको पनि हुनसक्छ। विभिन्न भूभागमा बस्ने र आआफ्नो कार्यक्षेत्रमा लागेका

* अध्यक्ष, मदन भण्डारी फाउन्डेसन।

नेपालीहरूले संविधानको लचकतालाई आत्मसात र विश्वास गर्दै अगाडि बढेको खण्डमा वर्तमान अवस्थामा उठेका सानातिना विषयहरू समयक्रममा संवैधानिक प्रकृयाबाट सजिलै निष्कर्षमा पुऱ्याउन सकिने नै छ। फेरि यो एउटा भावनात्मक कुरा मात्र होइन बरु जनताको अधिकार समेत भएको स्वयं संविधानले सुरक्षित राखेकाले संविधान कार्यान्वयनको संक्रमणकालीन वर्तमान चरणमा धैर्यतापूर्वक अघि बढ्नु आवश्यक हुन्छ ।

जननेता मदन भण्डारीलाई नजिकबाट चिन्नेहरू भन्नु हुन्छ- कुनै पनि नयाँ अवधारणा विकास गरेपछि उहाँ त्यसलाई विभिन्न सामाजिक र राजनीतिक संयन्त्रमा विचार विमर्श गर्ने, गराउने र संवादको प्रकृयाबाट सम्पूर्ण सरोकारवालाहरूको उक्त विषयमा चासो जागृत गराउने, सुझाव प्राप्त गर्ने र अन्ततः स्वामित्व हासिल गराउने वातावरण सृजना गर्नुहुन्थ्यो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले गम्भिर धक्का खाएको अत्यन्तै संकटको घडिमा निर्णायक तवरले प्रस्तुत हुनुपर्ने अवस्थामा समेत आकस्मिक रुपमा निर्णय नलिइ आन्दोलन भित्र विकसित हुँदै गरेका नयाँ विचार र अवधारणाहरूलाई सबैका सामु लैजाने, बहस गराउने र लोकतान्त्रिक विधिमार्फत त्यसलाई अनुमोदन गराउने साहसिक लोकतान्त्रिक कार्यशैली उहाँमा रहेको कुराको सर्वत्र चर्चा हुने गरेको छ। त्यही भएर नै हुनुपर्छ नेपालको सामाजिक आर्थिक रुपान्तरणलाई मार्ग दर्शन गर्न सक्ने ठानिएको जनताको बहुदलीय जनवादको सिद्धान्त र त्यसका कार्यक्रमिक अवधारणाहरू समाजमा स्थान पाउँदै, घुलित हुँदै र कार्यान्वयीत हुँदै सफलताको दिशातर्फ लम्कि रहेकाछन् । सिद्धान्तको रंग हरियो हुन्छ र हुनै पर्छ भन्ने जननेताको सन्देश समाजमा प्रस्फुठित भइरहेको छ ।

जननेताको योगदानलाई चीरस्थायी तुल्याउँदै मुलुकको सामाजिक आर्थिक रुपान्तरणमा टेवा पुऱ्याउने पवित्र भावना र उद्देश्यका साथ सामाजिक संस्थाको रुपमा मदन भण्डारी फाउन्डेसन संस्थापित भएको हो । यस फाउन्डेसनले राज्य सञ्चालनका नीति तथा समग्र सामाजिक विकासका नीतिहरू र तिनको कार्यान्वयनको पक्षलाई जननेताको अगुवाइमा प्रतिपादित भएको सिद्धान्त जनताको बहुदलिय जनवादको आँखाबाट हेर्ने र तिनीहरू कति जनप्रिय भैरहेका छन्, समता र सामाजिक न्यायमा आधारित छन् वा छैनन् भन्ने विश्लेषण गर्दै त्यसलाई राज्यका संयन्त्रमा रहेका सरोकारवालादेखि आम जनतासम्म पुऱ्याउने प्रयास गर्ने अठोट गरेको छ ।

यही पहल अन्तर्गत फाउन्डेसनले मदन जयन्तीको अवसर पारेर बार्षिक रुपमा **आजको दिशाबोध**को प्रकाशन मार्फत् विभिन्न मुद्दाहरूमा समाजका विभिन्न हिस्सामा रहेका सरोकारवालाहरूको राय, विचार, धारणा र दृष्टिकोण पस्किने कोशिस गर्दै आएको छ। यस पटक हामीले **आजको दिशाबोध**को ताजा अङ्कमा नेपालको नयाँ संविधान, यस अघि र पछिको विश्लेषण तथा यसको कार्यान्वयन प्रकृया र चुनौतीका बारेमा विश्लेषण समायोजित गर्ने कोशिस गरेकाछौं । यसमा लेख रचना उपलब्ध गराउने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आजको दिशाबोध हाम्रो संवाद प्रकृयाको एउटा माध्यम पनि हो । यस बाहेक पनि फाउन्डेसनले विभिन्न अवसरहरूमा सामाजिक र नीतिगत मुद्दाहरूमा विभिन्न मंचहरूबाट विचार विमर्श गर्ने कार्यक्रमहरू आयोजना गर्ने गरेको छ। यस अभ्यासबाट उठेका मुद्दाहरूलाई उजागर गर्ने र निचोडलाई सार्वजनिक गर्दै पनि आएको छ। यो प्रयास जननेता मदन भण्डारीले अघि सार्नु भएका विचारहरूउपर बहस र छलफल चलाउने तथा उहाँप्रति सम्मान व्यक्त गर्ने एउटा माध्यम हो भन्ने हाम्रो ठम्याइ हो ।

जननेता मदन भण्डारीप्रति हार्दिक श्रद्धाञ्जली !

■

# संविधानले कसैलाई विभेद गरेको छैन, सबैलाई समान अधिकार र अवसर दिएको छ



✍ केपी शर्मा ओली*

आज देश एउटा अप्ठचारो परिस्थितिसँग जुधिरहेको बेला, अप्ठचारो परिस्थितिलाई सहज परिस्थितिमा रूपान्तरण गर्नका निम्ति तपाईंहरू असाधारण उत्साहका साथ यहाँ भेला हुनुभएको छ। यसबाट के स्पष्ट हुन्छ भने अब नेपालमा कसैले अल्मल्याएर कोही अल्मलिँदैन। बरु देश भ्रमबाट मुक्त भएर अगाडि बढ्छ भन्ने कुराको एउटा बलियो संकेत हो। यो कुरा तपाईंहरूको संकल्पबाट प्रकट भएको छ। देश अप्ठचारो स्थितिमा छ। केही समयदेखि अप्ठचाराहरू हामीले सामना गरिरहेका छौँ। तर, यसका पछाडि के छ भन्ने कुरा म अलिकति राख्न चाहन्छु।

नेपाली जनताले सदैव न्याय र समानताको चाहना राखे। नेपाली जनताले सदैव अधिकार, अवसरको चाहना राखे। नेपाली जनताले शान्तिपूर्ण समाज र कानूनको राज चाहे। नेपाली जनताले देशलाई एकताबद्ध बनाएर राष्ट्रिय एकताका साथ विकास र समृद्धिको बाटोमा अगाडि बढ्न चाहे र सम्पन्न जीवन बिताउन चाहे। लामो समयदेखि जनताले संघर्षहरू गरे, बलिदानपूर्ण संघर्षहरू भए र ती बलिदानपूर्ण संघर्षहरू पटक पटक सफल भए। उपलब्धिहरू हासिल भए तर जनविरोधी शक्तिहरूले षड्यन्त्र गर्ने र मौका पाए पछि ती सफलतालाई समाप्त पार्ने र असफलतामा पुऱ्याइदिने लगातारको सिलसिला रह्यो।

२००७ सालको आन्दोलन सफल भयो, तर २०१७ सालमा सम्पूर्ण अधिकारहरू खोसिए। २०४६ सालको आन्दोलन सफल भयो, त्यसका उपलब्धिहरूलाई संस्थागत गरिएपनि पूर्णता प्राप्त गर्न सकिएको थिएन। त्यसबाहेक भ्रम फिँजाउन खोज्ने तत्वहरू र अप्ठचारो परिस्थितिबाट फाइदा लिन खोज्ने तत्वहरूले देशलाई फेरि एकपल्ट हिंसामा लान खोजे। हिंसातर्फ लगेर देशलाई समस्याग्रस्त बनाउने प्रयास र काम भए। त्यसलाई उपयोग गर्दै राजतन्त्रलाई फेरि सक्रिय बनाउने, फेरि निरङ्कुश बनाउने, जनताका अधिकार फेरि खोस्ने प्रयासहरू भए। त्यसका विरुद्ध २०६२/०६३ मा नेपाली जनताले देशभरि नै ऐतिहासिक रूपमा शान्तिपूर्ण संघर्ष, विशाल जनआन्दोलन, त्यसको आँधीबेहरी सिर्जना गरे। जसले राजतन्त्रलाई संस्था मात्रै बाँकी राखेर समाप्तीको बाटोमा लग्यो र त्यसबेलासम्म चलिरहेको हिंसालाई युद्धविराम मार्फत शान्तिप्रक्रिया सुरु गराएर अगाडि बढायो। सँगसँगै जनताले प्राप्त गरेका हक अधिकारहरू अब गुम्न

**नेपाली जनताले सदैव न्याय र समानताको चाहना राखे। नेपाली जनताले सदैव अधिकार, अवसरको चाहना राखे। नेपाली जनताले शान्तिपूर्ण समाज र कानूनको राज चाहे। नेपाली जनताले देशलाई एकताबद्ध बनाएर राष्ट्रिय एकताका साथ विकास र समृद्धिको बाटोमा अगाडि बढ्न चाहे र सम्पन्न जीवन बिताउन चाहे।**

---

* प्रधानमन्त्री एवं अध्यक्ष, नेकपा (एमाले)।

दिनुहुँदैन, अब जनताले प्राप्त गरेका हक अधिकारहरूलाई सुरक्षित गरेर, संस्थागत गरेर अगाडि जानुपर्छ भन्ने मान्यताहरू दृढताका साथ अगाडि बढे। त्यसअनुसार नै संविधान सभाको निर्वाचन भयो। तर, पहिलो संविधान सभा दुई वर्षको कार्यकाल भए पनि चार वर्षसम्म समय थप्दै गए पनि त्यसले संविधान दिन सकेन र संविधान नदिईकन पहिलो संविधान सभा समाप्त भयो। नेपाललाई संवैधानिक संकट, राजनीतिक संकट, जनप्रतिनिधि संस्थाहरूको रिक्तता, संविधानले बाटो दिन नसक्ने अवस्था, अदालत, अख्तियार, लोकसेवा आयोग जस्ता सबै संवैधानिक अङ्गहरूलाई, निर्वाचन आयोग जस्ता संस्थाहरूलाई समाप्त पारिदिने र राज्यका विभिन्न अङ्गहरू समाप्त भएपछि असफल राष्ट्रमा परिणत हुने एउटा बाटोतर्फ धकेल्दै लाने अवस्था बन्यो। त्यस अवस्थामा फेरि विशेष व्यवस्थाका साथ संविधान सभाको दोस्रो निर्वाचन गराइयो र हामीले त्यसबेला भन्यौँ–दोस्रो निर्वाचनपछि यो संविधान सभा संविधान नबनाइकन, संविधान नदिइकन असफल भएर समाप्त हुने छैन। संविधान सभालाई हामी सफल बनाएर छाड्छौँ। हाम्रो त्यो प्रयास सबैलाई थाहा छ भन्ने लाग्छ मलाई।

नेकपा (एमाले) ले दृढ प्रयास नगरेको भए संविधान निर्माण हुनसक्दैनथ्यो। दोस्रो संविधान सभाबाट पनि संविधान बन्न नदिनका लागि अनेक प्रकारका जालझेल, षड्यन्त्रहरू भए। राजनीतिक शक्तिहरूका बीचमा खेल्ने, फुटाउने र संविधान सभालाई फेरि असफल बनाउने प्रयासहरू भए। ती सबैलाई परास्त गर्दै संविधान निर्माण गर्न सफल भइयो। किनभने यस अभियानमा नेकपा (एमाले) ले अगुवाइ गरिरहेको थियो। नेकपा (एमाले) संविधान निर्माण गरेरै छोड्ने संकल्पबद्ध थियो र जनताले प्राप्त गरेका हक-अधिकारहरूलाई संस्थागत गर्ने र देशलाई सङ्क्रमणकालिन अवस्थाबाट स्थिरता र स्थायित्वतर्फको अवस्थामा अगाडि बढाउने कुरामा नेकपा (एमाले) कृतसंकल्पित थियो र छ। अरु राजनीतिक शक्तिहरूलाई पनि नेकपा (एमाले) ले आफ्नो बाटोमा, आफ्नो धारमा डोऱ्याएर ल्यायो र संविधान बन्यो।

**यो संविधान जनताबाट निर्वाचित संविधान सभा, समानुपातिक र समावेशी प्रतिनिधित्वको संविधान सभा, पहिलो असफल भइसकेपछि दोस्रो संविधान बनाउने अठोटका साथ फेरि दोहऱ्याएर निर्माण गरिएको संविधान सभा, जसको काँधमा संविधान निर्माण गर्ने अभिभारा थियो, त्यस संविधान सभाबाट संविधान बनाइयो। अत्यन्तै लोकतान्त्रिक विधिबाट संविधान बनाइयो।**

संविधान बन्न नदिने शक्तिहरू संविधान बनेकोमा अत्यन्तै क्रुद्ध भए। यो संविधान जनताबाट निर्वाचित संविधान सभा, समानुपातिक र समावेशी प्रतिनिधित्वको संविधान सभा, पहिलो असफल भइसकेपछि दोस्रो संविधान बनाउने अठोटका साथ फेरि दोहऱ्याएर निर्माण गरिएको संविधान सभा, जसको काँधमा संविधान निर्माण गर्ने अभिभारा थियो, त्यस संविधान सभाबाट संविधान बनाइयो। अत्यन्तै लोकतान्त्रिक विधिबाट संविधान बनाइयो।

अचानक, रातारात, एकै छिनमा संविधान बनाइयो भन्ने जस्ता केही केही टिप्पणीहरू म सुन्ने गर्छु। आठ वर्षदेखि हामी संविधान निर्माणको प्रक्रियामा थियौँ। एउटा संविधान सभा असफल भइसकेको थियो। एक वर्षभित्रमा बनाउने भनिएको संविधान एक वर्षभन्दा बढी समयदेखि संविधान निर्माण गर्न सकिरहेको थिएन। त्यस्तो अवस्थामा देशमा भूकम्प गयो। भूकम्पले धेरै ठूलो क्षति, धेरै ठूलो नोक्सानी पुऱ्यायो। ९ हजार भन्दा बढी मानिसको ज्यान गयो, २३ हजार भन्दा बढी मानिस घाइते भए। ८ लाख घरहरू भत्किए। विद्यालयहरू भत्किए, सरकारी संरचनाहरू भत्किए, पुरातात्विक महत्वका, धार्मिक महत्वका, ऐतिहासिक महत्वका अनेक धरोहरहरू भत्किए। जनता विस्थापित हुने अवस्था बन्यो। देश एउटा कोलाहलको स्थितिमा गयो। त्यस अवस्थालाई साम्य पार्ने, संविधान दिएर जनताका अधिकारहरूलाई सुनिश्चित गर्ने र देशलाई आर्थिक उन्नतिको बाटोमा अगाडि बढाउनुपर्ने टड्कारो आवश्यकता देखापऱ्यो। त्यसकारण, नेकपा (एमाले) ले त्यस सन्दर्भमा अविलम्ब संविधान बनाउने जुन नीति लियो, त्यो अत्यन्तै जायज र अत्यन्तै उचित नीति थियो। अचानक बन्यो भन्ने कुरा सही होइन। जनताका बीचमा सुझाव टिप्पणीका लागि सभासद्हरू

पनि गएर राय, सुझाव, टिप्पणी लिने काम भयो। हरेक धारा छलफलमा जाने, संविधानका हरेक धारामा बेग्लाबेग्लै मतदान हुने, हरेक धारा मतदानबाट पारित हुने, ८६ प्रतिशत भन्दा बढी सर्वसम्मत ढङ्गले, ९२ प्रतिशतले केही केही असहमतिका साथ संविधान जारी गर्नुपर्ने कुरा अगाडि सारे र त्यसैगरी संविधान जारी भयो। संविधान बन्न नदिने षड्यन्त्रमा सरिक तत्वहरू, असन्तुष्ट तत्वहरू र संविधान मन नपराउनेहरूले हल्ला मच्चाउन थाले -"अचानक बन्यो।" तर यो अचानक बनेको थिएन। अब अर्को हल्ला सँगसँगै चलाइयो। हामीले केही पाएनौँ भन्ने हल्ला जनताको बीचमा लगियो। गाउँघरतिर गएर तपाईंहरूले संविधानबाट के पाउनुभयो भने। गाउँका जनताले त ठोसरुपमा केही पाएका थिएनन्। पाउने कुरा पनि भएन। संविधानले हक अधिकार दिने हो। संविधानले अवसर दिने हो। संविधानले कुनै दालचामल जस्तो कुरा दिने होइन। संविधान दिएर केही पायौ त भन्दा जनताले भन्छ, पाएको छैन। त्यसो भनेर जनतालाई भ्रमपूर्ण ढङ्गले भड्काउने। कहिले प्रदेशको सीमांकन मिलेन भन्ने, कहिले सङ्ख्या मिलेन भन्ने। कहिले नागरिकता मिलेन भन्ने। समावेशी भएन भन्ने, समानुपातिक भएन भन्ने जस्ता अनेक कुराहरू गर्ने। वास्तवमा ती सबै तर्क झूटा हुन्। नेपालको संविधान नेपाली जनताका लागि बनाइएको संविधान हो। अरु कसैका लागि होइन, नेपाली जनताका लागि बनाइएको संविधान हो। नेपाली जनता पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका, चाँदनी, दोधारासम्मका, हिमाली भेगदेखि तराईसम्मका, पहाड, मधेस सबैतिरका जनता, १२५ जातजाति, १२३ भाषाभाषी, अनेक धर्म, संस्कृति, अनेक परम्परा, अनेक चाडहरू, यसमा आबद्ध विभिन्न पेशा, व्यवसायका जनता सबै नै मिलाउँदा नेपाली जनता हुन्छ र सबैका लागि नेपालको संविधान बनेको छ। किनभने, नेपाली जनताको संविधान, जनताले बनाएको संविधान, जनताका लागि बनेको संविधान हो यो। जनताका सम्पूर्ण अधिकारहरू यसमा सुरक्षित छन्। शान्ति खलबलिन नदिने, अशान्तिका कारणहरूलाई समाप्त पार्ने, लोकतान्त्रिक मूल्य मान्यताहरू, आवधिक निर्वाचन, प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणाली, शक्ति पृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायालय जस्ता कुराहरू, कसैलाई अन्याय पर्‍यो भने न्यायका लागि अदालत जान सकिने र न्याय प्राप्त गर्नसक्ने अवस्था लगायत मानवअधिकारका अनेक पक्षहरू, यी सबै कुराहरू संविधानमा प्रत्याभूत गरिएका छन्। संविधानमा सबै जनतालाई हक अधिकारहरू समान छन्। संविधानले सबै जनतालाई समान हक अधिकार, बराबरी अवसर, उत्तिकै सुरक्षा, सबैका लागि उत्तिकै सम्मानको अवस्था सिर्जना गरेको छ। त्यसबाहेक राष्ट्रिय एकतालाई जोड दिने, त्यसका निम्ति हिजो सामन्तकालिन समयमा नेपाली जनताका बीचमा अनेक प्रकारका असमानता र विभेदहरू थिए। त्यतिबेला भिन्नता खडा गर्ने र भिन्नतालाई विभेदको रूपमा प्रयोग गरेर शोषण, दमन गर्ने परिपाटी थियो। त्यसलाई समाप्त पारेर सबैलाई सामाजिक न्याय र समानता उपलब्ध गराउने कुराहरूका साथ संविधान आयो। अब समानताका आधारमा सामाजिक सद्भाव कायम गर्दै सम्पूर्ण नेपाली जनता एकजुट छौँ, हामी सबै दाजुभाइ दिदीबहिनीहरू हौँ, जुनसुकै जातका भए पनि जुनसुकै पेशा व्यवासाय गर्ने भए पनि, जुनसुकै भाषा बोल्ने भए पनि, जहाँसुकै बस्ने भए पनि हामी नेपाली हौँ। यसै भावनाका साथ संविधान बनेको छ र संविधानमा केही विशेष व्यवस्थाहरू पनि गरिएको छ।

**हाम्रो समाजको केही हिस्सा पछाडि परेको छ। महिलाहरू सदियौँदेखि पछाडि पारिए। त्यसकारण महिलाहरूलाई अगाडि ल्याउन, पुरुषहरूको दाँजोमा बराबरी अवस्थामा पुऱ्याउन अहिलेका निम्ति राज्यका सबै निकायमा महिलाहरूको ३३ प्रतिशत आरक्षण गर्ने व्यवस्था गरिएको छ।**

हाम्रो समाजको केही हिस्सा पछाडि परेको छ। महिलाहरू सदियौँदेखि पछाडि पारिए। त्यसकारण महिलाहरूलाई अगाडि ल्याउन, पुरुषहरूको दाँजोमा बराबरी अवस्थामा पुऱ्याउन अहिलेका निम्ति राज्यका सबै निकायमा महिलाहरूको ३३ प्रतिशत आरक्षण गर्ने व्यवस्था गरिएको छ। स्थानीय निकायहरूमा ४० प्रतिशत महिला सहभागिताको व्यवस्था गरिएको छ। त्यसै गरेर जाति, जनजाति, आदिवासी, मधेशी, थारु, दलितलगायतका पछाडि परेका, पारिएका भनिएका समुदायहरूलाई अगाडि छिट्टै ल्याउनका लागि ४५

प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ, जहाँ भनिएका बाहेक अरुले प्रतिस्पर्धा गर्न पाउँदैनन्। त्यही समुदायले मात्र प्रतिस्पर्धा गर्न पाउँछ। ५५ प्रतिशतमा चाहिँ खुला प्रतिस्पर्धा गर्न पाउनेछ। त्यसमा ४५ प्रतिशत आरक्षित भएको समुदायले पनि प्रतिस्पर्धा गर्न पाउनेछ।

**उनका छोराछोरी दिल्ली, बनारस, पटना, बैंगलोरमा पढ्छन्, उनका छोराछोरी बेलायत, अष्ट्रेलिया वा अमेरिका जस्ता देशमा पढ्छन्। अनि उनीहरू यहाँ गाउँका स्कुल बन्द गर्नेगर्दछन्। आफ्ना छोराछोरी देहरादून पठाउने, गरिबका छोराछोरी पढ्ने स्कुल बन्द गरिदिने।**

दुँनियाको कुनै पनि संविधानमा अहिलेसम्म ३३ प्रतिशत महिलाका लागि आरक्षणको व्यवस्था छैन। ४५ प्रतिशत पछाडि परेका जाति, जनजाति, थारु, मधेशी भनेर आरक्षण गरिने व्यवस्था संसारको कुनै संविधानमा छैन। यहींको संविधानमा छ। यसरी संविधानमा विशेष प्रकारका व्यवस्थाहरू गरिएको छ। प्रदेशबाट केन्द्रमा जाने ८ जनामध्ये ३ जना अनिवार्य रूपमा महिला हुनुपर्दछ। एक जना दलित हुनैपर्दछ। एक जना शारीरिक रूपमा अपाङ्गता वा अशक्त हुनुपर्दछ। यसरी ८ जना मध्ये ५ जना आरक्षित अवस्थामा आउँछन्। तीन जना मात्रै फरक ढङ्गले प्रतिस्पर्धाबाट आउँछन्। यसको अर्थ पछाडि परेको समुदायलाई, पछाडि परेको जनताको हिस्सालाई अगाडि बढाउनका निम्ति संविधानले विशेष प्रबन्ध र विशेष व्यवस्थाहरू गरेको छ। नागरिकताको हकमा कुनै प्रकारको विभेद छैन। बिहे गरेर विदेशबाट ल्याइएका बुहारीहरूले नागरिकता प्राप्त गर्न सक्दैनन् भन्ने एउटा भ्रम फिँजाइएको छ। तर त्यो सत्य होइन। बिहे गरेर ल्याएका बुहारीहरूलाई हामीले नागकिता दिइरहेकै छौँ। केही मान्छेहरू बुहारीलाई नागरिकता दिइन्छ भने बिहे गरेर छोरी पठाएपछि ज्वाइँलाई पनि नागरिकता दिएर पठाउनुपर्छ भन्ने ठान्छन्। कुनै देशमा यस्तो चलन हुन्छ र ? हामी बुहारीलाई बिहे गरेपछि परिवारको सदस्य मान्छौँ। सम्पत्तिको हक अधिकार हुन्छ परिवारमा। ती सबै कुरा उपलब्ध गराउनका लागि उनलाई माइती देशको नागरिकता परित्याग गराउने र नेपालको नागरिकताका लागि आवेदन गर, तत्काल नागरिकता पाउँछौ भन्ने कुराको संवैधानिक व्यवस्था छ। त्यसकारण संविधानमा कुनै भेदभाव छ भन्ने कुरा होइन। अहिले तथाकथित आन्दोलनको नाममा जे भइरहेको छ तराईमा, तराईका जनताप्रति, मधेसका जनताप्रति अत्यन्तै ठूलो बेइमानी भएको छ। तराईमा खासगरी जुन क्षेत्रमा आन्दोलनका चर्चाहरू चलिरहेका छन्, ती क्षेत्रमा त्यहाँका सामन्तहरूले त्यहाँका गरिबहरूलाई, त्यहाँका दलितहरूलाई माथि उठ्न अहिले पनि दिएका छैनन्। अहिले पनि दलित या पछाडि परेको समुदाय, त्यसलाई जातको आधारमा, अन्यत्र सबैतिर भए जसरी तराईको प्रतिनिधित्व गर्न नपाइने किनभने त्यहाँका सामन्त, जमिन्दार र माथिल्लो जातका मान्छेहरूले नै सबै प्रतिनिधित्वका ठाउँहरू लिनुपर्ने त्यहाँका तथाकथित नेताहरूको भनाइ छ। स्कुल बन्द गरिदिएर गरिबका छोराछोरीको पढाइ चौपट गरिदिएका छन्। उनका छोराछोरी दिल्ली, बनारस, पटना, बैंगलोरमा पढ्छन्, उनका छोराछोरी बेलायत, अष्ट्रेलिया वा अमेरिका जस्ता देशमा पढ्छन्। अनि उनीहरू यहाँ गाउँका स्कुल बन्द गर्नेगर्दछन्। आफ्ना छोराछोरी देहरादून पठाउने, गरिबका छोराछोरी पढ्ने स्कुल बन्द गरिदिने। संविधानमा केही केही कुराहरू लोकतन्त्रतर्फ जाने हाम्रो संकल्पको कारणले केही केही पूर्ण रूपले लोकतान्त्रिक मूल्य र मान्यता भन्दा विशेष प्रबन्धहरू पनि गरिएका छन्। यदि कसैलाई लाग्छ केही कुरा भने, कुनै कुरामा कुनै असन्तुष्टि छ भने त्यस असन्तुष्टिलाई छलफलमा बसेर, कुराकानी गरेर त्यसबाट सच्याउन सकिने जति कुरा सत्य तथ्यका आधारमा सच्याउन सकिनेछ। संविधान भनेको अपरिवर्तनीय दस्तावेज होइन, संविधान परिवर्तनीय दस्तावेज हो। यसलाई संशोधन गर्न सकिनेछ। कुनै मागहरू छन् भने कुरा गर्न सकिन्छ। विनासित्ति, अनावश्यक ढङ्गले, अनुचित ढङ्गले जनतालाई भड्काएर, खल्बल्याएर, भ्रम फिँजाएर, अल्मल्याएर, जातीय, साम्प्रदायिक नारा दिएर, जनताको बीचमा मारकाट मच्चाएर अशान्ति मच्चाउने जुन काम हुन्छ, त्यसमा जुनसुकै जातको भएपनि कोही पनि दाजुभाइ तथा दिदीबहिनीहरू लाग्न हुँदैन। त्यस्ता गलत र हानीकारक कुराहरूलाई हामीले अस्वीकार गर्नुपर्दछ।

यस संविधानले कुनै प्रकारको विभेद र अन्याय नेपाली जनताको विरुद्ध गरेको छैन। यो जनता आफूले

बनाएको हो, यो राजा, महाराजाले दिएको संविधान होइन । अनि कसले गर्छ भेदभाव ? भेदभावको प्रश्न होइन, तराईबाट संविधान बनाउने पक्षमा रहेका ११६ मध्ये १०५ ले संविधानको पक्षमा मतदान गरेका छन् तराईका प्रतिनिधिहरूले । र, ११ जना बाहिर गएका छन् । त्यो ११ जना मध्ये पनि संविधान बनाउने कुरामा आफूले सही गर्न नपाएको, संविधान बनाउन आफूले मतदान गर्न नपाएको, पार्टीको निर्णयका कारण आफू अल्झिनुपरेकोमा उनीहरू समेत दुःखी छन् । त्यसकारण म सबै दाजुभाइ तथा दिदीबहिनीहरूलाई आग्रह गर्न चाहन्छु, कुनै प्रकारको भ्रममा नपरौँ । भ्रमबाट मुक्त होऔँ । अब हाम्रो राजनीतिक आधिकार र सामाजिक न्यायको आन्दोलनको मुख्य अवधि समाप्त भएको छ, जनताले प्राप्त गरेका अधिकारहरूलाई संस्थागत गरेका छौँ, सुनिश्चित गरेका छौँ । अब आर्थिक उन्नतितर्फ लाग्छौँ ।

यो सरकार कुरा मात्र गर्ने होइन । यस सरकारले काम गर्ने, देशलाई अगाडि बढाउने, जनताका समस्या सम्बोधन गर्ने नीति लिएको छ । अहिले तपाईंहरूले सुन्नुभएको छ, मधेसका समस्याको सम्बोधन हुनुपर्छ भनेर । तपाईंहरूले केही बुझ्नुभएको छ, मधेसको समस्या के हो ? केलाई सम्बोधन गर्ने हो । त्यतिकै निहुँ खोज्ने र नचाहिने कुरामा भ्रम फिँजाएको स्थिति छ । सम्बोधन गर्ने कुरा भनेको बास नपाएको जनतालाई बास दिने कुरा हो । यस सरकारले त्यस कुरालाई सम्बोधन गर्छ । खान नपाएका जनता खान नपाएर भोकै नमरून् भन्ने कुराको सम्बोधन यस सरकारले गर्छ । कोही पनि बालबालिका पढ्नबाट वञ्चित नहोस्, त्यसको व्यवस्था यस सरकारले गर्छ । उद्योगधन्दा खोल्ने, कृषिको आधुनिकीकरण गर्ने, व्यापार व्यवसाय बढाउने काम गर्छ । यस सरकारको खुट्टा तान्ने, ती काम गर्न नदिने, आन्दोलन र क्रान्तिका नाममा केही पनि हुन नदिएर वातावरण बिगार्ने र बिथोल्ने कुराहरू भइरहेका छन् । यस कुरामा होसियार रहन म दाजुभाइ दिदीबहिनीहरूलाई आग्रह गर्न चाहन्छु ।

नेकपा (एमाले) मेचीदेखि महाकालीसम्मका सबै जातिका, हिमाल, पहाड तराई सबै ठाउँका, सबै पेशा व्यवसायका जनताको साझा पार्टी हो । तपाईंहरूको नेतृत्व एमालेले गर्छ । तसर्थ, म आग्रह गर्न चाहन्छु, कुनै भ्रममा नपरौँ । अलिकति समस्या भएको छ, यस्तो अवस्थामा समस्या हुने नै भयो । अझै नेकपा (एमाले) को तर्फबाट म भन्न चाहन्छु, (एमाले) ले पर्याप्त काम गर्न सकेन, चित्त बुझाउन सकेन, गर्नुपर्ने काम गर्न सकेन, काम गर्‍यो भने पनि अलिक पूरा गर्न सकेन भन्ने गुनासाहरू हुन सक्छन् । तापनि म यहाँहरूसँग आग्रह गर्न चाहन्छु, संविधान बनाउने अगुवाइ (एमाले) ले गर्‍यो । एमाले यस देशका बहादुर पुर्खाका उत्तराधिकारी हो । नेकपा (एमाले) यस देशका विद्वान् पुर्खाको उत्तराधिकारी हो । नेकपा (एमाले) यस देशका मेहनती जनताको प्रतिनिधि हो । नेकपा (एमाले) यस देशको चेतना, संगठन र संघर्षको संवाहक हो । नेकपा (एमाले) नै यस देशको निर्माणको अगुवाइ गर्ने नेता हो । म आग्रह गर्न चाहन्छु, यो कुरा नेकपा (एमाले) का कार्यकर्ता साथीहरूले गाउँघरमा गएर सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूलाई, सबै भाषा, जाति, धर्म, संस्कृतिका दाजुभाइ, दिदीबहिनीहरूलाई, जुनसुकै पेशा, व्यवसाय गर्ने पनि दाजुभाइ दिदीबहिनीहरूलाई सम्झाउनुपर्दछ, बुझाउनुपर्दछ । म एमालेका साथीहरूलाई हार्दिक आग्रह गर्न चाहन्छु ।

**नेकपा (एमाले) मेचीदेखि महाकालीसम्मका सबै जातिका, हिमाल, पहाड तराई सबै ठाउँका, सबै पेशा व्यवसायका जनताको साझा पार्टी हो । तपाईंहरूको नेतृत्व एमालेले गर्छ । तसर्थ, म आग्रह गर्न चाहन्छु, कुनै भ्रममा नपरौँ ।**

तपाईं हामीले देखेका छौँ, अफ्रिकामा एउटा रुवाण्डा भन्ने देश छ, त्यहाँ हुतु र तुत्सी भन्ने दुईटा जातको लडाइँ छ । उनीहरूले लड्न खोजेर होइन, अरुहरूले लडाइदिएका हुन् । तपाईंहरू देख्नु भएकै होला भाले जुधाइ भन्ने एउटा खेल हुन्छ । ती भालेहरू लड्न खोजेका होइनन्, एउटाले अर्कै गाउँबाट भाले ल्याउँछ, अर्कोले अर्कै गाउँबाट भाले ल्याउँछ, न कहिले देखेको र न कहिले जानेको ती दुईटा भालेलाई लडाइदिन्छन्, सर्वनाश हुन्छ । दुइटै घाइते हुन्छन् । रुवाण्डा त्यस्तै भयो बाहिरबाहिरकाले हतियार दिएर । गञ्जी फाटेको छ । कट्टु फाटेको छ । तर, ज्यादै महँगो,

दसौं लाख, बीसौं लाख पर्ने हतियार बोकेको छ। गोलीको माला भिरेको छ। छिमेकीलाई मारेको छ। त्यसरी मान्छे सन्काइदिएर तीन महिनाभित्र १० लाख मान्छे मरे त्यहाँ। किन मरे ? के पाए त्यसबाट ? मान्छे गाड्ने, दफनाउने सम्भावना पनि भएन, १० लाख मान्छे ! विचार गर्नुहोस् एउटा सानो देशमा १० लाख मान्छे ३ महिनाभित्र मर्छ भने कस्तो हालत होला ? मरेको विदेशी होइन, विदेशीले आएर मारेको पनि होइन, आपसमा लडाइँ लडेर मरेका। कैलालीको टीकापुरबाट यस्तै कुराको सुरुवात गर्न खोजिएको थियो। कैलालीवासी दाजुभाइ दिदीबहिनीहरूलाई म समझदारीका लागि सलाम गर्न चाहन्छु। त्यो प्रयास गरेर पनि तपाईंहरूले त्यसलाई पराजित गर्नुभएको छ। एकतालाई बल दिनुभएको छ। एकतालाई अगाडि बढाउनुभएको छ। तपाईंहरूको एकता कायम रहनुपर्छ। कायम रहोस्। नेपाल रुवाण्डा बन्न सक्दैन। १२५ जातजातिको यो देश, १२३ भाषाभाषीको यो देश। यही हो नेपाल। नेपाल भनेको म मात्रै हुँ। मेरो जात मात्रै हो भन्ने ठान्नु भनेको अत्यन्तै भ्रमपूर्ण कुरा हो। त्रुटिपूर्ण कुरा हो। त्यसकारण हामीले देशलाई समग्रतामा बुझ्नुपर्दछ। अहिले नेपालले संविधान जारी भए पछि पनि जुन समस्याहरू भोगिरहेको छ, यी समस्याहरू अस्थायी हुन्। यो देश सार्वभौमसत्ता सम्पन्न देश हो। यसको सार्वभौमसत्तालाई सबैले मान्नुपर्दछ। सम्पूर्णले सम्मान गर्नुपर्दछ भन्ने कुरा नेपाली जनताले एकमुष्ट सन्देश दुनियाँलाई दिइसकेको छ। त्यसकारण अब समस्या समाधान हुँदै जान्छ। यो कुरा बताउन जरुरी थियो दुनियाँलाई कि नेपाल एउटा सार्वभौमसत्तासम्पन्न राष्ट्र हो, यो त्यसै गरी स्वाधीन ढङ्गले चल्छ। यो आफ्नो भौगोलिक अखण्डतालाई तलमाथि पर्न दिँदैन। राष्ट्रिय हितलाई तलमाथि पर्न दिँदैन। राष्ट्रिय स्वाभिमानलाई निहुरिन दिँदैन। यो कुरा हामीले दुनियाँलाई भन्नु थियो। हामीले बताएका छौँ, दुनियाँले बुझेको छ। आज दुनियाँ हाम्रो साथमा छ। दुनियाँले हाम्रो संविधानलाई असाधारण लोकतान्त्रिक संविधान भनेर प्रशंसा गरेको छ। यो संविधान बन्न दिने, यसको बनाउने संस्था, यस संविधानमा गरिएका व्यवस्थाहरू संयुक्त राष्ट्रसंघलगायत सबैबाट अत्यन्त प्रशंसित भएको छ। नेपालीहरूले गर्व गर्नुपर्दछ, संविधान बन्न नदिने, नेपाललाई अघि बढ्न नदिने अनेक प्रकारका प्रयासहरूलाई असफल पार्दै जनताको सुझबुझ र एकताका साथ नेपाललाई अगाडि बढाउने काममा नेपाली जनताले ठूलो साहस र दृढता देखाएको छ। यसको म प्रशंसा गर्न चाहन्छु।

हामी वार्ता गरिरहेका छौँ। वार्ताबाट समस्याको समाधान हुन्छ। होइन भने यो देश अब कानुनी राजको हिसाबले, संविधानसम्मत ढङ्गले कानुन कार्यान्वयन गर्दै अगाडि बढ्छ। कानुन हातमा लिने, शान्ति खल्बल्याउने, हिंसा मच्चाउने, देशद्रोही कुरा गर्ने, विखण्डनका कुरा गर्ने कसैलाई अधिकार छैन, त्यस्ता कुराहरूलाई अब सरकारले नियन्त्रण गरेर अगाडि बढ्छ। त्यसकारण म ढुक्क रहन आग्रह गर्न चाहन्छु।

अब नेपाल नयाँ चरणमा प्रवेश गर्‍यो। नेपाल एकताको चरणमा प्रवेश गर्‍यो, नेपाल विकासको चरणमा प्रवेश गर्‍यो। हामीले केही घोषणाहरू गरेका छौँ सरकारको तर्फबाट। ती कामहरू हामी गर्दै अघि बढ्नेछौँ। विकासका हरेक क्षेत्रहरूलाई कसरी अगाडि बढाउने ? ती कामहरू हामी गर्दै जानेछौँ। हामी सबैको एकताबद्ध प्रयास, आ-आफ्ना ठाउँबाट प्रयास गरौँ। त्यसले नै नेपाललाई अगाडि बढाउनेछ।

*(२०७२ पुष ३ गते नेकपा (एमाले) कैलालीद्वारा अत्तरियामा आयोजित जनसभामा प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले गर्नु भएको सम्बोधनको सार )*

■

# नेपालको संविधानमा समाजवाद-उन्मुख विशेषता



✍ प्रदीप ज्ञवाली*

## १. ऐतिहासिक उपलब्धिः अग्रगामी दस्तावेज

आफ्ना जननिर्वाचित प्रतिनिधिहरूबाट संविधान निर्माण गर्ने सात दशक लामो जन-सपना साकार भएको असौज ३ गते नेपाली इतिहासको एउटा अविस्मरणीय दिन हो। संविधान सभाबाट संविधान निर्माण भएर जारी भएसँगै नौ बर्ष लामो सङ्क्रमणकाल अन्त्य भएको छ। जनताको बलिदानी सङ्घर्षबाट प्राप्त लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्यायसहित लोकतन्त्र, सङ्घीयता र समावेशिता, धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रता लगायतका महत्वपूर्ण उपलब्धिहरू संस्थागत भएका छन्। चार बर्षको अथक प्रयत्नपश्चात् पनि संविधान बनाउन नसकेर पहिलो संविधान सभा असफल भएको पृष्ठभूमिमा दोस्रो संविधान सभा सम्बन्धमा पनि अनेकौं प्रश्नचिह्नहरू उपस्थित भएका थिए। तर संविधान घोषणासँगै मुलुकमा राजनीतिक स्थायित्व, दिगो शान्ति र आर्थिक समृद्धिको दिशामा अगाडि बढ्ने बलियो संवैधानिक आधारशीला निर्माण भएको छ।

संविधान तत्कालिक राजनीतिक शक्ति सन्तुलनको दस्तावेज हो। यो तात्कालिक सामाजिक-आर्थिक संरचनाको प्रतिबिम्ब पनि हो। अनुदार दक्षिणपन्थीहरू-देखि लिएर उग्रवामपन्थीसम्म, चरम नवउदारवादीदेखि लिएर सोभियत-मोडल समाजवादका पक्षधरसम्म अनि सङ्घीयतासँग असहमतदेखि लिएर जातीय सङ्घीयताका पक्षधरसम्मको प्रतिनिधित्व भएको संविधान सभाबाट सर्वस्वीकार्य संविधान निर्माण गर्नु निश्चय नै सहज थिएन। संविधान निर्माणका क्रममा कतिपय सम्झौताहरू भएका छन्। सबैका बिषयहरूलाई समेट्ने प्रयत्न गर्दा कतिपय विरोधाभाष, अस्पष्टता या असान्दर्भिक बिषयहरू पनि संविधानमा परेका छन्। त्यसैले संविधानमा त्रुटि-कमजोरी नै छैनन् भन्ने होइन। तर विद्यमान शक्ति सन्तुलन, संविधानका कतिपय प्रश्नमा राजनीतिक दलहरूमात्रै होइन समाजको आधारभूत तहमा विद्यमान गहिरो विभाजन र विगतदेखि नै बिरासतमा प्राप्त कतिपय समस्याहरूको पृष्ठभूमिबाट हेर्दा संविधान आधारभूत रूपमा लोकतान्त्रिक, अग्रगामी र प्रगतिशील अन्तरवस्तुको छ भन्ने निष्कर्षमा दुई मत हुन सक्दैन। संविधानको प्रस्तावनादेखि धारा-धारामा वामपन्थी छाप र समाजवादी 'फ्लेभर' सहजै अनुभूत गर्न सकिन्छ। यी बिषयबस्तु संविधानभित्र समेट्न सर्वाधिक प्रयाश र पहलकदमी गरेको हुनाले नेकपा (एमाले) लाई संविधानप्रति गर्व छ।

प्रस्तुत आलेखमा हामी नेकपा (एमाले) को निर्वाचन घोषणापत्रको पृष्ठभूमिमा संविधानका प्रगतिशील अन्तरवस्तु र त्यसमा हाम्रा नीतिहरूको प्रतिबिम्ब केलाउने प्रयाश गर्छौं।

## २. संविधान निर्माणको पार्टी सङ्कल्प

हाम्रो अथक प्रयत्न र संविधान बनाउने मूल्यमा गरिएका धेरै लचिला सम्झौताहरूका बाबजुद पहिलो संविधान सभा असफल भएको तीतो अनुभवका कारण

* *लेखक, नेकपा (एमाले) केन्द्रीय कमिटीका सचिव हुनुहुन्छ।*

संविधान बन्ने कुरामा आशङ्का विद्यमान थियो । त्यसैले नयाँ संविधान सभालाई विफल हुन नदिने र जसरी पनि संविधान जारी गरिछाड्ने सङ्कल्प हामीले गरेको थियौं । निर्वाचन घोषणापत्रमा हामीले भनेका थियौं- *अघिल्लो संविधान सभाको विफलताका कारण संविधान बन्ने कुरामा सन्देह उत्पन्न हुनु स्वाभाविकै हो ... । तर इतिहासले सुम्पिएको यो ऐतिहासिक अभिभारालाई सम्पूर्ण शक्ति, उर्जा र सामर्थ्यका साथ सम्पन्न गर्ने र राष्ट्रलाई नयाँ युगमा पदार्पण गराउने दायित्वबाट कोही पनि पञ्छिन् सक्दैन । .... निर्वाचन प्रक्रियाभन्दा बाहिर रहेका समूहहरूको असहमतिलाई समेत संबोधन गर्दै संविधान सभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गर्नु र सङ्क्रमणकालको सफल व्यवस्थापन गर्नु अपरिहार्य छ । पार्टी आफ्नो काँधमा आएको यो युगीन दायित्वलाई जिम्मेवारीपूर्वक बहन गर्ने सङ्कल्प गर्दछ ।'* पार्टीले यस सङ्कल्पलाई पूरा गर्न अहोरात्र लागिपऱ्यो । 'संविधान सभाको समयावधि ४ बर्ष छँदैछ, किन हतारिने ?' भन्ने मानसिकतामा रहेका नेपाली काङ्ग्रेसका कतिपय नेताहरू संविधान निर्माणमा ढिलाइ गर्न चाहन्थे । सुरुमा निर्वाचन परिणामबाट निराश भएर संविधान सभा छिर्न नै आनाकानी गरेको एनेकपा (माओवादी) प्रक्रियामा जाने कुराको विपक्षमा थियो र माघ ८ पछि त तीव्र ध्रुवीकरण र सडक आन्दोलनको पक्षमा उभिएको थियो । मधेस केन्द्रित दलहरूको निष्ठा त सधैंभरि सन्देहकै घेरामा थियो । यस्तो अवस्थामा संविधान त केबल नेकपा (एमाले) लाई मात्रै चाहिएको हो कि भन्ने अनुभूति समेत भएको थियो । हामीले सुरुदेखि नै भन्दै आयौं- अन्तिम समयसम्म पनि सहमतिका आधारमा संविधान निर्माण गर्ने प्रयाश गर्नेछौं तर त्यसो हुन सकेन भने संविधान सभाले प्रक्रियाका माध्यमबाट भए पनि संविधान निर्माण गर्नेछ, हामीले दोस्रो संविधान सभाले असफलताको नियति भोग्ने अवस्था आउन दिनेछैनौं । यसै आधारमा, हाम्रो पार्टीको विशेष प्रयाश र पहलकदमीमा जेठ २५ गते १६ बुँदे सहमति निर्माण भयो र संविधान निर्माणको विश्वसनीय आधार निर्माण भयो । मस्यौदालाई अन्तिम रूप दिन ढिलाइ गर्ने, मतदानलाई लम्ब्याउने प्रयाश गर्ने र संविधान सभाबाट पारित गरिसकेपछि पनि संविधान घोषणा गर्न ढिलाइ गर्ने अनेकौं प्रयाशलाई चिर्दै संविधान जारी हुन सकेको हो । घोषणापत्रमा उल्लेख गरिएको र संविधान सभाले सङ्कल्प गरेको एक बर्षभन्दा अलि ढिलो गरेर भए पनि संविधान जारी भएको छ । यस प्रक्रियामा नेकपा (एमाले) को सर्वाधिक प्रभावकारी, अग्रणी र निर्णायक भूमिका रहेको छ ।

### ३. विगतका सहमतिको स्वामित्व ग्रहण र निरन्तरता

अघिल्लो संविधान सभाले संविधान जारी गर्न नसके पनि त्यसले संविधानको बलियो आधारशीला निर्माण गरेको थियो र धेरै महत्वपूर्ण बिषयहरू टुङ्गो लगाएको थियो । झण्डै ८० प्रतिशत काम सकिएको विश्लेषण यथार्थसम्मत नै थियो । नेकपा (एमाले) पहिलो संविधान सभाका निर्णय, सहमति र कामहरूलाई स्वामित्व ग्रहण गर्दै निरन्तरता दिनु पर्ने र बाँकी बिषयमा केन्द्रित भएर यथासंभव छिटो संविधान जारी गर्ने हिसाबले अगाडि बढ्नु पर्ने मान्यतामा दृढ थियो । घोषणापत्रमा हामीले भनेका थियौँ- *संविधान सभाको पहिलो बैठकमा विगत संविधान सभाले गरेका काम र सहमतिहरूको स्वामित्व ग्रहण गर्ने प्रस्ताव प्रस्तुत गरिनेछ । विगत संविधान सभाबाट गरिएका सहमतिहरूलाई नयाँ संविधानमा निरन्तरता दिन दलहरूबीच नयाँ सहमतिका लागि पार्टीले विशेष पहल गर्नेछ । संविधान सभाको पहिलो बैठक बसेको १ बर्षभित्रमा संविधानको मस्यौदा तयार गरी जारी गर्ने गरी कार्यतालिका निर्माण गरिनेछ ।'* पार्टीले तदनुरूप नै प्रस्ताव अगाडि बढायो । पार्टीले नेतृत्व गरेको संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिले विगतका सहमतिहरूलाई सूचीकृत गऱ्यो र संविधान सभाले त्यसलाई ग्रहण गऱ्यो । यसरी छोटो समयभित्रै संविधान निर्माण गर्न र विगतका महत्वपूर्ण सहमतिहरूलाई निरन्तरता दिन संभव भयो ।

### ४. संविधानका अन्तरवस्तुबारे पार्टीको अवधारणा र संविधानमा अन्तरनिहित सारवस्तु

नेकपा (एमाले) को घोषणापत्रमा संविधानका विभिन्न अन्तरवस्तुबारे ठोस अवधारणा प्रस्तुत गरिएको थियो । हामीले त्यसैका आधारमा संविधानलाई अधिकतम लोकतान्त्रिक, प्रगतिशील र अग्रगामी बनाउने प्रयत्न गऱ्यौं । हामीले धेरै हदसम्म त्यसमा सफलता पनि प्राप्त गरेका छौं । तल उल्लेखित घोषणापत्रमा प्रस्तावित अवधारणा र संविधानमा लिपिवद्ध बिषयहरूको तुलनात्मक अध्ययनले सही निष्कर्षमा पुग्न

मद्दत पुऱ्याउनेछ-

| बिषय | घोषणापत्रमा प्रस्तुत अवधारणा | संविधानमा लिपिवद्ध भएको |
|---|---|---|
| राज्यको चरित्र | सङ्घीय लोकतान्त्रिक गणतन्त्र | नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो ।' (धारा ४) |
| अर्थतन्त्र | राजकीय, सहकारी र निजी क्षेत्रको सन्तुलित सम्बन्धमाथि आधारित मिश्रित, सामाजिक आर्थिक समानता र न्यायसहितको, समाजवाद उन्मुख अर्थतन्त्र निर्माणलाई संविधानको उद्देश्यका रूपमा स्थापित गरिनेछ । सामन्तवादका बाँकी अवशेषहरूलाई अन्त्य गर्दै स्वाधीन, औद्योगिक र समृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य स्पष्ट पारिनेछ । | 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक विकास वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने ।' (धारा ५०, ३) |
| सामाजिक न्यायसहितको अग्रगामी लोकतन्त्र | माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारी, आवासमा पहुँच र खाद्य अधिकार सहित आर्थिक-सामाजिक - साँस्कृतिक अधिकारको प्रत्याभूति सहितको अग्रगामी लोकतन्त्र स्थापना संविधानको लक्ष्य हुनेछ । वैज्ञानिक भूमिसुधार, महिला, दलित, श्रमजीवी वर्ग, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएको क्षेत्र, भाषिक-धार्मिक-लैङ्गिक अल्पसङ्ख्यकहरू अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका अधिकारलाई संविधानले प्रत्याभूत गर्नेछ । आर्थिक-सामाजिक - साँस्कृतिक अधिकारको प्रगतिशील कार्यान्वयनको संवैधानिक र जनउत्तरदायी व्यवस्था गरिनेछ ।' | आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निशुल्क (धारा ३१), निशुल्क आधारभूत स्वास्थ्यसेवाको हक (धारा ३५), रोजगारीको हक (धारा ३३), आवासको हक (धारा ३७), खाद्यसम्बन्धी हक (धारा ३६) लगायत हकहरूको प्रत्याभूति गरिएको । वैज्ञानिक भूमिसुधारको नीति (धारा २५, ४० र ५१ ङ) महिलाको हक (धारा ३८), दलितको हक (धारा ४०), श्रमको हक (धारा ३४), आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिको हक (धारा ४४) लगायतका बिषयहरू प्रत्याभूत गरिएका छन् । मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुशरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयनलाई राज्यको दायित्व निर्धारण गरिएको छ । (धारा ५२) |
| बहुलता, नेपाल राष्ट्र र समाजको | नेपाललाई बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक, बहुभौगोलिक | बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त, भौगोलिक |

| | | |
|---|---|---|
| विशेषता | विविधतासहितको राष्ट्रका रूपमा आत्मसात गरिनेछ। बहुलता र विविधतालाई सम्पदाको रूपमा ग्रहण गर्दै सामाजिक सद्भाव सहितको राष्ट्रिय एकतामा जोड दिइनेछ। | विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो। (धारा ३) |
| नेपाल राज्यको शक्तिको श्रोत नेपाली जनता: | नेपाल राज्यको शक्तिको श्रोतको रूपमा नेपाली जनताको भूमिकालाई संवैधानिक रूपमा अझ स्पष्ट पारिनेछ। राज्यका महत्वपूर्ण निर्णय प्रक्रियामा जनताको मतलाई अन्तिम र निर्णायक मान्ने कुराको संवैधानिक सुनिश्चितता प्रदान गरिनेछ। | नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको छ। ( धारा २) |
| सामाजिक सुरक्षा | सामाजिक सुरक्षालाई मौलिक अधिकारको रूपमा अझ स्पष्ट, अनुल्लङ्घनीय र सुनिश्चित गरिनेछ। ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा बालबालिकाका लागि अन्तरिम संविधान र विगत संविधान सभाका व्यवस्थालाई थप स्पष्ट र प्रभावकारी व्यवस्था गरिनेछ। राज्यले लोक-कल्याणकारी राज्यको अवधारणा अनुरूप सामाजिक क्षेत्र र सामाजिक सुरक्षामा पर्याप्त लगानी गर्ने कुरालाई संवैधानिक अनिवार्यताको बिषय बनाइनेछ। | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ। |
| धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता | धर्म निरपेक्षता, धार्मिक स्वतन्त्रता र धार्मिक सहिष्णुताको बिषयलाई थप स्पष्ट पारिनेछ। जबर्जस्ती धर्म परिवर्तनलाई कानुनी अपराधको रूपमा उल्लेख गरिनेछ। | धर्म निरपेक्षता (धारा ४) धार्मिक स्वतन्त्रताको व्यवस्था (धारा २६) र कसैको धर्म परिवर्तन गराउन नहुने (धारा २६, ३) मा स्पष्ट व्यवस्था गरिएको छ। |
| छुवाछुत मुक्त राष्ट्र नेपाल | छुवाछुत र जातीय विभेदलाई सामाजिक अपराधको रूपमा दण्डनीय बनाउँदै दलित समुदायको अधिकार स्थापनाका लागि संविधानमा थप विशेष व्यवस्था गरिनेछ। | कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय या शारिरिक अवस्थाको आधारमा निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गर्न नपाइने, कुनै वस्तु, सेवा वा सुविधाको उत्पादन या वितरणमा भेदभाव गर्न नपाइने तथा उच-नीच, छुवाछुतको आधारमा सामाजिक भेदभाव र जातीय उच्चता या घृणामा आधारित व्यवहार गर्ने कुरालाई सामाजिक अपराधका रूपमा |

| | | |
|---|---|---|
| | | दण्डनीय बनाइने व्यवस्था। (धारा २४)। दलितलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने,सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि विशेष व्यवस्था गरिने, दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था, प्राविधिक र व्यावसायिक उच्च शिक्षा,स्वास्थ्य र सामाजिक सुरक्षामा विशेष व्यवस्था, आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुने, भूमिहीन दलितलाई जमीन उपलब्ध गराइने आवासविहीन दलितलाई बसोबासको व्यवस्था गरिने व्यवस्था। (धारा ४०) |
| समावेशी लोकतन्त्र | राज्यका सबै अङ्गमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यकहरूको समावेशी समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई आत्मसात गरिनेछ। यस सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्ने ठोस योजना अगाडि बढाइनेछ। | समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने (प्रस्तावना), सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने (धारा ४८), सङ्घीय निजामति सेवा लगायत सबै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुन बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुने (धारा २८५) व्यवस्था। |
| भाषा नीति | नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको सम्मान प्रदान गरिनेछ। नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा आत्मसात गरिनेछ। | नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् (धारा ६), नेपाली भाषा सरकारको कामकाजको भाषा हुने, अन्य राष्ट्रभाषालाई प्रदेशको सरकारी कामकाजको |

| | | |
|---|---|---|
| | भाषाहरूको संरक्षण र विकासका लागि संवैधानिक भाषा आयोगको व्यवस्था गरिनेछ । | भाषा बनाउन सकिने र भाषा आयोगको व्यवस्था (धारा ७ र धारा २८७) |
| महिला अधिकार | महिला समानताको संवैधानिक प्रत्याभूति गर्दै अंश, वंश प्रजनन, सम्बन्ध विच्छेदमा महिलाको विशेष अधिकार तथा राज्यका अङ्गमा न्यूनतम एक तिहाई सहभागिताको प्रत्याभूति गरिनेछ । | प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन हक, कुनै किसिमको हिंसाजन्य कार्य या शोषण नगरिने, राज्यका सबै निकायमा समानुपातिक र समावेशी सिद्धान्तका आधारमा सहभागिताको हक, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेद र विशेष अवसर, सम्पत्ति र पारिवारिक मामलामा समान हक हुने (धारा ३८) |
| आदिवासी-जनजातीको अधिकार | आदिवासी जनजातिका सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक अधिकारको प्रत्याभूति गरिनेछ । पहिचान, प्रतिनिधित्व र पहुँचको अधिकारलाई सुनिश्चित गरिनेछ । नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय अभिसन्धी र अनुबन्धहरूको पालनाको ग्यारेन्टी गरिनेछ । | आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुने (धारा ३२, ३), समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने (धारा ४२), नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूको कार्यान्वयन गर्ने (धारा ५१, ख) व्यवस्था । आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गर्ने (धारा ५१ ञ ८) |
| स्थानीय स्वायत्तता र स्वशासन | अधिकारसम्पन्न र स्वायत्त स्थानीय सरकारको व्यवस्था मार्फत् जनताको स्वशासनको संवैधानिक प्रत्याभूति गरिनेछ । | कार्यकारिणी अधिकारसम्पन्न गाउँपालिका र नगरपालिकाको व्यवस्था (धारा २१५ देखि २१९ सम्म) र स्थानीय व्यवस्थापिकाको व्यवस्था (धारा २२१ देखि २२७ सम्म)। स्थानीय तहको अधिकारको सूची (अनुसूची ८) मा व्यवस्था । |
| सुशासन र दलहरूको लोकतान्त्रिकरण | सुशासन, पारदर्शिता र जनमुखी सेवालाई राज्यको मुख्य चरित्रका रूपमा आत्मसात गरिनेछ । लोकतन्त्रको आधारस्तम्भका रूपमा दलहरूको | सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तर-दायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको |

| | | |
|---|---|---|
| | लोकतान्त्रिकरणलाई प्रत्याभूति गरिनेछ । | प्रत्याभूति गर्ने (धारा ५१ ख) र राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्ने व्यवस्था (धारा २६९) |
| नागरिकता नीति | सबै नेपालीहरूले सहज र सरल ढङ्गले नागरिकता पाउने सुनिश्चितता गरिनेछ। नागरिकतामा रहेको लैङ्गिक विभेद अन्त्य गरिनेछ। राज्यका महत्वपूर्ण पदमा निर्वाचित हुन वंशजका आधारमा नागरिकता प्राप्त हुनैपर्ने कुराको सुनिश्चितता गरिनेछ। | कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित नगरिने, प्रादेशिक पहिचानसहितको एकल सङ्घीय नागरिकताको व्यवस्था, नागरिकता प्राप्तिमा लैङ्गिक समानताको व्यवस्था, आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान-सहितको नागरिकता पाउन सक्ने (धारा १०, ११, १२) वंशजको आधारमा नेपाली नागरिकता प्राप्त व्यक्तिमात्र राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, मुख्यमन्त्री, सुरक्षा निकायका प्रमुख हुन सक्ने व्यवस्था (धारा २८९) |
| संवैधानिक अंग | महिला, दलित, मुस्लिम, दुर्गम क्षेत्र जस्ता सीमान्तकृत, पछाडि पारिएको र उत्पीडित समुदायको समावेशीकरणका लागि संवैधानिक समावेशी आयोगको व्यवस्था गरिनेछ। प्राकृतिक स्रोतको न्यायोचित उपयोग र सङ्घीय एकाईबीच राजस्वको समन्यायिक वितरणका लागि वित्तीय आयोगको व्यवस्था गरिनेछ। | संवैधानिक आयोगको रूपमा महिला, दलित, मधेशी, आदिवासी-जनजाति, थारु, मुस्लिम र समावेशी आयोगहरूको व्यवस्था। |

यसरी हामी देख्न सक्छौं, संविधानमा लोकतान्त्रिक र अग्रगामी बिषयबस्तुहरूको बाहुल्य छ र यसमा नेकपा (एमाले) का नीतिहरूको स्पष्ट प्रतिबिम्ब छ। यी अन्तरवस्तुले हाम्रो संविधानलाई प्रगतिशील स्वरूप प्रदान गरेका छन् र समाजको आधारभूत चरित्रलाई रूपान्तरित गर्ने आधार प्रदान गरेका छन्। यी बिषयहरू किन पनि महत्वपूर्ण छन् भने सामाजिक न्यायको बिषय सुन्नै नचाहने नवउदारवादी मान्यतासँग निरन्तर सङ्घर्ष गरेर यी बिषयहरू स्थापित भएका हुन्। नेपाल एक राष्ट्र होइन यो 'बहुराष्ट्रिय राष्ट्र' या 'दुई राष्ट्रियतासहितको राष्ट्र' हो भन्ने गलत मान्यतालाई खण्डित गरेर यी प्रावधानहरू स्वीकृत भएका हुन्। सङ्घीयता भनेकै 'जातीय पहिचान' हो या सङ्घीयता भनेकै 'एक मधेस एक प्रदेश' हुन् जस्ता अनुचित तर्कहरूलाई अस्वीकृत गर्दै सङ्घीयताको यो ढाँचा तय भएको हो। राजतन्त्र पुनर्स्थापित गर्नु पर्ने मान्यतालाई अस्वीकृत गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरिएको हो। अन्य विषयको विवादले ओझेलमा पारेका जनसरोकारका मुद्दाहरूलाई केन्द्रबिन्दुमा तानेर संविधानमा स्थापित गरिएको हो। बताइरहनु पर्दैन, वैचारिक-राजनीतिक बहस र सङ्घर्षको केन्द्रबिन्दुमा नेकपा (एमाले) ले अग्रणी भूमिका खेलेको छ। संविधानलाई प्रगतिशील स्वरूप प्रदान गर्न नेकपा (एमाले) ले कष्टसाध्य प्रयत्न गरेको छ।

### ५. कतिपय बिषयमा सम्झौताहरू पनि गरिएका छन्

यस आलेखको तात्पर्य संविधानमा पार्टीका अवधारणाहरूको सम्पूर्ण प्रतिबिम्बन छ या नेकपा (एमाले) ले सम्झौता गरेको छैन भन्ने होइन। शक्ति

सन्तुलनको विद्यमान अवस्था र संविधान निर्माण गर्नै पर्ने आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर हामीले कतिपय प्रश्नमा सम्झौता पनि गरेका छौँ । राष्ट्र र जनताका आधारभूत हितका बिषयमा दृढ अडान राख्दै, संविधान नबनेर सङ्क्रमणकाल लम्बिँदै गयो भने प्राप्त उपलब्धिहरू पनि धरापमा पर्न सक्छन् भन्ने यथार्थ प्रति संवेदनशील बन्दै र संविधान निर्माणमा भूमिकाका दृष्टिले नेकपा (एमाले) अग्रपङ्क्तिमा, एक नम्बर शक्तिका रूपमा क्रियाशील भइरहेको भए पनि प्राविधिक दृष्टिले (संविधान सभामा सङ्ख्यात्मक उपस्थितिका हिसाबले) एक तिहाइभन्दा कम रहेको तथा संविधान निर्माणका लागि कम्तीमा दुई तिहाई सङ्ख्या पुऱ्याउन विभिन्न दलहरूसँग सहमति निर्माण गर्नु पर्ने आवश्यकतालाई वोध गर्दै हामीले आफ्ना कतिपय अडानमा लचकता प्रदर्शन गरेका छौँ ।

निर्वाचनका बेला हामीले राजनीतिक स्थायित्व, बलियो सरकार तथा नियन्त्रण र सन्तुलनका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र संवैधानिक राष्ट्रपतिको प्रस्ताव अगाडि सारेका थियौँ । तर शक्ति सन्तुलनलाई ध्यानमा राखेर हामीले उक्त प्रस्तावलाई स्थगन गर्दै संसदीय व्यवस्थाभित्रैबाट राजनीतिक स्थायित्व एवं नियन्त्रण र सन्तुलनको प्रबन्ध गर्न संविधानमा नयाँ व्यवस्थाहरू अगाडि सारेका छौँ ।

पार्टीले निर्वाचन घोषणापत्रमा संवैधानिक अदालतको प्रस्ताव अगाडि सारेको थियो । तर यसले कतिपय जटिलता निम्त्याउन सक्ने न्यायाधीशहरूको बारम्बारको आग्रहलाई ध्यानमा राखेर यसलाई स्थगन गर्दै सङ्घ र प्रदेश, प्रदेश र प्रदेश तथा प्रदेश र स्थानीय तह बीचको अधिकार क्षेत्रका बारेका विवादको मुद्दा हेर्न सर्वोच्च अदालतमा संवैधानिक इजलास राख्ने व्यवस्था गरिएको छ ।

नेकपा (एमाले) विभिन्न संवैधानिक अङ्गका पदाधिकारीहरूको पुनर्नियुक्तिको पक्षमा थियो । तर कतिपय दलको असहयोगका कारण यो बिषय कार्यान्वयन हुन सकेन । त्यसरी नै, न्यूनतम थ्रेसहोल्डको व्यवस्था गर्ने हाम्रो प्रयाश पनि दलीय सहमति हुन नसकेका कारण सफल हुन सकेन ।

यी कतिपय सम्झौता या अन्तरनिहित कतिपय सीमाहरूका बाबजुद संविधान आधारभूत रूपमा अग्रगामी छ । संविधानले नेपाली जनताले सङ्घर्षका क्रममा प्राप्त गरेका उपलब्धिलाई संस्थागत गरेको छ र पुँजीवादी-जनवादी क्रान्तिका राजनीतिक आयामहरूलाई संवैधानिक स्वरूप प्रदान गरेको छ । संविधानले वैधानिक प्रक्रिया र लोकतान्त्रिक माध्यमबाटै सामन्तवादका अवशेषहरूको अन्त्य गर्दै जनताको बहुदलीय जनवादलाई सुदृढ गर्ने र शान्तिपूर्ण माध्यमबाट समाजवादको दिशामा अगाडि बढ्ने आधार निर्माण गरेको छ । नेपालको श्रमजीवी वर्ग, नेपालका वामपन्थी शक्तिहरू र नेकपा (एमाले) का लागि यो ज्यादै महत्वपूर्ण बिषय हो ।

■

# जनताको वहुदलीय जनवाद र नयाँ संविधान



✍ शंकर पोखरेल*

**१ विषय प्रवेशः**

संविधान सभाबाट संविधान निर्माण गर्ने नेपाली जनताको छ दशक पुरानो सपना थियो। २००७ सालको जनआन्दोलन पछि भारतबाट नेपाल फर्कने क्रममा राजा त्रिभुवनले जनताबाट निर्वाचित विधानसभाबाट संविधान निर्माण गरिने उद्घोष गरेका थिए। तर त्यो उद्घोषको बेलाबेलामा नेपाली राजनीतिमा हुने वहसमा सीमित बन्न पुगेको थियो। छयालिस सालको जनआन्दोलनको सफलतापश्चात् राजनीतिक दलहरूका सहभागितामा संविधान निर्माण भए पनि त्यतिबेलाको नेपाली कांग्रेसको सम्झौतापरस्त रुझानका कारण जनआन्दोलनको भावना अनुरुप संविधान निर्माण हुन सकेन। संविधान निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पहिलो संविधान सभा असफल भएको र दोस्रो संविधान सभाको संविधान निर्माणको कार्यतालिकाको अन्तिम समयमा संविधान सभा भित्रको ताण्डव नृत्य देख्नेहरूको ठूलो हिस्सामा नेपालमा संविधान सभाबाट संविधान बनाउनका लागि गठन भएको होइन भन्ने विश्वास प्रवल बन्दै गएको थियो। तर २०७२ साल वैशाख १२ मा गएको विनाशकारी भूकम्पको विनाशलिलासँगै संविधान निर्माणका पक्षमा नाटकीय परिस्थिति सृजना भयो। एकअर्काका कटु आलोचकका रुपमा चिनिने एमाले अध्यक्ष केपी शर्मा ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डनै सहमति निर्माणका लागि एक ठाउँमा देखिए। वैशाख १२ को विनाशकारी भूकम्पको असरलाई अघि सारेर एमाओवादीले आफ्नो पूर्वधारणामा परिवर्तन ल्याउँदै संविधान निर्माणका पक्षमा उभिने संकेत देखायो। परिणामस्वरुप नेकपा (एमाले), नेपाली कांग्रेस, एमाओवादी र लोकतान्त्रिक मधेशी मोर्चाका बीचमा संविधान निर्माणका पक्षमा ऐतिहासिक १६ बुँदे सहमती भयो। उक्त सहमतिको जगमा उभिएर नेपालको प्रमुख दलहरूले संविधान सभाबाट संविधान जारी गर्ने ऐतिहासिक कार्यभार पुरा गर्ने काम गरेका थिए। यद्यपी उक्त प्रक्रियालाई अवरुद्ध गर्नका अनेकौं कोशिसहरू नभएका होइनन्। तर एमाले, कांग्रेस र एमाओवादीको बीचमा एकता र सहकार्यका कारणले उक्त कोशिस समेत निरर्थक बने। संविधान निर्माणका सन्दर्भमा विशेष गरी नेकपा ( एमाले) का अध्यक्ष केपी शर्मा ओलीले लिएको अडान र पहलकदमीले नै ऐतिहासिक संविधान सभा ऐतिहासिक संविधान निर्माण गर्न सफल भएको हो।

२०७२ साल असोज ३ मा संविधान सभाबाट संविधान जारी भएयता मुलुकले भारतीय अघोषित नाकावन्दीको सामना गर्नु पर्‍यो। संविधान सभाबाट संविधान निर्माणको प्रक्रियामा सामेल नभएका मधेशकेन्द्रित दलहरू अहिले पनि आन्दोलनमा छन्। आम हडताल र सिमा नाकाको धर्नाका कारणले मधेशी जनता नै मधेश केन्द्रित दलहरूप्रतिनै असन्तुष्ट हुँदै गएपछि उनीहरू काठमाडौं केन्द्रित आन्दोलनमा छन्।

---

* *लेखक, नेकपा (एमाले) स्थायी समिति सदस्य हुनुहुन्छ।*

मधेशी समुदाय आधारित भएर मात्रै आन्दोलन प्रभावकारी हुन नदेखे पछि उनीहरू पहाडी तथा जातिय समुहलाई समेत साथमा लिने कोशिसमा छन्। तर सर्वसाधारण जनताले खासै चासो नदिएपछि उनीहरू यतिवेला रिले अससनका नाममा आन्दोलनलाई निरन्तरता दिने कोशिसमा छन्। मधेसकेन्द्रित दलहरू र कतिपय जातिय नेताहरूले संविधानलाई विभेदकारी भनेर आलोचना गरे पनि संविधान जनअधिकारका दृष्टिले निकै महत्वपूर्ण दस्तावेज बन्न पुगेको छ। यतिवेलाको मधेशकेन्द्रित दलहरू र कतिपय जातिय अगुवाहरूको असन्तुष्टि आफ्ना गलत मान्यताहरू संविधान सभाले बोक्न तयार नभएको कुरामा केन्द्रित छ। उनीहरूका कुरामा सहमत भएको भए बरु त्यतिबेला संविधान असन्तुलित र विभेदकारी हुने थियो होला। तर अहिले संविधान वर्गिय, जातीय, क्षेत्रीय, भाषिक र साँस्कृतिक समानतामा आधारित तथा भौगोलिक विविधतालाई सम्वोधन गर्ने गरी निर्माण भएको छ। यस लेखमा संविधान सभाबाट निर्माण भएको संविधान जनताको वहुदलीय जनवादको दृष्टिकोणबाट कस्तो बनेको छ र यसले नेपाली जनताको छ दशक पुरानो सपना र त्यसयताका समयमा भएका विभिन्न प्रकृतिका आन्दोलनका मर्म र भावनालाई कत्तिको सम्वोधन गर्न सफल भएको छ भन्ने कोणबाट चर्चा चलाउने कोशिस गरिएको छ।

## २ जनताको वहुदलीय जनवाद

जनताको वहुदलीय जनवाद जननेता मदन भण्डारीद्वारा प्रतिपादित नेपाली क्रान्तिको मौलिक कार्यक्रम हो। नेकपा (एमाले) को पाँचौ राष्ट्रिय महाधिवेशनबाट औपचारिक रुपमा नेपाली क्रान्तिको कार्यक्रमका रुपमा स्विकार गरिएको यो कार्यक्रम यतिबेला नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रुपमा स्थापित भएको छ। जनताको वहुदलीय जनवाद सामन्तवाद विरोधी नयाँ क्रान्तिको सिद्धान्तमा आधारित कार्यक्रम हो। यस कार्यक्रमले नयाँखाले पूँजीवादी जनवादी क्रान्तिको सारतत्वलाई आत्मसात गर्दै त्यसलाई आजको सन्दर्भमा कसरी अघि बढाउने भन्ने सन्दर्भमा नयाँ मूल्य मान्यता स्थापित गरिदिएको छ। जसलाई कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको मान्यताका रुपमा बुझ्ने गरिन्छ। जनताको वहुदलीय जनवादले नयाँ क्रान्तिको सिद्धान्तमा थप १४ विशेषताहरू आत्मसात गरेको छ। उक्त विशेषताहरूमा संविधानको सर्वोच्चता, वहुलवादी खुला समाज, शक्ति पृथकीकरणको सिद्धान्त, मानव अधिकारको रक्षा, वहुदलीय प्रस्तस्पर्धाको प्रणाली, आवधिक निर्वाचन, वहुमतको सरकार अल्पमतको विपक्ष, कानूनको शासन, जनताको जनवादी व्यवस्थाको सुदृढिकरण, विदेशी पूँजी र प्रविधि, क्षतिपूर्ति, राष्ट्रिय हित अनुकूलको विदेश नीति, नेतृत्व र अधिनायकत्व र जनताको वहुदलीय जनवाद रहेकाछन्। माथि उल्लेख गरिएका अधिकांश विशेषताहरूले जनताको वहुदलीय जनवादी राज्यसत्ताको चरित्र र स्वरुपलाई प्रकट गर्दछन्। जनताको वहुदलीय जनवादले जनवादी व्यवस्थाको चरणमा मात्र होइन, समाजवादमा समेत वहुदलीय प्रतिस्पर्धाको प्रणाली कायम रहने मान्यता आत्मसात गरेको छ। संविधान सभाबाट जारी भएको संविधानले पनि सोही मान्यतालाई आत्मसात गरेको छ। जनताको वहुदलीय जनवादले जस्तो प्रकारको आर्थिक सामाजिक व्यवस्थाको परिकल्पना गरेको छ नयाँ संविधानमा समावेश गरिएका राज्यका निर्देशक सिद्धान्तहरूले पनि सोही कुरालाई आत्मसात गरेका छन्। यस हिसावले नयाँ संविधानले जवजको राजनीति र आर्थिक सामाजिक व्यवस्थाका सैद्धान्तिक मान्यताहरूका लागि अनुकूलता प्रदान गरेको छ।

## ३ नयाँ संविधानको विशेषता र चरित्रः

नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भन्ने कुरा संविधानमा उल्लेख गरिएको छ। यसले नेपाली समाजको बहुजातिय, बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक र भौगोलिक विविधताले युक्त चरित्रलाई गहिरो गरी आत्मसात गरेको छ। कस्तो संघियता भन्ने बहसमा संविधानले जस्तो नेपाल त्यस्तै संघियता भन्ने नीतिलाई आत्मसात गरेको छ। नेपाललाई प्रादेशिक संरचनामा लैजाँदा कुनै खास भौगोलिक क्षेत्रमा कुनै खास समुदायको तुलनात्मक रुपमा बाक्लो उपस्थिति रहेको भए पनि त्यसको स्वरुप मिनी नेपालको रुपमा देखा पर्दछ। संविधानले यो विशेषतालाई गहिरो गरी आत्मसात गरेको छ। नेपाली जनताको सार्वभौमसत्ताका प्रतिनिधिका रुपमा संविधान सभाले जारी गरेको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता,

भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको दृढतापूर्वक पोषण गरेको छ। नेपाली जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै जारी गरिएको संविधान परिवर्तनशिल संविधानका रुपमा रहेको छ। यस संविधानले नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा नीहित सार्वभौमसत्ताको प्रतिकूल नहुने गरी जुनसुकै व्यवस्थामा परिवर्तन गर्न सक्ने अधिकार जननिर्वाचित प्रतिनिधिसभालाई प्रदान गरेको छ। यसरी यस संविधानले अहिलेसम्म राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले विभिन्न समयमा संचालन गरेका विभिन्न स्वरुपका आन्दोलनहरूलाई संवोधन गरेको छ र भविष्यमा त्यस प्रकृतिको आन्दोलन गर्नुपर्ने बाध्यकारी अवस्थालाई अन्त्य गरिदिएको छ। यसबाट वर्तमानमा मात्र होइन भविष्यमा समेत जनताका परिवर्तित आकांक्षाहरूलाई वैधानिक रुमपा नै संवोधन गर्ने आधार तयार भएको छ। नेपालको संविधान निर्माणका सन्दर्भमा नेपालका कम्युनिष्ट क्रान्तिकारीहरूले उठाउँदै आएको यस मुद्दालाई वर्तमान संविधानले सम्वोधन गरेको छ। नेपाल अधिराज्यको संविधान २०४७ जारी गर्दाका समयमा जननेता मदन भण्डारीले प्रस्तुत गर्नु भएको २७ बुँदे असहमतिको सैद्धान्तिक पक्षको संवोधन भएको छ।

**४ वहुलवाद र लोकतान्त्रिक मुल्यमान्यताको पोषणः**

जनताको वहुदलीय जनवादले वहुलबादी खुला समाजभित्र कम्युनिष्ट आन्दोलनका मान्यताहरूको विकास गर्ने मान्यताको पोषण गरेको छ। प्रतिस्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल शान्तिपूर्ण बाटोबाट नेपाली समाजको मुक्ति र रुपान्तरणको अभिभारा पुरा गर्न सम्भावनाको आँकलन जवजले गरेको अवस्थामा वर्तमान संविधानले सबै वर्ग र समुदायका लागि वैधानिक तरिकाबाट आफ्नो वर्ग र समुदायको हितका पक्षमा भूमिका खेल्ने आधार प्रदान गरेको छ। संविधानले वहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गर्दै विविधता बीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्ने नीति अवलम्वन गरेको छ। वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गर्ने र आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने दिशा पनि यस संविधानले अवलम्वन गरेको छ। संविधानले जनताको बहुदलीय जनवादले आत्मसात गरेका थप १४ विशेषताहरू मध्येका अधिकांश विशेषताहरू जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गरेको छ। संविधानले नै शान्तिपूर्ण बाटोबाट समाजवाद निर्माण गर्न सकिने आधार प्रदान मात्र गरेको छैन लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रहने संकल्प समेत गरेको छ। दिगो शान्ति, सुशासन, विकास र समृद्धिको नेपाली जनताको आकांक्षा पुरागर्ने उद्देश्यमा आधारित उपरोक्त संकल्प यस संविधानको सबैभन्दा महत्वपूर्ण र प्रगतिशील पक्ष हो। यही विशेषताले वर्तमान संविधानलाई जनताको वहुदलीय जनवाद राजनीतिक प्रणालीसँग गहिरोगरी अन्तरसम्वन्धित बनाउने काम गरेको छ।

**५ जनअधिकारको ऐतिहासिक दस्तावेजः**

संविधानमा अधिकार नपुगेको वा आफ्ना कुरा संवोधन नगरिएको भनेर यसको आलोचना गर्ने गरिएको भए पनि मौलिक हक अन्तरगतका धारा १६ देखि ४८ सम्मका प्रावधानहरू हेर्नेले जो कोहीले पनि अधिकार कम भएको भन्ने कुनै अनुभूती गर्ने छैनन् बरु उल्टै ती हकहरूको सुनिश्चितता यति कमजोर राज्यले कसरी गर्न सक्ला ? भनेर प्रश्न गर्नेछ। संविधानमा मौलिक हकका रुपमा सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, संञ्चारको हक, न्याय सम्वन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, निवारक नजरवन्द विरुद्धको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, शिक्षा सम्वन्धी हक, भाषा तथा सँस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ सम्वन्धि हक, खाद्य सम्वन्धी हक, आवासको हक,

महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देशनिकालाका विरुद्धको हक र संवैधानिक उपचारको हक उल्लेख गरिएका छन्। मौलिक अधिकारका रुपमा कानुन बनाएर कार्यान्वयन गरिने प्रावधानहरू विगतमा कानुन नै नबनाई त्यसै निस्कृय राखिएको अवस्थामा यस संविधानले मौलिक हकको कार्यान्वयनका सन्दर्भमा अलग्गै धाराको व्यवस्था गरेको छ र ३ वर्षभित्र कानुन बनाएर अनिवार्य रुपका कार्यान्वयनमा लैजानुपर्ने बाध्यकारी व्यवस्था समेत गरेको छ। यस संविधानले मौलिक हकको विस्तृत व्यवस्थासंगै नागरिकको कर्तव्यको पनि उल्लेख गरेको छ। हाम्रो संवैधानिक व्यवस्थाका दृष्टिकोणले यो महत्वपूर्ण र आवश्यक व्यवस्था पनि हो। राज्यसँग अधिकारको खोजी गर्ने तर न्यूनतम् नागरिक कर्तव्य समेत पुरा गर्न तयार नहुने प्रवृत्तिमाथि यसले थोरै भए पनि अंकुस लगाएको छ। यसले राज्य बलियो भए राज्यले नागरिकप्रतिको कर्तव्य पुरा गर्न सक्छ भन्ने मान्यता अनुरुप नागरिक र राज्यको अन्तरसम्वन्धलाई किटान गर्ने काम गरेको छ। यो प्रजा मोटा भए राज्य बलियो हुन्छ भन्ने नेपाल राज्यको एकिकरणको आरम्भ गर्ने राजा पृथ्वीनारायण शाहको दिव्य उपदेशलाई आधुनिक स्वरुपमा अङ्गीकार गर्ने काम गरेको छ। यस सन्दर्भमा नेकपा (एमाले) को नवौं महाधिवेशनले आत्मसात गरेको नारा सुखी नेपाली समृद्ध नेपाल पनि यही भावनामा आधारित नारा हो।

### ६ आर्थिक सामाजिक विकास र रुपान्तरणको प्रगतिशील बाटो :

संविधानले प्रस्तावमा नै समानुपातिक समावेशिताको सिद्धान्तमा आधारित समतामुलक राज्य र लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजवादको परिकल्पना गरेको छ। राज्यको निर्देशक सिद्धान्तहरूमा त्यसको विस्तृत खाका प्रस्तुत गर्ने काम गरेको छ। संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासका मार्फत साधन र श्रोतका अधिकतम् परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न उद्देश्य राखेको छ। संविधानले राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशिल बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने कुरालाई राज्यको आर्थिक उद्देश्यका रुपमा किटान गरेको छ। संविधानले वर्तमान समयमा नेपाली समाजमा विद्यमान कालाबजारी, एकाधिकार, कृतिम अभाव सिर्जनागर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्ने कुरालाई राज्यको कर्तव्यका रुपमा किटान गरेको छ। संविधानले राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने कुरामा जोड दिएको छ। यसरी नै संविधानले राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्रोत्साहित गर्ने नीतिमा जोड दिएको छ। वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र बैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने नीतिमा जोड दिएको छ। संविधानले राष्ट्रिय अर्थतन्त्रको विकासका लागि भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने। जग्गाको चक्लावन्दी गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने कुरामा जोड दिएको छ। आर्थिक सामाजिक विकास र रुपान्तरणको अपरिहार्यतामा जोड दिँदै संविधानले राज्यका निर्देशक सिद्धान्तका रुपमा सामाजिक साँस्कृतिक रुपान्तरण सम्वन्धि नीति, अर्थ उद्योग र वाणिज्य सम्वन्धी नीति, कृषि र भूमिसुधार सम्वन्धि नीति, विकास सम्वन्धि नीति, प्राकृतिक साधन र श्रोतको विकास, संरक्षण र उपयोग सम्वन्धी नीति, श्रम र रोजगार सम्वन्धी नीति तथा सामाजिक न्याय र समावेशिकरण सम्वन्धी नीति समेत अघि सारेको छ। उपरोक्त नीतिहरू राज्यका निर्देशक सिद्धान्तका रुपमा रहने व्यवस्थाले स्वभाविक रुपमा भोलीको नेपालको मार्गचित्र प्रस्तुत गर्ने काम गरेको छ। राज्यको निर्देशक सिद्धान्तहरूमा उल्लेख भएका विषयहरू कार्यान्वयन गर्नु राज्यको दायित्व भए पनि त्यसलाई बाध्यकारी मानिदैंन। तर यस संविधानले उपरोक्त नीतिहरू कार्यान्वयन भए नभएको कुराको अनुगमन गर्न र सरकारलाई आवश्यक निर्देशन दिनका लागि एउटा समिति गठन गर्नुपर्ने बाध्यकारी व्यवस्था समेत गरेको छ। यसरी सबै व्यवस्थाहरू जनताको वहुदलीय जनवादले परिकल्पना गरेको नागरिक प्रतिको जवाफदेहितामा आधारित राज्यको मान्यता अनुरुप रहेका छन्। यसरी संविधानले न्यूनतम् सरकारको

उदारवादी मान्यतालाई खारेज गरेर जनताप्रति जवाफदेही राज्यको भूमिकालाई स्थापित गर्न खोजेको छ। राज्य के का लागि र कस्तो राज्य भन्ने वहसलाई संविधानले अन्त्यगरी जनताका पक्षमा राज्यको भूमिकाको सुस्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ।

### ७ अधिकार सम्पन्न स्थानिय सरकार :

संघियतामा स्थानिय सरकारको एजेण्डा हरदम उपेक्षामा पर्ने गर्दछ। नेपालको संघियता वहसमा प्रदेश अन्तरगतको स्थानिय निकायको पक्षमा माओवादी र मधेशकेन्द्रित दलका तर्फबाट पैरवी गर्ने कोशिस भएको थियो। तर नेपालमा नेकपा (एमाले) को अगुवाईमा बलियो स्थानिय सरकारको अवधारणाको विकास गर्ने कोशिस भएको थियो। नेपाल अधिराज्यको संविधान २०४७ अन्तर्गतको पहिलो स्थानिय निकायको निर्वाचनको पूर्व सन्ध्यामा स्थानिय निकाय कस्तो हुने भन्ने सन्दर्भमा बहस चलेको थियो। तात्कालिक मालेको नेताका हैसियतमा जननेता मदन भण्डारीले स्थानिय स्वायत्तशासनमा आधारित स्थानिय निकायका पक्षमा पैरवी गर्नु भएको थियो। तर त्यति बेलाको कांग्रेसको नेतृत्वले त्यसलाई अस्विकार गरेको थियो। पछि २०५१ सालमा गठन भएको नेकपा (एमाले) को अल्पमतको सकारले आफ्नो गाउँ आफै बनाऔं र नौ स को कार्यक्रम अघि सारेपछि बलियो स्थानिय निकायको अवधारणा स्थापित भएको थियो। त्यसकै जगमा २०५४ सालमा स्थानिय स्वायत्तशासन ऐन जारी भइ स्थानिय निकायको निर्वाचन भएको थियो। त्यसले नै नेपालमा स्थानिय सरकारको अवधारणाको विकासमा महत्वपूर्ण योगदान गरेको हो। वर्तमान संविधानले शासनको तहगत ढाँचाका रुपमा स्थानिय सरकारलाई अघि बढाएको छ। संघ, प्रदेश र स्थानिय सरकार गरी शासनको तीन तहको ढाँचा संविधानले नै उल्लेख गरेको छ। संविधानले संघ, प्रदेश र स्थानिय तहका लागि अधिकारको सूची निर्धारण गरेको छ। जसमा स्थानिय तहमा स्थानीय कर लगाउने अधिकार प्रदान गरिएको छ। नगरमा नगरप्रहरी संगठनको निर्माण र संचालनको अधिकार प्रदान गरिएको छ। सहकारी संस्था, स्थानिय सेवाको व्यवस्थामा, स्थानीय बजारको व्यवस्थापन, वातावरण र जैविक विविधताको संरक्षण गर्ने अधिकार पनि स्थानिय तहलाई प्राप्त छ। एफ.एम. रेडियोको व्यवस्थापन, स्थानिय अभिलेख व्यवस्थापन, घरजग्गाधनी पुर्जाको वितरण, विपद व्यवस्थापन जस्ता महत्वपूर्ण जिम्मेवारी समेत स्थानिय सरकारलाई प्रदान गरिएको छ। स्थानिय पूर्वाधार विकास तथा स्थानिय कृषि तथा पशुपालन व्यवसायको विकास र व्यवस्थापनको अधिकार तथा कर्तव्य समेत स्थानिय तहलाई प्राप्त छ। यसबाट जनताको बीचमा राज्यका सेवा र सुविधा पुऱ्याउने जवजका मान्यताहरू स्थापित गर्ने आधार प्राप्त भएको छ।

### ९ सामाजिक न्याय, सुरक्षा र लोककल्याणमा जोड :

संविधानले सामाजिक न्याय, सुरक्षा र लोककल्याणमा विशेष जोड दिएको छ। विगतको सामाजिक विभेदलाई ध्यानमा राखेर समानुपातिक समावेशीताको सिद्धान्तलाई संविधानले आत्मसात गरेको छ। संविधानले पछि परेका/पारिएका समुदायका सन्दर्भमा विशेष नीति अवलम्वन गरेको छ। त्यसका लागि सम्वैधानिक आयोगहरूको प्रवन्ध समेत गरेको छ। शक्तिसन्तुलनको सिद्धान्तमा आधारित राज्यका सम्वैधानिक अंगको अतिरिक्त झण्डै एक दर्जन संवैधानिक आयोगको व्यवस्था संविधानले गरेको छ। त्यसमा महिला आयोग, दलित आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, मुस्लिम आयोग, थारु आयोग, समावेशी आयोग, भाषा आयोग, वित्तिय तथा प्राकृति स्रोत बाँडफाँड आयोग आदि रहेका छन्। संविधानले बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका नागरिक, एकल महिला, अल्पसंख्यक र सिमान्तिकृत समुदाय, विगतमा जातियविभेदमा परेको समुदायलाई विशेष अधिकार तथा संरक्षणको जिम्मेवारी राज्यलाई प्रदान गरेको छ। भूमिहीन दलित समुदायका लागि एक पटकका लागि जमिनमा पहुँचको हक स्थापित गर्ने मान्यता संविधानले अङ्गीकार गरेको छ। बेरोजगारीको समस्यालाई लक्षित गरी संविधानले रोजगार सम्वन्धि कानुन निर्माण गरी न्यूनतम् रोजगारीको प्रवन्ध गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ। न्यूनतम् रोजगारीको प्रत्याभूति दिन नसकेको अवस्थामा राज्यले वेरोजगारका लागि भत्ताको व्यवस्था गर्नुपर्ने मान्यता अङ्गीकार गरेको छ। जनताको वहुदलीय जनवादले लोककल्याणकारी राज्यको मान्यतालाई अङ्गीकार गरेको पृष्ठभूमिमा नै नेपालमा सामाजिक सुरक्षा र लोककल्याणकारी कार्यक्रमको अवधारण यस रुपमा

विस्तारित बन्न पुगेको हो । संविधानले शिक्षा, स्वास्थ, आवास, खाद्य सम्प्रभुता र रोजगारीको अधिकारलाई मौलिक हकका रुपमा आत्मसात गरेको पृष्ठभूमिमा नेपाल भविष्यमा विश्वकै अनुकरणीय लोककल्याणकारी राज्य बन्न सक्छ ।

**१० समानुपातिक/समावेशी र सहभागितामूलक लोकतन्त्रको पोषणः**

संविधानले राज्यका हरेक निकायमा समानुपातिक समावेशिताको सिद्धान्तलाई अवलम्वन गरेको छ। त्यसकालागि निर्वाचन प्रणालीलाई मिश्रित बनाइएको छ। प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीका आधारमा प्रतिनिधित्वको व्यवस्था गरिएको छ। समानुपातिकतर्फ जातिय जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुने प्रणाली अवलम्वन गरिएको छ। महिलाको हकमा भने संघीय संसद र प्रदेश स्तरमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गरेको छ। स्थानिय तहमा ४० प्रतिशत सहभागिता सुनिश्चित गरेको छ। राष्ट्रियसभामा दलित र महिलाको प्रतिनिधित्वको विशेष व्यवस्था गरिएको छ। राज्यका प्रमुख पदहरूमध्येको एकमा महिला अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ। यसले राजनीतिक स्थायित्व निर्माणका क्षेत्रमा केही न केही समस्या उत्पन्न गर्ने भए पनि राजनीतिक व्यवस्थालाई भने सहभागितामूलक बनाउने कुरामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने निश्चित छ ।

**११ मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूतिः**

मानव अधिकार र सामाजिक न्यायका दृष्टिकोणबाट नेपालको संविधान उत्कृष्ट बन्न पुगेको छ । संविधानले मृत्युदण्डलाई खारेज गरेर बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ। छुवाछुत तथा जातिय भेदभावलाई दण्डनीय बनाएको छ। संविधानले स्वतन्त्रताको हक, समानताको हक, प्रेस तथा सूचनाको हक, न्याय सम्वन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, निवारक नजरवन्द विरुद्धको हक प्रदान गरेको छ। यसरी नै संविधानले धार्मिक स्वतन्त्रताको हक, सम्पत्तिको हक, गोपनियताको हक, शोषण विरुद्धको हक समेत प्रदान गरेको छ। संविधानले सामाजिक रुपले पछि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तिकृत, मुस्लिम, पिछडावर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खसआर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने कुरा समेत उल्लेख गरिएको छ। यसरी नै नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका आन्दोलनहरूमा जीवन उत्सर्ग गर्ने शहीद परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय र उचित सम्मान सहित शिक्षा, स्वास्थ, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुन वमोजिम प्राथमिकताका साथ अवसर पाउने हकको व्यवस्था गरेको छ ।

**१२ लोकतान्त्रिक मुल्यमान्यतामा आधारित समाजवाद :**

जनताको वहुदलीय जनवादले समाजवादमा पनि वहुदलीय प्रतिस्पर्धाको प्रणाली कायमै रहने मान्यतालाई अङ्गीकार गरेको छ। राज्यसत्ता, नेतृत्व र अधिनायकत्वका सन्दर्भमा नयाँ मान्यता अवलम्वन गरेको छ। प्रतिस्पर्धा र पहकदमीका आधारमा श्रेष्ठता हासिल गरेर नै राज्यसत्तामा पुग्न र त्यसको नेतृत्वमा कायम रहनु उपयुक्त हुने मान्यतालाई जवजले आत्मसात गरेको छ। राज्यसत्तामा यसरी स्थापित हुने श्रमजिवी वर्गको नेतृत्वले नै जनवादी व्यवस्थाको सुदृढिकरणको माध्यमबाट समाजवाद निर्माणको आधार तयार गर्ने सोंच राखेको छ। जनताको बहुदलीय जनवादको विशेषता भनेकै जनवादी व्यवस्थाको सुदृढीकरणका माध्यमबाट शान्तिपूर्ण बाटोबाट समाजवाद निर्माणको आधार तयार गर्नु हो। संविधान सभाले बनाएको नयाँ संविधानले पनि लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजवाद निर्माण गर्ने कुरालाई उद्देश्यका रुपमा आत्मसात गरेको छ। यस हिसावले जवजले परिकल्पना गरेको जनवादी व्यवस्थाको सुदृढीकरणका माध्यमबाट समाजवाद निर्माणको आधार तयार गर्ने कुरालाई नेपालको संविधानले आत्मसात गरेको छ भनेर मान्न सकिन्छ। जनताको वहुदलीय जनवादको कार्यक्रमले जनताको जनवादी क्रान्ति पछिको जनवादी व्यवस्थाको

सुदृढीकरणको चरण अपेक्षाकृत रुपमा लामो हुने मान्यता राखेको छ। यस अन्तर्गत तीन विशेष अवधिबाट अघि बढ्नु पर्ने हुन्छ। पहिलो पुरानो शासन व्यवस्थाका शोषण र उत्पीडनका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रित भएर लाग्ने अवधि। दोस्रो, नयाँ उत्पादन सम्वन्धको आधारमा समाजका सबै क्षेत्रको विकासमा केन्द्रित भएर लाग्ने अवधि र तेस्रो, समाजवादमा संक्रमणको काममा केन्द्रित भएर लाग्ने अवधि। यतिबेला नयाँ संविधानको निर्माणपश्चात् नेकपा (एमाले) नेतृत्वको सरकारले अघि सारेको नीति तथा कार्यक्रम र बजेटले पनि सोही दिशालाई अवलम्वन गरेका छन्।

यतिबेला नेपाली समाज आर्थिक सामाजिक रुपले जुन ठाउँमा उभिएको छ यथास्थितिमा समाजवाद निर्माण निकै कठिन कुरा हो। तर संविधानले जस्तो प्रकारको आर्थिक सामाजिक व्यवस्थाको परिकल्पना गरेको छ, त्यस दिशामा सफलतापूर्वक अघि बढ्न सक्ने हो भने समाजवाद हाम्रा लागि निकै टाढाको विषय रहने छैन। राजनीतिक अधिकारका दृष्टिले हामी निकै समृद्ध अवस्थामा उभिन आइपुगेका छौँ। त्यसको स्थायित्वका लागि पनि अब हामीले तदनुरुपको आर्थिक सामाजिक व्यवस्थाको निर्माण गर्नतिर ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ। यसका लागि जवजको मान्यता अनुरुपको आर्थिक सामाजिक विकास र रुपान्तरणको कार्ययोजनाले नै हामीलाई त्यसदिशामा अघि बढ्न मद्दत गर्नेछ।

## १३ निश्कर्ष :

संविधान सभाबाट बनेको नयाँ संविधानले नेपाली समाजमा लामो समयदेखि बहसमा रहेको राष्ट्र र राज्यको चरित्र सम्वन्धि प्रश्नलाई, राजनीतिक प्रणाली र शासन व्यवस्था सम्वन्धि वहसलाई र आर्थिक समाजिक व्यवस्थाको स्वरुप सम्वन्धि वहसलाई एकहदसम्म टुंगोमा पुऱ्याइदिएको छ। संविधानले वहुजातीय, वहुभाषिक, वहुसाँस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र भनेर परिभाषित गरेको छ। संविधानले नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौम-सत्तासम्पन्न, धर्मनिरिपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख संघिय लोकतन्त्रात्मक गणतन्त्रात्मक राज्य हो भनेर यस सम्वन्धि वहसलाई पनि निरुपण गरिदिएको छ। तसर्थ अव हामीले संविधानले परिकल्पना गरेको दिशातर्फ नेपाली समाजलाई अघि बढाउने दिशामा अघि बढ्नु पर्दछ। यसका लागि सुखी नेपाली, समृद्ध नेपालको नारामा आर्थिक समाजिक विकास र रुपान्तरणको योजनावद्ध कार्यक्रम अघि बढाउनु पर्ने हुन्छ। नेपालको राजनीतिक परिवर्तनलाई यो दिशामा अघि बढाउन जसरी जवजले मार्गदर्शन गर्न सफल रह्यो त्यसरी नै संविधानले परिकल्पना गरेको समाजवादउन्मुख आर्थिक सामाजिक व्यवस्थाको निर्माणका लागि पनि जवजले मार्गदर्शन गर्न सक्छ। यस अर्थमा आगामी समय नेपाली समाजमा नयाँ संविधान र जवजको प्रयोग र परिक्षणको समय हो र हुनु पर्दछ। यसमा दुबै सफल हुने विश्वासका साथ सोही दिशामा अघि बढ्ने संकल्प गरौँ।

■

# समावेशी राजनीतिको सन्दर्भमा कमरेड मदनलाई सम्झँदा



✍ जीतेन्द्र देव

नेपाली राजनीतिका सच्चा लेनिन, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका सृजनात्मक विचारक तथा प्रखर नेता, मार्क्सवाद–लेनिनवादका व्यवहारिक व्याख्याता तथा आम नेपाली जनताका सच्चा नेता, सरल र साधारण जीवनशैली तर उच्च विचार बोकेका जननेता कमरेड मदन भण्डारी आज हाम्रो सामु हुनुहुन्न तर उहाँको सम्झना, विचार, देन र कामले हामीलाई पाईला–पाईलामा पथप्रदर्शक जस्तो बाटो देखाईरहेको छ। उहाँ नेपाली राजनीतिको एउटा क्रान्तिकारी योद्धा, सच्चा देशभक्त तथा नेपाली सामाजको लोकतान्त्रिक–प्रगतिशील रुपान्तरण चाहने सच्चा समावेशी नेता हुनुहुन्थ्यो। उहाँ सही अर्थमा मधेस–तराई, पहाड, हिमाल सबै ठाउँमा बस्ने सबै जाति/समुदाय, क्षेत्रको हितलाई प्रतिनिधित्व गर्ने तथा तिनीहरूका पहिचान, हक अधिकारका लागि दिलोज्यानले लड्ने व्यवहारिक नेता हुनुहन्थ्यो।

दुर्भाग्यवस उहाँसँग मैले लामो समय सहयात्रा गर्न पाईँन। पुग-नपुग मात्र दुई वर्ष म आफ्नो कम्युनिष्ट जीवन कालमा उहाँको सानिध्य र सामिप्य पाएको थिएँ। **२०४६ सालको जनआन्दोलन** सफल भएर जब देशमा प्रजातन्त्रको पुनर्स्थापना भयो त्यतीबेला म नेकपा (**मानन्धर**) समूहको केन्द्रीय समिति सदस्य थिएँ। **२०४८ सालको आम निर्वाचन** अघि जब नेकपा (**माले**) र मार्क्सवादी मिलेर नेकपा (**एमाले**) जन्मियो मैले मानन्धर समूह भित्र एमालेसँग पार्टी एकता गर्न आवाज उठाएँ र मसँग हुनुहुन्थ्यो कमरेड सितानन्दन राय, कमरेड मदनमोहन थापा, कमरेड भीमबहादुर श्रेष्ठ, कमरेड राजेन्द्र चौधरी, कमरेड रामआशिष महासेठ कमरेड चन्द्रदेव राउत, कमरेड भीमनिधि घिमिरे, कमरेड नवीन अधिकारी, कमरेड विश्ववन्धु थापा, कमरेड गणेशदास उलक, आदि, आदि। पार्टी एकताको लागि मैले कडा मिहिनेत गरेँ, आवाज उठाएँ तर वहुमतले नमान्दा जनकपुरमा विद्रोह गरी अल्पमतको सम्मेलन गरेर **२०४९ साल मङ्सिर २०** गते हामी ठूलो शक्ति लिएर **एमाले** पार्टीसित एकीकृत भयौं।

यही एकता र एकीकरणको सिलसिला र अभियानले म कमरेड मदन भण्डारीसित जोडिन पुगेँ। मलाई सम्झना भएसम्म कमरेड मदनसित मलाई पहिलो भेटघाट गराउने एमाले नेता हुन् कमरेड प्रदीप नेपाल। कमरेड प्रदीपले मलाई प्रथम चोटी कमरेड मदनसँग बागबजारमा अवस्थित पार्टी कार्यालयमा भेट गराएका थिए र पार्टी कार्यालय सचिव हुनुहुन्थ्यो कमरेड ईश्वर पोखरेल। त्यो भेटपछि पार्टी एकता र एकीकरणको अभियानमा म उहाँसित निरन्तर जुटिन पुगेँ।

उहाँ प्रथम भेटमै मेरो मन र दिल जित्न सफल हुनु भयो। त्यो प्रथम भेटमै उहाँले म सित एउटा अत्यन्त लाक्षणिक र सांकेतिक भाषामा भन्नु भयो " . . . . **जीतेन्द्र जी, मधेस नेपालको एउटा ठूलो भूभाग हो र मधेशीहरू ठूलो जनसङ्ख्यामा नेपालमा बस्छन्। मधेशीहरू नेपालका धरती पुत्र हुन्। तर हाम्रो पार्टीमा मधेशीहरू थोरै छन्। तपाईंहरू आऊनोस्, हामी सबै मिलेर नेपालको कम्युनिष्ट आन्दोलनलाई बलियो गरौं, तपाईंहरूलाई स्वागत छ।"** त्यो ऐतिहासिक भेट पछि मैले के निष्कर्ष निकालेँ भने उहाँ एउटा समावेशी नेता

हुनुहुँदोरहेछ। उहाँले **"मधेशी समुदायको सहभागिता बिना नेपालमा कम्यूनिष्ट क्रान्ति सम्भव छैन "** – भन्ने वाक्य बारम्बार दोहऱ्याउनु भयो। त्यसपछि म पार्टी एकीकरणको काममा दिलोज्यानले लागि परेँ।

त्यस कामकै निम्ति लगतै कालीमाटीमा क. जीवन मानन्धरको घरमा हाम्रो पार्टी एकताको लागि एउटा ऐतिहासिक बैठक भयो। उक्त बैठकमा मैले माथि उल्लेख गरेका कमरेडहरू बाहेक कमरेड मदन भण्डारी, क. जीवराज आश्रित, क. ईश्वर पोखरेल, क.कृष्णगोपाल श्रेष्ठ, क.जीवन मानन्धर लगायतका कमरेडहरूको उपस्थिति थियो। **उक्त निर्णायक द्विपक्षीय बैठकमा कमरेड मदनले मेरो मात्रै हैन कि मेरा तर्फका सबै दशै जना नेता कमरेडहरूको मन र दिल जित्न सफल हुनुभयो। त्यस बैठकमा उहाँले मुख्य रुपमा नेपालमा कम्युनिष्ट क्रान्तिको लागि मधेशी समुदायको सक्रिय सहभागिता र कम्युनिष्ट एकताको प्रश्न र नेपाल– भारत सम्बन्धको सन्दर्भमा "प्रगतिशिल राष्ट्रवादको प्रश्न"** विषयमा दुई घन्टा लामो मन्तव्य दिएर द्विपक्षीय छलफल र अन्तरक्रियाबाट एमाले पार्टी सित हाम्रो विद्रोही समूहको एकीकरणलाई अन्तिम रुप दिनु भयो। हामी सबै सन्तुष्ट भयौँ र एकीकृत हुने निर्णय गऱ्यौँ।

त्यसको पर्सि पल्टै काठमाडौँको डल्लुमा अवस्थित कमरेड प्रदीप नेपालको डेरामा कमरेड मदन, क. जीवराज आश्रित र म बसेर सँगै खाना खायौँ र यो एकीकरणलाई अन्तिम रुप दियौँ। त्यही खाना बैठकको निष्कर्ष अनुरुप कमरेड जीवराज आश्रित र कमरेड माधव नेपाल मेरो डल्लुको घरमा आउनु भयो। हामीले द्विपक्षीय माईन्यूटमा हस्ताक्षर गऱ्यौँ र पार्टी एकतालाई अन्तिम रुप दियौँ। त्यही माईन्यूटको निर्णय बमोजिम म **२०४९ साल मङ्सिर २० गते** बागबजार पुतलिसडकको जीफन्टको कार्यालयमा पुगेँ र एकीकरणको ऐतिहासिक घोषणा भयो। मेरो मन्तव्य पछि कमरेड ईश्वर पोखरेलले मन्तव्य दिएर एकीकरणको औपचारिक घोषणा भयो। त्यहाँ कमरेड विष्णु रिमालको पनि उपस्थिति थियो।

नेकपा (एमाले) सित हाम्रो विद्रोही समूहको एकता पछि नेकपा (एमाले) को इतिहासमा प्रथम पल्ट दुई मधेशी नेताहरू **(म स्वयम् र क. सीतानन्दन राय)** पार्टीको केन्द्रीय समितिमा पुग्यौँ र त्यसको मुख्य श्रेय कमरेड मदनलाई नै जान्छ किनकि उहाँ यो अभियानको एउटा अभियन्ता र पार्टीको प्रथम नेता हुनुहुन्थ्यो।

त्यसपछि पार्टीको केन्द्रिय समितिको निर्णय बमोजिम म जनकपुर अन्चलको पार्टी इन्चार्ज तोकिएँ। र, त्यस पछि निरन्तर म कमरेड मदनको सामिप्य र सानिध्यमा बसेर काम गर्दै जाँदा उहाँलाई बुझ्न र अध्ययन गर्न अवसर पाएँ। म इन्चार्ज भएर जनकपुर अन्चल भ्रमणमा जाँदा अन्चल सचिव हुनुहुन्थ्यो कमरेड लक्ष्मण पौडेल। उहाँ साह्रै इमान्दार, सरल, समर्पित र भद्र मान्छे। हामी दुवै जना बसबाट लालवन्दीदेखि जनकपुर जाँदै थियौँ। त्यही यात्रामा क. लक्ष्मणले कमरेड मदन वारे एउटा अत्यन्त रोचक तर लाक्षणिक प्रसङ्ग कोट्याउनु भयो। कमरेड मदनबारे हाम्रो वार्तालाप चल्दै थियो र हामी मधेस भूमिमा बस यात्रामा थियौँ। धोती–कुर्ता, पैजामा लगाएका र गम्छा वोकेका मधेशी समुदायका धेरै यात्रीहरू बसमा चढ्ने र ओर्लने क्रम जारी थियो। मेरो र क. लक्ष्मणको वातचित मधेशमा पार्टी सङ्ठन कसरी बलियो बनाउने भन्ने विषयमा केन्द्रित थियो। एकाएक क. लक्ष्मणले भन्नु भयो– **"जीतेन्द्र कमरेड म तपाईंलाई कमरेड मदनको एउटा रोचक भनाई सुनाउँछु। क. मदन बारम्बार भन्ने गर्नुहुन्थ्यो लक्ष्मण हेर, जवसम्म हामी मधेसमा कालो अनुहार भएका, लाठी वोकेका मधेशीहरूलाई सङ्ठनमा ल्याउँदैनौँ तबसम्म हामी नेपालमा क्रान्ति गर्न सक्दैनौँ। मधेसमा पहाडी-याहरूलाई मात्रै संगठीत गरेर केही हुन्न।"** कमरेड मदनबारे मैले यो कुरा सुनेपछि म एकदम भावुक र गम्भिर भएँ। मैले मनमनै प्रण गरेँ म जनकपुर अन्चल इन्चार्ज रहुन्जेल मधेशी समुदायबिच पार्टीलाई बलियो बनाई छाड्छु।

कमरेड मदन वारे मलाई एउटा अर्को प्रसङ्ग सम्झना आयो। त्यो पनि २०४९ सालकै सन्दर्भ हो। त्यो बेला वीरगन्जमा नेपाल सद्भावना पार्टीको राष्ट्रिय अधिवेशन थियो। त्यो अधिवेशनमा कमरेड मदन आमन्त्रित हुनुहुन्थ्यो। उहाँको त्यहाँ गएर शुभकामना भाषण दिने कुरा तय थियो तर त्यही बेला उहाँले चिनियाँ कम्युनिष्ट पार्टीको निम्ता पाउनु भयो। एउटा प्रतिनिधि मण्डलको नेतृत्व गरेर चीन जाने विषय

अगाडि आयो। उहाँले मलाई बागबजारको पार्टी कार्यालयमा बोलाउनु भयो र भन्नु भयो – **"जीतेन्द्र कमरेड म तपाईंलाई साथमा लिएर नेपाल सद्भावना पार्टीको अधिवेशनमा वीरगन्ज जाने निर्णय गरेको थिएँ। तर अलिकति अप्ठ्यारो पऱ्यो। मलाई अचानक चीन जानुपर्ने भयो। अब तपाईं म मदन भण्डारीको प्रतिनिधि भएर वीरगन्ज जानुपर्ने भयो। त्यहाँ सद्भावना पार्टीको अधिवेशन छ। तपाईं त्यहाँ पुगेर तगडा भाषण ठोकेर आउनु पर्ने भयो।"** म एकछिन् अकमकिएँ। के गरौं, के गरौं। एक त वीरगन्ज, त्यसमा पनि सद्भावना पार्टीको राष्ट्रिय अधिवेशन। तराईभरिका सद्भावना कार्यकताको जमघट र वीरगन्ज, एउटा शुद्ध मधेस। म मनमनै बडा असमन्जसमा थिएँ। त्यहाँ जान त जाने तर कुन भाषामा भाषण गर्ने !!! वीरगन्ज भोजपुरी भाषाको क्षेत्र, मैथिलीमा भाषण गरुँ भएन। नेपालीमा भाषण गरुँ आम श्रोताहरू आकर्षित नहुने। हिन्दीमा भाषण गरुँ पार्टीलाई मन नपर्ने ! म त ठूलो सङ्कटमा परेँ। तर आश्चर्य !! मेरो मनको समस्या मैले व्यक्त नगर्दै कमरेड मदनले अनुमान गरिहाल्नु भयो र मेरो द्विविधालाई चिर्दै उहाँले तुरुतै भन्नु भयो– **"ए ! क. जीतेन्द्र। मैले बुझें तपाईंको समस्या। तपाईं त्यहाँ कुन भाषामा भाषण गर्ने त्यही तपाईंको समस्या होइन ? यो सुनेर म जिल्ल परेँ। उहाँले ठाडै भन्नु भयो तपाईंले त्यहाँ दायाँ बाँया नगरिकन हिन्दी भाषामा भाषण गर्ने। तपाईंले कसरी क. लेनिनलाई बिर्सनु भयो, जितेन्द्र कमरेड। भाषाप्रति हामी उदार हुनु पर्छ। जनताले जे भाषा मन पराउँछ हामी त्यही भाषामा बोल्नु पर्छ।"** म वीरगन्ज गएँ। क. मदनको विचार सम्प्रेषित गरेँ र सबैभन्दा बढी ताली खाएँ।

कमरेड मदनको सम्झनामा एउटा अर्को प्रसङ्ग। यो प्रसङ्ग २०४९ साल माघ महिनाको अर्थात् समय थियो पार्टीको ऐतिहासिक पाँचौ राष्ट्रिय महाधिवेशनको। घमासान वैचारिक संघर्ष। **"बहुदलीय जनवाद" "जनताको वहुदलीय जनवाद" "बहुदलीय नयाँ जनवाद"**, आदि इत्यादि। त्यही बेला पार्टी वैचारिक रुपमा दुई ध्रुवमा बाँडिएको थियो। माघ महिनाको कठ्याङ्ग्रीने जाडोमा काठमाडौंको नेपाल एकेडेमीमा महाधिवेशन चलिरहेको थियो। त्यो अन्तिम-अन्तिम क्षण थियो– नयाँ केन्द्रिय समिति निर्वाचनको। सैयौंको दर्खास्त परेको, सिट थोरै। हजारौंको भीड छिचोल्दै कमरेड मदन मलाई खोज्दै म नजिक आउनु भयो र भन्नु भयो– **"जितेन्द्र कमरेड, नाम दर्ता गर्नु भयो ? क. सीतानन्दन र सलीम मियाँ कहाँ हुनुहुन्छ ? तपाईं तिनै जना नाम दर्ता गर्नोस्। पहाडीयाहरूको झगडामा तपाईंहरू पर्नु हुन्न। पार्टीलाई तपाईंहरूको आवश्यकता छ।"** उहाँको सल्लाह मान्दै हामी तिनै जनाले पर्चा भऱ्यौं र पहिलो चोटी तीन मधेशी नेता पार्टीको केन्द्रिय समितिमा पुग्यौं।

यी हुन् क. मदन भण्डारीसँगका सम्झनाका तरेलीहरू। कमरेड मदन जस्तो महान् विचारक, व्यवहारिक नेता मानव जुनीमा कहिले काहीँ मात्रै जन्मिन्छ। उहाँ मानव नभएर एउटा महामानव हुनुहुन्छ। **"सिद्धान्तको लागि जीवन होईन, जीवनको लागि सिद्धान्त"** मान्ने उहाँको चिन्तन समावेशी र मानवमुखी छ। उहाँमा सबैको लागि समभाव झल्किन्थ्यो। उहाँ विभेद र उत्पीडनमा परेका सम्पूर्ण नेपालीलाई साथमा लिएर क्रान्ति गर्न चाहनुहुन्थ्यो। त्यस अर्थमा उहाँ सच्चा समावेशी नेता हुनुहुन्थ्यो। आजको नेपाली राजनीतिमा उहाँको अभाव खड्कीरहेको म महशुस गर्दछु। आज उहाँ हुनुहुँदो हो त अहिलेको सङ्कटले चाँडै निकास लिन सक्थ्यो। उहाँलाई सच्चा श्रद्धाञ्जली। मनभरीको सम्झना।

■

# संविधान निर्माणमा अन्तर्राष्ट्रिय समुदायको भूमिका



✍ राजन भट्टराई (पि.एच.डी.)

कुनै पनि स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मुलुकको संविधान निर्माणको विषय सम्बन्धित देशको नितान्त आन्तरिक विषय हो। कस्तो संविधान कुन प्रकृयाबाट बनाउने र त्यसमा समावेश गरिने विषयहरू के कस्ता रहने भन्ने कुरा सम्बन्धित मुलुकका जनताले अर्थात् जनताबाट निर्वाचित प्रतिनिधिहरू वा मुलुकका त्यस समयका अस्तित्वमा रहेका राजनीतिक शक्तिहरूले निर्धारण गर्ने विषय हो। यद्यपि आजको भूमण्डलीकरणको अवस्था, सञ्चार र यातायातको क्षेत्रमा विज्ञानले गरेको अभूतपूर्व विकास र त्यसका माध्यमले बढ्दो मुलुकहरूका बिचको अन्तरनिर्भरता र नजिकपना, क्षेत्रीय र अन्तर्राष्ट्रिय कानुन, सञ्जाल आदिले विश्वको कुनै एक भागमा घटेका घटनाहरूले अन्य भूभागमा सजिलै असर पार्न सक्ने आदीका कारण कुनै पनि मुलुकका आन्तरिक विषयहरू वा त्यसमा घटेका घटनाहरूको विषय अन्य राष्ट्रहरू अझ खासगरी छिमेकी र शक्ति राष्ट्रहरूका चासो बढ्दो क्रममा छ र त्यसतर्फको आफ्नो भूमिका कसरी वृद्धि गर्न सकिन्छ जस्ता कार्य ती मुलुकहरूका कुटनीतिक वृत्तमा प्राथमिकताका विषयहरू बन्ने गरेका छन्। यस अर्थमा नेपालको विगत केही समय यता राजनीतिक घटनाक्रमहरू भलै ती हाम्रा नितान्त आन्तरिक नै किन नहुन् तिनले अन्तर्राष्ट्रिय जनसमुदायको ध्यान खिँचेको थियो। अझ खासगरी विगत १० बर्षको हिंसात्मक द्वन्द्व, अस्थिर राजनीतिक अवस्था र यसले उत्पन्न गरेको परिवेशले नेपालका बारेमा विगत कुनै समयको भन्दा बढी नै चासो अन्तर्राष्ट्रिय समुदायको रहने गरेको छ। यसका लागि नेपालको संवेदनशील भूराजनीतिक अवस्थिति र त्यसमा थप चीन र भारतको उदयले हाम्रा गतिविधिहरू र मुलुकले लिइरहेका नयाँ नयाँ निर्णयहरूप्रति कुनै समयको भन्दा छिमेकी मुलुकहरू र अन्तर्राष्ट्रिय समुदायको बढी नै ध्यान खिँचेको पाइन्छ। यस अवस्थामा नेपालको संविधान निर्माणमा वैदेशिक शक्तिहरूको के कस्तो चासो र भूमिका रह्यो भन्ने विषयमा चर्चा गर्नु सान्दर्भिक नै हुनेछ।

यसै क्रममा ६५ वर्ष अगाडि नेपाल आधुनिक राष्ट्रका रूपमा उदय भएपश्चात् पहिलो पटक जनताद्वारा निर्वाचित संविधान सभाका सदस्यहरूबाट संविधान जारी गर्ने अवस्थामा आइपुग्यो। नेपालमा संविधान विकासका क्रममा हामीले विगतमा ६ ओटा संविधानको परीक्षण गरिसकेका छौं। संविधान सभाबाट जारी यो सातौं संविधान हो। संविधान सभाबाट संविधान जारी गर्ने विषय नेपाल आधुनिक राष्ट्रका रूपमा प्रवेश गर्दाको समयदेखिकै भएता पनि यसको सफल प्रयोग भने ६५ बर्ष पछि मात्र पुरा हुन सकेको अवस्था हो। यस छोटो लेखमा संविधान विकासका बारेमा भन्दा पनि खासगरी संविधान सभाबाट संविधान निर्माण गर्ने क्रममा नेपालका नजिकका छिमेकी मुलुकहरू, मित्र राष्ट्रहरू र अन्य अन्तर्राष्ट्रिय समुदायहरूको के कस्तो भूमिका र के कस्ता विषयहरूमा उनीहरूका के कस्ता धारणा र चासोहरू

रहे भन्ने विषयमा चर्चा गर्न खोजिएको हो ।

भारत र चीन नेपालका अत्यन्त नजिकका छिमेकीहरू हुन् । नेपालको भूभाग तिनतिर भारतसँग र एकतिर चीनसँग जोडिएको छ । दुवै मुलुकसँग नेपालको परम्परादेखि नै बहुआयामिक सम्बन्ध रहिआएको छ । नेपालले पनि दुवै मुलुकहरूसँग गाढा र मैत्रीपूर्ण सम्बन्ध कायम राख्दै आइरहेको छ । दुवै छिमेकी मुलुकहरू भूगोल, जनसङ्ख्या र प्राकृतिक साधन श्रोत, सामरिक शक्तिका हिसाबले नेपालसँग तुलना नै गर्न नसकिने हिसाबले ठुला छन् र अन्तर्राष्ट्रिय सम्बन्धको भाषामा यस किसिमको सम्बन्धलाई एस्सिमेट्रिक सम्बन्ध भनीन्छ जुन हाम्रा बिचमा रहिआएको छ । भौगोलिक रूपमा जोडिएका मुलुकहरूको नेपालको मामलामा रहने चासो र आफ्नो भूमिकाको खोजीका निमित्त खासगरी नेपालभित्र विकसित भएका र हुने घटनाक्रमले आफ्ना मुलुकका महत्वपूर्ण स्वार्थहरूमा नकारात्मक असर नपरोस् भन्ने अर्थमा लिइने गरिन्छ । भारत र चीनका निमित्त पनि नेपालभित्रका घटनाक्रमहरूलाई सामान्य अवस्थामा यसै अर्थमा लिइने गरिँदै आइएको छ । तर नेपालसँगको सम्बन्धका मामलामा भारत र चीनका चासो र उनीहरूको भूमिका भने समान किसिमका छैनन् ।

## भारतीय चासो र भूमिका

नेपालको आन्तरिक राजनीतिक, आर्थिक र सामाजिक मामलामा खासगरी आजभन्दा २०० बर्ष अगाडि सम्पन्न सुगौली सन्धि यता अर्थात् ब्रिटिस उपनिवेशकालीन अवस्थादेखि नै विदेशी चासो र कतिपय अवस्थामा नेपालको आन्तरिक मामलामा विदेशी हस्तक्षेप हुन सुरु भएको हो । खासगरी सुगौली सन्धिमा नेपालको नराम्रो पराजय पश्चात एकातर्फ नेपालले आफ्नो करिब एक तिहाइ भूभाग गुमाउन पुग्यो भने अर्कोतर्फ नेपालमा बेलायती आवासीय मिसन राख्न दिनुपर्ने तथा बेलायती सेनामा नेपाली नागरिकको भर्ति जस्ता विषयहरू नेपालमाथि लादिए । जसका कारण नेपाल भौगोलिक हिसाबले खुम्चिएन मात्र त्यसयताका मुलुकका आन्तरिक राजनीतिक मामलाका महत्वपूर्ण मोडहरूमा विदेशी शक्तिको भूमिका बढ्न पुग्यो । ब्रिटिसहरू भारतमा हुँदा ब्रिटिसको र ब्रिटिसहरू भारतबाट हटेपछि भारतीय शासक वर्गको नेपालमाथिको प्रभाव र भूमिकालाई यथावत राख्ने प्रयत्न गरिँदै आएको विगतको इतिहास हो । कम वा धेरै तर वैदेशिक अर्थात् मूलत अगाडि ब्रिटिस र पछिल्लो समयमा भारतीयहरूको हस्तक्षेपकारी भूमिका रहेको यथार्थ हो । त्यसमाथि अझ सन् १९५० को राणा शासनको अन्त्यको आन्दोलनका क्रममा राजा त्रिभुवन भारतमा शरण लिन पुग्नु र उनी र तत्कालीन राणा शासकहरूका बिचमा भारतको साक्षीमा सम्झौता गरी स्वदेश फर्केसँगै त्रिभुवनलाई अबदेखि नेपालको शासन व्यवस्था नेपाली जनताद्वारा निर्वाचित जनप्रतिनिधिद्वारा बनाइएको संविधानका माध्यमबाट हुनेछ भनेर घोषणा गरेका भए पनि त्यसको कार्वान्वयनको लागि नेपाली जनताले करिब साढे छ दशकको समय पर्खनु पऱ्यो ।

त्यसपश्चात नेपालमा संविधान सभाबाट संविधान बनाउने चरणमा प्रवेश गरेको नेपालका सात राजनीतिक दलहरू र नेकपा माओवादीका बिचमा सन् २००६ मा सम्पन्न १२ बुँदे बृहत शान्ति सम्झौता पछि मात्र हो । माओवादी हिंसात्मक द्वन्द्व र राजाको निरकुङ्श शासनको अन्त्य गरी नेपालमा प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्रात्मक व्यवस्था स्थापना गरि जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूको संस्था संविधान सभाबाट संविधान जारी गर्ने सहमति भएअनुसार सन् २००८ को अप्रिलमा पहिलो संविधान सभाको निर्वाचन सम्पन्न भयो । तर दुइ बर्षको लागि निर्वाचित उक्त संविधान सभा अरु दुई वर्ष थप गर्दा पनि संविधान जारी गर्न असफल भएपछि सन् २०१३ मा पुनः दोस्रो संविधान सभाको निर्वाचन सम्पन्न गरी सन् २०१५ को सेप्टेम्बरमा संविधान जारी हुन पुग्यो । सुरुदेखि नै अघिल्लो संविधान सभाको असफलतासँगै राजनीतिक दलहरू दोस्रो संविधान सभा पनि असफलतामा नटुङ्गियोस् भन्नेमा बढी नै सतर्क थिए । परिणामतः राजनीतिक नेतृत्वको सुझबुझपूर्ण नीति र नेतृत्वका कारण संविधान जारी गर्न सम्भव भयो । खासगरी नवौं महाधिवेशनबाट नेकपा (एमाले) को अध्यक्षमा कमरेड के.पी. शर्मा ओलीको निर्वाचनपश्चात विभाजन र विश्रृङ्खलित नेपाली राजनीतिलाई ठिक दिशा दिएर एकजुट गराई संविधान जारी गराउने सम्मको अवस्थामा पुऱ्याउनका लागि प्रमुख भूमिका रहेको विषयमा दुई मत हुन सक्तैन ।

प्रत्येक महत्वपूर्ण राजनीतिक घटनाक्रममा ब्रिटिस उपनिवेशकालदेखि नै आफ्नो भूमिका देखाउँदै आएको छिमेकी भारतीय शासक वर्गका लागि नेपालका राजनीतिक दलहरूको आफ्नै स्वतन्त्र पहलमा १६ बुँदे सहमतिमा हस्ताक्षर गरी संविधान सभाबाट संविधान जारी गर्ने विषय विगतको परम्परा र वर्तमान आन्तरिक राजनीतिक अवस्थामा लगभग नसोचेको विषय बन्न पुग्यो। परिणामतः उसले चार राजनीतिक दलहरूका बिच भएको सहमति र त्यसपश्चात संविधान जारी हुनबाट रोक्नका लागि हरसम्भव उपायहरू अवलम्बन गर्न पुग्यो। संविधान सभाबाट हरेक धारामा मतदान गरेर अन्त्यमा पूर्ण संविधान पारित भइसकेपछि पनि घोषणा गर्नबाट रोक्न सकिन्छ कि भनेर आफ्ना प्रधानमन्त्रीको दुतका रूपमा विदेश सचिवलाई पठाउनेसम्मको कार्य गर्नपुग्यो। अन्तिम अवस्थामा १६ बुँदामा हस्ताक्षर गर्ने कतिपय दल र दल भित्रका केही नेताहरूको अघिल्लो अडानमा परिवर्तन ल्याउन पनि सफल भयो। तर संविधान सभाबाट पारित भइसकेको संविधानलाई जारी गर्ने पक्षमा प्रमुख दलका नेताहरू (केही अपवाद बाहेक) र सिङ्गो संविधान सभा र अधिकांश जनताको अपार समर्थनका कारण अन्ततः संविधान जारी हुनबाट रोक्ने प्रयास असफल भयो।

त्यसपश्चात पनि जारी संविधानलाई जानकारीमा मात्र लिएर संविधान जारी प्रतिको आफ्नो असहमति कायम रहेको जनाउ दियो। लोकतान्त्रिक मुलुकका नाताले विश्वव्यापी रूपमा स्थापित लोकतान्त्रिक विधि अवलम्बन गरी लोकतान्त्रिक संविधान जारी गरेकोमा पनि भारतीय शासक वर्ग असहमत थियो। राष्ट्र सङ्घलगायत संसारका अन्य सबै मुलुकहरूले स्वागत गरे पनि भारतमात्र एक्लो मुलुक रह्यो जसले आफ्नो असहमति मात्र प्रकट गरेन यसलाई असफल गराउन अघोषित रूपमा नै किन नहोस् नाकावन्दी जस्तो अत्यन्त गम्भीर कदम लिन र अन्य सम्भव सबै उपायहरू अवलम्बन गर्न पुग्यो। करिब चार महिना पन्ध्र दिनसम्मको नाकाबन्दीबाट पनि नेपालका राजनीतिक शक्तिहरू र आम जनता असहज परिस्थिति सहन तयार रहे तर भारतको नेपाली जनताका प्रतिनिधिहरूले आफ्नो संविधान बनाउन पाउने अधिकारमाथिको हस्तक्षेपको सामना गर्न संविधान जारीपछिको नेकपा (एमाले) को नेतृत्वको सरकारलाई साथ दिए। अन्ततः करिब १३५ दिन पछि अघोषित रूपमा नै नाकावन्दी हट्यो भने दुई मुलुक बिचको सम्बन्ध सामान्यीकरणतर्फ अगाडि बढ्यो। संविधानमा भारतले मूलतः नेपालका केही तराई, मधेश केन्द्रित दलहरूले उठाएका सङ्घीयतासँग जोडिएको सिमाङ्कन, निर्वाचन क्षेत्र निर्धारण, समावेशिता, नागरिकता जस्ता विषयहरूमा रहेको फरक मतलाई नै जोडेर आफ्नो पनि असहमति रहेको जनाउ दिँदै आएको थियो। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको तराईको भूभागलाई दुई प्रदेश बनाउनुपर्ने र तिनलाई पहाडसँग जोड्न नहुने जस्ता मधेशवादी दलका अडानलाई भारतले साथ दिएको सन्देश प्रवाहित गरेर पनि ऊ बढी विवादमा तानिएको हो। संविधान निर्माण जस्तो नितान्त आन्तरिक विषयमा भारतको यस किसिमको विवादित भूमिका उसको आफ्नै मुलुकभित्र र बाहिर पनि आलोचनाको विषय बन्न पुग्यो। जसका कारण ऊ केही हदसम्म आफ्ना अघिल्ला भनाइ र कदमहरूमा पुनरावलोकन गर्नुपर्ने अवस्थामा पुग्नपर्‍यो।

भारतमा र कतिपयले नेपालभित्रै पनि नेपाल राष्ट्र आधुनिकतातर्फ प्रवेश गर्दै गर्दा भारतले नेपाललाई सहयोग गरेको खासगरी राज्ययन्त्रको निर्माण चाहे त्यो निजामती सेवाको विकास होस् या नेपाली सेनाको वा नेपाल प्रहरीको गठन र विकास वा शिक्षा क्षेत्रमा नै किन नहोस्। त्यस्तै नेपालसँग उसको खुला सीमासहितको बहुआयामिक सम्बन्ध रहेको र उसका कतिपय सुरक्षालगायतका संवेदनशील विषयहरू नेपालसँग जोडिएका कारण नेपालका कतिपय आन्तरिक मामलामा भारतको तथाकथित जायज भूमिका र चासोलाई सहज रूपमा लिनुपर्दछ भन्ने भनाइ पनि कता कता सुन्ने गरिन्छ। तर यहाँ बुझ्नुपर्ने कुरा के हो भने उपनिवेशवादका विरुद्ध राष्ट्रिय स्वतन्त्रताको आन्दोलनमा र राष्ट्र निर्माणको क्रममा विश्वका धेरै मुलुकहरूले अन्य मुलुकहरूको सहयोग लिएका हुन र स्वयम् भारतले आफू ब्रिटिस उपनिवेशबाट स्वतन्त्र हुँदाका बखत नेपाललगायत थुप्रै मुलुकहरूले साथ दिएका हुन्। तर यसको मतलब स्वतन्त्रता आन्दोलनमा सहयोग गर्नु र लिनु तत्कालीन अवस्थामा जायज थियो मानिन्थ्यो पनि। तर दोस्रो विश्वयुद्ध अन्त्यसँगै संयुक्त राष्ट्र सङ्घको उदय र त्यसका घोषणापत्र जारी भइसकेपछि र पञ्चशीलका सिद्धान्तहरूको

प्रतिपादनपछिको विश्व परिवेश फरक हो र सबैले सोहीअनुसार आफ्ना मान्यता, व्यवहार र तौरतरिकालाई बदल्न सक्नुपर्दछ ।

आम रूपमा नेपालीहरू भारतसँग मैत्रीपूर्ण सम्बन्ध रहेको देख्न चाहन्छन् । भारतसँग मैत्रीपूर्ण सम्बन्ध राखेर नै नेपाल राष्ट्रको हित हुन्छ भन्ने कुरामा पनि नेपालीहरूका बिचमा आधारभूत रूपमा सहमति रहिआएको छ । त्यस्तै भारतका निश्चित चासोहरू जुन गम्भीर र उसको सुरक्षाको दृष्टिकोणले संवेदनशील पनि छन्, लाई हामीले गम्भीरतापूर्वक लिनुपर्दछ र त्यसअनुसारको विश्वासको वातावरण पनि सृजना गर्नुपर्दछ । बहुआयामिक रूपमा रहेको हाम्रो सम्बन्ध धेरै हिसाबले महत्वपूर्ण छ र संसारका अन्य धेरै राष्ट्रहरूका बिचको भन्दा पृथक पनि छ । यस अर्थमा नेपालले भारतसँग मैत्रीभावभन्दा अन्य हिसाबले सोच्न पनि सक्तैन । तर सबैले भुल्न नहुने विषय के हो भने यी दुई अत्यन्त नजिक सम्बन्ध भएका मुलुक भएर पनि दुवै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मुलुकहरू हुन् र यिनीहरूका बिचको सम्बन्धको आधार दुइवटा छुट्टाछुट्टै मुलुकका बिचमा पारस्परिक हित, पारस्परिक सम्मान, पारस्परिक समानता र समन्वय र एकअर्काका आन्तरिक मामलामा अहस्तक्षेपका सिद्धान्तका आधारमा हुनुपर्दछ ।

## चीनको चासो र भूमिका

यस्तै आधारभूत रूपमा अन्य मुलुकको आन्तरिक मामलामा अहस्तक्षेपको सिद्धान्त अवलम्बन गर्दै आएको अर्को छिमेकी चीनको भूमिका भने नेपालको संविधान निर्माणका क्रममा विवादास्पद देखिएन । यद्यपि भौगोलिक रूपमा आफ्नो संवेदनशील क्षेत्र तिव्वतको भूभागसँग जोडिएको नेपालका घटनाक्रमलाई उसले नजिकबाट नियाल्ने र कतिपय आफ्ना संवेदनशील क्षेत्रसँग सम्बन्धित विषयहरूमाथि अनौपचारिक रूपमा सुझावको तहमा केही विषयहरू उठाएको भए पनि औपचारिक र सार्वजनिक रूपमा उनीहरूबाट नेपालको संविधान निर्माणमा त्यस्तो भूमिका देखिएन । खासगरी नेपाल एकात्मक राज्यबाट सङ्घीय मुलुकमा रूपान्तरण भइरहँदा त्यसले उत्पन्न गर्न सक्ने राष्ट्रिय र सार्वजनिक सुरक्षासँग जोडिएका विषयहरूप्रति उसको विशेष चासो रहिआएको हो । निरन्तरको राजनीतिक परिवर्तनका नाममा जारी अस्थिर राजनीति र राज्यको पुर्नसंरचना जस्ता गम्भीर विषयहरूलाई सही तरिकाबाट सम्बोधन गरी हल गर्न नसकेर कतै नेपाल असफल राष्ट्र त बन्ने होइन भन्ने बढी नै चिन्ता उसमा देखिएको हो । नजिकको छिमेकी त्यसमा पनि स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको मुलुक असफल हुँदा त्यसले आफ्नो मुलुकको संवेदनशील क्षेत्रको सुरक्षा चासोमा पार्न सक्ने असरप्रति उसको गम्भीर चासो रहेको पाइन्छ । त्यस्तै नेपालसँग जोडिएका नाकाहरूबाट आफ्नो राष्ट्रिय स्वार्थ प्रतिकूल गतिविधि नहोस् र राज्यको पुर्नसंरचना गरिरहँदा यसखाले विषयहरूमा नेपाल राजनीतिक शक्तिहरूले अनावश्यक रूपमा लचकता प्रदर्शन नगरुन् भन्नेमा उसको ध्यान बढी गएको बुझिन्छ । यिनै विषयलाई ध्यानमा राखेर हुनुपर्दछ उसले नेपाल जस्तो तुलनात्मक रूपमा सानो र संवेदनशील भूराजनीतिक अवस्थितिमा रहेको मुलुकका लागि सङ्घीयता कति आवश्यक हो भनी प्रश्न उठाएको विषय पनि चर्चामा आएको थियो । यद्यपि यी विषयहरूलाई उसले कहिल्यै पनि आफ्नो मुलुकको अडानका रूपमा प्रस्तुत भने गरेको पाइएन । संविधान जारी भइसकेपछि यसको स्वागत गर्दै यसपश्चात नेपाल नयाँ युगमा प्रवेश गरेको र यसका माध्यमबाट नेपालले राजनीतिक स्थायित्व प्राप्त गर्ने र आर्थिक विकासको बाटोमा अगाडि बढ्न सक्ने कुरामा आफू विश्वस्त रहेको जनाउ सार्वजनिक रूपमा दिएको छ । त्यस्तै जुनसुकै शक्ति सत्तामा रहे पनि आफूलाई मित्र शक्तिका रूपमा अगाडि बढाउँदै नेपालको एक सच्चा विकासको साझेदार बन्ने अभिव्यक्ति पनि सार्वजनिक गर्दै आएको छ । यस हिसाबले संविधान निर्माणको क्रममा चीनले देखाएको चासो र उसको भूमिका विवाद रहित थियो भन्न सकिन्छ भने र उसले देखाएको चासो पनि एक नजिकको छिमेकी मित्र राष्ट्रका हिसाबले दिन सकिने सुझावको तहमा थियो भन्न सकिन्छ । जुन परिपक्व कुटनीतिको परिचायक पनि हो ।

## अन्य मुलुकको चासो र भूमिका

भारत र चीनबाहेकका मुलुकहरू खास गरि अमेरिका र पश्चिमा राष्ट्रहरूको नेपालप्रतिको चासो मूलतः नेपालमा जारी शान्ति प्रकृयालाई सफलतापूर्वक टुङ्ग्याउन नसकेर असफल राष्ट्रतर्फ नजाओस्,

लोकतान्त्रिक मुल्य र मान्यताबाट यताउता नहोस्, जातीय र धार्मिक स्वतन्त्रा कायम गरियोस, धर्म निरपेक्षता कायम राखोस्, जात, लिङ्ग, समलैङ्गिक जस्ता समूहको संविधानमा विषेश पहिचान राख्ने व्यवस्था हुन सकोस् र नेपालको विदेश सम्बन्धमा मुलभूत रूपमा नेपाल भारततर्फ नजिक रहोस् भन्ने रहेको पाइन्छ। यसका अलावा नेपालले चीनको भूभाग तिब्बतबाट शरणार्थीका रूपमा भित्रिनेहरूका लागि कडा कानुनी र सुरक्षाको व्यवस्था नगरोस् भन्ने पनि रही आएको हो। उल्लिखित विषयहरूमा तिब्बतसँग जोडिएको विषयबाहेक अन्यमा अमेरिका र जर्मनको भूमिका तुलनात्मक रूपमा अन्य भन्दा पृथक र सन्तुलित रहिआएको पाइन्छ। आफ्ना यी र यसखाले विषयहरूलाई संविधानमा यथोचित स्थान दिलाउनका लागि खासगरी युरोपियन राष्ट्रहरूले पहिलो संविधान सभाभित्र र बाहिर चर्को लविङ गरेका थिए। यद्यपि उनीहरूका यस किसिमका नेपालको सामाजिक र राजनीतिक क्षेत्रसँग सम्बन्धित अत्यन्त संवेदनशील विषयहरूका मामलामा व्यक्त अभिव्यक्ति र गरिएका कृयाकलाप र त्यसखाले व्यक्ति र शक्तिहरूलाई गरिआएको सहयोगले समय समयमा विवादमा पनि तानिन पुगे। जसका कारण अघिल्लो संविधान सभा भन्दा पछिल्लोमा उनीहरूको भूमिका र उनीहरूले साथ दिएका विषयहरूले प्राथमिकता पाउन सकेनन्। राजनीतिक दलहरूभित्र उनीहरूका विषय र उनीहरूको भूमिकाको विषय आलोचनाको विषय बन्न पुग्यो। परिणामतः कतिपय मुलुकले यस बिचमा नै आफ्ना सहयोगका प्राथमिकताका विषय र क्षेत्रहरूलाई परिमार्जन गर्न पुगे।

तर संविधान जारी भैसकेपछि भने सबै मुलुकहरूले यसको स्वागत गरे भने अब नेपालले प्रभावकारी कार्वान्वयन गरोस् भनी शुभकामना पनि दिएका थिए। तर खासगरी बेलायत र युरोपियन युनियनले जारी हुँदा स्वागत गरे पनि पछि भारतीय प्रधानमन्त्रीको बेलायत र युरोपियन युनियनको भ्रमणका समयमा जारी संयुक्त वक्तव्यमा नेपालको विषयलाई उल्लेख गर्दै भारत कै भाषामा संविधानलाई पूर्णता दिन बाँकी रहेको भनी उल्लेख गर्न पुगे। यद्यपि यस मामलामा नेपाल स्थित सम्बन्धित मुलुकका कुटनीतिज्ञहरूको भनाई भने वक्तव्यमा आएभन्दा पृथक पाइन्छ। विडम्बना नै भन्नुपर्दछ कि एक पटक स्वागत गरिसकेर सार्वजनिक रूपमा नै आफ्नो धारणा दिइसकेका मुलुकहरूले अर्को कसैको दबाबमा मत बदल्नु त्यो पनि तेस्रो पक्षका बारेमा।

खासगरी नेपालको जारी शान्ति प्रकृयालाई सफलतामा पुऱ्याउने विषय, लोकतन्त्रलाई संस्थागत गर्न र नेपालाई आर्थिक विकास र समृद्धितर्फ अगाडि बढाउनका लागि गरिएका अमेरिका र युरोपेली मुलुकहरूबाट भएका यस किसिमका प्रयासहरू सह्रानीय रहे। अमेरिका र जर्मनका चासो र भूमिकाले कुनै पनि किसिमको विवाद सृजना गरेको पाइएन पनि। तर अन्य कतिपय युरोपेली मुलुकहरूले भने नेपालका आन्तरिक मामलाका विषयहरूमा अनावश्यक चासो राखेर त्यसमा कतिपयले आफ्नो संलग्नता देखाएर विशेषगरी नेपालको जातीय र धार्मिक सद्भाव र सहअस्तित्वमै आँच दिन खोजेको हो कि भन्ने जस्ता सन्देश पनि प्रवाहित हुन पुगेको छ। जसका कारण यी मुलुकहरू विवादमा समेत तानिन पुगे।

■

# नेपालको संविधानका विशेषताहरूको सन्दर्भमा मानव अधिकार सम्बन्धी व्यवस्थाहरू



✍ हरि फुयाँल*

## १) संविधानको परिचय :

संविधान देशको मूल कानुन हो। कुनै पनि देशको संविधानभन्दा माथि वा बराबर अन्य कुनै पनि कानुन हुन सक्दैन। त्यसैले संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने संविधानले व्यवस्था गरेको हुन्छ। नेपालको संविधानको धारा १ ले पनि यस प्रकारको संवैधानिक सर्वोच्चताको प्रकृति उल्लेख गरेको छ। संविधानले राज्यका अङ्ग, संरचना, तिनीहरूको भूमिका र अन्तरसम्बन्ध, राज्य र नागरिकको अधिकार र अन्तरसम्बन्ध, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, सामरिक व्यवस्था, अन्तर्राष्ट्रिय सम्बन्धका अतिरिक्त कुनै व्यक्ति तथा नागरिकका अधिकार र कर्तव्यहरू समेतको व्यवस्था गरेको हुन्छ। यस अर्थमा संविधानलाई अधिकारको बडापत्र पनि भनीन्छ। जेम्स ब्राइसले भने झैं संविधान कानुनद्वारा संगठित राजनैतिक समुदायको ढाँचा हो। थोमस पेनले भने जस्तै संविधान विनाको सरकार अधिकार विनाको शक्ति जस्तै हुन्छ, संविधान नभएमा वा संविधानले असल गुणको अवलम्बन नगरेमा।

२०७२ असोज ३ गते जारी भएको नेपालको संविधान सातौं संविधान हो। यो संविधानले लोकतन्त्रका आधारभूत मान्यताहरूलाई आत्मसाथ गरेको छ। देशमा भएको सशस्त्र द्वन्द्व, लोकतन्त्रको आन्दोलन, शान्ति र सुव्यवस्था हेतुको आन्दोलनको प्रतिफलको रूपमा यो संविधान आएकाले यसले व्यक्ति तथा नागरिकका अधिकार, स्वतन्त्रताका साथै मौलिक तथा मानव अधिकारको व्यवस्था, त्यसको प्रबर्द्धन र प्रत्याभूतिको व्यवस्था गरेको छ।

## २) संविधान र मानव अधिकार :

मानिसलाई आत्मसम्मानपूर्वक बाँच्न नभईनहुने अति आवश्यक तत्व मानव अधिकार हो। यी तत्व पाउनु मानिसको नैसर्गिक हक हो, जुन परिपूर्ति नभएको वा हनन् भएको खण्डमा दाबी गरेर प्राप्त गर्न सकिन्छ। मानव अधिकार मानव भएका नाता वा कारणले प्राकृतिक रूपमा प्राप्त हुन्छ। त्यसकारण मानव अधिकारलाई जन्मसिद्ध अधिकार वा नैसर्गिक अधिकार पनि भन्छन्। पोसिलो खाना पेटभर खान पाउनु, कमसेकम आधारभूत शिक्षा अनिवार्य र निःशुल्क पाउनु, आधारभूत स्वास्थ्य सेवा पाउनु, सबैसरह समान व्यवहार पाउनु, विचार र अभिव्यक्ति स्वतन्त्रता पाउनु, आफूलाई असर पर्ने विषयको निर्णय गर्ने प्रक्रियामा सहभागी हुन पाउनु, पेसा तथा रोजगारी छनौट स्वतन्त्रता आदि मानिसका आधारभूत अधिकार हुन्।

* महान्यायाधिवक्ता, नेपाल सरकार।

मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारहरूलाई मानव अधिकार भनीन्छ। मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्यप्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐनको दफा २(च) ले स्पष्ट रूपमा परिभाषित गरेको छ।

संविधानले मौलिक हकहरूको व्यवस्था गरी मानव अधिकारको संरक्षण, प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गरेको हुन्छ। मानव अधिकारको स्रोत नै संविधान हो भने मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रत्याभूतिका व्यवस्थाले नै त्यो संविधानलाई राज्यका जनताले मान्यता दिई असल संविधानको रूपमा गणना गरी संवैधानिक दायित्वहरू स्वीकार गरेका हुन्छन्। मानव अधिकारको सम्बन्धमा राष्ट्रिय कानुनका अतिरिक्त अन्तर्राष्ट्रिय कानुनले पनि व्यवस्था गरेको हुन्छ र त्यस्तो अन्तर्राष्ट्रिय कानुनका मान्यतालाई त्यो संविधानले समेत आत्मसात गरी आफ्नो दायित्वको रूपमा लिएको हुन्छ।

### ३) मानव अधिकार सम्बन्धी संवैधानिक व्यवस्थाहरू :

### ३.१ प्रस्तावना :

प्रस्तावनाले संविधानको आधारभूत मान्यताहरूलाई स्वीकार गरेको हुन्छ। संविधानको आवश्यकता, औचित्यता, यसले स्वीकार र समर्थन गरेका आधारभूत सिद्धान्त तथा मान्यताहरूको प्रस्तावनाले उल्लेख गरेको हुन्छ। नेपालको संविधानले पनि संविधानको उद्देश्यका रूपमा प्रस्तावना रही यसमा जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरेको छ। विविधता बिचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रबर्द्धन गर्ने, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारको जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि, सामाजिक न्याय सुनिश्चित गर्ने, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प यस संविधानले गरेको छ। यसका साथै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका मूल्य र मान्यतालाई स्वीकार गरी मानव अधिकारलाई सुनिश्चित गर्न उद्धत रहने यस प्रस्तावनाले स्पष्ट गरेको देखिन्छ।

प्रस्तावनामा उल्लेखित मान्यता तथा सिद्धान्तहरू मध्ये नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ता असंशोधनीय चरित्रहरू मानिएको छ। मौलिक तथा मानव अधिकारका विषयहरू संशोधनीय चरित्र अन्तर्गत राखेको देखिँदा संसद्ले आवश्यकता अनुसार संशोधन गर्न सक्ने देखिन्छ। (धारा २७४)।

### ३.२ नागरिकता र नागरिकता प्राप्त गर्ने हक:

यस संविधानले नागरिकता प्राप्त गर्ने हकको प्रत्याभूत गरेको छ। प्रादेशिक पहिचान सहितको एकल सङ्घीय नागरिकताको व्यवस्थासमेत गरी नवीन प्रकृतिको व्यवस्था रहेको देखिन्छ। विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मेको व्यक्ति नेपालमा स्थायी बसोबास गरेको र विदेशी बाबुबाट नागरिकता प्राप्त नगरेको भए नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्ने र नागरिकता प्राप्त गर्दाका बखत आमा र बावु दुवै नेपालको नागरिक रहे वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यवस्थासमेत रहेको देखिन्छ। नागरिकताको विषय संघीय कानुनले व्यवस्था गर्ने भन्ने उल्लेख गरेको र अङ्गीकृत नागरिकता र सम्मानार्थ नागरिकताको विषय पनि संघीय कानुनले नियमन गर्ने भन्ने धारा ११(८), ११(९)र धारा ११(१५) मा छ। सङ्घको अधिकारको सूची (अनुसूची ५) को खण्ड २२ मा उल्लेख छ। आमा वा बावुको नामबाट लैङ्गिक पहिचान सहितको नागरिकताको व्यवस्था गरी आमाको नामबाट पनि नागरिकता प्राप्त गर्न सकिने व्यवस्था समेत रहेको छ। यस संविधानले गैर आवासीय नेपाली नागरिकलाई आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैर आवासीय नागरिकता प्रदान गर्न सकिने

नवीनतम् व्यवस्था रहेको छ ।

**३.३ मौलिक हकहरूको व्यवस्था :**

संविधानले मौलिक हक र कर्तव्यको व्यवस्था गरी नागरिकका नागरिक तथा राजनैतिक अधिकारका साथै आर्थिक, साँस्कृतिक र सामाजिक अधिकारहरूसमेतको प्रत्याभूत गरेको छ । यसले संयुक्त राष्ट्रसङ्घको बडापत्र अन्तर्गत जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रका अतिरिक्त नागरिक तथा राजनैतिक अधिकार र आर्थिक, सामाजिक र साँस्कृतिक विषयक अन्तर्राष्ट्रिय अनुबन्ध र अन्य अन्तर्राष्ट्रिय कानुनी संयन्त्रले उपलब्ध गराएका मौलिक तथा मानव अधिकारहरूको सुनिश्चितता गरेको छ । तर आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोग भने राज्यको क्षमतामा भर पर्नु पर्ने हुँदा यी अधिकारहरू उपभोग गर्नका लागि कठिन हुने देखिन्छ ।

स्वतन्त्रताको हक अन्तर्गतको सम्मानपूर्वक बाँच्न पाउने हक र मृत्युदण्डको सजाय दिने गरी कानुन बनाउन निषेध गरेको व्यवस्थालाई सम्मानपूर्वक बाँच्न पाउने छुट्टै हकका रूपमा धारा १६ मा व्यवस्था गरी जीवनको अधिकारलाई संवेदनशील मानी थप सुरक्षित गराएको देखिन्छ । श्रमप्रति अवहेलना गर्ने कार्यलाई मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन संविधानले छुट दिई श्रमको मर्यादा गर्नु पर्ने कुरातर्फ इङ्गित गरेको देखिन्छ ।

**नागरिक तथा राजनैतिक अधिकार** अन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), स्वतन्त्रताको हक (धारा १७), समानताको हक (धारा १८), सञ्चारको हक (धारा १९), न्याय सम्बन्धी हक (धारा २०), अपराध पीडितको हक (धारा २१), यातना विरुद्धको हक (धारा २२), निवारक नजरबन्द विरुद्धको हक(धारा २३), छुवाछुत तथा भेदभाव विरुद्धको हक (धारा २४), सम्पत्तिको हक (धारा २५), धार्मिक स्वतन्त्रता सम्बन्धी हक (धारा २६), सूचनाको हक (धारा २७), गोपनीयताको हक (धारा २८), शोषण विरुद्धको हक (धारा २९) र देश निकाला विरुद्धको हक (धारा ४५) जस्ता मौलिक हकहरूको प्रत्याभूत गरिएको छ ।

**आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू** अन्तर्गत शिक्षा सम्बन्धी हक (धारा ३१), भाषा तथा संस्कृतिको हक (धारा ३२), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४), स्वास्थ्य सम्बन्धी हक (धारा ३५), खाद्य सम्बन्धी हक (धारा ३६), आवासको हक (धारा ३७), सामाजिक न्यायको हक (धारा ४२) प्रत्याभूत गरिएको छ ।

यस संविधानले समूह, वर्गको अधिकारप्रति पनि सचेत भई त्यस्ता समूह र वर्गको अधिकार सुनिश्चित र प्रत्याभूत गरेको देखिन्छ । जस्तै, महिलाको हक (धारा ३८), बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०), जेष्ठ नागरिकको हक (धारा ४१), उपभोक्ताको हक (धारा ४४) आदि रहेका छन् । सामाजिक न्याय (धारा ४२) र सामाजिक सुरक्षा (धारा ४३) को हक समेत प्रत्याभूत गरिएको अवस्था छ ।

उल्लेखित हक, स्वतन्त्रता र अधिकारहरूको कार्यान्वयनका लागि तिन वर्ष भित्र कानुनी व्यवस्था गर्नुपर्ने राज्यको संवैधानिक दायित्व (धारा ४७) तोकिएको छ । उल्लेखित प्रत्याभूत हक, अधिकार र स्वतन्त्रताहरूको प्रचलनमा बाधा अड्चन हुन गएमा न्यायिक पुनरावलोकनको माध्यमद्वारा उपचार प्राप्त हुने संवैधानिक व्यवस्था (धारा ४६, धारा १३३) समेत गरिएको हुँदा मौलिक तथा मानव अधिकारको प्रत्याभूत गरिएको देखिन्छ ।

**३.४ राज्यका निर्देशक सिद्धान्तहरू, नीति तथा राज्यको दायित्वः**

संविधानले प्रस्तावनामा उल्लेख गरे बमोजिमको आर्थिक तथा सामाजिक लोकतन्त्रको स्थापनाका लागि संविधानको राज्यका नीति तथा निर्देशक सिद्धान्त अन्तर्गत राज्यलाई निर्देशन गरिएको र सकारात्मक दायित्वहरू प्रदान गरेको हुन्छ । संविधानको भाग ४ (धारा ४९–५५) मा उल्लेखित निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरू राज्य सञ्चालनको मार्ग निर्देशनका रूपमा रहने र कार्यान्वयन गर्न स्रोत साधन परिचालन गर्ने स्पष्ट व्यवस्था रहेको छ । राज्यका नीति तथा निर्देशक सिद्धान्तहरू न्यायिक उपचारको माध्यमबाट प्राप्त नभए पनि यस्ता नीति तथा निर्देशक सिद्धान्तहरू राज्यलाई नियन्त्रण गर्ने माध्यमका रूपमा, निर्वाचनको समयमा निर्वाचित तथा प्रतिपक्षबाट राज्यको कार्य सम्पादन मापन गर्न, शासन सञ्चालनको आधारको रूपमा रहेकाले राज्यको विधायिकालाई कानुन बनाई कार्यपालिकाबाट कार्यान्वयन गर्नु पर्ने दायित्व निर्धारण

गरेको हुँदा यी व्यवस्थाहरूको औचित्य भनेको नै राज्यको समुन्नयन, आर्थिक, सामाजिक विकास नै हो । समग्रमा मानव अधिकार प्राप्तिको उपलब्धीको द्योतक पनि हो ।

संविधानले राज्यका राजनीतिक उद्देश्य, साँस्कृतिक उद्देश्य, आर्थिक उद्देश्य र अन्तर्राष्ट्रिय सम्बन्ध उद्देश्यहरू किटान गरी राजनीतिक, साँस्कृतिक, आर्थिक न्यायका साथै अन्तर्राष्ट्रिय सम्बन्ध बनाई विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने उद्देश्य (धारा ५०) लिएको देखिन्छ । राज्यका नीति अन्तर्गत (धारा ५१) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा, राजनीतिक तथा शासन व्यवस्था, सामाजिक र साँस्कृतिक रूपान्तरण, अर्थ, उद्योग र वाणिज्य, कृषि, भूमिसुधार, विकास, प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग, नागरिकका आधारभूत आवश्यकता, श्रम र रोजगार, सामाजिक न्याय र समावेशीकरण, न्याय र दण्ड व्यवस्था, पर्यटन, अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी राज्यका नीतिहरू रहेका छन् जसले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको प्रत्याभूतका लागि राज्यको भूमिका खोज्दछन् ।

यसका साथै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने राज्यको दायित्व (धारा ५२) हुने उल्लेख भई मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा राज्यको जिम्मेवारी रहेको स्पष्ट छ । नीति तथा निर्देशक सिद्धान्तको कार्यान्वयन सम्बन्धमा सरकारले वार्षिक प्रतिवेदन बनाई सङ्घीय संसद् समक्ष पेश गर्नु पर्ने (धारा ५३) र सङ्घीय संसद्को एक समितिले अनुगमन गर्ने (धारा ५४) व्यवस्था समेत रहेकोले व्यक्ति तथा नागरिकका आर्थिक, सामाजिक, साँस्कृतिक हक तथा अधिकारहरूको प्रचलन हुन सक्ने संवैधानिक प्रावधान रहेको अवस्था छ ।

### ३.५ राज्यको संरचना, राज्य शक्तिको बाँडफाँड र शासकीय स्वरूपः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तिन तहको हुने संवैधानिक व्यवस्था रहेको छ । (धारा ५६) । उक्त संरचनाहरूले राज्यशक्तिको प्रयोग संविधान र कानुन बमोजिम हुनु पर्ने हुन्छ । उल्लेखित राज्यशक्तिको प्रयोग गर्ने संरचनाहरूले ...बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता, समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने दायित्व तोकेको देखिन्छ । (धारा ५६(६) । राज्यले जनताको सेवा पाउने, विकास, स्वास्थ्य, शिक्षा आदि प्राप्त गर्ने प्रयोजनका लागि व्यवस्थापन गर्न तिन तहको राज्य संरचनाको परिकल्पना गरेको देखिन्छ ।

नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदिय शासन प्रणाली हुने व्यवस्था रहेको छ (धारा ७४) । यसले विभिन्न दलहरूलाई कानुन बमोजिम राजनीतिक प्रतिस्पर्धामा सहभागी भई शासन सञ्चालनमा योगदान गर्न सक्ने, आआफ्नो प्रादेशिक क्षेत्रबाट प्रतिनिधित्व गर्न सक्ने र वास्तवमा आफ्नो क्षेत्रको विकास प्रक्रियामा आफुले नै योगदान गर्न सक्ने वातावरण सृजना भएको छ । संविधानले नै अधिकार निक्षेपण गरी सङ्घात्मक शासन व्यवस्थालाई अङ्गीकार गरी एकतन्त्रीय शासन व्यवस्थाबाट सङ्घीय, प्रान्तीय शासन व्यवस्था अङ्गीकार गरेको छ । यसबाट राजनीतिक, आर्थिक, साँस्कृतिक, सामाजिक व्यवस्थाहरू पनि सोही अनुरूप व्यवस्थित हुने देखिन्छ ।

जनतालाई अधिकाधिक मात्रामा शासन व्यवस्थामा सहभागिता गराई लोकतन्त्रको आधारलाई समावेशी, बलियो, दिगो बनाउने उद्देश्य र अभिलाषा यस व्यवस्थाको रहेको देखिन्छ ।

### ३.६ न्यायपालिका :

संविधान, कानुन र उपस्थित विवादको सन्दर्भमा न्यायको परिभाषा, निर्धारण, प्रदान गर्ने र न्याय सम्बन्धी अधिकारको प्रयोग गर्ने कार्य न्यायपालिकाबाट हुने विश्वव्यापी मान्यता र सिद्धान्त हो । नेपालको संविधानले पनि शासकीय संरचना मध्येका व्यवस्थापिका, कार्यपालिकाका अतिरिक्त न्यायपालिकाको समेत व्यवस्था गरेको छ । न्यायपालिकालाई सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, सङ्घीय कानुन बमोजिम स्थापना हुने विशिष्टिकृत अदालत, स्थानीय स्तरका न्यायिक निकाय र विवाद समाधानको वैकल्पिक उपाय अवलम्बन गर्न गठन गरिने अन्य

निकायको समग्र रूपमा लिइन्छ (धारा १२७) ।

भाग ३ मा उल्लेखित मौलिक हकहरूको प्रचलनका लागि प्रत्याभूत गरिएको संवैधानिक उपचारको हकको कार्यान्वयन र प्रचलन न्यायपालिकीय अङ्गहरू मार्फत गर्ने गराउने संवैधानिक व्यवस्था रहेको छ। सर्वोच्च अदालतलाई साधारण अधिकार क्षेत्रका अतिरिक्त असाधारण अधिकारक्षेत्र पनि दिइएको छ। यस अन्तर्गत न्यायिक पुनरावलोकन र रिट क्षेत्राधिकारको माध्यमबाट विद्यमान कानुन र राज्यको निकायहरूबाट भएको काम कारबाहीको न्यायिक परीक्षण गरी मौलिक हक तथा मानव अधिकारका अतिरिक्त कानुनी हकहरूको समेत प्रचलन र प्रयोगलाई व्यवहारमा उतार्न संवैधानिक व्यवस्था गरिएको छ। सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बिचको अधिकार क्षेत्रको बारेमा, सङ्घीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धी विवाद र सङ्घीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यता सम्बन्धी विवादहरूको सुरु कारवाही र किनारा गरी संवैधानिक विवादहरूको निपटारा गर्न सर्वोच्च अदालतमा संवैधानिक इजलासको गठन गर्ने प्रावधान (धारा १३७) संविधान मै रहेबाट यस्ता विवादहरूलाई राज्यको न्यायपालिकाले गहन रूपमा लिएको देखिन्छ। जसबाट संविधान, कानुन, न्यायका मान्य सिद्धान्तहरूको अवलम्बन भई कार्यान्वयन हुँदा अन्तत्वोगत्वा नागरिकलाई नै न्यायको प्रतिफल पुग्ने हुन्छ ।

**उच्च अदालत**लाई आफ्नो प्रान्तीय क्षेत्रमा साधारण अधिकारका अतिरिक्त असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट क्षेत्राधिकारको माध्यमबाट मौलिक हक, अन्य कुनै कानुनी हकको प्रचलन वा सार्वजनिक हक वा सरोकारको विवादमा समावेश कानुनी प्रश्नको निरूपण गरी नागरिकको हक अधिकार प्रचलन गराउने अधिकार नविनतम् रूपमा प्रदान गरिएको छ ।

**जिल्ला अदालत**लाई सुरु मुद्दा हेर्ने अधिकारका अतिरिक्त बन्दी प्रत्यक्षीकरण, निषेधाज्ञा लगायत कानुन बमोजिम निवेदन हेर्ने, अर्ध न्यायिक निकायले गरेको निर्णय उपर कानुन बमोजिम पुनरावेदन सुन्ने, प्रदेश कानुन बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने संवैधानिक व्यवस्थाहरू नयाँ देखिन्छन् । यसबाट न्याय प्रशासन पनि विकेन्द्रीत भई स्थानिय स्तरसम्म न्यायका उपभोक्ताले सेवा पाउने अवसर उपलब्ध भएको छ ।

जिल्ला अदालतको न्यायाधीशको नियुक्ति ८० प्रतिशत खुला प्रतियोगितात्मक परीक्षाको आधारमा रिक्त पद पूर्ति हुने नवीनतम् व्यवस्था (धारा १४९) राखिएको छ । जसले न्याय र कानुनमा योग्यता, दखलता र क्षमताका आधारमा जिल्ला न्यायाधिश नियुक्त हुने व्यवस्था रहेबाट जिल्ला न्यायाधीशको पदका प्रत्याशी र नागरिकहरू लाभान्वित हुने अवस्था सृजना भएको छ ।

फौजदारी न्याय प्रशासनको अभिन्न अंगका रूपमा रहेको महान्यायाधिवक्ता तथा सरकारी वकीलको व्यवस्था पनि यस संविधानले सशक्त रूपमा राखेको अवस्था छ। कानुनको शासन, मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्नका निमित्त सघीय कानुनद्वारा सरकारी वकीलको व्यवस्था गर्ने उल्लेख गरेको छ। महान्यायाधिवक्तालाई यस संविधान (धारा १५८) तथा मातहतका सरकारी वकीललाई महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम (धारा १५८(७) नेपाल सरकार, नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई संवैधानिक एवम् कानुनी विषयमा राय सल्लाह प्रदान गर्ने, नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको प्रतिनिधित्व गर्ने, मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने, अदालतमा दायर मुद्दाको प्रतिनिधित्व र प्रतिरक्षागर्ने, सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने वा गराउने, हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार भए नभएको सम्बन्धमा उजुरी वा जानकारी भए बमोजिम छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिनेसमेतका काम, कर्तव्य र अधिकारहरू प्रदान गरेको हुँदा महान्यायाधिवक्ता तथा निजका मातहतका सरकारी वकीलहरूलाई पनि मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनका निमित्त जिम्मेवारी दिइएको अवस्था देखिन्छ ।

### ३.७ संवैधानिक निकायहरू :

यस संविधानमा अख्तियार दुरूपयोग अनुसन्धान

आयोग (भाग २१), महालेखा परीक्षक (भाग २२), लोकसेवा आयोग (भाग २३), निर्वाचन आयोग (भाग २४) र राष्ट्रिय मानव अधिकार आयोग (भाग २५) का अतिरिक्त थप नवीनतम् संवैधानिक निकायका रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (भाग २६), राष्ट्रिय महिला आयोग (भाग २७), राष्ट्रिय दलित आयोग (भाग २७), राष्ट्रिय समावेशी आयोग (भाग २७), आदिवासी जनजाती आयोग (भाग २७), मधेशी आयोग (भाग २७), थारु आयोग (भाग २७), मुस्लिम आयोग (भाग २७) आदिको व्यवस्था गरेको छ ।

**लोक सेवा आयोग**लाई निजामती सेवाको पदको लागि उपयुक्त उम्मेद्‌वार छनौट गर्न परीक्षा सञ्चालन गर्ने कार्यका अतिरिक्त नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य सङ्घीय सरकारी सेवा र संगठित सँस्थाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा सञ्चालन गर्ने (धारा २४३(२), कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिनु पर्ने भूमिकामा राखिएको छ । यसले सम्बन्धित संस्थाको सेवा शर्तमा सर्वसम्मत र स्वीकार्य मापदण्डको व्यवस्था हुन गई सर्वसाधारण जनशक्तिले त्यस्तो संस्थामा सेवा गर्ने मौका पाउने वातारण सृजना हुन गएको छ । यस किसिमको व्यवस्थाले प्रतिस्पर्धात्मक, योग्यता प्रणाली, सुशासनका सिद्धान्त तथा मान्यताहरूको प्रवर्द्धन भई यसबाट सर्वसाधारण र क्षमतावान जनशक्ति लाभान्वित भई श्रम तथा रोजगारको हक सुरक्षित, सुनिश्चित हुनेमा विश्वस्त हुन सकिन्छ । लोक सेवा आयोगको प्रदेश लोक सेवा आयोग समेत रहने संविधानको धारा २४४ मा छ ।

**निर्वाचन आयोग**लाई संविधानले तोके बमोजिमका निर्वाचन संचालन, रेखदेख, निर्देशन र नियन्त्रणका अतिरिक्त संविधान र सङ्घीय कानुन बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने काम, कर्तव्य र अधिकार समेत तोकी (धारा २४६(२) जनताले त्यस्तो राष्ट्रिय महत्वको विषयमा मताधिकार दिने व्यवस्था पनि रहेको छ । यसले दलिय निर्वाचन वाहेकको मत संग्रहको व्यवस्था गरेको र शासन सञ्चालनको क्रममा निर्णय प्रक्रियामा राज्यलाई सहयोग पुग्ने देखिन्छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**लाई संवैधानिक आयोगको रूपमा यस अघिको संविधान (नेपालको अन्तरिम संविधान, २०६३) ले व्यवस्था गरे पनि उक्त संविधान खारेज भई लागु भएको यो संविधानले पनि संवैधानिक निकायका रूपमा व्यवस्था गरेको छ । यस आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने कर्तव्य हुने, मानव अधिकार उल्लङ्घन सम्बन्धी उजुरी निवेदनको छानवीन तथा अनुसन्धान गरी कारवाहीका लागि सिफारिश गर्ने, मानव अधिकारको उल्लङ्घन हुन रोक्ने जिम्मेवारी भएको पदाधिकारीलाई जिम्मेवारी पुरा नगरेमा विभागीय कारवाहीका लागि सिफारिश गर्ने, मुद्दा दायर गर्न सिफारिश गर्ने, मानव अधिकार उल्लङ्घनकर्तालाई विभागीय कारवाही तथा सजाय गर्न कारण सहित सिफारिश गर्ने, मानव अधिकार सम्बन्धी कानुनको आवधिक पुनरावलोकन गर्ने र सुधार तथा संशोधनको सम्बन्धमा नेपाल सरकारलाई सिफारिश गर्ने, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष बन्नु पर्ने भएमा कारणसहित नेपाल सरकारलाई सिफारिश गर्ने, नेपाल पक्ष भएका सन्धि सम्झौताको कार्यान्वियन भए, नभएको सम्बन्धमा अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिश गर्ने, मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा आयोग कै सिफारिश वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम सार्वजनिक गरी मानव अधिकारको उल्लङ्घनकर्ताको रूपमा अभिलेखीकरण गर्ने समेतका काम, कर्तव्य र अधिकार सुम्पिएको छ । उक्त कार्य सम्पादन गर्नका लागि आयोगलाई अनुसन्धान अधिकारीले गर्न पाउने अधिकारहरूको प्रयोग गर्न पाउने व्यवस्था पनि रहेको छ । मानव अधिकारबाट बञ्चितिमा परेकाको उद्धार गर्ने, मानव अधिकारको उल्लङ्घनबाट भएका पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति दिन आदेश दिने समेतको व्यवस्थाले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने प्रमुख जिम्मेवारी दिएको देखिन्छ । यसबाट मानव अधिकार सम्बन्धी नेपाल कानुन र नेपाल पक्ष भएका

विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा अनुबन्धहरूले परिभाषित गरेका मानव अधिकारको प्रयोग, प्रचलन, सम्मान, सम्बर्द्धन हुनसक्ने वातावरण यस संविधानले व्यवस्था गरेको देखिन्छ ।

महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम आदि लिङ्ग, वर्ग र समूदायको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन सम्बन्धित कानुन, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन र प्रतिवेदन, अन्य सरोकारका विषयमा नेपाल सरकारलाई सिफारिश गर्ने, प्रतिवेदन गर्ने समेतका कार्यका लागि राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग आदि आयोगहरू रहने व्यवस्था गरिएको छ । राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोगको प्रदेशमा समेत कार्यालय रहने स्थापना गर्न सकिने व्यवस्था रहेको छ ।

खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछाडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणको लागि अध्ययन अनुसन्धान गर्ने, नीति तथा कानुनको सम्बन्धमा सुझाव दिने, विशेष व्यवस्थाको पुनरावलोकन सुझाव दिने, अवलम्बन गर्नु पर्ने नीतिको सिफारिश गर्ने कार्य समेतका लागि **राष्ट्रिय समावेशी आयोग** रहने व्यवस्था गरेको छ । यसबाट लोकतन्त्रको प्रतिफल व्यावहारिक रूपमै कार्यान्वयन हुने र अपेक्षित वर्गको मौलिक तथा मानव अधिकारको सुरक्षा, सम्मान, सम्बर्द्धन हुने वातावरण सृजना भएको छ । यस आयोगको प्रदेश कार्यालय समेत स्थापना गर्न सकिने व्यवस्था रहेको छ ।

### ३.८ राजनीतिक दल सम्बन्धी व्यवस्थाः

यस संविधानले अन्य शर्तहरूका अतिरिक्त राजनीतिक दलका रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने (धारा २७१), राजनीतिक दल दर्ता गर्नका लागि राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्ने (धारा २६९(४)(क)), कम्तिमा पाँच वर्षमा एक पटक सो दलको प्रत्येक पदाधिकारीको निर्वाचन हुनु पर्ने, विशेष परिस्थिति परी हुन नसकेमा छ महिना भित्र निर्वाचन गर्न सकिने व्यवस्था विधानमा व्यवस्था गर्ने, विधानमा समावेशी प्रतिनिधित्वको व्यवस्था गर्नु पर्ने भन्ने व्यवस्था भएबाट राजनीतिक दलले समावेशी सिद्धान्तलाई अवलम्बन गरी लोकतान्त्रिक बनाएको अवस्था छ। यसबाट शासन प्रणालीमा जनताको सहभागीता, प्रतिस्पर्धा अवलम्बन भई लोकतन्त्रको यथार्थ प्राप्ति हुने देखिन्छ ।

### ३.९ संकटकालीन अधिकार (धारा २७३) :

यस संविधानले संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ। नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विश्रृङ्खलता, प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा राष्ट्रपतिले नेपालभर वा नेपालको कुनै खास क्षेत्रमा लागु हुने गरी यस्तो घोषणा वा आदेश जारी गर्न सक्ने व्यवस्था छ। प्रदेशमा भने प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा प्रदेश सरकारले अनुरोध गरे बमोजिम घोषणा वा आदेश जारी हुने देखिन्छ। यस्तो अवस्थामा संविधानको भाग ३ मा व्यवस्थित निम्न हक तथा स्वतन्त्रताहरू निलम्बन नहुने व्यवस्थाहरू रहेका छन् ।

क) सम्मानपूर्वक बाँच्न पाउने हक,

ख) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

ग) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता,

घ) समानताको हक,

ङ) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।

च) न्याय सम्बन्धी हक,

छ) अपराध पीडितको हक,

ज) यातना विरुद्धको हक,

झ) छुवाछुत तथा भेदभाव विरुद्धको हक,

ञ) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ ।

ट) शोषण विरुद्धको हक,

ठ) स्वच्छ वातावरणको हक,

ड) शिक्षा सम्बन्धी हक,

ढ) भाषा तथा संस्कृतिको हक

ण) स्वास्थ्य सम्बन्धी हक,

त) खाद्य सम्बन्धी हक र प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।

थ) महिलाको हक,

द) बालबालिकाको हक,

ध) दलितको हक अन्तर्गत (२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ । (३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।

न) जेष्ठ नागरिकको हक,

प) सामाजिक न्यायको हक,

फ) सामाजिक सुरक्षाको हक,

ब) देश निकाला विरुद्धको हक,

भ) संवैधानिक उपचारको हक,

म) बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक ।

उल्लेखित बाहेकका संविधानले प्रदत्त मौलिक हकहरू निलम्बन हुने र निलम्बन सम्बन्धमा अदालतमा प्रश्न उठाउन पाउने अवस्था समेत संविधानले नदिएको देखिन्छ । (धारा २७३( ११) । सङ्कटकालीन घोषणा वा आदेश बहाल रहेको अवस्थामा पदाधिकारीको बदनियतबाट क्षति भएमा म्यादभित्र दावी गरेमा क्षतिपूर्ति भराई दिन सक्ने व्यवस्था भएबाट क्षतिपूर्तिको अधिकार समेत उपलब्ध भएको देखिन्छ ।

४) **मानव अधिकारको कसीमा नयाँ संविधानका विशेषताहरूः**

- मौलिक अधिकार, मानव अधिकार, नागरिक स्वतन्त्रता जस्ता मूल्य मान्यतालाई प्रस्तावनाले स्वीकार गरेको ।
- फराकिला मौलिक हकः
  - नागरिक तथा राजनैतिक हक तथा अधिकार
  - आर्थिक, सामाजिक, साँस्कृतिक हक
  - समावेशी हकहरू
  - वर्ग, समुदायहरूको पहिचान र हक
  - उपचारको हकलाई प्रभाव पार्ने क्षतिपूर्ति सम्बन्धी व्यवस्था सहज पारिएको
  - उच्च अदालतमा रिटको क्षेत्राधिकार र मौलिक हकको कार्यान्वयन
  - सङ्कटकालको अवस्थामा अधिकतम आधारभूत मौलिक मानव अधिकारहरूको निलम्बन नहुने व्यवस्था
  - मौलिक हक तथा स्वतन्त्रताहरूको कार्यान्वयन ३ वर्ष भित्र कार्यान्वयन गर्ने संवैधानिक प्रतिबद्धता ।
- नागरिकताको हक
- विविध आयोगहरूः
  - समावेशीलाई निश्चित गर्दै सरकारलाई थप उत्तरदायी बनाउँछ ।
  - त्यस्ता आयोगहरूमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग ।
- विकेन्द्रीत न्याय प्रशासन । उच्च अदालतलाई रिट क्षेत्राधिकार प्रदान ।

- नागरिक सरकार प्रमुख तथा राष्ट्र प्रमुख हुने व्यवस्था ।
- विकेन्द्रीत शासन व्यवस्था : सङ्घ, प्रदेश र स्थानीय तहको शासकीय संरचना

**५) उपसंहार :**

नेपालको संविधान सशस्त्र द्वन्द्व, दोस्रो जनआन्दोलनको मागलाई समेत सम्बोधन हेतु दोस्रो संविधान सभाबाट जारी भएको संविधान हो । यसले मानव अधिकारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धनको निम्ति मौलिक हक तथा मानव अधिकारहरूको व्यवस्था गरेको छ । राज्यका नीति तथा निर्देशक सिद्धान्त मार्फत पनि मानव अधिकारको सम्मान तथा सम्बर्द्धनलाई प्रतिबद्धता जनाएको देखिन्छ भने संस्थागत रूपमा संवैधानिक निकायका रूपमा राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य फुटकर आयोग रहेका र व्यवस्थापिकामा पनि त्यसै किसिमका मानव अधिकार हेर्ने समितिहरू रहने, कार्यपालिका अन्तर्गत विभिन्न मन्त्रालय अन्तर्गत सम्बद्ध क्षेत्रसँग सम्बन्धित विभाग महाशाखा रहने व्यवस्था रहेका छन् । संविधानले गरेका विभिन्न व्यवस्थाहरू कार्यान्वयनका लागि कानुन बनाई राज्यको स्रोत साधन परिचालन गरी गर्नु पर्ने हुँदा संविधानले व्यवस्था गरेका उल्लेखित प्रमुख मौलिक हक तथा मानव अधिकारहरूको प्रचलन, संरक्षण, सम्बर्द्धन हुन सक्ने देखिन्छ । त्यसकरण पर्ख र हेरको स्थिति रहेको अवस्था छ ।

■

# नेपालको संविधानमा महिलाका अधिकारहरू

✍ डा. शशी अधिकारी राउत

## १. भूमिका

महिला समानताको विषय केबल महिलाको मात्र नभएर समग्र राष्ट्रको सरोकारको विषय हो । एक्काईसौँ शताब्दीमा पदार्पण गरिसक्दा पनि केबल लिङ्गको आधारमा मात्र नागरिक नागरिक बिचमा भेदभाव गरिनु मानव सभ्यताकै लागि चुनौतीको विषय हो। सबै मानव अधिकारहरू महिलाका पनि अधिकार हुन्। लैङ्गिक भेदभावका कारण महिलाहरू पुरुषको तुलनामा पछि परेका हुनाले महिलालाई पुरुष सरह समान रूपमा मानव अधिकारको उपभोग गर्ने स्थितिमा राख्नका लागी पनि विषेश अधिकारहरू प्रदान गरिनु पर्दछ। यसर्थ महिलालाई लक्षित गरी प्रदान गरिएका अधिकारहरू नै महिला अधिकार हुन्। महिला भएकै कारणले महिलामाथि हुने भेदभावहरूको अन्तका लागि महिलाहरूकै पहलमा महिला समानता र विकास सम्बन्धी सबै पक्षहरू समेटी महिला महासन्धिको प्रस्ताव गरे जसलाई संयुक्त राष्ट्र सङ्घको महासभाले पारित गऱ्यो। यस महासन्धिमा महिलाको मानव अधिकारलाई वैधानिक मान्यता दिएको एक महत्त्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज हो जसलाई महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि (Convention on the Elimination of All Forms of Discrimination against Women ) भनीन्छ ।[१]

यस महासन्धिमा मूलतः तीनवटा सिद्धान्तहरू समेटिएको छ जसमा, अविभेदको सिद्धान्त (Principle of Non-Discrimination), समानताको सिद्धान्त (Principle of Equality), राज्यको दायित्वको सिद्धान्त (Principle of State Obligation ) रहेको छ ।

यस महासन्धिले महिला विरुद्धको भेदभावलाई लिङ्गको आधारमा गरिने फरक व्यवहारमा मात्र सिमित नरहि, विस्तृत र व्यापक रूपमा हेरेको छ। यस सिद्धान्तले प्रत्यक्ष वा अप्रत्यक्ष (Direct or Indirect) रूपमा गरिने भेदभाव, मनसाययुक्त वा विना मनसाय (Intentional or Unintentional) गरिएको भेदभाव, कानुनी वा वास्तविक (De jure or De facto) रूपमा भएका भेदभाव, वर्तमान वा ऐतिहासिक संरचनात्मक (Present or Historical/Institutional) ढाँचाका कारण गरिने भेदभाव, अन्तरसम्बन्धीत (Crosscuting) अन्तर विषयगत (Intersectional) रूपमा हुने भेदभावलाई विस्तृत र व्यापक अर्थमा हेनुपर्ने मान्यता राख्दछ। यसले महिला र पुरुषबिच समानताको लागी बाधक जुनसुकै बन्देजलाई भेदभावकै रूपमा हेर्दछ ।[२]

संयुक्त राष्ट्र सङ्घले विश्वकै महिलाहरूको अधिकारका लागि उल्लेखनिय कार्यहरू गरेपछि संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूले पनि आफ्ना राज्यमा महिलाहरूको अधिकारका लागि विशेष कानून निर्माण गर्ने कार्यको थालनी भएको छ। नेपालको सन्दर्भमा कुरा गर्ने हो भने २०४७ सालमा प्रजातन्त्रको प्रारम्भसँगसँगै तत्कालिन अन्तरिम सरकारले **महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९** लाई हस्ताक्षर गरी अनुमोदन समेत गऱ्यो ।

महिला महासन्धिले महिला विरुद्धको भेदभावको व्यापक परिभाषा गरे पश्चात महिला विरुद्धको भेदभावलाई लिङ्गको आधारमा गरिने फरक व्यवहारमा मात्र सीमित गरेर बुझिँदैन, यसलाई विस्तृत र व्यापक अर्थमा बुझिन थालेको छ। समानता कुनै पनि समाजको आधार स्तम्भ हो, समानता बिना कुनै पनि सभ्य समाजको अस्तित्व रहन सक्दैन। यस महासन्धि अनुमोदन पश्चात नेपालमा लैङ्गिक समानताका

[१] महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि

[२] *ऐ.ऐ.*

प्रयासहरू दिनानुदिन भएका छन् जसलाई सकारात्मक रूपमा लिइनुपर्दछ। नेपाल अधिराज्यको संविधान २०४७ ले समानताको हकमा महिला, बालबालिका, बृद्ध, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका वर्गहरूको अधिकारका लागि विशेष संरक्षण, सम्बर्द्धन, विकासका लागि विशेष कानुन निर्माण गर्न सकिनेछ[३] भनी व्यवस्था गरेको कारण देशमा धेरै कानुनहरूमा संशोधन तथा नयाँ कानुन बानाउने कार्य भयो। मुलुकी ऐनको एघारौँ संशोधन २०५८ सालमा भयो जसले महिलाको पैतृक सम्पत्तीमा छोरा सरहको अधिकार लगायत धेरै अधिकारलाई समेटेको पाइन्छ।

यसैगरी २०६३ को अन्तरिम संविधानले मौलिक अधिकारमा नै महिलाको अधिकारका लागि धारा २० मा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन। प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुने छ। कुनै पनि महिला विरुद्ध शारिरीक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन। पैत्रिक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ, भनी व्यवस्था गरी महिलाको अधिकारलाई शसक्त बनाउन मद्दत पुऱ्यायो। त्यसैगरी धारा २१ ले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागिता हुने हकको व्यवस्था गरेको कारण राज्यको संरचना मध्ये संविधान सभामा महिलाको पहुँच हुन सम्भव भयो।[४]

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (घ) राज्यका सबै संरचनाका सबै अङ्गहरूमा महिलाको समानुपातिक समावेशीको आधारमा सहभागिता, धारा ३३(ढ) मा सबै विभेदकारी कानुनको अन्त्य गर्ने व्यवस्था, धारा ६३(४) ले प्रत्येक राजनैतिक दलहरूले कुल उम्मेदवारी चयन गर्दा समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने व्यवस्था, धारा ६३ (५) मा महिलाको हकमा जम्मा उम्मेद्‌वारीको कुल सङ्ख्या जोडेर न्युनतम एक तिहाई उम्मेद्‌वारी दिनुपर्ने र धारा १४२ (३)ग) मा राजनीतिक दलले निर्वाचनका लागि मान्यता प्राप्त गर्न विभिन्न स्तरका कार्य समितिमा महिला सहस्यहरू समेत रहने समावेशी व्यवस्था हुनु पर्ने व्यस्थाले गर्दा महिलाको संविधान सभामा ३३ प्रतिशत सहभागिता हुन पुग्यो साथै विभेदकारी कानुनको अन्त्यका लागि धेरै ऐन तथा कानुनहरूमा संशोधन भएको पाइन्छ।[५]

## २. लैङ्गिक मैत्री संविधान

संविधान एक सशक्त वैधानिक संयन्त्र हो जसमा लेखिएका प्रावधानहरूलाई राज्यका सबै अङ्गहरू, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका लगायत सबैले पालना गर्न बाध्य हुन्छन् साथै लैङ्गिक मैत्री संवैधानिक व्यवस्थाहरूको पक्षमा निर्णय गर्न बाध्य हुन्छन्। संविधानमा लेखिने प्रावधानले राज्यको रूपान्तरणमा अहम् भूमिका खेल्छ। सरकार, राज्य र राजनैतिक दलहरूले संविधानमा भएका प्रावधानहरूको कार्यान्वयन गर्न वाध्य हुन्छन्।

संविधानको भाषा लैङ्गिक तटस्थ र प्रस्तावनामा लैङ्गिक समस्या समाधान गर्ने प्रतिवद्धता हुनुपर्दछ। राज्यसँग सम्बन्ध राख्ने जुनसुकै दस्तावेजहरूमा दम्पत्ति वा सन्तानलाई नागरिकता दिँदा महिला र पुरुषलाई समान मापदण्डको व्यवस्था हुनु पर्दछ। वंशजको नाताबाट पाउने नागरिकता वा अङ्गीकृत नागरिकतामा समान आधारको व्यवस्था हुनुपर्दछ।[६]

विभिन्न देशका संविधानले लैङ्गिक समानता, लैङ्गिक मैत्री कायम गर्न वा महिलाका अधिकारलाई सुनिश्चितता गर्न संविधानमा नै महिलाको अधिकारको प्रत्याभूति गरिएको पाइन्छ। उदाहरणका लागि केही देशका सविधानले गरेको व्यवस्थालाई उदाहरणका रूपमा लिन सकिन्छ :

*रुवाण्डाको संविधानको प्रस्तावनामा नै* "महिला र पुरुष बिच कुनै भेदभाव नगरी लैङ्गिक समानता र देशको विकासको आधारमा समान अधिकार सुनिश्चित गर्ने" जस्ता विशेष व्यवस्था गरिएको छ।

*क्यानाडाको संविधानमा* "भेदभाव नहुने गरी समानताको अधिकार सुनिश्चित गरिएमा परिणाममुखी समानता ल्याउन मद्दत गर्दछ" भनी उल्लेख गरिएको छ।

*युगाण्डाको संविधानले* "कामदार महिलाको

---

[३] नेपाल अधिराज्यको संविधान २०४७

[४] नेपालको अन्तरिम संविधान २०६३, धारा २०

[५] *ऐ.ऐ.*

[६] CEDAW को धारा (European Convention on Nationality, 1997 को धारा ६।

मातृत्व संरक्षण" र *दक्षिण अफ्रिकाको संविधानले* "प्रजनन् स्वास्थ्य सेवा सुविधा" जस्ता संवेदनशिल विषय आफ्नो मौलिक अधिकारअन्तर्गत समेटेको छ ।

विशेष गरी अविभेदको सिद्धान्त (लिङ्ग, बैवाहिक स्थिति, गर्भधारणको आधारमा विभेद गर्न हुँदैन) प्रत्यक्ष विभेद मात्र होइन अप्रत्यक्ष विभेद वा उद्देश्यपूर्ण विभेद मात्र होइन विना मनसाय हुने विभेदलाई पनि त्यस्तो नीति, कानुन, कार्यक्रमले परिणाममा पुऱ्याएको नकारात्मक असरसँग जोडी हेर्नु पर्दछ ।[७]

कानुनको अगाडि समानता र कानुनको समान संरक्षणको व्यवस्थाको साथ साथै औपचारिक समानता मात्र होइन, सारभूत समानताको सिद्धान्त (अवसरको मात्र होइन पहुँच नियन्त्रण र परिणामको समानता), कानुनी समानता मात्र होइन व्यवहारमा अनुभूति गर्न पाउने समानताको व्यवस्थाले मात्र लैङ्गिक समानता हुन्छ[८] जुन सुधारात्मक समानता (Corrective Equality) को अवधारणामा रहेर विशेष उपायको अवलम्बन सहित समानताको अवधारणाको सुनिश्चितता संविधानले नै गर्दछ ।[९]

समानता कुनै पनि समाजको आधार स्तम्भ हो, समानता बिना कुनै पनि सभ्य समाजको अस्तित्व रहन सक्दैन । समानता प्रत्येक व्यक्ति, समाज र राष्ट्रको लक्ष्य हो । विशेष व्यवस्थाअन्तर्गत लैङ्गिक अन्तर हटाउन आरक्षण, प्राथमिकता, क्षमता अभिवृद्धि, सहुलियत, छुट, उपयुक्त वातावरण निर्माण, लैङ्गिक न्यायका व्यवस्थाहरू कुनै पनि उपाय हुन सक्दछन् । राज्यले लैङ्गिक समानता कायम गर्न कुनै पनि उपायहरू अवलम्बन गरेमा वास्तविक समानता कायम हुन्छ ।

वास्तवमा महिलाको सहभागितालाई सुनिश्चित गर्ने हो भने राज्यको हरेक निर्णायक तह तथा संरचनामा महिलाको समानुपातिक सहभागितालाई सुनिश्चितता गर्नुपर्दछ । हाम्रो सामु उदाहरण नै छ, संविधान सभामा न्यूनतम ३३ प्रतिशत उम्मेद्वारीको व्यवस्थाले मात्र होइन, समानुपातिक निर्वाचन प्रणालीको कारणले आज ३३ प्रतिशत महिलाहरू संविधान सभामा भएको यथार्थतालाई बिर्सन सक्ने स्थिति छैन ।

### ३. संविधानमा महिलाका अधिकार

२०७२ सालको नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी, आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने[१०] भनी प्रस्तावनामा नै राखीनु महिलालगायत सबै वर्ग क्षेत्रका व्यक्तिहरूका लागि महत्त्वपूर्ण उपलब्धिको रूपमा लिनुपर्दछ ।

#### क) नागरिकता सम्बन्धमा

**वंशजको आधारमा नेपाली नागरिक हुन आमा वा बाबु नेपालको नागरिक हुनुपर्ने** वंशजको आधारमा नेपाली नागरिक हुन २०१९ सालको संवैधानिक व्यवस्थामा आमा वा बाबुमध्ये एकजना नेपालमा जन्मेको हुनुपर्ने व्यवस्था थियो । २०४७ सालको संविधानमा व्यक्तिको जन्म हुँदाको समयमा निजको बाबु नेपालको नागरिक रहेछन् भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरीक ठहर्ने छ भनी व्यवस्था गरिएको छ । २०६३ सालको अन्तरिम संविधानमा व्यक्तिको जन्म हुँदाको समयमा निजको बाबु वा आमा नेपालको नागरिक रहेछन् भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरीक ठहर्ने छ भनी व्यवस्था गरिएको छ ।

२०७२ सालको नेपालको संविधानले कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक हुने साथै यदि यो संविधान प्रारम्भ

---

[७] Article, 9.3 of south African Constitution provide that state may not unfairly discriminate directly or indirectly against anyone on one or more grounds, including race, gender, sex, pregnancy, marital status, ethnic or social origin, color, sexual orientation, age, disability, religion, conscience, belief, culture, language and birth. See also article 1 of CEDAW.

[८] स्वीस महासंघको संविधानको धारा ८ ले समानताको संरक्षणको कुरा गर्दा कानुनी (Dejure) मात्र नभई व्यवहारमा वास्तविकता (Defacto) अधिकारको व्यवस्था हुनुपर्ने व्यवस्था गरेको छ ।

[९] Article 9.2 of south Africa constitution : "Equality includes the full and equal enjoyment of all rights and freedoms. To promote the achievement of equality, legislative and other measures designed to protect or advance persons, or categories of persons, disadvantaged by unfair discrimination may be taken." See also article 4 of cedaw.

[१०] *नेपालको संविधान २०७२* को प्रस्तावना

हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता सङ्घीय कानून बमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुनेछ ।[११] यसैगरी २०७२ को नेपालको संविधानमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने[१२] व्यवस्था सकारात्मक छ । यसरी हेर्दा २०१९ सालको संविधान र २०६३ सालको अन्तरिम संविधान र २०७२ सालको नेपालको संविधानमा मातृत्व र पितृत्वको सवालमा समानता देखिन्छ भने २०४७ सालको संविधानमा लैङ्गिक विभेदकारी व्यवस्था देखिन्छ ।

**विदेशीसँगको वैवाहिक सम्बन्धको आधारमा महिला र पुरुष बिचको असमान व्यवस्था**

२०१९ सालको संविधानले नेपालको नागरिकका साथ वैवाहिक सम्बन्ध भएकी स्वास्नी मानिसले विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिक ठहर्ने व्यवस्था थियो । २०४७ सालको संविधानले नेपालको नागरिकका साथ वैवाहिक सम्बन्ध भएकी स्वास्नीमानिसले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि नेपालको नागरिक ठहर्ने व्यवस्था थियो । २०६३ सालको अन्तरिम संविधानले नेपालको नागरिकका साथ वैवाहिक सम्बन्ध भएकी स्वास्नी मानिसले चाहेमा तुरुन्तै अङ्गिकृत नागरिकता लिन पाउने व्यवस्था गरेको छ भने कुनै पनि संविधानमा महिलाले विवाह गरेको विदेशी पुरुषको सम्बन्धमा वैवाहिक आधारमा नेपाली नागरिकता लिन पाउने कुनै व्यवस्था छैन ।

२०७२ सालको नेपालको संविधानमा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ । तर विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोवास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले सङ्घीय कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ ।[१३]

**नेपाली नागरिकको विदेशी नागरिकसँगको बैवाहिक सम्बन्धबाट जन्मेका छोरा वा छोरीको नागरिकता सम्बन्धमा**

नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(७) मा विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकवाट नेपालमा जन्मी नेपालमै स्थाई बसोवास गरी निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने प्रचलित कानूनबमोजिम नेपालको अङ्गिकृत नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । २०१९ सालको संविधानको धारा ८(२)(घ) मा नेपाली उत्पत्तिका व्यक्तिको हकमा कम्तीमा दुई वर्षको अवधिसम्म नेपालमा बसोवास गरेपछि नेपालको अङ्गिकृत नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था थियो भने २०४७ सालको संविधानमा यही व्यवस्था अनुसार नेपालको नागरिकको हकमा दुई वर्षको अवधिसम्म नेपालमा बसोवास गरेपछि नेपालको अङ्गिकृत नागरिकता प्राप्त गर्न सक्ने र अङ्गिकृत नागरिकको सन्तानको हकमा यो व्यवस्था लागु नहुने भनी विभिन्न शर्तसहित लागु गरेको थियो ।

२०६३ सालको अन्तरिम संविधानले नेपाली महिला र विदेशी पुरुषसँगको वैवाहिक सम्बन्धवाट जन्मीएका बच्चाले विभिन्न शर्त पुरा गरी नेपालको अङ्गिकृत नागरिकता प्राप्त गर्न सक्ने तर नेपाली पुरुषले विदेशी महिलासँगको वैवाहिक सम्बन्धवाट जन्मिएका बच्चाले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने व्यवस्था

[११] *नेपालको संविधान*को धारा, ११

[१२] *ऐ.ऐ.* धारा १२.

[१३] *ऐ.ऐ.* धारा ११

विभेदकारी हो ।

२०७२ को नेपालको संविधानमा विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोवास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले सङ्घीय कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने छ ।[१४]

**गैरआवासीय नेपाली नागरिकले नागरिकता प्राप्त गर्ने** विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोवास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई सङ्घीय कानून बमोजिम आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने छ ।[१५]

### ख) मौलिक अधिकार सम्बन्धी व्यवस्था

#### समानताको हक

सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

तर सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।[१६]

#### महिलाको हक

प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, महिला विरुद्व धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्धको हकको व्यवस्था वर्तमान संविधानले गरेको छ । साथै यी हक विरुद्धको कार्य कानून बमोजिम दण्डनीय हुने व्यवस्था र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरिएको छ । राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता हुने हक, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक समेत व्यवस्था गरी महिलाको अधिकार सुनिश्चित गर्नका लागि मौलिक हकमा नै व्यवस्था गरी लैङ्गिक समानता कायम गर्न सकारात्मक व्यवस्था गरिएको छ ।[१७]

#### सामाजिक न्यायको हक

सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।[१८]

#### सामाजिक सुरक्षाको हक

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था मौलिक

---

[१४] *नेपालको संविधान,* धारा ११

[१५] *ऐ.ऐ.* धारा १४

[१६] *ऐ.ऐ.* धारा १८

[१७] *नेपालको संविधान*को धारा ३८

[१८] *ऐ.ऐ* धारा ४२

अधिकारको रूपमा व्यवस्था गरीएको छ ।[१९]

**ग) निर्देशक सिद्धान्तहरू**

२०७२ को नेपालको संविधानको निर्देशक सिद्धान्तमा लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने, भनी व्यवस्था गरिएको छ ।[२०]

**घ) राज्यका नीतिहरू**

२०७२ को नेपालको संविधानमा राज्यका नीतिहरूमा असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने सम्बन्धी व्यवस्था गरिएको छ ।[२१] यस व्यवस्थालाई कार्यान्वयनका लागि सरकारले नीति बनाई सो नीतिअनुरूप कार्ययोजना तथा कार्यक्रम बनाई लागु गर्नुपर्दछ ।

**ङ) कार्यपालिकामा महिलाको सहभागिता सम्बन्धी व्यवस्था**

**राष्ट्रपति र उपराष्ट्रपति**

२०७२ को नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ[२२] यो व्यवस्था सकारात्मक छ जसले राष्ट्र प्रमुख जस्तो महत्त्वपूर्ण निर्णायक तहमा महिलाको सहभागितालाई सुनिश्चित गरेको छ ।

**मन्त्रीपरिषद्**

सङ्घीय संसदका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्ने भनी व्यवस्था गरिएको छ । मन्त्रीपरिषद् गठन सम्बन्धमा महिला सहभागिताको अनिवार्यता गरिएको छैन जसको कारणले गर्दा मन्त्रीपरिषद्मा ३३ प्रतिशत महिला पुग्न सकेका छैनन् ।[२३]

**स्थानीय कार्यपालिका**

**गाउँ कार्यपालिका** २०७२ को संविधानले गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने व्यवस्था गरिएको छ ।[२४]

**नगर कार्यपालिका** २०७२ को संविधानबमोजिम नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य समेत नगर कार्यपालिकाको सदस्य हुने व्यवस्था गरिएको छ ।[२५]

संविधानमा व्यवस्था भएबमोजिम स्थानीय निकाय सम्बन्धी ऐन र नियमावली बनाउनु पर्छ जसमा प्रष्ट व्यवस्था गरिनु पर्दछ । निर्णायक तहमा महिला सहभागिता हुन सकेमा मात्र महिला सहभागिता अर्थपूर्ण हुन सक्छ अन्यथा सहभागिता नाम मात्रको हुन्छ ।

**च) व्यवस्थापिकामा महिलाको सहभागिता सम्बन्धी व्यवस्था**

**१) प्रतिनिधि सभा**

**पहिलो हुने निर्वाचन प्रणाली** दुई सय पचहत्तर सदस्य रहने गरी प्रतिनिधि सभाको व्यवस्था गरिएको छ जसमा एक सय पैंसट्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने

[१९] *ऐ.ऐ.* धारा ४३
[२०] *ऐ.ऐ.* धारा ५०
[२१] *ऐ.ऐ.* धारा ५१
[२२] *ऐ.ऐ.* धारा ७०
[२३] *ऐ.ऐ.* धारा ७६
[२४] *ऐ.ऐ.* धारा २२२
[२५] *ऐ.ऐ.* धारा २२३

एक सय पैंसट्ठी सदस्य,[२६] रहने व्यवस्था छ तर यसमा महिलाका लागि कुनै विशेष व्यवस्था गरिएको छैन ।

**समानुपातिक निर्वाचन प्रणाली** सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय दश सदस्य रहने व्यवस्था छ। समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र तथा अपाङ्गता भएको व्यक्तिको समेत सहभागिता हुने गरी बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानून बमोजिम हुने व्यवस्था छ। तर यसमा महिलाका लागि कुनै विशेष व्यवस्था गरिएको छैन ।

प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने व्यवस्था गरिएको छ साथै सभामुख र उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्ने समेत व्यवस्था गरिएको छ।[२७] जुन लैङ्गिक समानताको दृष्टिकोणबाट समेत सकारात्मक व्यवस्था देखिन्छ ।

**२) राष्ट्रिय सभा** यस सभामा उनान्साठी सदस्य रहने व्यवस्था छ। प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानून बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना तथा नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना रहने गरी राष्ट्रिय सभाको व्यवस्था गरिएको छ जसमा महिलाको सहभागिताका लागि विशेष व्यवस्था गरिएको छ।[२८] राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने गरी व्यवस्था यस संविधानले गरेको छ।[२९] जुन लैङ्गिक समानताको दृष्टिकोणबाट समेत सकारात्मक व्यवस्था देखिन्छ ।

**३) प्रदेश व्यवस्थापिका** २०७२ को संविधानले एक सदनात्मक प्रदेश व्यवस्थापिका हुने व्यवस्था गरेको छ जसलाई प्रदेश सभा भनी नामाकरण गरिएको छ। प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था गरिएको छ।[३०] प्रदेश सभाको सभामुख वा उपसभामुख मध्ये एक जना महिला हुने व्यवस्था गरिएको छ।[३१] जुन लैङ्गिक समानताको दृष्टिकोणबाट समेत महिलाको प्रतिनिधित्वको अधिकार सुनिश्चित गरेको देखिन्छ ।

**४) जिल्ला सभा र जिल्ला समन्वय समिति** जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरू बिच समन्वय गर्न एक जिल्ला सभाको व्यवस्था गरिएको छ। जिल्ला भित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिका प्रमुख र उपप्रमुख यस सभाका सदस्य रहने व्यवस्था गरिएको छ। गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिनभित्र जिल्ला सभाको पहिलो बैठक बस्ने व्यवस्था गरिएको छ।

यसैगरी जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ।[३२] जुन लैङ्गिक समानताको दृष्टिकोणबाट समेत महिलाको प्रतिनिधित्वको अधिकार सुनिश्चित गरेको देखिन्छ ।

**५) गाउँ सभामा** गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र प्रत्येक वडाबाट कम्तीमा दुई जना

---

[२६] *ऐ.ऐ.* धारा ८३

[२७] *ऐ.ऐ.* धारा ९१

[२८] *ऐ.ऐ.* धारा ८६

[२९] *ऐ.ऐ.* धारा ९२

[३०] *ऐ.ऐ.* धारा १७५

[३१] *ऐ.ऐ.* धारा १८२

[३२] *ऐ.ऐ.* धारा २२०

महिलाको प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ ।[33]

**६) नगर सभामा** नगरपालिकामा एक नगर सभा रहने व्यवस्था गरिएको छ । नगरसभामा दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य र नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ ।[34]

गाउँ सभा र नगर सभाको गठन प्रक्रिया लैङ्गिक समानताको दृष्टिकोणबाट समेत महिलाको प्रतिनिधित्वको अधिकार सुनिश्चित गरेको देखिन्छ ।

**छ) संवैधानिक आयोगहरू**

**अख्तियार दुरूपयोग अनुसन्धान आयोग** नेपालमा एक अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरू रहने व्यवस्था छ । **लोक सेवा आयोग** नेपालमा लोक सेवा आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन् । राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ती गर्नेछ ।[35] **निर्वाचन आयोग** नेपालमा एक निर्वाचन आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने व्यवस्था गरिएको छ ।[36] **राष्ट्रिय मानव अधिकार आयोग** यस आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य रहने व्यवस्था छ ।[37] **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग** यस आयोगमा अध्यक्ष सहित बढीमा पाँच जना सदस्य रहने व्यवस्था गरिएको छ ।[38]

माथि उल्लिखित पाँचवटा आयोगहरूको गठन प्रक्रियालाई हेर्दा यी सबै आयोगहरूमा समानुपातिक सहभागिता र लैङ्गिक समानत अर्थात् महिलाको समानुपातिक सहभागिता सम्बन्धी व्यवस्था गरिएको छैन । जनसङ्ख्याको आधारमा हेर्ने हो भने आधा भन्दा बढी जनसङ्ख्या महिलाको छ तर पनि आयोगमा एकजना महिला सदस्य रहने अनिवार्यता गरिएको छैन । यो व्यवस्था लैङ्गिक दृष्टिकोणबाट विभेदकारी व्यवस्था हो ।

**अन्य आयोगहरू**

**राष्ट्रिय महिला आयोग** यस आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य रहने व्यवस्था गरिएको छ ।[39] जुन स्वागत योग्य कदम हो । पचास प्रतिशत जनसङ्ख्या ओगटेका महिलाको राज्यले सम्मान गरेको महसुस भएको छ । आयोगले आवश्यकता अनुसार प्रदेशमा आफ्नो कार्यालय स्थापना गर्न सक्ने व्यवस्था समेत गरी आयोगको उपस्थिति प्रदेशमा हुने व्यवस्था गरेको छ जुन सकारात्मक छ । महिलामाथि हुने हिंसा दिनानुदिन बढ्दै गएको आजको अवस्थामा राष्ट्रिय महिला आयोगको उपस्थिति केन्द्रीकृत नगरी प्रदेशमा हुने व्यवस्थाले गर्दा सबै हिंसा पीडित तथा अधिकारबाट बञ्चित महिलाहरूले अधिकार प्राप्त गर्ने अनुभूति गराएको छ । **राष्ट्रिय दलित आयोग** यस आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य रहने व्यवस्था छ ।[40]

देशमा व्याप्त जातियताको नाममा हुने छुवाछुतको अन्त्यका लागि संवैधानिक आयोगको व्यवस्था गरी मानव अधिकारको उल्लघंनको पराकाष्टालाई अन्त्य गर्न मद्दत पुग्ने आशा पलाएको छ ।

**राष्ट्रिय समावेशी आयोग** यस आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने व्यवस्था छ ।[41] **आदिवासी जनजाति आयोग** यस आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने व्यस्था गरिएको छ ।[42] **मधेशी आयोग** : यस आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने व्यवस्था गरिएको छ । [43] **थारू आयोग :** यस आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने व्यवस्था छ ।[44] **मुस्लिम आयोग : यस** आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने व्यवस्था गरिएको छ ।[45]

---

[33] *ऐ.ऐ.* धारा २२२
[34] *ऐ.ऐ.* धारा २२३
[35] *ऐ.ऐ.* धारा २४२
[36] *ऐ.ऐ.* धारा २४५
[37] *ऐ.ऐ.* धारा २४८
[38] *ऐ.ऐ.* धारा २५०
[39] *ऐ.ऐ.* धारा २५२
[40] *ऐ.ऐ.* धारा २५५
[41] *ऐ.ऐ.* धारा २५८
[42] *ऐ.ऐ.* धारा २६१
[43] *ऐ.ऐ.* धारा २६२
[44] *ऐ.ऐ.* धारा २६३
[45] *ऐ.ऐ.* धारा २६४

माथि उल्लेखित आयोगहरूको व्यवस्था वर्तमान संविधानले मात्र गरेको देखिन्छ। यो संविधान भन्दा अघिल्ला संविधानहरूमा व्यवस्था गरिएको थिएन। तर यी आयोगहरूको विस्तृत व्यवस्था संविधानमा गरिएको छैन्। महिला आयोग देखि बाहेक अन्य आयोगको गठन प्रक्रियालाई हेर्दा समानुपातिक सहभागिता र लैङ्गिक समानता र सहभागिता सम्बन्धी प्रष्ट व्यवस्था गरिएको छैन।

समानता कुनै पनि समाजको आधार स्तम्भ हो, समानता बिना कुनै पनि सभ्य समाजको अस्तित्व रहन सक्दैन। समानता प्रत्येक व्यक्ति, समाज र राष्ट्रको लक्ष्य हो। समान वर्ग, क्षेत्रका व्यक्तिहरूका लागि समानतामा आधारित संविधान तथा कानुनी व्यवस्थाले उनीहरूको अधिकारलाई संशोधन गर्न सक्छ।

तर सदिऔंदेखि पछाडि पारिएका वर्ग, जातजाति, भाषाभाषी, दुर्गम क्षेत्रका व्यक्तिहरू तथा महिला वर्गहरू जसले समान अधिकार उपभोग गर्न सकेका छैनन् अर्थात् प्राप्त गर्न सक्दैनन् उनीहरूका लागि सरकारले राज्यले समानतामा लान विशेष व्यवस्था अन्तर्गत लैङ्गिक अन्तर हटाउने आरक्षण, प्राथमिकता, क्षमता अभिवृद्धि, सहुलियत, छुट, उपयुक्त वातावरण निर्माण, लैङ्गिक न्यायका व्यवस्थाहरू कुनै पनि उपाय संविधान तथा कानुन, नीतिमा नै अबलम्वन गर्नु पर्दछ अनि मात्र समानताको हक उनीहरूले व्यवहारमा प्राप्त गर्न सक्दछन्।

नेपालमा लैङ्गिक समानताका प्रयासहरू दिनानुदिन भएका छन् जसलाई सकारात्मक रूपमा लिईनु पर्दछ तर पनि राष्ट्रियताको सम्बन्धमा लिङ्गको आधारमा विभेदकारी संवैधानिक व्यवस्था, पुरुषवादी सोच र मानसिकता छ। यस्तो मानसिकताबाट माथि उठी समानता, समता, सकारात्मक विभेद, सारभूत समानतामा आधारित भएर संविधान, नीति तथा कानूनहरूमा व्यवस्था गरिनु पर्दछ। महिलाका अधिकारहरूको व्यवस्था गर्दा विवाहमा आधारित भएर गरिनु हुँदैन। महिलाको सम्पत्ति सम्बन्धी अधिकार, नागरिकता सम्बन्धी अधिकार, रोजगारीको अधिकार जस्ता महत्त्वपूर्ण अधिकारहरू वैवाहिक सम्बन्धसँग जोड्नु भनेको उनीहरूलाई परनिर्भर बनाउनु हो र उनीहरूलाई आत्म निर्भर हुनबाट रोक्नु हो। यसर्थ पहिचान र सम्पत्तीको अधिकार महत्त्वपूर्ण हुन्। जबसम्म यी दुई अधिकार पूर्ण रूपमा प्राप्त हुँदैन महिलाको शिक्षा, स्वास्थ्य, रोजगारी, व्यक्तित्व विकास, आर्थिक, सामाजिक, राजनीतिक, निर्णायक तहमा सहभागिता र भूमिका सम्भव हुँदैन। संविधान देशको मूल कानुन भएको हुँदा संविधानद्वारा प्रदत्त मौलिक अधिकारलगायत संविधानद्वारा प्रदान गरिएका व्यवस्थाहरू बमोजिम सरकारले आफ्ना नीति तथा कानुन बनाई सो अनुरूप कार्यक्रम बनाई अवलम्बन गर्नु पर्दछ।

■

# नेपालको संविधान २०७२ र सामाजिक सुरक्षा



✍ डा. सुरेन्द्र भण्डारी

**१. परिचय**

सामाजिक सुरक्षा (सोसल सेक्युरिटी), सामाजिक प्रत्याभूति (सोसल प्रोटेक्सन) र लोक कल्याणकारी संयत्र (वेलफेयर पलेसि) जस्ता विभिन्न शब्दावली प्रयोग गरिए तापनि मूलभूत रूपमा तिनओटै शब्दले समान अर्थ दिन्छन् । अर्थात् प्रत्येक व्यक्ति वा नागरिकले समाजमा मर्यादित र सुरक्षित जीवनयापन गर्नका लागि राज्य, बजार, एवम् स्वयम् व्यक्ति समेतले आर्थिक एवम् सामाजिक चुनौतीहरू वा जोखिमलाई (रिक्स) साझेदारी गर्नुपर्दछ । यसरी जोखिमलाई साझेदारी रूपमा सम्बोधन गर्न अपनाइने नीतिलाई उल्लिखित तिन शब्दावली मध्ये कुनै पनि शब्दावलीले प्रतिबिम्बित गर्न सक्दछ । यद्यपि वर्तमान समयमा सामाजिक सुरक्षा भन्ने शब्दावली नेपाली भाषाको प्रयोगमा चलन चल्तीमा छ भने अङ्ग्रेजीमा 'सोसल प्रोटेक्सन' चलनचल्तीमा रहेका छन् । यस छोटो लेखमा सामाजिक सुरक्षा भन्ने शब्दावली प्रयोग गरिएको छ ।

सामाजिक सुरक्षाका तिन महत्वपूर्ण आयाम छन् । पुरातनिक रूपमा नै वैयक्तिक समानता र स्वतन्त्रताको अवधारणाले प्रत्येक व्यक्तिलाई कम्तीमा पनि नागरिक एवम् राजनैतिक अधिकारको सन्दर्भमा समान रूपमा अधिकार सम्पन्न बनाउने जुन लक्ष्य राखेको थियो त्यसलाई समानताको अधिकारको सवैधानिक एवम् अन्य कतिपय कारणले समाजमा व्यक्तिको क्षमता, श्रोत माथिको पहुँच, एवम् अन्य कतिपय कारणले समाजमा पछि परेका मानिसहरू र श्रोत एवम् साधनले सम्पन्न मानिसहरूका विचमा प्रतिस्पर्धा हुन नसक्ने र समाजमा उपलब्ध अवसरलाई समान रूपमा प्रयोग गर्न नसक्ने भएका कारणले सकारात्मक विभेदको अवधारणलाई (पोजेटिभ डिस्क्रिमिनेसन अर अफर्मेटिभ एक्सन) संवैधानिक र कानुनी रूपमै वैधानिकता दिई व्यवहृत गर्ने काम भयो । नेपालको संवैधानीक एवम् कानुनी विकासको श्रृङ्खलाले पनि यही कुरा प्रमाणित गरेको छ । जसलाई २०७२ को संविधानको धारा १८ मा मौलिक हकको रूपमा व्यवस्थित र सुरक्षित गरिएको छ ।

कुनै पनि मुलुकको निर्माणमा मानव क्षमताको ज्यादै ठुलो भूमिका हुन्छ । क्षमतालाई नजर अन्दाज गर्ने समाजले विकास गर्न सक्दैन । त्यसरीनै नागरिकको क्षमता अभिवृद्धि गर्न राज्य प्रतिबद्ध भएन भने पनि क्षमताविहीन भीडले राज्य कब्जा गर्ने र राज्य राजनैतिक, सामाजिक, एवम् आर्थिक समस्याको खाडलबाट माथि उठ्न नसक्ने भएकाले प्रत्येक व्यक्तिलाई समान अवसर दिई क्षमता अभिवृद्धिको वातावरण राज्यले सुनिश्चित गर्नका लागि सामाजिक सुरक्षालाई संवैधानिक एवम् कानुनी रूपले वैधानिकता दिने काम आधुनिक लोकतान्त्रिक राज्यले गरेको पाइन्छ । यसै सन्दर्भमा धारा २४, २९, ३१, ३२, ३८, २९, ४०, एवम् ४४ मा नागरिकको क्षमता अभिवृद्धि एवम् सशक्तीकरणसँग सम्बन्धित अधिकारहरू मौलिक हकको रूपमा सुरक्षित गरिएका छन् ।

त्यसरी नै जोखिमलाई सामूहिक रूपमा सम्बोधन गर्ने सम्बन्धमा विगतका कुनै पनि संविधानले सुरक्षित गरे भन्दा पनि अग्रणी र व्यापक रूपमा २०७२ को

संविधानले सामाजिक सुरक्षाको हकलाई धारा ३३, ३४, ३५, ३६, ३७, ४१, ४२, एवम् ४३ मा व्यवस्था गरिएको छ। अझ जोखिमलाई न्यूनीकरण गर्न एवम् सम्बोधन गर्नका लागि दुई किसिमका संयन्त्रहरू क्रियाशील छन्। पहिलो राज्यले एकतर्फी रूपमा जोखिम सम्बोधन गर्ने र दोस्रो राज्य, बजार एवम् व्यक्ति सबैले संयुक्त रूपमा जोखिम सम्बोधन गर्ने।

नेपालको संविधान २०७२ ले सामाजिक सुरक्षाको क्षेत्रमा प्रत्याभूत गरेका तिन किसिमका प्रणाली र अधिकारहरूलाई निम्न लिखित टेवलमा सङ्क्षेपमा चित्रण गर्न सकिन्छ।

| सम्मान र समानता सम्बन्धी सामाजिक सुरक्षाको हक | अवसर र क्षमता अभिवृद्धि सम्बन्धी सामाजिक सुरक्षको हक | जोखिम न्यूनीकरण र साझेदारी गर्ने सम्बन्धी सुरक्षाको हक |
|---|---|---|
| धारा १६, १७, १८, १९, २०, २१, २२, २३, २५, २६, २७, २८, ३० र ४५। <br> जम्मा १५ वटा धाराहरू। | धारा २४, २९, ३१, ३२, ३८, ३९, ४० र ४४ <br> जम्मा ८ वटा धाराहरू। | धारा ३३, ३४, ३५, ३६, ३७, ४१, ४२ र ४३ <br> जम्मा ८ वटा धाराहरू। |
| | | |

## २. सामाजिक सुरक्षाको कानुनी र नीतिगत अवस्था

दोस्रो विश्वयुद्ध पूर्वदेखि नै सैनिकलाई सुरक्षा प्रदान गर्नका लागि निवृत्तिभरण र उपदानको व्यवस्था नेपालमा शुरु भएको थियो। जसलाई क्रमशः विकास गर्दै निजामती कर्मचारी, सरकारी र अर्धसरकारी निकायका कर्मचारी, प्रहरी, शिक्षक, विश्वविद्यालयका प्राध्यापक र कर्मचारी एवम् निजी क्षेत्रमा समेत उपदान, निवृत्तिभरणलगायतका विभिन्न सामाजिक सुरक्षाका संयन्त्रहरू कानुनी रूपमा संस्थापित गरिएका छन्। बिमा एवम् अनुदानलगायतका विभिन्न माध्यमद्वारा स्वास्थ्य सुरक्षामा पनि खासै गरी आधारभूत स्वास्थ्य सेवामा सुरक्षा प्रदान गर्न विभिन्न कार्यक्रम र योजनाहरू लागु गरिएका छन्। निः शुल्क एवम् शुलभ शिक्षाको नीति लागु गरेर सरकारी शिक्षालाई सर्वसुलभ पार्ने कार्य भएको छ। यस्ता कतिपय कार्यहरू विगत लामो समयदेखि हुँदै आएका भएता पनि मूलतः जोखिम साझेदारी अवधारणामा यस्ता कार्यक्रमहरू आधारित थिए।

मनमोहन अधिकारीको सरकारको समयबाट राज्य स्वयम्ले एक्लै कतिपय लक्षित समूहको जोखिम न्यूनीकरण गर्ने कार्यक्रम संचालनमा ल्यायो। वृद्ध, बालबालिका, महिला, पछाडि परेका क्षेत्र र समुदायका व्यक्ति एवम् एकल महिलालाई लक्षित गरी सरकारको वार्षिक बजेटमार्फत लागु गरिएको यो कार्यक्रमले क्रमशः व्यापकता पाउने क्रममा २०७२ र २०७३ को आर्थिक वर्षका बजेटसम्म आइपुग्दा सिङ्गो बजेटको ३ प्रतिशतभन्दा धेरै अंश लक्षित समुदायलाई नगद सुविधा (अलाउन्स) दिनमा छुट्याइएको पाइन्छ। २०७२ र २०७३ को बजेटले लक्षित समूहलाई दिएको नगद सुविधालाई लगभग दोब्बर गरेको छ।

सामाजिक सुरक्षाका तिनवटै क्षेत्रमा छुट्याइएको बजेटलाई हेर्ने हो भने कुल बजेटको एक तिहाइको हाराहारीमा सामाजिक सुरक्षाका लागि खर्च गरिन्छ। यति हुँदाहुँदै पनि नेपालमा सामाजिक सुरक्षाको प्रभावकारिता किन न्यून छ ? के कारणले प्रभाव न्यून हुन पुगेको हो ? के कस्तो रणनीति अपनाइएको खण्डमा सामाजिक सुरक्षा प्रभावकारी हुन सक्छ ? यी लगायत अन्य सम्बद्ध प्रश्नहरूको जवाफ एउटा छोटो लेखमा विश्लेषण गर्नु सम्भव हुँदैन। तथापि कानुनी र नीतिगत दृष्टिबाट यी प्रश्नहरूको निम्न प्रकरणहरूमा सङ्क्षेपमा विश्लेषण गरिने छ :

मूलतः वर्तमान अवस्थामा देखिएका समस्यालाई

तिन खण्डमा विभाजन गर्न सकिन्छ। जुन निम्न बमोजिम छन् :

(क) छरपस्ट कानुनी संरचना,

(ख) संस्थागत समन्वयको अभाव,

(ग) सामाजिक सुरक्षा सम्बन्धी नमुना (मोडल) वा खाका अस्पष्ट हुनु ।

उल्लेखित तिनवटा कमजोरीको समाधान पनि स्वयम् समस्या भित्रै लुकेको पाइन्छ। अर्थात् निम्न लिखित तिनवटा समाधान अपनाइएको खण्डमा नेपालको सामाजिक सुरक्षा प्रणाली प्रभावकारी हुने देखिन्छ। जुन निम्न बमोजिम छन् :

(क) छरपस्ट कानुनलाई एकिकृत गरी सामाजिक सुरक्षा सम्बन्धी कानुनलाई परिमार्जनसहित संहितावद्व गर्ने ।

(ख) संहिताबद्व कानुनद्वारा एकद्वार एवम् समायोजित संस्थागत संरचना स्थापित गरी सोही संरचनामार्फत सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्ने ।

(ग) मूलतः नेपालको सामाजिक सुरक्षा प्रणालीको खाका वा नमुना कस्तो हुनुपर्दछ भन्ने बारेमा आवश्यक रूपमा अध्ययन अनुसन्धान गरी एक प्रभावकारी खाका नमुना तयार गरी सोही आधारमा कानुन र संरचना तयार गर्ने ।

उक्त तिनवटा समस्या वा समाधान मध्ये तेस्रो बुँदाबाट निम्न लिखित छलफलहरूमा छोटकरीमा चर्चा गरिने छ।

**सामाजिक सुरक्षाको नमुना**

नेपालमा सामाजिक सुरक्षाको कस्तो नमुना उपयुक्त, प्रभावकारी, एवम् परिणाममुखी हुन सक्छ भन्ने बारेमा नीतिगत तहदेखि बौद्धिक र अनुसन्धानको तहसम्म ज्यादै न्यून रूपमा काम भएको पाइन्छ। समय समयमा सरकारको बुझाई र आवश्यकता खासगरिकन राजनैतिक रूपमा गरिएका निर्णय वा नीतिगत छनोटबाटै विभिन्न किसिमका र छरपस्ट रूपमा दर्जनौं कानुनहरू बनेका छन्। नीतिहरू पनि सोही रूपमा छरिएका छन्। यी सबै छरपस्ट कानुन, नीति, एवम् संरचनालाई ऐक्यबद्ध बनाउने सामाजिक सुरक्षा सम्बन्धी ठोस नमुना वा खाका अर्थात् राष्ट्रिय नमुना हालसम्म पनि तयार हुनसकेको छैन। त्यसैले पहिलो सवाल नै स्पष्ट हुन जरुरी छ। अर्थात्, नेपालका लागि सामाजिक सुरक्षा सम्बन्धी एक ठोस नमुना जरुरी छ/छैन ? यदि जरुरी छ भने निम्न लिखित रणनीति अपनाई सामाजिक सुरक्षाको नमुना तयार गर्न सकिन्छ :

सरकारद्वारा एक स्वतन्त्र आयोग बनाएर नेपालको सामाजिक सुरक्षा प्रणालीको बारेमा विषद् अध्ययन अनुसन्धान गर्ने गराउने। राजनैतिक नियुक्ति र स्वार्थभन्दा माथि उठेर गठन गरिएको दक्षहरूको समूहले मात्रै यस्तो काम गर्न सक्दछ। यस्तो आयोगले नियमित रूपमा अध्ययन र व्यापक छलफल गरेर ठोस निष्कर्षमा पुग्नुपर्दछ।

सरकारद्वारा गठित यस किसिमको आयोगलाई सहयोग गर्न सरकारी र अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनहरूले दक्ष व्यक्ति वा संस्थासँग काम गरी व्यापक अध्ययन अनुसन्धान र छलफल चलाउने। यस्ता आयोग नबनेको अवस्थामा पनि अध्ययन र छलफलको यस्तो कार्य संचालन गरिन आवश्यक छ। केवल औपचारिकता र आफ्ना मानिसलाई रोजगारी दिनका लागि नभईकन दक्ष व्यक्तिसँग काम गर्न सरकारी एवम् अन्तर्राष्ट्रिय सङ्घ संस्था पनि तयार हुनुपर्दछ।

शैक्षिक संस्था, अनुसन्धान संस्था, एवम् बौद्धिक रूपमा समेत यस किसिमको अध्ययन अनुसन्धान गरी राष्ट्रिय रूपमा एक ठोस एवम् प्रभावकारी सामाजिक सुरक्षा नमुना खाका तयार गर्न सहयोग गर्न सकिन्छ।

**सामाजिक सुरक्षा कानुन**

हाल मुलुकमा दर्जनौं कानुनहरू सामाजिक सुरक्षासँग सम्बन्धित रहेका छन्। प्रत्येक कानुनले आफ्नै किसिमको संयन्त्र सृजना गरेको छ। कतिपय सवालमा समायोजन पनि छ। उदाहरणका लागि निजी क्षेत्रले समेत ३ वा सोभन्दा वेशी संस्था, निकाय वा कम्पनी मिलेर उपदान र निवृतिभरण कोष खडा गर्न सक्दछन्। तर समग्रतामा एउटा क्षेत्र वा समूहलाई सम्बोधन गर्न एउटा कानुन र अर्को क्षेत्र वा समूहलाई सम्बोधन गर्न अर्को कानुन बनाइएका कारणले कानुनी

असमान्जस्यता व्याप्त रहेको छ। वास्तवमा सामाजिक सुरक्षासँग सम्बन्धित कानुनहरू के कति असामञ्जस्यपूर्ण छन् वा छैनन् भन्ने विषय नै पनि स्पष्ट छैन। त्यसैले पहिला त यस्ता यावत् कानुनहरू पहिचान गरी तिनका आपसी सम्बन्ध, समन्वय, पारदर्शिता र प्रभावकारिताका विषयमा अध्ययन र अनुसन्धान गर्न जरुरी छ।

सामाजिक सुरक्षा सम्बन्धी सम्पूर्ण कानुनलाई एकीकृत गरी संहिताबद्ध गर्न सकिएमा कानुनी रूपमा रहेको असमाञ्जस्यलाई सम्बोधन गर्न सकिन्छ। त्यसरी नीतिगत क्षेत्रमा रहेको असमाञ्जस्यतालाई पनि संहिताबद्ध कानुनको माध्यमद्वारा सम्बोधन गर्न सकिन्छ।

**सामाजिक सुरक्षा सम्बन्धी संस्थागत संरचना**

त्यसरी नै सामाजिक सुरक्षाका सवाललाई कार्यान्वयन गर्ने र प्रभावकारी बनाउने निकायहरू पनि छरपष्ट रूपमा रहेका छन्। समायोजनको समस्या पनि टड्कारो छ। वास्तवमा छरपस्ट कानुनकै परिणाम छरपस्ट संस्थागत संरचना भएकाले संहिताबद्ध कानुनदारा एकद्वार प्रणालीसहितको प्रभावकारी संरचना विकास गर्न जरुरी छ। सो हुन सकेमा संस्थागत संरचनाका सवालमा रहेका समस्यालाई पनि सम्बोधन गर्न सकिन्छ।

**३. निषकर्ष**

राष्ट्र निमार्णमा सामाजिक सुरक्षाको ज्यादै ठूलो भूमिका हुन्छ। समाजमा रहेका विपन्न एवम् पछाडि परेका र कमजोर व्यक्ति एवम् समुदायले पनि जोखिमबाट मुक्ति पाउने वा जोखिम न्यूनीकरण गर्ने सबैभन्दा भरपर्दो र प्रभावकारी संयन्त्र भनेकै सामाजिक सुरक्षा हो। सामाजिक सुरक्षाका कारणले नै प्रत्येक व्यक्तिले आफूलाई राष्ट्रमा समाहित भएको र मुलुकप्रति आफ्नो पनि दायित्व भएको ठान्न सक्दछ। तर वर्तमान अवस्थामा हाम्रो सामाजिक सुरक्षा प्रणाली एकातिर सबैलाई समावेश गर्न सक्ने छैन भने अर्कोतिर सीमित एवम् लक्षित व्यक्ति र समुदाय मात्रै यसबाट लाभान्वित हुन सकेका छन्। त्यसैले राष्ट्र निर्माणमा जे जस्तो भूमिका सामाजिक सुरक्षाले अदा गर्न सक्दथ्यो, त्यो गर्न सकेको छैन। अर्कोतिर राज्यको अर्थव्यवस्था पनि कमजोर छ। सबै किसिमका जोखिमलाई राज्य एक्लैले न्यूनीकरण वा सम्बोधन गर्न सक्ने अवस्था पनि छैन। राज्य, बजार, एवम् व्यक्ति बिचको समन्वय र दायित्वको बाँडफाँडबाट मात्रै प्रभावकारी सामाजिक सुरक्षा प्रणालीको विकास हुन सक्दछ। त्यसैले आजको प्रमुख आवश्यकता नै नेपालको सन्दर्भमा आवश्यक पर्ने र प्रभावकारी सामाजिक सुरक्षाको नमुना तयार गर्नु रहेको छ। यस दिशामा ठोस रूपमा काम गर्न सकेको खण्डमा मात्रै २०७२ को संविधानले परिकल्पना गरेको सामाजिक सुरक्षा प्रणालीलाई संस्थापित गर्न सकिन्छ।

■

# नयाँ संविधानमा न्यायपालिका सम्बन्धी व्यवस्था: कार्यान्वयनका चुनौतीहरू



✍ सुनिल कुमार पोखरेल*

**पृष्ठभूमि**

हरेक मुलुकमा संविधान परिवर्तनसँगै न्यायपालिकाको संरचनामा पनि परिवर्तन हुने गर्दछ। सभ्य राज्यमा कार्यापालिका, व्यवस्थापिका र न्यायपालिकाको स्थापना, तिनको कार्य तथा सिमाहरू मुलुकको मूल कानुनद्वारा नै तय हुन्छ भने तिनले प्रयोग गर्ने अधिकार र सोको प्रक्रियाभने व्यवस्थापिकाद्वारा निर्मित कानुनहरूद्वारा निर्धारित हुन्छन्। संविधानमा नै न्यायपालिका सम्बन्धमा प्रष्ट व्यवस्था गर्नुको मकसद यसलाई स्वतन्त्र बनाउन खोज्नु हो। नेपालमा २००७ सालको संविधान पछि २००८ मा स्वतन्त्र न्यायपालिकाको स्थापना गर्ने कार्यको थालनी भएको हो। तर हेर्दा स्वतन्त्र देखिने न्यायपालिका अहिलेसम्मको अवस्थामा आइपुग्दा कति स्वतन्त्र हुन सक्यो, आजको अध्ययनको बिषय बनेको छ। आम नागरिकको सोचाईमा कार्यपालिका र व्यवस्थापिका जतिसुकै अधिनायक वा निकम्मा भए पनि न्यायपालिकाले तिनलाई सहि दिशाबोध गर्नु पर्छ, देशका ती अङ्गहरू भ्रष्ट र निष्कृय भए पनि न्यायपालिका स्वतन्त्र, निर्भिक र निस्कलंक हुनुपर्छ। फेरी कुनै मुलुकको लोकतन्त्रको स्तर कस्तो छ भनी जाँच गर्ने एकमात्र माध्यम भनेको त्यो मुलुकको न्याय व्यवस्थाको स्तर कस्तो छ भन्ने नै हो। त्यसैले स्वतन्त्र न्यायपालिकालाई लोकतन्त्रको आधार स्तम्भ मानिन्छ। फेरी हाम्रो जस्तो कानुन प्रणाली अबलम्बन गर्ने मुलुकमा अदालतको फैसला र आदेश सबैले मान्नु पर्ने संवैधानिक व्यवस्था नै गरिएको हुन्छ, त्यस्तो व्यवस्था गर्नुको पछाडिको सैद्धान्तिक आधार पनि न्यायालय स्वतन्त्र हुन्छ र यसले अन्याय गर्दैन भन्ने नै हो। बिधिशास्त्रिय हिसावले हेर्दा कार्यपालिकाद्वारा प्रवाहित हुने वितरणात्मक न्याय व्यवस्था दोषमुक्त नहुने भएकोले त्यसलाई सुधार र परिमार्जन गर्ने एकमात्र निकाय न्यायपालिका नै हुन्छ, जसको आदेशको पालनामा सिमित सरकारको आधारभूत मान्यतामा अन्तरनिहित हुन्छ। नेपालको संविधानको धारा १२६(२) ले "मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नु पर्नेछ" भन्ने संवैधानिक व्यवस्था छ जसको सैद्धान्तिक आधार भनेको अदालतको फैसलामा कसैको विमति भए पनि सोलाई मान्दिन भन्ने अधिकार कसैसँग हुँदैन। यो वा त्यो बहानामा अदालतको फैसला वा आदेश नमान्ने अधिकार कसैसँग हुन्न।

अहिले न्यायपालिका सम्बन्धमा संविधानमा गरिएका व्यवस्थाहरूको कार्यान्वयनमा रहेका चुनौती तथा समाधानका विषयमा कुरा गर्दा नयाँ संविधान निर्माणका क्रममा न्यायपालिकाका सम्बन्धमा भएका छलफल, बहस र अन्तमा गरिएको सम्झौता, देशको समग्र शासन व्यवस्थाको संचालन र यसमा देखिएका समस्या तथा चुनौतीहरू, यी समस्या र चुनौतीका स्रोत र उद्गम स्थलको सन्दर्भ पनि बिचारणीय हुन्छन्।

संविधान सभा मार्फत निर्माण गरिने संविधानको विविध उद्देश्यहरू मध्ये प्रमुख उद्देश्य राज्यको पुर्नसंरचना गर्नु रहेको थियो। राज्यको पुर्नसंरचनाको सन्दर्भमा न्यायपालिकाको पुर्नसंरचनाको बिषय अस्वभाविक थिएन। पहिलो संविधान सभामा त्यति

* अधिवक्ता तथा पुर्व महासचिव नेपाल बार एशोसिएसन।

विवादित नरहेको न्यायपालिका सम्बन्धी व्यवस्था दोस्रो संविधान सभामा तुलनात्मक रूपमा बढि विवादको केन्द्रमा रहेको थियो। संविधान सभा भित्र न्यायपालिकाको पुर्नसंरचनाका सम्बन्धमा बढी छलफल भएको २ वटा मोडेलहरूमा अमेरिकी मोडेल तथा भारतीय मोडेलहरू नै प्रमुख रूपमा रह्यो। त्यसैगरी संवैधानिक अदालत कि सर्वोच्च अदालत या सर्वोच्च अदालतमै संवैधानिक इजलास, न्यायाधीश नियुक्ती गर्ने वर्तमान संयन्त्र वा अन्य संयन्त्र, संविधान र कानुनको अन्तिम व्याख्या अदालत वा संसद अन्तर्गतको कुनै समितिले गर्ने भन्ने बिषयहरू पनि जवरजस्त रूपमा छलफलमा रहे। अन्ततः यी र यस्ता बहसहरू बिच २०७२।०६।०३ मा संविधान सभाबाट जारी भएको संविधान नेपाली जनताले प्राप्त गरेका छन् जहाँ न्यायपालिका सम्बन्धमा भएका व्यवस्थाहरूको सिंहावलोकन गर्दै ती व्यवस्थाहरूको वारेमा संक्षिप्त विवेचना गर्ने जमार्को यहाँ गरेको छु।

**न्यायपालिका सम्बन्धी व्यवस्थाः**

**१. न्यायीक अधिकारको प्रयोग र अदालतको तहः**

संविधानको धारा १२६(१) मा नेपालको न्याय सम्बन्धी अधिकार अदालत तथा न्यायीक निकायबाट प्रयोग हुने भन्ने उल्लेख छ भने धारा १२७(१) मा नेपालमा अभिलेख अदालतका रूपमा प्रधान न्यायाधीश सहितको २१ जना स्थायी न्यायाधीशहरू रहने सर्वोच्च अदालत, प्रत्येक प्रदेशमा एक उच्च अदालत, जिल्ला अदालत तथा स्थानीयस्तरमा न्यायीक निकाय वा विवाद समाधानका बैकल्पिक उपाय अबलम्वन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने व्यवस्था गरेको छ। जस अनुसार नेपालमा सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालत सहित तीन तहका अदालतहरू रहने देखिन्छ। जहाँ हालको पुनरावेदन अदालतको स्थानमा उच्च अदालतको व्यवस्था बाहेक खासै परिवर्तन भएको देखिँदैन। यो व्यवस्था हेर्दा सङ्घीय राज्य नेपालको न्यायीक संरचना एकिकृत भए पनि न्यायपालिका भने स्वतन्त्र र सक्षम रहने देखिँदैन। किनभने सङ्घीय व्यवस्थामा उच्च अदालतहरू बढि अधिकार सम्पन्न हुने र यदाकदा यीनलाई अभिलेख अदालतका रूपमा पनि स्थापित गरेको पाइन्छ। उच्च अदालतहरूको स्वतन्त्रताले न्यायपालिकाको समग्र स्वतन्त्रतालाई निश्चित गरेको हुन्छ। धेरै विवादहरूको अन्त्य उच्च अदालत तहमै हुन्छन्। संविधानले न्यायपालिका स्वतन्त्र छ भनेको आधारमा मात्र व्यवहारिक रूपमा न्यायीक स्वतन्त्रताले मान्यता पाउने होइन। यसलाई व्यवहारिक रूपमा मान्यता दिएको हुनुपर्दछ। फेरि संविधान निमार्णका क्रममा न्यायपालिको स्वतन्त्रताको जगेर्ना गर्ने सम्बन्धमा नेपाल बार तथा सर्वोच्च अदालतको फुलकोर्टले संविधान सभालाई दिएको सुझावको पुर्णरूपमा बेवास्ता गर्दै संविधान जारी हुनु र नयाँ संविधान अन्तर्गत अदालतको पुरानै संरचना र अधिकारको प्रयोग गर्ने कार्यले निरन्तरता पाएको हुँदा पनि यस्तो आशंकाको स्थिति देखिएको छ। यद्यपि न्यायमा जनताको सहज पहुँच होस र विवादहरूको समाधान मेलमिलाप प्रक्रियाबाट सम्पन्न गर्ने उद्देश्यका साथ स्थानीय अदालत र बिवाद समाधानका बैकल्पिक उपाय अबलम्वन गर्ने संविधानका व्यवस्थाहरू भने उत्साहबर्द्धक देखिन्छ।

**२. संवैधानिक इजलास सम्बन्धी व्यवस्थाः**

त्यसैगरी, यो संविधानले लामो वहसलाई चिर्दै धारा १३७ मा संविधानसँग बाझिएका कानुनको न्यायीक पुनरावलोकन गर्न पाउनुका अतिरिक्त सङ्घ र प्रदेश, प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बिचको अधिकार क्षेत्र बारेमा भएको विवाद सम्बन्धी, सङ्घीय संसद वा प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धी विवाद र सङ्घीय संसदका सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यता सम्बन्धी जस्ता विवाद हेर्ने केही सिमित अधिकार सहितको सर्वोच्च अदालतमा नै एक संवैधानिक इजलास रहने व्यवस्था गरेको छ। न्याय परिषद्को सिफारिमा सर्वोच्च अदालतमा प्रधान न्यायाधीश सहितको सर्वोच्च अदालतका अन्य ४ जना सदस्य रहने संवैधानिक इजलासको सदस्य हुन्छन्। तर संवैधानिक इजलास गठनको यो व्यवस्था हेर्दा यस्तो इजलासले कार्यसम्पादन गर्दा केही विशेष समस्याहरू आउने प्रष्ट देखिन्छन्। पहिलो, संविधानले प्रधान न्यायाधीशलाई संवैधानिक इजलासमा अनिवार्य अध्यक्ष बनायो तर प्रधान न्यायाधीशसँगै सम्बन्धीत कुनै बिषय संवैधानिक इजलासमा निरूपणका लागि प्रवेश भयो भने संवैधानिक इजलासले कसरी कार्य गर्छ भन्ने प्रश्नको जवाफ

संविधानले दिएन । त्यस्तै ५ सदस्य रहने संवैधानिक इजलासको कुनै सदस्य अनुपस्थित भएमा बाँकीले काम गर्न सक्छन् की सक्दैनन् वा कुनै एक वा दुई सदस्यको लामो समयको अनुपस्थितिमा न्याय परिषद्ले अर्को न्यायाधीशलाई काम गर्ने गरी तोक्न सक्छ कि सक्दैन । यी र यस्ता व्यवस्थाहरूको सम्बोधन नहुँदासम्म संवैधानिक इजलास सम्बन्धी व्यवस्था निस्प्रयोजन प्रायः हुने देखिन्छ । यद्यपि संवैधानिक विवादहरूमा अदालतका निर्णयहरू यथासमयमा हुन नसकेको, भए पनि विवादित भएको भन्ने विगतको अनुभूतिका आधारमा नयाँ संविधानमा छुट्टै संवैधानिक अदालतको व्यवस्था हुनु पर्ने मागका बिच संवैधानिक इजलाससम्मको व्यवस्था हुनु उपलब्धि भए पनि यो इजलासले विगतको तीतो अनुभवको सम्बोधन गर्न सक्छ कि सक्दैन भन्ने विषय नयाँ संविधान कार्यान्वयनको अर्को चुनौतीको रूपमा रहेको छ ।

### ३. बिशिष्टीकृत अदालत सम्बन्धी व्यवस्थाः

नयाँ संविधानको धारा १२७ ले खास किसिमका र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न सङ्घीय कानुन बमोजिम अन्य बिशिष्टीकृत अदालत, न्यायीक निकाय वा न्यायधिकरणको स्थापना र गठन गर्न सक्ने व्यवस्था गरेको छ । नयाँ संविधानमा यो मौलिक व्यवस्था हो । विगतमा नेपालको सर्वोच्च अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गरेका अधिकांश विवादहरू अहिले बिशिष्टीकृत अदालतबाट निरोपण हुन सक्ने देखिन्छन् । अमेरिका लगायत अन्य मुलुकको व्यवस्था हेर्दा पनि यस्ता विवादहरू प्रान्तीय सर्वोच्च अदालत वा कुनै कुनै प्रान्तको उच्च अदालतमा पेश हुने मुद्दाको श्रेणीमा राख्ने खालका देखिन्छन् । हाल हामीकहाँ कम विगो भएका विवादहरू पनि पुनरावेदन वा निवेदनको रूपमा सर्वोच्च अदालतमा प्रवेश गर्ने गरेका छन् । कुनै कर्मचारीको सरुवा, बढुवा, अवकास वा उपदानसँग जोडिएका विवादहरूलाई पनि सर्वोच्च अदालतको आफ्नै पूर्व निर्णयको कारणले र निजामति सेवा ऐनमा भए गरिएको त्रुटीपूर्ण व्यवस्थाको कारणले सर्वोच्च अदालतको क्षेत्राधिकारभित्र तानिने गरेका छन् । साँच्चै भन्ने हो भने यस्तै प्राकृतिका विवादहरूले सर्वोच्च अदालतको बिचाराधीन मुद्दाको सङ्ख्यामा धेरै ठूलो स्थान ओगटेको छ । तल्लो तहका अदालत वा पदाधिकारीले सजिलै हेरी निर्णय गर्न सक्ने विवादहरूमा सर्वोच्च अदालतको महत्त्वपूर्ण समय खेर गएको कारणले अरु महत्त्वपूर्ण संवैधानिक तथा कानुनी प्रश्न समावेश भएका विवादहरूमा निर्णय गर्न सर्वोच्च अदालतमा अनावश्यक ढिलाई भएको छ । अझै न्यायाधीशको सङ्ख्या कम भएको अवस्थामा यो समस्याले विकराल रूप लिने हाम्रो वर्तमान तितो अनुभव छ । अब नयाँ संविधानको कार्यान्वयनका लागि सङ्घीय कानुनको निर्माण गरी धारा १५२ मा उल्लिखित बिशिष्टीकृत अदालतहरूको स्थापना र तिनको क्षेत्राधिकारहरू तोकि हालको जस्तो सबै खाले मुद्दाहरू सर्वोच्च अदालतसम्म आउने अवस्थाको अन्त गर्नु बान्छनिय देखिन्छ जुन कार्य संविधान कार्यान्वयनको प्राथमिक सुचीमा पर्नु पर्छ ।

### ४. न्याय परिषद् र न्यायाधीशको नियुक्ती सम्बन्धमाः

त्यसैगरि, वर्तमान संविधान निर्माणको क्रममा न्यायपालिका सम्बन्धमा बहसमा आएको अर्को महत्त्वपूर्ण बिषय न्यायपरिषद् हो । संविधानको धारा १५३ ले न्याय परिषद् सम्बन्धमा अन्तरिम संविधान बमोजिम कै संरचनालाई निरन्तरता दिए तापनि न्यायपरिषद्का दुई जना वहालबाला सदस्यहरूको पदलाई विधानको भाग ३३ अन्तर्गत संक्रमणकालीन व्यवस्थामा सम्बोधन हुन नसकेकोले निरन्तरता दिनबाट चुक्यो । न्याय परिषद् सबै तहका अदालतमा न्यायाधीश नियुक्त गर्ने स्वतन्त्र निकायको रूपमा २०४७ सालको संविधानले परिकल्पना गरेको नौलो प्रयोग थियो नेपालमा । तर विगतमा न्याय परिषद्बाट भएका काम कारवाहीहरू बढि विवादित भएका हुँदा न्याय परिषद्को संरचनामा परिवर्तनका साथै यसले गर्ने निर्णयहरूमा अध्यक्षको प्रधानताको अन्त्य गरी सामुहिक निर्णय प्रक्रियाको पक्षलाई सबल बनाउनुपर्नेमा पुरानै संरचनाको निरन्तरताले न्यायाधीश नियुक्तीमा पारदर्शिता आउन नसक्ने प्रष्ट देखिएको छ । किनभने न्यायाधीश नियुक्ती स्वतन्त्र न्यायपालिकाको पहिलो काम हो । न्यायपालिकाको स्वतन्त्रताका लागि स्वतन्त्र न्यायाधीश हुनु आवश्यक हुन्छ । संवैधानिक स्वतन्त्रताले मात्रै खासै अर्थ हुँदैन । न्यायपालिकाको स्वतन्त्रता त्यहाँ काम गर्ने न्यायाधीशको स्वतन्त्रताले निर्धारण गर्ने हुन्छ । यस्तो न्यायाधीश लोकतन्त्र र कानुनको शासनको मुल्य र मान्यताप्रति प्रतिवद्ध हुनु पर्छ ।

न्यायीक स्वतन्त्रताले व्यवहारिक मान्यता पाउँन धेरै संवैधानिक तथा व्यवहारिक प्रत्याभूतिको आवश्यकता पर्दछ। न्यायपालिका पनि राज्य व्यवस्था संचालनका प्रमुख अङ्गहरू मध्ये एक अङ्ग भएको हुँदा यसको संचालनका लागि स्वतन्त्र, सक्षम र निष्पक्ष रूपमा निर्णय गर्ने क्षमता, संस्कार र प्रवृत्ति भएका व्यक्तिको आवश्यकता पर्दछ।

नैतिकवान व्यक्तिहरूको समूहले संचालन गरेको न्यायपालिका मात्र स्वतन्त्र हुन्छ। यसका लागि कुनै राजनीतिक दवाव वा आर्थिक प्रलोभन वा अन्य सामाजिक तथा मानवीय कमजोरीहरूका कारणले उत्पन्न हुनसक्ने परिस्थितिसँग मुकाबिला गर्न सक्ने व्यवसायिक रूपमा सक्षम तथा स्वतन्त्र निर्णय लिन सक्ने क्षमता, संस्कार र उच्च नैतिक चरित्र भएका व्यक्तिहरू मात्र न्यायाधीश नियुक्त हुन सक्तछन् भन्ने कुराको संवैधानिक तथा व्यवहारिक प्रत्याभूति हुनुपर्दछ। सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीशलाई प्रधान न्यायाधीश नियुक्त गर्नुपर्ने भन्ने अहिलेको परिपाटी र निजको कार्यक्षमता, नैतिक आचरण र न्यायीक स्वतन्त्रताप्रतिको प्रतिबद्धता जस्ता न्यायीक स्वतन्त्रतासँग अभिन्न रूपमा जोडिएर आउने वास्तविकताहरूलाई प्रधान न्यायाधीशको नियुक्ती गर्दा पूर्ण रूपमा उपेक्षा गरिने भएपछि कुन उमेर समूहको व्यक्ति कुन तहको अदालतमा कहिले नियुक्ती पाउनेले नै प्रधान न्यायाधीश पदसम्मको यात्रा तय हुने परिपाटीले न्यायपालिकाभित्र धेरै विकृती विसंगतिहरू विकास भएका छन्। नियुक्तीको मितिको जेष्ठताको आधारमा प्रधान न्यायाधीशमा नियुक्ती पाउने भए पछि यस्तो संभावना भएको व्यक्तिको खोजी जिल्ला न्यायाधीश पदमा नियुक्ती पाएको मितिबाट नै सुरू हुने र यस्ता न्यायाधीशहरूले सुरूदेखि नै आफैलाई छुट्टै वर्गमा गणना गर्ने र गराउने हुनसक्छ। जिल्ला अदालतबाट विकास हुने यो वर्ग पुनरावेदन अदालत हुँदै सर्वोच्च अदालतमा प्रवेश हुँदा सर्वोच्चका अन्य न्यायाधीशको तुलनामा यो वर्गका न्यायाधीशको रवैया फरक देखिन्छ। फेरि हामीकहाँ सबै तहको अदालतहरूमा सेवाबाट र कानुन व्यवसायी लगायत अन्य क्षेत्रहरूबाट न्यायाधीश नियुक्त हुने संवैधानिक व्यवस्थाले गर्दा न्यायाधीश बाहिरबाट कि भित्रबाट भन्ने द्वन्द्व सधैं चलि नै रहन्छ।

फेरि व्यवसायिक क्षमता र न्यायीक आचरण जस्तोसुकै भएपनि नियुक्ती मितिको जेष्ठताका आधारमा नै प्रधान न्यायाधीशमा नियुक्ती पाउने भए पछि सर्वोच्च अदालतदेखि जिल्ला अदालतसम्म एउटा छुट्टै वर्गको न्यायाधीश हुने संभावना बढ्ने हुँदा यसबाट स्वतन्त्र न्यायपालिकाको मर्म र मान्यता विपरीत विभिन्न ज्ञात अज्ञात विकृती र विसंगतिको विकास हुन सक्छ र भएका छन्। यति मात्र होइन उच्च अदालत र सर्वोच्च अदालतमा कसलाई नियुक्ती गर्ने, कसलाई नियुक्ती नगर्ने भन्ने विषयमा निर्णय गर्दा कसलाई प्रधान न्यायाधीशको रोल क्रममा राख्न सकिन्छ भन्ने जोड घटाउको आन्तरिक राजनीतिको कारणले पनि धेरै काविल कानून व्यवसायी र न्यायाधीशको सेवा लिनबाट न्यायपालिका वञ्चित भएको छ। विगतमा सर्वोच्च अदालतका अस्थायी न्यायाधीश र हालै मात्र २८ जना पुनरावेदन अदालतका अतिरिक्त न्यायाधीशहरूको हठात बहिर्गमनले पनि यो तथ्यको पुष्टि गर्दछ। यी विकृति र विसंगतिका प्रसंगहरू वर्षौंदेखि सार्वजनिक हुँदै आएका पनि छन्। देशको राज्य व्यवस्था संचालन गर्ने जिम्मा पाएको राजनीतिक दलका जिम्मेवार व्यक्तिहरूले यी विकृती र विसंगति हटाउनेतर्फ कुनै पनि संवैधानिक तथा कानून व्यवस्था निर्माण गर्ने आट गरेका छैनन् नत नयाँ संविधानले नै यसको सम्बोधन गर्न सकेको छ।

न्याय परिषद्को वर्तमान संरचना र न्यायाधीशहरूको योग्यतालाई व्यापक पुर्नसंरचना गर्नु आवश्यक थियो तर नयाँ संविधानले त्यो गर्न सकेन। न्यायाधीश नियुक्त गर्ने वस्तुनिष्ट संवैधानिक व्यवस्था गरी नियुक्तीको जेष्ठताको आधारमा प्रधान न्यायाधीश र सर्वोच्चका न्यायाधीशको नियुक्ती गर्ने वर्तमान बढुवा परिपाटी अन्त्य नगरेसम्म नेपालको न्यायीक स्वतन्त्रताको संस्थागत आधार सिर्जना हुँदैन। भारतमा पनि सर्वोच्च अदालतका वरिष्टतम् न्यायाधीशलाई त्यो अवस्थामा मात्र प्रधान न्यायाधीशका लागि सिफारिस गरिन्छ जब ऊ सो पदका लागि योग्य भएको ठानिन्छ। नेपालमा जस्तो जेष्ठता नै अन्तिम योग्यता मानिँदैन भारतमा। तसर्थ नयाँ संविधानले यसको अन्त्य नगरी त्यसलाई निरन्तरता दिएका कारण आगामी दिनमा न्यायपालिकाको स्वतन्त्र अस्तित्व जोगाउन थप चुनौतीको सामना गर्नु पर्ने प्रष्ट देखिन्छ।

## ५. संसदीय सुनवाई सम्बन्धी व्यवस्थाः

न्यायाधीश लगायत अन्य संवैधानिक निकायमा कार्यरत पदाधिकारीलाई जनउत्तरदायी बनाउन नयाँ संविधानको धारा २९२(१) मा प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य लगायतको नियुक्ती हुनु अघि सङ्घीय कानुन बमोजिम संसदीय सुनवाई हुनेछ भन्ने व्यवस्था गरेको छ भने उपधारा (२) ले उक्त सुनवाई प्रयोजनका लागि सङ्घीय संसदका दुबै सदनका सदस्यहरू रहने गरी सङ्घीय कानुन बमोजिम पन्ध्र सदस्यीय एक संयुक्त समिति गठन गरिने व्यवस्था गरेको छ। नयाँ संविधानले सुनवाई समितिका सदस्यको सङ्ख्या निश्चित गर्दै सुनवाई सम्बन्धमा अन्तरिम संविधान २०६३ को व्यवस्थालाई निरन्तरता दिएको छ। साथै उपधारा (३) ले सुनवाई समितिमा रहेका कानुन व्यवसायी पृष्ठभूमिका सदस्यहरूलाई उक्त कार्यकालभरि सर्वोच्च अदालतमा बहस पैरबी गर्न प्रतिबन्ध लगाएको छ। तर यो व्यवस्थाले सुनवाई समितिका सदस्य बाहेकका सासंदहरूलाई बहस पैरवी गर्न पाउने छुट प्रदान गर्दै विगतमा सांसदले पदमा बहाल हुँदासम्म बहस पैरवी गर्न हुन्न भन्ने आम कानुन व्यवसायीको मागलाई खारेज गरेको छ। कानुन पृष्ठभूमिका सभासदहरूले यो व्यवस्था संविधानमा लिपिबद्ध गराउँदै कानुन व्यवसाय गर्ने आफनो मार्ग सुनिश्चित गर्न सफल भएका छन्।

प्रधान न्यायाधीश र न्यायाधीशहरूको नियुक्तीको सिफारिस गर्ने संवैधानिक जिम्मेवारी पाएका संवैधानिक परिषद् र न्याय परिषद् जस्ता निकाय तथा यसका पदाधिकारीलाई उत्तरदायी बनाउने संयन्त्रको रूपमा अन्तरिम संविधानका विभिन्न धाराहरूमा छरिएर रहेका महाअभियोग सम्बन्धी व्यवस्था प्रभावकारी भएनन्। महाअभियोगको प्रस्ताव दुई तिहाई वहुमतबाट पारित हुनुपर्ने वर्तमान संवैधानिक व्यवस्थाले समस्या समाधान गर्नेभन्दा पनि अनियमितता गर्नेलाई घुमाउरो पाराले संरक्षण प्रदान गरेको विगतको अनुभवले प्रधान न्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीश जस्ता संवेदनशील अधिकारको प्रयोग गर्ने पदाधिकारीबाट हुन सक्ने पदको दुरूपयोग गर्नबाट रोकी जवाफदेहि बनाउन सकेन। जसका कारण विगतमा महाअभियोगका लागि न्याय परिषद्ले एक जना न्यायाधीशको नाम पठाए पनि त्यो प्रक्रिया नै संसदमा अगाडी बढ्न सकेन। यदि बढे पनि दुई तिहाईको कारण पारित नै हुन मुश्किल पर्ने थियो।

वर्तमान संविधानले पनि महाअभियोग सम्बन्धी व्यवस्थालाई निरन्तरता दिए पनि त्यसको कार्यान्वयन त्यति सहज देखिँदैन। यो परिप्रेक्ष्यमा संवैधानिक पदमा नियुक्ती पुर्व संसदीय सुनवाईका रूपमा उक्त पदाधिकारीको मतदान गरिए झैँ गरिने संसदीय सुनवाईको प्रक्रियालाई प्रभावकारी बनाउनु जरुरी देखिन्छ। तसर्थ सङ्घिय संसदको दुबै सदनबाट सबै दलका सांसदको प्रतिनिधित्व हुनेगरी १५ जना सदस्य रहेको सुनवाई समितिको काम प्रभावकारी बनाउन उक्त समितिको काम कारबाहीको प्रक्रिया, मापदण्ड, समितिमा सिफारिस भई आउने व्यक्तिसँग गरिने प्रश्नको स्तर तथा त्यसको सान्दर्भिकताका सम्बन्धमा सङ्घीय कानुनमा प्रष्ट व्यवस्था गर्नु जरुरी देखिन्छ। तर संविधान सभा विघटन भई व्यवस्थापिका संसद गठन भएको ९ महिना व्यतित भईसक्दा पनि व्यवस्थापिका संसदले आफ्नो कार्य संचालन नियमावाली यही संसदीय सुनवाई समितिको व्यवस्था कस्तो गर्ने, सदस्य सङ्ख्या कति राख्ने, प्रस्तावित नामको स्विकृति र अस्विकृत गर्ने तरिका के हुने भन्ने जस्तो बिषयहरूमा विवाद भई हालसम्म पारित गर्न सकेको छैन। विवादको यो स्तरलाई हेर्दा नयाँ संविधानमा संसदीय सुनवाई सम्बन्धी व्यवस्थाको महत्त्व सहजै रूपमा अनुमान गर्न सकिन्छ।

## संविधान कार्यान्वयनका चुनौतीहरू

यथास्थितिको न्यायपालिकाको सुधार गरी यसलाई उत्तरदायी, सक्षम र प्रभावकारी निकायको रूपमा विकास गर्नका लागि विद्यमान न्यायपालिकाको संरचना, यस वारेमा गरिएका संवैधानिक तथा कानुनी व्यवस्थाहरूमा माथि उल्लेखित संशोधन, अदालतद्वारा सकारात्मक व्याख्या तथा समयसापेक्ष सङ्घीय कानुनहरूको निर्माण गर्नु अहिलेको प्रमुख चुनौती हो। २०४७ सालको संविधान जारी भएको ५ महिनामा न्याय परिषद् ऐन २०४७ र ७ महिनामा न्याय प्रशासन ऐन २०४८ को तर्जुमा भई तत्कालीन क्षेत्रिय तथा अंचल अदालतको सट्टा पुनरावेदन अदालतहरूको गठन र त्यहाँ कार्य गर्ने न्यायाधीशहरूको पदस्थापन भइसकेको थियो। त्यसैगरी पुनरावेदन अदालतका

न्यायाधीशहरूबाटै सर्वोच्च अदालतमा न्यायाधीशहरूको नयाँ नियुक्ती समेत भएको विगतको हाम्रो अनुभव छ। तत्कालीन अवस्थामा ती कार्य धेरै चुनौतीपुर्ण थिए। किनभने एउटा संरचनाबाट अर्को संरचनामा जाँदा केही व्यक्तिले नयाँ पद पाउने त केही व्यक्तिहरूले पद गुमाउनु पर्ने अवस्था पनि थियो। अहिले पनि संविधान र कानुनमा हुने संशोधन र परिमार्जनबाट केही समस्याहरू सिर्जना हुन सक्छन्। तर यसरी सिर्जना हुने प्रत्यक्ष वा अप्रत्यक्ष अवरोधहरूको सामना गर्ने इच्छा शक्ति न्यायीक नेतृत्वमा हुनु पर्छ। सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तीका लागि गत फागुनमा गरिएको सिफारिसको नियती पनि यही समस्याहरूको कारणले हो। यस्तो अवस्थामा नेतृत्वको सक्षमता, प्रवल इच्छा शक्ति र कटिवद्धताबाट मात्र यस्तो समस्याहरूको समाधान संभव हुन्छ। तर अहिलेको न्यायीक नेतृत्व मुद्दाको पेशी व्यवस्थापन लगायतको समस्याको भुमरीमा नै अलमलिएको हुँदा आशा गर्ने धेरै ठाउँ भने छैन।

यसै परिवेशमा नेपालको न्यायपालिकालाई स्वतन्त्र, उत्तरदायी, दक्ष तथा सेवामुखी बनाउन विभिन्न तीन तहका सुधार गर्नु अहिलेको आवश्यकता हो। पहिलो, संवैधानिक व्यवस्थामा सुधार, दोस्रो, सङ्घीय कानुनहरूको निर्माणमा तदारुकता र तेस्रो, सर्वोच्च अदालत तथा अन्य अदालतहरूको नियमावलीमा सुधार। संविधानमा भएमा त्रुटिपूर्ण व्यवस्था, अव्यवहारिक र अपूर्ण ऐन कानूनहरू नै तत्कालीन समस्याका प्रमुख स्रोत हुन् र यीनकै कारणले जनताको न्यायमा सहज र समयसापेक्ष पहुँच पुग्न नसक्ने, असल व्यक्तिहरूले न्यायालयमा काम गर्न नसक्ने अवस्था सिर्जना भई समग्र न्यायालय नै अबरुद्ध हुनसक्ने हुन्छ। यदाकदा सर्वोच्च अदालत आफैँले बनाएका नियमहरू र प्रतिपादन गरेका न्यायीक सिद्धान्तहरूबाट न्यायपालिका आफैँ समस्यामा फसेका उदाहरणहरू पनि धेरै छन्। संविधान तथा कानूनमा भएका त्रुटीपूर्ण व्यवस्थाहरूसँगै जोडिएका संरचनागत, व्यवस्थापकीय तथा आर्थिक स्वायत्तताको अभावको कारणबाट सिर्जना भएका समस्याहरू पनि धेरै छन्। न्यायपालिकाका लागि सरकारले पर्याप्त बजेट विनियोजन नगरेका कारण आर्थिक अभाव भई न्यायपालिकाले आफ्नो योजनाहरू कार्यान्वयनका लागि विदेशी दात्री निकायहरूसँग सम्झौता गरी आर्थिक सहयोग लिनु परिरहेको यथार्थ हामी बिच विदितै छ भने सोहि कारण न्यायालय एनजिओकरण भयो भनी आलोचित समेत भईरहेको छ। तसर्थ आर्थिक स्वयत्ता पनि न्यायपालिका सम्बन्धी संवैधानिक व्यवस्थाहरूको कार्यान्वयनमा चुनौतीको रूपमा रहेको छ।

**अन्तमा**

हरेक संविधान निर्माण गर्नु भन्दा पनि यसको कार्यान्वयनको पक्ष सदैब चुनौतीपूर्ण हुन्छ। यस्तो चुनौतीको सहज अवतरण कार्यान्वयनकर्ताहरूको इमान्दारीता र लगनबाट मात्र संभव हुन्छ जुन कुरा Constitution Making को चरणमा भन्दा Constitution Building को चरणमा बढि अपेक्षित हुन्छ। अमेरिकी संविधानमा ९ वटा मात्र धाराहरू लेखियो, धेरै विषयहरू उल्लेख भएका छैनन तर भारतीय संविधानमा धेरै विषयहरू समाविष्ट गरी ठुलो संविधान बनाइयो। हालसम्मको अवस्थामा दुबै संविधानहरू कार्यान्वयनको दृष्टिले सफल छन्। संविधानको सफल कार्यान्वयनमा खासगरिकन २ वटा अभ्यासहरू महत्त्वपूर्ण हुन्छन्। पहिलो, लिखित संविधानको अक्षरसः पालना र त्यस्तो पालनामा देखिएका कमी कमजोरीलाई संविधान संशोधनद्वारा व्यवस्थापन, दोस्रो, न्यायपालिकाद्वारा संविधानका व्यवस्थाहरूको सकारात्मक व्याख्याद्वारा सम्बोधन। संविधानको सफल कार्यान्वयनमा यी दुई तरिकाको पालना इमान्दारीताका साथ हुनु अहिले अपरिहार्य छ। किनभने संशोधनको मार्ग अबलम्वन गर्न नसकिएको कारणले नै २०४७ को संविधान अल्पकालीन संविधान बन्न पुग्यो भने उक्त संविधानको सकारात्मक व्याख्यामा सर्वोच्च अदालत पनि त्यति अब्बल नदेखिएको हाम्रो न्यायीक इतिहास छ।

वर्तमान संविधानले निर्धारित गरेका लक्ष्यहरू र संरचनाको कार्यान्वयनको अर्को पाटो भनेको ती लक्ष्य र संरचना निर्माण गर्न सङ्घीय कानुनहरूको तर्जुमा समयमा गर्नु पनि हो। वर्तमान संविधानले यस्ता कानुनहरू निर्माण संविधान जारी भएको १ बर्ष भित्र गरी सक्नु पर्ने समयसिमा निर्धारण गरी नयाँ संरचनाहरू अन्तर्गतका आम निर्वाचन लागायतका कार्यहरू गर्ने लक्ष्य तय गरिएको छ। जस अनुसार अहिलेको सर्वोच्च अदालतलाई यो संविधान बमोजिम

स्थापना गर्ने, विद्यमान १६ पुनरावेदन अदालतहरूको सट्टा प्रदेश पिच्छे एक एक वटा उच्च अदालतको स्थापना र तिनको मुकाम तोक्ने। त्यसैगरी न्यायमा जनताको पहुँचलाई सुनिश्चित गर्दै प्रदेश भित्रै उच्च अदालतका इजलास तथा सोको सङ्ख्या निर्धारण गर्ने, प्रदेशको सिमांकनका अधारमा जिल्ला अदालतहरूको गठन लगायत तीनको पुनरावेदन सुन्ने उच्च अदालतहरूको निर्धारणका कार्यहरू तत्काल गरिनु जरुरी हुन्छन्।

त्यसैगरी न्यायाधीश नियुक्तीको प्रक्रियालाई सर्वोत्तम बनाउन न्याय प्रशासन ऐन र न्याय परिषद् ऐनमा विद्यमान समस्याहरूलाई हटाई तीनलाई मौलिक स्वरूप दिनु जरुरी छ। तर यो संविधान जारी हुनासाथ सरकार परिवर्तनको बिषय जवरजस्तरूपमा अगाडी आयो र दुर्भाग्य मान्नु पर्छ की संविधान निर्माणको कठिन चरणमा सहयात्रा गरेका दुई दलहरू यो बिषयका कारणले संविधानको कार्यन्वयनको चरणमा सहयात्राको अन्त मात्र गर्न पुगेनन् एक अर्काका प्रतिद्वन्द्वी जस्तो हुन पुगे। जारी संविधान कार्यान्वयनको प्रयासस्वरूप तत्कालिन प्र.म.शुसिल कोइरालाले संविधान जारी हुँदा निरन्तरता पाउनबाट बंचित न्याय परिषद्का सदस्य ब.अ.रामप्रसाद सिटौलालाई न्याय परिषद्को सदस्य पदमा नियुक्तीका लागि सिफारिस गरी संसदीय सुनवाईका लागि व्यवस्थापिका संसदमा पठाउनु भएको थियो। यो संविधान बमोजिम गरिएको त्यो पहिलो कार्य थियो।

तत्कालिन संसदीय सुनवाई समितिमा उक्त सिफारिस १ पटक छलफल भई अर्को बैठकमा छलफल गर्ने भनी बैठक स्थगित भएको अवस्थामा कोइरालाको उक्त सिफारिस, जुन संसदको छलफलको बिषय बनि सकेको थियो, जसलाई संसदीय परम्परा तथा संविधानको मर्म विपरित यही संविधान बमोजिम नियुक्त प्रधानमन्त्रीबाट फिर्ता लिने कार्य मात्र भएन संसदको सभामुखको अधिकारलाई नजरअन्दाज गर्दै संविधानको धारा २९२(२) बमोजिमको संसदीय सुनवाई समिति नै गठन भएको छैन भन्ने उद्घोष पनि गरियो। पछि न्याय परिषद्का ३ जना पदेन सदस्यहरू बसेर २०७२।८।२२ मा (ब.अ. राम प्रसाद सिटौला र ब. अ. रामप्रसाद श्रेष्ठ) आफैँ सरहका अन्य दुई सदस्यहरूको पद रिक्त भएको घोषणा गरियो। वास्तवमा भन्नु पर्दा वर्तमान संविधानको कार्यान्वयनमा न्यायपालिका सम्बन्धमा जुन समस्याहरू अहिले देखा परेका छन् ती सबैको उद्गम यिनै २ वटा निर्णयहरू नै हुन भन्दा अतिशयोक्ती हुँदैन।

■

# समृद्धिका लागि ५-टीको अवधारणा



✍ घनश्याम खतिवडा*

## पृष्ठभूमि

जनआन्दोलन २०६२/०६३ को सफलतासँगै मुलुक प्रजातन्त्रलाई संस्थागत गर्दै गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र र सङ्घीयताको चरणमा प्रवेश गऱ्यो । राजनीतिक दलहरूले अभूतपूर्व समझदारी र सहमतिको वातावरण निर्माण गर्दै अघि बढ्दा मुलुकले २०७२ असोज ३ गते नेपालको संविधान २०७२ प्राप्त गर्दा यी उपलब्धिहरू संस्थागत भएका छन् ।

आफ्ना प्रतिनिधिहरूको सहभागितातामा संविधान निर्माण गर्ने २००७ सालदेखिको जनताको इच्छाले मूर्तरूप पाउँदा प्रजातन्त्र, मानव अधिकार र राजनीतिक अधिकारका लागि भएका सम्पूर्ण आन्दोलन, विद्रोह र क्रान्तिका उपलब्धिहरू संस्थागत भए। एउटा राजनीतिक कार्यभार देशले पुरा गरेको छ। केही मतभेद र असन्तुष्टिहरू अहिले पनि छन् तर ती जनताका प्रतिनिधिहरू बिचको समझदारी र सहमतिबाट हटाउन सकिने प्राकृतिका छन् । अब चाँडै ती असन्तुष्टिहरूको उचित सम्बोधन गर्दै मुलुकलाई नेतृत्व दिइरहेका राजनीतिक दलहरूले आर्थिक समृद्धिको दिशामा काम थाल्नुपर्ने आवश्यकता छ ।

प्रत्येक पटकका राजनीतिक आन्दोलनबाट प्राप्त उपलब्धिहरू एक दशकको समय नबित्दै समाप्त भएका विगतका अनुभवबाट हामीले केही सिक्नै पर्दछ । विगतमा सामन्ती राज्यसत्ताका अवशेषहरू र प्रतिक्रियावादीहरूका चलखेलका कारण हामीलाई उपलब्धिहरू जोगाउन कठिन थियो । तर यसका पछाडि आर्थिक र सामाजिक विकासमा पर्याप्त जोड दिन नसक्नु उत्तिकै महत्त्वपूर्ण कारक थियो ।

निर्वाहमुखी कृषिमा भर पर्नु, त्यसको आधुनिकीकरण गर्न नसक्नु र कृषिलाई औद्योगीकरणसँग जोड्न नसक्नु, उद्योगको पर्याप्त विकास नहुनु, कृषि र उत्पादनमुखी कार्यमा लगानी नगर्ने दलाल पुँजीको मात्र विकास हुनु जस्ता कारणले हिजो पर्याप्त रोजगारीको वातावरण तयार हुन सकेन। मुलुकको अर्थतन्त्र विप्रेषणबाट धान्नुपर्ने परिस्थिति आयो ।

पुरातन पेशाबाट नाता छुटाउँदै गएको युवा पुस्तालाई देशभित्र रोजगारी र रोजगारमूलक शिक्षा दिन नसक्ने र हातमुख जोर्न पनि विदेश जानु पर्ने बाध्यता कायम रहने हो भने तिनै युवाहरूको असन्तुष्टि जुनसुकै राज्यव्यवस्था र राजनीतिक प्रणालीका लागि चुनौती बन्ने कुरा निश्चित छ ।

यति चर्चा गरिसकेपछि अबको राजनीति आर्थिक समृद्धिका दिशामा केन्द्रित हुनुपर्छ भन्नेमा विवाद रहेन । आर्थिक समृद्धिका लागि समाजवाद उन्मुख अर्थव्यवस्था लागु गर्ने कुरा संविधानले नै प्रत्याभूत गरिसकेको छ । अब हामीले समृद्धिका बाटा र उपायहरू बारे छलफल गर्ने र कार्य प्रारम्भ गर्ने समय आएको छ ।

एक आम नागरिकका रूपमा र स्थानीय तहमा जनताका बिचमा काम गरिरहेको एउटा राजनीतिक र समाजिक कार्यकर्ताको रूपमा समृद्धिका लागि हामीले अवलम्वन गर्न सक्ने धेरै सूत्र वा मन्त्र मध्ये एउटा ५-टी हुन सक्छ भन्ने मेरो ठम्याइ छ । ५-टी अर्थात् Tourism (पर्यटन), Timber (वनपैदावार), Technical Education (प्राविधिक शिक्षा), Tea (चिया) र Teamwork (सहकार्य) ।

---

* अध्यक्ष, मदन भण्डारी फाउन्डेसन मोरङ ।

**पर्यटन**

इतिहासदेखि हामीले हाम्रो प्राकृतिक सुन्दरता, अग्ला हिमाल, जैविक विविधता, धार्मिक स्थलहरू, बुद्ध र उनको जन्मभूमिप्रति गर्व गर्दै यसको बखान गायौं तर कहिल्यै पनि यसको सहि उपयोग गर्न जानेनौं । यी प्राकृतिक पुँजीलाई हामीले उचित व्यवस्थापन गर्दै पर्यटन उद्योगसँग जोड्नै पर्दछ ।

अहिलेसम्म हाम्रो पर्यटन उद्योग केही जुझारु नेपालीको व्यक्तिगत पहल र प्रकृतिमा रमाउने विदेशीहरूको स्वेच्छामा मात्र निर्भर छ । अब हामीले हाम्रा सम्पदाहरूलाई प्रवर्द्धन गर्नु जरुरी छ । पर्यटनका क्षेत्रलाई विविधीकरण गरी हामी अघि बढ्न सक्छौं ।

हिमाल आरोहण, हिमाली र पहाडी पद यात्रा, सहासिक खेल, जैविक विविधता र निकुञ्ज अवलोकन, धार्मिक पर्यटन, खेल पर्यटनका दिशामा भइरहेका कामहरूलाई अब गति दिनु र व्यवस्थित गर्नु जरुरी छ । ८ हजार मिटरभन्दा अग्ला १० हिमालमध्ये ८ हामीसँग छन् । खुम्बु, अन्नपूर्ण वा कञ्चनजङ्घाका पदयात्राका रुट मात्र होइन, राजधानी काठमाडौंकै सेरोफेरोमा समेत हामीसँग शिवपुरी, चन्द्रागिरी जस्ता छोटा पदयात्रा रुट छन् ।

विश्वभरि हिन्दुहरूका लागि हामीसँग पशुपतिनाथ, सीताको जन्मभूमि जनकपुर जस्ता चर्चित धार्मिक स्थल छन् । बुद्धको जन्मभूमि लुम्बिनी हामीसँग छ । बौद्ध बहुल चीन र हिन्दु बहुल भारत हाम्रा सबैभन्दा नजिकका छिमेकी हुन् । यी दुई देशको जनसङ्ख्या झण्डै विश्वको आधा जनसङ्ख्या हो । तर हामीले अहिलेसम्म धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्न सकेका छैनौं ।

हेली स्की, ऱ्याफ्टिङ, हायकिङ्ग, क्यान्योनिङ्ग, बञ्जी, प्याराग्लाइडिङ्ग, अल्ट्रा रनिङ, हाइ एल्टीट्युड म्याराथन जस्ता साहसिक खेलको सम्भावनामा हामी कम छैनौं ।

एक सिङे गैंडा होस् वा पाटे बाघ । हामी जैविक विविधतामा धनी छौं । एउटा चितवन राष्ट्रिय निकुञ्जमा हुने पर्यटकको सानोतिनो चहलपहलबाहेक अन्यत्रको वातावरण सुनसान छ ।

पर्यटनको विकास गर्न सके यस उद्योगले हामीलाई गुणस्तरीय रोजगारीका अवसर स्वतः प्रदान गर्नेछ । त्यतिमात्र होइन, यसको चक्रीय प्रभावमा हामीले हाम्रो कृषि क्षेत्रलाई पनि व्यवसायीक बनाउन सक्छौं । हाम्रा उत्पादन हाम्रै बजारमा उचित मूल्यमा विक्री हुनसक्ने वातावरण निर्माण हुनेछ ।

तर राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सको विजोग, त्रिभुवन विमानस्थलको साँघुरोपन र अव्यवस्था, अन्य विमानस्थलको दुरावस्था, साँघुरा बाटा, राजनीतिक दल र सङ्गठनका बन्द हड्ताल र हिंसा यो दिशामा अघि बढ्न सबैभन्दा ठूला चुनौती हुन् ।

पर्यटनलाई समृद्धिको आधार देख्ने हो भने माथि उल्लेख गरिएका चुनौतीहरूलाई समाधान गर्दै अघि बढ्न जरुरी छ । यी चुनौती समाप्त गरे मात्र हामीले पर्यटनमा ठूला र आकर्षक लगानी भित्र्याउन सक्छौं ।

**वनपैदावार**

हामीले हरियो वन नेपालको धन भन्ने नारा लगाइरह्यौं तर वनविनाश निरन्तर जारी रह्यो । अहिले चुरेको दोहनसँगै चुरेका वन क्षेत्रको विनासको क्रम पनि जारी छ । जैविक विविधताका लागि वन आवश्यक छ । प्राकृतिक प्रकोपबाट हुने विनाश रोक्न पनि वन आवश्यक छ ।

यहाँ मैले चर्चा गर्न खोजेको चाहिँ समृद्धिका लागि हामीले वृक्षरोपण र नयाँ वन विकासको योजनामा काम गर्न सक्छौं भन्ने हो । हामी आफैंले रोपेका रुख १५ वर्षको अवधिमा काष्ठ उत्पादनका लागि तयार हुन्छन् । टिक एउटा उदाहरणीय वनस्पति हुन सक्दछ ।

यसै गरी, पहाडी क्षेत्रमा अलैंची, अम्लिसो, चिया आदिको खेती गर्दासँगै उत्तिस जस्ता वनस्पती रोप्न सकिन्छ । ती कालान्तरमा हामीलाई काष्ठ उत्पादनका लागि उपयोगी हुने देखिन्छ ।

यसै गरी, हामीले वन र वनस्पतिसँगै जडिबुटीको उत्पादनमा पनि काम गर्न सक्दछौं । चिराइतो, मजिटो, पाँचऔंले यसका केही उदाहरण हुन सक्छन् ।

**चिया**

हाम्रो देशको माटो र हावापानी अर्ग्यानिक चियाको उत्पादनका लागि उपयुक्त देखिएको छ । इलाम, झापा, पाँचथर, धनकुटा, मोरङदेखि सिन्धुपाल्चोकसम्म चिया बगानहरू फैलिएका छन् ।

चियाको अन्तर्राष्ट्रिय बजार खोज्नु, गुणस्तर कायम गर्नु र विक्री गर्नु समृद्धिका लागि एउटा सानो तर उल्लेख्य क्षेत्र हुन सक्छ। कम्तिमा अहिलेको प्रस्तावित एक नम्बर प्रदेशको एउटा ठूलो समृद्धिको आधार चिया खेती हुन सक्छ।

यहाँ सूत्रवद्ध गर्दा मैले चियाको उल्लेख गरे पनि यसलाई उत्पादनमुखी र आम्दानीमुखी कृषि विकासको एउटा बिम्बको रूपमा बुझ्न जरुरी छ। कृषि क्षेत्रलाई उत्पादनमुखी नबनाई हामी समृद्धिको दिशामा अघि बढ्न सक्दैनौँ।

**प्राविधिक शिक्षा**

हामीले पर्यटन, कृषि र वनको चर्चा गरिसकेका छौँ। अब यी क्षेत्रलाई परम्परागत रूपमा चलाएर हामीले समृद्धि हासिल गर्न सक्दैनौँ। यी क्षेत्रको विकासका लागि हामीले प्राविधिक जनशक्तिको विकास गर्नै पर्दछ। यी क्षेत्रको विकास भयो भने औद्योगीकरण पनि बढ्ने छ। त्यसमा पनि हामीलाई प्राविधिक जनशक्तिको खाँचो पर्दछ।

हाम्रो अहिलेसम्मको शिक्षाले कोरा सैद्धान्तिक ज्ञानको पुनरोत्पादनमात्र गरिरहेको छ। हाम्रो समृद्धिको चाहना पुरा गर्ने हो भने हामीले प्राविधिक शिक्षामा जोड दिनै पर्छ।

केही अपवादलाई छाड्ने हो भने हाम्रो युवा शक्ति विदेशमा समेत अदक्ष र अर्धदक्ष काममा सीमित छ। प्राविधिक शिक्षाले युवाहरूको बढ्दो पलायनलाई रोक्ने मात्र होइन कि उनीहरूलाई विश्वबजार समक्ष दक्ष कामदारको रूपमा प्रस्तुत गर्न सक्दछ।

**सहकार्य**

माथि चर्चा गरिएका समृद्धिका चार सूत्र व्यवहारमा कार्यान्वियन गर्न नभई नहुने पाँचौं तत्व भनेको टिमवर्क अर्थात् सामुहिक कार्य हो। यहाँ सामुहिक कार्य भन्नाले राष्ट्रिय स्तरमा राजनीतिक दलहरूबिच समृद्धिका दिशामा अघि बढ्न आवश्यक एकतादेखि सामुहिक खेतीसम्मलाई बुझ्नु आवश्यक छ।

आर्थिक नीति निर्माण र कार्यान्वयनका लागि राजनीतिक तहमा साझा धारणा विकास गर्न सहकार्य जरुरी छ। अर्कोतर्फ, सामूहिक पहलबाट ज्यादा उपलब्धि हासिल गर्न सकिने तथ्यलाई मनन् गरी अब सामूहिक लगानीबाट कृषि, पर्यटन जस्ता क्षेत्रमा हामी अगाडि बढ्नु पर्ने आवश्यकता छ।

यस दिशामा सहकारी र सहकारिताको भावनाको विकास गर्नु जरुरी छ।

**निष्कर्ष**

यो एउटा आम नागरिक र समुदायमा बसेर काम गरिरहेको राजनीतिक कार्यकर्ताले देखेको सम्भावनाहरूको सूत्रवद्ध प्रस्ताव हो। समृद्धिका धेरै मोडल वा सूत्रहरूमा छलफल गर्न सकिन्छ। विषयविज्ञ, योजनाविद्, अर्थशास्त्रीहरूले त झनै यस्ता सम्भावनाहरूमा कसरी काम गर्न सकिन्छ भनेर विस्तृत र परिस्कृत बिचारहरू राख्न सक्नुहुन्छ।

यो आलेखमा मैले चर्चा गर्न खोजेको चाहिँ के हो भने अब पनि समृद्धिको दिशामा काम सुरू नगर्ने हो भने युवापुस्तामा बढ्दो असन्तुष्टिको व्यवस्थापन हाम्रा लागि कठिन हुँदै जानेछ। हामीले संविधान निर्माण पछि सङ्घीयताको व्यवस्थापन, स्थानीय निकायहरूको व्यवस्थापन, कानुनी र प्रशासनिक संरचना निर्माणका काम तत्काल पुरा गर्नु पर्नेछ। हामी यी विषयमा वर्षौं अल्झियौँ र आर्थिक समृद्धिका योजनामा काम सुरू गरेनौं भने देश अनन्तकालसम्म अशान्तिको भूमरीमा जान सक्नेछ।

■

# जननेता मदन भण्डारीको सपना र नेपालको संविधान

✍ **रमेश कुमार अधिकारी***

विक्रम संवत् २०४६/४७ को जनआन्दोलन सफल भएपछि राजनीतिक जीवन खुला गर्नु भएका जननेता मदन भण्डारी छोटो समयमै अनुहार, अभिव्यक्ति र आचरणले नेपालीहरूमा सुपरिचित भैसक्नु भएको थियो। प्रवचन, प्रतिष्पर्धा र प्रयोगमा खरो उत्रि सक्नु भएको थियो। सीप, साहस र सफलताको श्रृङ्खला विस्तार भइरहेको थियो। विश्लेषण, व्याख्या र विवेचनाको सुन्दर कलाले उहाँलाई हेरिरहूँ, सुनिरहूँ र भेटिरहूँ लाग्थ्यो। विषयलाई उधिन्न, उछिन्न र उचो बनाउन उहाँ सिपालु हुनुहुन्थ्यो। राजनीतिमा विचार, नेतृत्व र संयन्त्र बिच तालमेल, सन्तुलन र समन्वय हुनुपर्ने कुरामा उहाँ राम्रोसँग हेक्का राख्नु हुन्थ्यो। विद्वान विश्लेषक वा विवेचक भएर होस् वा मजदुर, सेवक वा सहयोगी भएर होस् वा दयालु, मायालु वा सिपालु भूमिकामा उहाँ प्रस्तुत हुन सक्नु हुन्थ्यो। उहाँका निर्णय, व्यवहार र आचरण पारदर्शी, सहृदयी र पवित्र थियो।

सङ्गठनमा अविश्वास, आशङ्का र अनमेलले दबाब, व्यवधान वा बेचैनी खडा गर्न सक्थ्यो। उहाँले पारदर्शीता, स्पष्टता र मित्रवत व्यवहारले सङ्गठनलाई चुस्त, दुरुस्त र मजबुत बनाउन सचेत, सतर्क र सशक्त भई रहनु भयो।

विषयमा चल्न, चटपटाउन र चनाखो बन्न उहाँ खप्पिस हुनु हुन्थ्यो। विचारले उत्प्रेरित गर्न,सुसज्जित बनाउन र व्यस्त राख्न सक्नु उहाँको सामर्थ्य थियो। तथ्य, तर्क र तरिकाले वार्ता, बहस र संवादलाई आफ्नो पक्षमा अनुकूल बनाउने उहाँको अतुलनीय क्षमता थियो। उहाँमा उत्साह, शक्ति र गतिको मात्रा बेजोड थियो। परिकल्पना, परिदृश्य र प्राप्तिका लागि सोच्ने, बोल्ने र लेख्ने कलामा उहाँ अब्बल हुनुहुन्थ्यो। पहलकदमी गर्न, प्रतिस्पर्धामा भिड्न र परिणती स्विकार्न उहाँ उत्सुक, उदार र उत्प्रेरक हुनुहुन्थ्यो। आम नेपाली जनतामाझ परिचय खुला गर्नु भएको छोटो समयमै परिचय, प्रतिष्ठा र प्रख्यातीको चुलीमा उक्लनु भएको थियो। नेपाली जनताले सोचेको, खोजेको र रोजेको राजनीतिक प्रणालीका लागि **"जनताको बहुदलीय जनवाद"** को कार्यक्रम पस्केर सुदुर भविष्यसम्म मार्गदर्शन गर्ने राजनीतिक उपहार नेपाली जनतालाई दिनु भएको थियो। "**जनताको बहुदलीय जनवाद**" को रक्षा, प्रयोग र विकासका क्रमवद्ध, श्रृङ्खलाबद्ध र चरणबद्ध सैद्धान्तिक, व्यवहारिक र प्रयोगात्मक क्रियाकलापमा उहाँ अहोरात्र खटिरहने, जुटिरहने र कुदीरहने गर्नु हुन्थ्यो। पराश्रयी, भ्रष्टपन र मलुवा उहाँका जन्मजात शत्रु थिए। प्रगतिशील, विकसित र सम्पन्न नेपाल उहाँको सपना थियो। यिनै जीवनचर्यामा विचरण गरिरहनु भएको अवस्थामा उहाँ अनायास, अपत्यारीलो र अनौठो लाग्ने गरी रहस्यमय दासढुङ्गा जीप दुर्घटनामा दिवङ्गत हुनु भयो। तद्उपरान्त नयाँ पुस्ताको लागि मदन भण्डारीलाई चिन्ने, भेट्ने र तृष्णा मेट्ने अभोध अस्त्र "**जनताको बहुदलीय जनवाद"** बाँकी रह्यो। सफल मान्छे बाँच्दासम्म मात्र सम्मानित हुन्छ। असल मान्छे मरेर पनि सम्मानित हुन्छ। जननेता मदन भण्डारी मृत्युवरणपश्चात् पनि सम्मानित हुनु हुन्छ। जन्म मितिका हिसाबले ६५ औं जन्म जयन्तीको स्मरणमा हामी छौं। नेपाल आमाका सपुत, युगनायक, भविष्य द्रष्टा, सिद्धान्तकार, विचार प्रणेता मदन भण्डारीप्रति हृदयतः आदर, श्रद्धा र सम्मानका साथ शव्द कुशुमाञ्जली समर्पण गर्दै यो लेखका बाँकी अनुच्छेदमा मदन भण्डारीका सपना र नेपालको संविधान बारे संक्षेपमा चर्चा गर्ने प्रयत्न गरिएको छ।

---

* कार्यकारी निर्देशक, मदन भण्डारी फाउन्डेसन।

प्रजातन्त्रको पुर्नस्थापनाका लागि २०४६/४७ सालमा भएको जनआन्दोलनको सफलताको श्रेय उक्त आन्दोलनको अगुवाई, सहभागिता र समन्वय गर्ने नेतृत्व, कार्यकर्ता र विशेष जिम्वेवारी बहन गर्ने कार्यदलका पदाधिकारीलाई जान्छ। यस सन्दर्भमा प्रजातान्त्रिक र प्रगतिशील भनेर चिनिएका तत्कालीन सत्ता इतरका दलहरूको सोचमा समझदारी, सहकार्य, एकता र सम्वादमा सहमति हुनलाई उदार भावना, साहसिक योजना, आत्मविश्वासयुक्त आँटको आवश्यकता थियो। यस निम्ति मदन भण्डारीको साहस, आँट र शक्तिले समयमा सही तरिकाले समन्वय गर्न सम्भव भएको थियो भन्दा अत्युक्ति नहोला। पङतीकार मदन भण्डारीसँग चिनजान, बसउठ र घुलमिल भएको व्यक्ति होइन। तर उहाँका आदर्श, मान्यता, क्षमता र चारित्रिक विशेषताले आकर्षित भई दर्शन, सिद्धान्त, नीति र कार्यक्रमबाट प्रभावित जिज्ञाशु हो। त्यसैले उहाँका बोली बचन, अन्तरवार्ता, लेखरचना आदिका माध्यमबाट उहाँलाई चिन्ने, बुझ्ने र जान्ने कोसिसमा त्यतिबेलादेखि नै यो पङ्तिकार लागिरहेको हो। यतिबेला "**जनताको बहुदलीय जनबाद"** प्रयोग, प्रगती र विकासको कोणबाट विषय र वस्तुलाई नियाल्नु, निफन्नु र निचोड निकाल्नु नै प्रवुद्ध पाठकहरूका लागि आकर्षक, रुचिकर र स्पर्शी सामग्री हुन सक्छ। त्यसैले यस उप्रान्तका वाक्य र अनुच्छेदहरू जवजकै ऐनाबाट संविधानका मुख्य मुख्य अवयवहरूलाई मदन भण्डारीका सपनासँग तुलना गर्ने कोसिस गरिएको छ।

मदन भण्डारीले नेपाल कम्युनिष्ट पार्टी (एमाले) को झण्डामुनि आम नेपाली जनता अटाउन सक्ने विशाल सम्भावनाको आँकलन गर्नु भएको थियो। नेपाली समाजको चरित्र र विशेषतालाई सूक्ष्म अध्ययन, विश्लेषण र संश्लेषण गरेर बामपन्थी विचारमा बहुदलीय प्रतिस्पर्धाको अभ्यासलाई संस्थागत गर्नु भएको हो। उहाँले बहुलवादी खुला समाजको अपरिहार्यतालाई राम्रोसँग महसुस गर्नु भएको थियो। आवधिक निर्वाचन लोकतन्त्रको प्राण भएको कुरालाई आत्मसात गर्दै स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण आवधिक आम निर्वाचन गर्ने स्पष्ट प्रतिवद्धता जनतामाझ व्यक्त गर्नु भएको थियो। धर्म निरपेक्ष र गणतन्त्र नेपालको परिदृश्य मदन भण्डारीले जवजमा परिभाषित गर्नु भएको हो। जवजमा समाविष्ट विषयहरू प्रायशः नेपालको संविधानमा संस्थागत भएका छन्। मानव अधिकारलाई मदन भण्डारीले उच्च महत्व दिँदै ठोस प्रत्याभूति र सुरक्षा प्रदान गर्ने वाचा गर्नु भएको थियो। नेपालको संविधान २०७२ ले प्रस्तावनामा नै मानव अधिकारप्रतिको प्रतिबद्धता स्पष्टरूपमा व्यक्त गरेको छ। युग पुरुष मदन भण्डारीले राज्य व्यवस्था, शासन प्रणाली, आर्थिक व्यवस्था, संस्कृति र शिक्षा, जाति धर्म र भाषा, स्वास्थ्य, महिला उत्थान, सामाजिक सुधार, न्याय व्यवस्था, प्रशासन र कर्मचारी एवम् सेनाका बारेमा जवजमा लेख्नु भएका नीति, कार्यक्रम र क्रियाकलाप एवम् संरचना, आकार र विस्तार बारेका परिभाषा व्याख्या र टिप्पणी सबै विषय नेपालको संविधानमा अटाएका छन्। यसकारण मदन भण्डारीको सपना साकार पार्न नेपालको संविधानले सघाउँदै, अघि बढाउँदै, गणतन्त्रलाई सफल बनाउन डोऱ्याउँदै लैजाने कुरामा विश्वास गर्न सकिन्छ।

संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज, शक्ति पृथकीकरणको सिद्धान्त, मानव अधिकारको रक्षा, बहुदलीय प्रतिस्पर्धाको प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको विपक्ष, कानुनको शासनलगायतका राज्य सत्ता र शासन प्रणालीमा आधारभूत विशेषताहरू जवजमा उल्लेख भएका छन्। त्यसैले मदन भण्डारी भविष्य नियाल्न, मार्ग पहिल्याउन, विधिको विकास गर्न एवम् विधिलाई सबैको स्वामित्व हुने गरी सहभागिता, प्रशिक्षण र प्रतिबद्धताद्वारा परिपालना गराउन असाध्य सृजनशील, कर्मठ र दृढ हुनुहुन्थ्यो भन्ने कुरा उहाँका सिर्जना, संवाद र सहकार्यबाट प्रमाणित भएका छन्। नेपालको संविधानले तिनलाई यथासम्भव संस्थागत गरेको छ।

मानिस हमला, हिंसा र हत्याको मार्गबाट जोगिएर सिर्जना, सिंचन र स्याहार जस्ता सामाजिक सत्गुणमा संलग्न भइरहन नेतृत्वले दिने उत्प्रेरणा, शिक्षा र प्रोत्साहनको ठुलो भूमिका रहन्छ। नेपालमा युवाप्रतिको ऊर्जा, जोश र जाँगरलाई सही दर्शन, ज्ञान र प्रविधिबाट उत्प्रेरित, सुसज्जित र निर्देशित गरेर राष्ट्र निर्माणमा

सरिक गराउन स्पष्ट दिशावोध, गन्तव्य किटान र पहुँच प्रक्रियाको खाँचो छ। यस क्रममा नेपाली राजनीतिमा पूर्णिमाको जून भएर उदाउनु भएका मदन भण्डारीको योगदान सम्पूर्ण नेपालीका लागि नपोल्ने, नबिभ्भाउने, नबिसाउने शीतल, सहृदयी र सही साधन भएको छ। "**जनताको बहुदलीय जनवाद**" को मार्ग निर्देशनमा जनतालाई जगाउन, जुटाउन र जिवन्त बनाउन अनुशासित, इमान्दार र निष्ठापूर्ण नेतृत्व र कार्यकर्ताको सधैं खाँचो हुन्छ। मदन भण्डारीको ६५ औं जन्म जयन्तीको अवसरमा उहाँले प्रतिपादन गर्नु भएको दर्शन, सिद्धान्त र कार्यक्रममा उहाँका समकालीन सहकारीहरू, प्रशिक्षित सहकर्मीहरू र सम्पूर्ण शुभेच्छुकहरू मन, वचन र कर्मले एक ढिक्का हुँदै सामूहिक शक्ति निर्माणबाट प्रतिस्पर्धामा विजय बन्दै नेपाली समाज रूपान्तरणमा निष्ठापूर्वक लाग्नु पर्ने आजको आवश्यकता छ। यसैबाट सुन्दर नेपाल सुरक्षित, सुविधायुक्त र समृद्ध बन्न सक्छ। यसैमा हाम्रो अनुशासन, इमान्दारीता र निष्ठापूर्व सहभागिता भइरहोस् भन्ने अभिलाषाका शब्दहरूसहित यो लेखलाई यहीं बिसाउँछु।

■

# दलभित्र लोकतन्त्र संस्थागतकरण: चुनौती र समाधान

**भेषराज अधिकारी***

**भूमिका**

नेपालमा लोकतन्त्रको संस्थागतकरणका निम्ति मूलत: २००७, २०४६ र २०६२/०६३ मा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले ऐतिहासिक भूमिका निर्वाह गरेका छन्। नेपालका राजनीतिक दलहरूले राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका निम्ति आन्दोलनहरूको नेतृत्व गरेका छन् र ती आन्दोलनहरूमा सफलता पनि हासिल गरेका छन्। अनि आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत, सुदृढ र विस्तार गर्न कोसिस समेत गर्दै आएका छन्।[१] पछिल्लो पटकको आन्दोलनले नेपालमा सयौं वर्षदेखि संचालित राजतन्त्रन्त्रका स्थानमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न सफलता हासिल गर्‍यो। त्यसो त लोकतन्त्रका निम्ति भएको २०३६ सालको आन्दोलन र त्यस आन्दोलनले जनतामा फैलाएको रानजीतिक चेतनालाई नजरअन्दाज गर्नभने मिल्दैन। आन्दोलन ऐतिहासिकरुपले सम्पन्न भएका छन् र अस्थायीरुपमा संस्थागतकरण पनि भएकै हो तर त्यसले स्थायित्व प्राप्त गर्न नसक्नु बहुत दु:खद पक्ष हो। नेपालको राजनीतिक इतिहासमा सबैभन्दा पछिल्लो पटकको आन्दोलनलाई सबैभन्दा ऐतिहासिक आन्दोलनको रुपमा लिनुपर्दछ। जसले नेपालमा संविधानसभाबाट संविधान जारी गर्न पाउने अधिकार स्थापित गर्‍यो र २०७२ साल असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको छ। अब नयाँ संविधानको सफल कार्यान्वयनका निम्ति राजनीतिक दलहरू संयमित र परिपक्व व्यवहारका साथ प्रस्तुत हुनुपर्ने बेला आएको छ। यसको सफल कार्यान्वयन गर्दै मुलुकको सामाजिक आर्थिक रुपान्तरणमा क्रियाशील हुनु सम्बद्ध पक्षको गुरुत्तर दायित्व हुनआएको छ।

लोकतन्त्रलाई अझै पनि संस्थागत गर्न नसक्नु भनेको दलहरूले आफैँभित्र पनि लोकतन्त्रलाई संस्थागत गर्न नसक्नु हो भन्दा अतिशयोक्ति हुँदैन। मुलुककै लोकतान्त्रिक प्रणाली संस्थागत गर्नमा बढी ध्यान दिनुपर्ने दलहरूका निम्ति अन्तरपार्टी लोकतन्त्रलाई संस्थागतकरण गर्न कठिनाई भइरहेको देखिएको छ। राजनीतिशास्त्री देवराज दाहालका अनुसार नेपालका राजनीतिक दलहरू सामान्यतया राष्ट्रिय, क्षेत्रीय, जिल्ला र स्थानीय तहमा संगठित छन् तर तिनीहरू राम्ररी संस्थागत हुनसकेका छैनन्। परिणामस्वरुप उम्मेद्‌वार मनोनय र नीति निर्माणका सम्बन्धमा निर्णय लिँदा ठूलो विवाद हुनेगरको छ।[२] अनि पार्टीभित्र हुने यस प्रकारका विवादले पार्टी विभाजनको तहसम्म पुर्‍याउने गरेको छ।

लोकतन्त्रको सुदृढीकरणको निम्ति दल तथा त्यसका नेता तथा कार्यकर्तालाई लोकतान्त्रिक संस्कारयुक्त बनाउनु आवश्यक छ। मूलत: २०४६ को आन्दोलनपछि पार्टीको लोकतान्त्रिकरणको मुद्दा स्वयम् दलहरूभित्रै उठिरहेको छ। आफैँभित्र चलिरहेको यस बहसलाई दलहरूले कसरी सम्बोधन गर्छन् त्यसैमा स्वयम् दलहरू र लोकतन्त्रको भविष्य पनि सन्निहीत छ। दलभित्र लोकतन्त्रको मुद्दा उठ्नु नेतृत्वले आफूविरुद्ध कार्यकर्ताको आक्रोस र अभियान ठान्नु एवं कार्यकर्ता र सदस्यहरूले पनि उनीहरूले चालेको अभियानलाई आफू नेतृत्वमा पुग्ने भर्‍याङ्ग बनाउनु र ठान्नु हुँदैन। अन्तरपार्टी लोकतन्त्रको विषय उठ्नु र उठाउनु पार्टी नेता, कार्यकर्ता र सदस्यहरूको

---

* सचिव, केन्द्रीय कार्यसमिति, मदन भण्डारी फाउन्डेसन।

[१] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, अधिकारी, भेषराज, *लोकतन्त्रमा अन्तर्दलीय र दलीय द्वन्द्व व्यवस्थापन,* कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फ्रेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२

[२] Dahal, Dev Raj, Party Building and Governance in Nepal

लोकतान्त्रिक संस्कृति निर्माण गर्ने अभियानको रुपमा विकसित गर्नुपर्दछ ।

नेपालका राजनीतिक दलहरूभित्र अनेक प्रकारका अलोकतान्त्रिक क्रियाकलापहरू हुनेगरका छन् ।। मुलुकको संविधान तथा अन्य कानुनहरूले दलसम्बन्धी व्यवस्था गरेका छन् । तर दलहरूले यसलाई उल्लंघन गर्ने गरेका छन् । केन्द्रदेखि एकाइसम्म विधानले तोकेको अवधिमा सम्मेलन नहुने, सम्मेलनमा लोकतान्त्रिक विधि र प्रक्रियाको पालना नहुने जस्ता क्रियाकलापहरू हुने गरेका छन् । यतिसम्म कि कुटाकुट र हातपायी भएर सम्मेलनस्थलमा आगजनी र तोडफोड हुँदा राजनीतिक दल र भातृ संगठनका सम्मेलनहरूमा प्रशासनिक हस्तक्षेप गर्नुपर्ने अवस्थासमेत उत्पन्न हुने गरेको देखिन्छ । लोकतन्त्रको महिमागान गाउनेहरूबाटै यसप्रकारका क्रियाकलापहरू हुनु सुहाउने कुरा होइन । राजनीतिक दलहरू सामन्तवाद विरोधी आन्दोलनका उपज हुन् । तर नेपालका राजनीतिक दलहरूको सङ्गठन सञ्चालनमा भने सामन्ती मनोवृत्ति र कार्यशैलीको प्रभाव जवर्जस्त छ । एकले अर्काको खुट्टा तान्ने, नेतृत्वले समेत योग्यको भन्दा बफादारको खोजी गर्ने, प्रतिस्पर्धालाई असहजरूपमा लिने, जित्नेले हार्नेलाई समेट्न प्रयासै नगर्ने र हार्नेले हारलाई सहजरूपमा नलिने र असहयोग गर्ने प्रवृत्ति छ ।[३]

राजनीतिक दलहरूका आन्तरिक क्रियाकलापहरूमा प्रकट हुने अलोकतान्त्रिक प्रवृत्तिहरूका कारणले उनीहरूका सिद्धान्त, विचार तथा नीति निर्माण गर्ने कार्यमा बाधा पुऱ्याइरहेका छन् । दलहरूले लिएका नीति, विचार तथा सिद्धान्तहरूको सही ढंगले र उचित समयमा पुनरावलोकन हुनसक्ने अवस्था देखिँदैन । जबकी राजनीतिक दलहरू विचारकै आधारमा उभिनु पर्दछ र विचारको जगमा उभिएको नेतृत्व रानीतिक दलहरूले स्थापित गर्न सकेमा नै दलहरूको आन्तरिक लोकतन्त्र र मुलुकको लोकतन्त्रको समेत सुदृढीकरण हुन सक्दछ ।

दलहरू अन्ततः नागरिकको सरोकारको विषय हो र त्यो लोकतान्त्रिक बनाउने दायित्व नागरिकहरूको पनि हो । नागरिकहरूको सचेत र पहलकदमीयुक्त अग्रसरताले मात्र दलहरू प्रभावकारी र लोकतान्त्रिक हुन सक्दछन् । यो कुरा बुझ्नु सचेत नागरिकको दायित्व समेत हो । यसले नागरिक तथा राजनीतिक दलहरूको सम्बन्धलाई जीवन्त बनाउँछ । नेपालमा केही नयाँ र केही पुराना पार्टीहरू छन् । नयाँले आफूलाई बढी लोकतान्त्रिक र पुराना पार्टीहरूले बढी सामाजिकीकरण गर्नुपर्ने स्थिति छ । पुरानाले बढीभन्दा बढी बदलिँदो समाजको आकांक्षा र चाहनासँग अन्तरक्रिया गर्नुपर्ने अवस्था छ ।[४]

## लोकतन्त्र र अन्तर्दलीय लोकतन्त्रबीच पारस्परिक सम्बन्ध

लोकतन्त्रमा विश्वास गर्ने सबैको चासो लोकतन्त्रलाई कसरी सुदृढ पार्न सकिन्छ भन्ने नै हुनुपर्दछ । लोकतन्त्रका मूल्य र मान्यताहरू सभ्यताको विकासक्रममा मानव समाजले प्रतिपादन गरेका महत्त्वपूर्ण राजनीतिक तथा सामाजिक निधिहरू हुन् । त्यसैले सचेत नागरिकमा लोकतन्त्रलाई जीवन पद्धतिको रूपमा अँगाल्ने प्रवृत्ति विकसित हुनुपर्दछ । लोकतन्त्र प्राप्ति र सुदृढीकरणको निम्ति दृढ सङ्कल्प गर्नु र क्रियाशील हुनु सम्पूर्ण मानव जातिको दायित्व हो । लोकतन्त्रप्रति अगाध श्रद्धाभाव राखेर त्यसलाई जोगाउन र बलियो पार्न लाग्नु अघिल्लो पुस्ताप्रति सम्मान र न्याय गर्नु हो भने भावी पुस्ताप्रति जिम्मेवार बन्नु हो । अहिलेसम्म विकसित भएका लोकतन्त्रका मूल्य र मान्यताहरूलाई अस्विकार गर्नु भनेको आफ्ना अग्रजहरूले सिर्जना गरेका सम्पदाहरूप्रति अपमान गर्नु हो भन्ने भावना सबै मानिसहरूमा पैदा भएमा लोकतन्त्र मजबुत हुँदै जान्छ र स्थायी पनि हुन्छ । त्यसैले सबैमा यस्तो भावना जागृत गर्न कोसिस गरिरहनु लोकतन्त्रवादीहरूको दायित्व हो । दल तथा व्यक्ति प्रजातन्त्रवादी हुन-[५]

- मानव अधिकारको सम्मान र सुरक्षा गर्ने

[३] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, पोखरेल शंकर, *द्वन्द्व व्यवस्थापनमा पार्टी जीवनको लोकतन्त्रीकरण*, कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२, पृ.६६

[४] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, दाहाल देवराज, *लोकतन्त्रमा दलहरू*, कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फ्रेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२

[५] हेर्नुहोस् फ्रेडरिक ईबर्ट स्टिफटुङ्ग, (२०६९), प्रजातन्त्रको हाते पुस्तिका, पृष्ठ १७

- सार्वजनिक र राजनीतिक बहसमा संलगने हुने
- अरुको विचार र दृष्टिकोणहरू स्वीकार गर्ने
- विचार र अभिमत आदान-प्रदान गर्ने
- तर्कको शक्तिमा विश्वास गर्ने
- आफ्नो विचार वा दृष्टिकोण परिवर्तन गर्न तयार हुने
- सम्झौता र मेलमिलाप गर्न इच्छुक हुने
- समस्याको शान्तिपूर्ण तरिकाले समाधान गर्न तत्पर हुने

राजनीतिक दलहरू लोकतन्त्रका अभिन्न अङ्ग हुन्। लोकतन्त्रमा मात्रै राजनीतिक दलहरूले हुर्कने, बढ्ने र सुदृढ हुने मौका पाउँछन्। लोकतन्त्रमै तिनले आफ्नो स्थान ओगट्न सक्दछन्। अनि लोकतन्त्रमा दलहरू छाडा हुँदा लोकतान्त्रिक प्रणालीले नै तिनलाई ओझेल पार्छ र दण्डित पनि गर्दछ। जनचाहना विपरित अराजक रूपमा भड्किला माग र नारा उराल्ने तथा असङ्गत नीति तथा विचार बोक्ने दलहरू इतिहासमा सीमित भएका उदाहरणहरू धेरै छन्। देश, काल र परिस्थिति अनुकूल विचार र दृष्टिकोणलाई परिष्कृत र समृद्ध गर्दै अघि बढ्न हिम्मत गर्ने दलहरू अग्रभागमा आउँछन्। राष्ट्र र जनताको सेवालाई आफ्नो लक्ष्य बनाउने दलहरू छोटो समयमै राष्ट्रियस्तरमा सम्मानित स्थान ओगट्न सफल पनि हुन्छन्।

**अन्तर्दलीय लोकतन्त्रको अवधारणा**

जेरोन मिमपेनका अनुसार अन्तरदलीय लोकतन्त्रको अवधारणाको बारेमा कुनै सर्वव्यापी परिभाषा छैन यद्यपि धेरै विद्वाननहरू केही आधारभूत सिद्धान्तहरूमा सहमत छन् ती भनेका निर्वाचनियता, उत्तरदायित्व, पारदर्शिता, समावेशीता, सहभागिता र प्रतिनिधित्व हुन्।[६] पार्टीको आन्तरिक लोकतन्त्रको कुनै निश्चित मोडेल या सूत्र छैन। भिन्नभिन्न मुलुकमा लोकतन्त्रका आफ्नै ढाँचाहरू छन् र पार्टीहरूको विकासका लागि पनि आफ्नै मौलिक परम्पराहरू छन्। त्यसैले आन्तरिक पार्टी लोकतन्त्रको सर्वमान्य ढाँचा निर्माण गर्नु सम्भव छैन।[७] पार्टीको नीति र नेतृत्व निर्माणमा आम सदस्यहरूको अधिकतम सहभागिता, उम्मेदवार छनौटमा लोकतान्त्रिक विधि, पार्टी स्रोतको पारदर्शिता, नेतृत्व चयनका लागि आवधिक निर्वाचन, सदस्यता प्रदान गर्ने र सङ्गठनात्मक ढाँचा निर्माण गर्ने वैधानिक व्यवस्था तथा जनताका गुनासा सुन्ने प्रक्रिया आदि कुराहरू आन्तरिक पार्टी लोकतन्त्रका साझा विशेषताभित्र पर्दछन्।[८] अन्तरपार्टी लोकतन्त्र एउटा व्यापक र बहुपक्षीय प्रक्रिया हो।[९] अन्तरपार्टी लोकतन्त्र सर्वव्यापीरुपम लोकपृय छैन किनकी यसका विरुद्धको तर्क भनेको लोकतान्त्रिक निर्णय प्रक्रिया क्षमता अभिबृद्धिका निम्ति हानिकारक हुन्छ। तर्क गरिन्छ कि अत्यधिक अन्तरपार्टी लोकतन्त्रले विपक्षीसँग प्रतिष्पर्धा गर्ने क्षमतालाई कमजोर पार्दछ।[१०] तर यस्तो तर्क र भनाईसँग सहमत हुन सकिँदैन किनकी लोकतन्त्रले राष्ट्रलाई समृद्धितर्फ लैजाने गर्दछ भने त्यही लोकतन्त्रका मूल्य तथा मान्यताहरू पार्टीभित्र लागू हुँदा भने पार्टी नेतृत्व र पार्टीलाई कमजोर पार्ने भन्ने हुन सक्दैन। हाम्रो देशकै उदाहरण हेर्ने हो भने पनि आन्तरिक लोकतन्त्रलाई महत्व दिने राजनीतिक दलहरू नै ढिलो चाँडो राजनीति वा लोकतन्त्रको मूलधारमा आएर त्यस्तो दल बलियो र विस्तारित बनिरहेको अवस्था छ।

अन्तरदलीय लोकतन्त्रले नेतृत्वका निम्ति निर्णय प्रक्रियामा प्रतिकूलता सृजना गर्दछ भन्ने तर्क पनि गरिन्छ। तर यो तर्क कत्तिपनि जायज छैन। किनकी "प्रजातान्त्रिक संरचनाले नेतृत्वको अपहेलना गर्दैन।

[६] हेर्नुहास् Jerven Mimpen, Intra-Party Democracy and Its Discontents Democratization in a Volatile Landscape

[७] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, ज्ञवाली, प्रदीप, *पार्टीगत द्वन्द्वको व्यवस्थापन र लोकतन्त्रको सुदृढीकरण,* कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२

[८] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, ज्ञवाली, प्रदीप, *पार्टीगत द्वन्द्वको व्यवस्थापन र लोकतन्त्रको सुदृढीकरण,* कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२

[९] Josh Maiyo, Political Parties and Intra-party Democracy in East Africa- From Representative to Participatory Democracy (2008), Master of Philosophy in African studies Africa Studies Centre Leiden University, p.70

[१०] Josh Maiyo, Political Parties and Intra-party Democracy in East Africa- From Representative to Participatory Democracy (2008), Master of Philosophy in African studies Africa Studies Centre Leiden University, p.19

असल नेतृत्वले निर्णको प्रक्रियामा विभिन्न चाखहरूलाई संग्रह गरेको हुन्छ र सदस्यहरूको सहमति पनि खोज्दछ। अप्रजातान्त्रिक नेतृत्वको आधार एउटा सानु समूह हुन्छ, अतः उसलाई समाजको तल्लो तहमा पुगेर जनआकांक्षा प्रतिनिधित्व गर्न गाह्रो हुन्छ।"[११]

पार्टीहरूले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नका लागि पनि आन्तरिक लोकतन्त्रलाई व्यवस्थित गर्नु आवश्यक छ।[१२] किनकी संसार अहिले भूमण्डलीकरणको तीब्र प्रवाहमा अघि बढिरहेको छ। यो प्रवाहलाई उचित दिशातर्फ लगेर आम जनताको हितमा प्रयोग गर्नुपर्ने त छँदैछ। आज कुनैपनि मुलुक अर्को देशमा भएका सामाजिक, आर्थिक र राजनीतिक गतिविधिको प्रभावबाट मुक्त हुनसक्ने अवस्था छैन। यसैगरी विविध किसिमका पारस्परिक सम्बन्धहरूबाट पनि टाढा हुनसक्ने अवस्था छैन। अन्तर्राष्ट्रिय आर्थिक सहयोगको निम्ति पनि सत्तारुढ भएका र विपक्षमा भएका दलहरूले अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सम्बन्धलाई गाढा बनाउनुपर्ने हुन्छ र त्यसको निम्ति उक्त दलले लोकतन्त्रका आधारभूत मान्यताहरूलाई अपनाउँदै जानुपर्ने हुन्छ। दलभित्रको लोकतन्त्र पनि त्यस्तै तत्व मध्येको एउटा तत्व हो। त्यसैले राजनीतिमा सफल हुनचाहने राजनीतिक दलले आफ्नो राजनीतिक जीवनलाई लोकतान्त्रिक विधिबाट अघि बढाउनै पर्ने हुन्छ।

## अन्तरपार्टी लोकतन्त्रलाई सुदृढ पार्न निम्न पक्षमा ध्यान दिनुपर्ने

दलभित्रको आन्तरिक प्रजातन्त्र पर्याप्त भएमा नै दलहरूमाथि समाजको प्रभाव र तिनका प्रजातान्त्रिक कार्यहरू प्रभावकारी रुपले प्रयोग हुने कुरामा विश्वस्त हुन सकिन्छ।[१३] आधुनिक आम-प्रजातन्त्र राजनीतिक दलहरूबिना सङ्गठित हुन सक्तैन। यसको प्रजातान्त्रिक कार्य र सामाजिक क्रियाकलाप पूरा गर्नका लागि दलहरू आफैँमा प्रजातान्त्रिक हुनैपर्दछ।[१४] दलका अधिकांश सक्रिय र विश्वासिला कार्यकर्ताहरू दलको दैनिक काममा आउने सम्भावित खतराहरूसित सचेत छन् भने मात्र दलहरूभित्रको आन्तरिक प्रजातन्त्रलाई जीवन्त बनाउन सकिन्छ।[१५]

***१. नागरिक शिक्षालाई विस्तारित र गुणस्तरीय बनाउनु पर्ने:*** राजनीतिशास्त्री देवराज दाहालका अनुसार राजनीतिमा कमजोर बर्गलाई ल्याउन सक्यौँ भने आन्तरिक लोकतन्त्रलाई मद्दत पुग्दछ।[१६] उहाँ अगाडि भन्नुहुन्छ दललाई लोकतन्त्रीकरण गर्न जनतालाई नागरिक बनाउनु पर्दछ र त्यसका निम्ति नागरिक शिक्षा दिनुपर्दछ।[१७] विशेषतः विभिन्न तहका युवाहरूमा नागरिक शिक्षा दिन सक्दा सामाजिक नेतृत्वकर्ताहरू उत्तरदायी हुन्छन् र त्यसले लोकतन्त्रलाई बलियो बनाउँछ।[१८] वास्तवमा नागरिक शिक्षाले लोकतन्त्रका आधारभूत मूल्य तथा मान्यताहरूको ज्ञान तथा जानकारी दिने हुनाले दलहरूका क्रियाकलापप्रति नागरिकहरूले खबरदारी गर्दछन् र दलहरूलाई सदा लोकतन्त्रको मार्गमा हिँडिरहन बाध्य पार्दछन्। त्यसो त नागरिक शिक्षाले अधिकार मात्र होइन नागरिकका कर्तव्यहरूप्रति पनि सजग गराउने हुनाले समाजमा बढिरहेको अराजकता र हिंसालाई न्यूनिकरण गर्न पनि सघाउ पुऱ्याउँदछ। सारमा लोकतन्त्र अधिकार मात्रको सँगालो होइन कर्तव्यको पाठ सिकाउने प्रणाली पनि

---

[११] फ्रेडरिक ईबर्ट स्टिफटुङ्ग, (२०६९), प्रजातन्त्रको हाते पुस्तिका, पृष्ठ १७

[12] See Dahal, Dev Raj, The Strengths and Weaknesses of Party Functioning in Nepal A Proposal for the Engagement of Party Members

[१३] मायर, थोमस, अधिनायक नेतामुखी दलदेखि आम सदस्यतायुक्त दलसम्म, फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, २०६५ जेठ, पृष्ठ १०

[१४] मायर, थोमस, अधिनायक नेतामुखी दलदेखि आम सदस्यतायुक्त दलसम्म, फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, २०६५ जेठ, पृष्ठ २४

[१५] मायर, थोमस, अधिनायक नेतामुखी दलदेखि आम सदस्यतायुक्त दलसम्म, फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, २०६५ जेठ, पृष्ठ २४

[१६] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, दाहाल देवराज, *लोकतन्त्रमा दलहरू*, कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२

[१७] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, दाहाल देवराज, *लोकतन्त्रमा दलहरू*, कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२

[१८] Dahal, Ram Kumar(2014), "Civic Education and Democracy Building in Nepal: Civic Education through Multiplies of Knowledge, A Seminar paper presented NEFAS/FES Seminar.

हो। विस्तारै नागरिक शिक्षाको महत्व बढ्दै गएको देखिए पनि नेतृत्व तहमा नागरिक शिक्षाको महत्व रहेको पाईंदैन। हुनसक्छ नागरिक शिक्षा दिइयो भने नागरिकले आफ्नो कर्तव्य बोध गर्दछ र आन्दोलन र विद्रोहमा लाग्दैन भनेर पनि नेतृत्वले नागरिक शिक्षा विस्तारित भएका देख्न नचाहेको होस्।

***२. राजनीतिमा युवा पुस्ताको चाख बृद्धि गर्नुपर्ने :*** अहिले नेपाली युवाहरू राजनीतिप्रति असन्तुष्ट छन्। राजनीति फोहोरी खेल हो भन्ने भनाई एकखाले युवाहरूले राख्नेगरेका छन्। अहिले कतिपय राजनीतिक दल भनेका ख्यालठट्टा जस्ता भएका छन्।निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूको नाम हेर्ने हो भने रमाइलो लाग्छ। त्यहाँ खोज्ने हो भने सोल्टी दल, सोल्टिनी दल, परिवार दल, कुटुम्ब दल छन्। यसरी अहिले राजनीतिक दल भनेको मजाकको विषयवस्तु जस्तो भएको छ।[१९] अहिले राजनीति भनेको एकखालको खेल जस्तो भएको छ। जसले ढाँट्न, अल्मल्याउन र नचाउन सक्यो त्यो चाहिँ सफल राजनीतिकर्मी कहलाउँछ।[२०] यही भएर पनि समाजमा राजनीतिप्रति वितृष्णा बढ्ने गरेको हो। राजनीति र राजनीतिक नेतृत्वप्रति युवाहरू विकर्षित छन्। क्रमशः रानीतिक नेतृत्व युवाहरूमा सर्दै जानुपर्नेमा यसबाट पुरानै पुस्तामा नेतृत्व रहिरहने अवस्था उत्पन्न हन्छ। सम्पूर्ण पुरानो पुस्ता लोकतन्त्रका मूलभूत मूल्य तथा मान्यताप्रति जागरुक छैन भन्न खोजिएको होइन तर लामो समयदेखि कठ्याग्रिएर बसेको मानसिकतालाई सजिलै परिवर्तन गर्न सकिँदैन। त्यसैले युवाहरू राजनीतिक नेतृत्वमा पुग्न सक्ने अवस्था उत्पन्न हुँदा नै लोकतान्त्रिक संस्कार र संस्कृतिले मलजल प्राप्त गर्न सक्ने संभावना बढेर जान्छ। त्यसैले राजनीतिक नेतृत्वले युवा पुस्तालाई नेतृत्व हस्तान्तरणको प्रक्रियामा सामेल गर्नु अति आवश्यक छ।

***३. स्थानीय तहमा लोकतन्त्रका मूल्य तथा मान्यताहरू विस्तार गर्नुपर्ने:*** निरंकुशता लादिएको अवस्थामा स्थानीय तहमा निर्वाचन भएकै हो। तर लोकतान्त्रिक प्रणाली अन्तर्गत नेपालमा हालसम्म दुईपटक मात्र निर्वाचन भएको छ। लोकतान्त्रिक प्रणाली अन्तर्गतको स्थानीय निकायले राम्रोसँग काम गर्न पाएको छैन। जबकी स्थानीय निकाय भनको लोकतन्त्रलाई समाजको जरासम्म पुऱ्याउने भरपर्दो र प्रभावकारी संयन्त्र हो। स्थानीय निकाय नभएको पनि आज दशकौं भइसकेको छ। जनताको विकास निर्माणका कार्यहरू स्थानीय तहमा ठप्प जस्तै भएका छन्। स्थानीय तहमा लोकतन्त्र सुदृढ हुनसकिरहेको छैन। स्थानीय नेतृत्व विकासको प्रक्रिया अवरुद्ध बनेको छ। यदि स्थानीय तहमा नियमित निर्वाचन हुनसकेको भए आधारभूत तहका पार्टीक कार्यकर्ता र सदस्यहरूले लोकतान्त्रिक मूल्य मान्यताहरूलाई नजिकबाट अनुभूतिक गर्न पाउने थिए र सम्बन्धीत दलमा त्यसलाई स्थापित गर्न लागिपर्ने थिए। उनीहरूले दलभित्रसमेत लोकतान्त्रिक मूल्य मान्यतालाई स्थापित गराउन हृदयदेखि नै क्रियाशील हुनेथिए।

***४. विचार निर्माण गर्दा लोकतान्त्रिक विधि अपनाउनुपर्ने :*** लोकतन्त्रमा टाउको जोडिन्छ, काटिँदैन, हरेक व्यक्तिको मतको कदर हुन्छ।[२१] नीतिगत, कार्यक्रमगत र दृष्टिकोणमा अन्तर आउने विषयले लोकतन्त्रलाई सहयोग पुऱ्याउँछ।[२२] राजनीतिक दलहरूले आफ्नो दर्शन, विचारधारा, कार्यक्रम र आफूले प्रतिनिधित्व गरेको पक्षको उद्देश्यहरू पूरा गर्न राजनीतिमा प्रतिष्पर्धा गर्दछन्।[२३] दलहरूको आन्तरिक संगठन प्रजातान्त्रिक भएमा मात्र यसले समाजका विभिन्न सरोकारका विषयहरूको संग्रह गर्न सक्दछ। यसले दलहरूलाई संगठित कार्य गर्न मद्दत पुऱ्याउँछ।

---

[१९] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, शर्मा ओली, के.पी., *नेपालम दल निर्माण: चुनौती र समाधान,* कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२, पृष्ठ २२

[२०] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, शर्मा ओली, के.पी., *नेपालम दल निर्माण: चुनौती र समाधान,* कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२, पृष्ठ २६-२७

[२१] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, दाहाल देवराज, *लोकतन्त्रमा दलहरू,* कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२

[२२] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, दाहाल पुरुषोत्तम, *लोकतन्त्रमा स्वाभाविक द्वन्द्वको सौन्दर्य,* कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२, पृ.१४६

[२३] फ्रेडरिक ईबर्ट स्टिफटुङ्ग, (२०६९), प्रजातन्त्रको हाते पुस्तिका, पृ. १५-१६

जहाँ निर्णय लिने प्रक्रिया प्रजातान्त्रिक हुन्छ, यसका सदस्यहरूले संयुक्त रुपमा चित्त बुझ्दो किसिमबाट आफ्ना निर्णयहरू बाहिर ल्याउँछन् ।[२४] प्रा. मायर भन्छन्- दलहरूले समाजमा प्रजातान्त्रिक सहभागिता, शक्तिमाथि नियन्त्रण र राजनीतिक एकता त्यतिबेला मात्र हासिल गर्न सक्दछन्, जुनबेला ती आफैँभित्र प्रजातान्त्रिक ढङ्गले काम गर्छन् ।[२५] राजनीतिक दलको भित्री पार्टी लोकतन्त्र सुदृढ हुनुपर्दछ । निर्णय प्रक्रिया र सङ्गठनको संरचना यस्तो हुनुपर्छ जहाँ कार्यकर्ता र सदस्यहरूलाई आफ्ना भनाइहरू राख्न सहज होस् । अन्तर पार्टी लोकतन्त्र पार्टीको कार्यसञ्चालन प्रक्रिया तीव्र र सुदृढ पार्न तथा कमिटी प्रणालीलाई जीवन्त बनाउन अति आवश्यक छ । यस्तो प्रक्रियाले विवादको लोकतान्त्रिक संस्कृतिलाई बढावा दिन्छ र निर्णयमा सामूहिक नेतृत्व स्थापित गर्न मद्दत गर्दछ । गुटवन्दी घटाएर पार्टी एकतालाई मजबूत पार्दछ । राजनीतिक दलको लोकतान्त्रिक संस्थागतकरणले मुलुकको राजनीतिक स्थायित्वमा ठुलो सहयोग गर्दछ । सही नेतृत्वले मात्र भित्री पार्टी सङ्घर्षलाई लोकतान्त्रिक विधिमार्फत व्यवस्थित गर्न सक्दछ ।

राजनीतिशास्त्री देवराज दाहाल भन्नुहुन्छ- दलहरूभित्रको प्रजातन्त्र भन्ने बित्तिकै केही कुराहरू महत्वपूर्ण भएर आउँछन् । पहिलो कुरा के हो भने दलहरूको आन्तरिक बहसहरूमा नागरिकहरूले भाग लिन पाउँछन् कि पाउँदैनन् ? सदस्यहरूले भाग लिन पाउँछन् कि पाउँदैनन् ? जो दलका सरोकारवालाहरू छन् तिनले भाग लिन पाउँछन् कि पाउँदैनन् ? अर्को महत्वपूर्ण कुरा के हो भने दलको नीति निर्माण प्रक्रियामा सरोरकारवालाहरूले भाग लिन पाउँछन् कि पाउँदैनन् र दलले गर्ने कार्यहरूमा उनीहरूको सहभागिता हुन सक्छ कि सक्दैन ? र, अर्को कुरा के हो भने दलले बनाएका विधान तथा नियमावलीहरू संविधानअनुरुप छन् कि छैनन् ? आदिजस्ता कुराहरूले कुनै पनि दल प्रजातान्त्रिक छ कि छैन भनेर आँकलन गर्न सकिन्छ ।[२६] जुन पार्टीको आन्तरिक जीवनमा लोकतन्त्र छैन या जुन पार्टी खुदै लोकतान्त्रिक छैन, त्यसले समाजमा लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्न सक्दैन । लोकतन्त्र देखाउने आवरण या पार्टीलाई सिँगार्ने गहना होइन । यो राज्य सञ्चालन गर्ने वैज्ञानिक, न्यायपूर्ण र सामाजिक विधि हो, राज्य सञ्चालनका जिम्मेवार दललाई जनउत्तरदायी बनाउने व्यवस्था हो र यो व्यक्तिको जीवनशैली पनि हो ।[२७]

बहुलवादी खुल्ला समाजबाटै सदस्यहरू दलमा प्रवेश गर्ने भएकाले त्यस समाजको प्रतिविम्ब दलभित्र पर्दछ र त्यस विविधताको कारणले सदस्यहरूको बिचमा विचार तथा दृष्टिकोणमा भिन्नता हुन्छ । यी फरक विचारका बीचमा लोकतान्त्रिक वातावरणमा छलफल हुनसक्दा पार्टीले अँगाल्ने समृद्ध विचार पनि बन्न सक्दछ । जति बढी विचारको स्वस्थ प्रतिस्पर्धा हुन्छ त्यति नै असल नीतिहरू बन्ने सम्भावना बढेर जान्छ ।

***५. नेतृत्व निर्माणको निम्ति लोकतान्त्रिक विधि अपनाउनु पर्ने :*** दलको नेतृत्व निर्माण गर्दा लोकतान्त्रिक विधि अपनाउनु पर्दछ । प्रतिस्पर्धालाई हरेक तहमा स्थापित गर्नुपर्दछ । उही दलीय पदका लागि विभिन्न क्षेत्रबाट धेरै व्यक्तिहरूको उम्मेद्वारी स्वीकृत गरिनुपर्छ, जसले आधारभूत रुपबाट प्रजातान्त्रिक दलको जीवन्तता अभिव्यक्त होओस् ।[२८] यसैगरी "दलले पाउने सबै कार्यालयका पदहरूका लागि स्वतन्त्र अन्तरदलीय चुनावहरू"[२९] हुनु पनि आन्तरिक लोकतन्त्रको प्रबर्द्धनको निम्ति आवश्यक छ । त्यसो त "प्रजातान्त्रिक निर्वाचनबाट एकपटक शक्ति पाइसकेपछि दलहरूले आफ्नो पद, स्थान र दर्जाको दूरुपयोग र प्रजातन्त्रलाई भत्काउने वा सङ्कीर्ण पार्ने काम गर्दैनन्

[२४] फ्रेडरिक ईबर्ट स्टिफटुङ्ग, (२०६९), प्रजातन्त्रको हाते पुस्तिका, पृष्ठ १७

[२५] मायर, थोमस, अधिनायक नेतामुखी दलदेखि आम सदस्यतायुक्त दलसम्म, फ्रेडरिक इबर्ट स्टिफटुङग, नेपाल, २०६५ जेठ, पृष्ठ ४

[२६] हेर्नुहोस् संयोजन तथा सम्पादन अधिकारी, भेषराज र प्रसाई, खगेन्द्र, अन्तरपार्टी लोकतन्त्र, कानुनी परामर्श तथा अनुसन्धान केन्द्र (सेल्कार), फेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, २०६५,

[२७] आजको दिशाबोध, मदन भण्डारी फाउण्डेशन, के.पी. शर्मा ओली, *आजको सन्दर्भमा जनताको बहुदलीय जनवाद*, वर्ष ८, अङ्क ५, २०६८ असार १४

[२८] मायर, थोमस, अधिनायक नेतामुखी दलदेखि आम सदस्यतायुक्त दलसम्म, फ्रेडरिक इबर्ट स्टिफटुङग, नेपाल, २०६५ जेठ, पृष्ठ ११

[२९] मायर, थोमस, अधिनायक नेतामुखी दलदेखि आम सदस्यतायुक्त दलसम्म, फ्रेडरिक इबर्ट स्टिफटुङग, नेपाल, २०६५ जेठ, पृष्ठ १०

भन्ने कुरामा हरेक व्यक्ति सुनिश्चित हुनु पनि दलभित्रको आन्तरिक प्रजातन्त्र हो। त्यसैले सबै दलहरूको आन्तरिक प्रजातन्त्र भन्नाले प्रजातन्त्रलाई यसको आत्म-ध्वंसका बिरुद्ध बचावट गर्ने पद्धतिको एउटा अङ्ग हो।"[३०] मनोनित र लादिएको नेतृत्व भएमा दलभित्र द्वन्द्व उत्पन्न हुन्छ र अनावश्यकरुपमा दल द्वन्द्वमा फँस्न पुग्दछ। यसले पार्टी एकता र नेता तथा कार्यकर्ताको पार्टीगत सम्बन्धमा खलल पैदा गर्दछ। नेतृत्वको निर्वाचन गर्दा सकेसम्म धेरै पार्टी सदस्यहरू सहभागी हुनसकुन् भनेर ध्यान पुग्नुपर्दछ। सार्वजनिक निकायमा दलको तर्फबाट प्रतिनिधित्व गराउँदा समेत यही पद्धतिलाई अवलम्वन गर्नुपर्दछ। यस्तो प्रक्रियाले राज्यका संरचनाहरूलाई लोकतान्त्रिक र सुदृढ पार्न समेत मद्धत पुग्दछ।

६. ***वैचारिक आधारमा पार्टी निर्माण गर्नेः*** बेन्जामिन डिजरायली भन्दछन् "दल भनेको संगठित विचार हो।" एउटा विचारणीय पक्ष के चाहिँ छ भने "यदि ठूला दलहरूले विचारधारात्मक मात्र भएर सामाजिक र क्षेत्रीय स्वार्थहरूको प्रतिनिधित्व गर्न सकेनन् भने व्यक्तिहरू यस्ता दलको विपक्षमा साना दलहरूमा जान सक्तछन्। यसले दलके ध्रुवीकरण गरेर प्रजातन्त्रलाई नै अस्थिर बनाउन सक्तछ। दलहरूले आन्तरिक विविधता स्वीकार गरेर विभिन्न स्वार्थहरूबीच सन्तुलन र एकीकरण गरेमा दल चोइटिँदैन र विभिन्न खालको मतदातालाई आकर्षण गर्न सक्तछ।"[३१] के.पी. शर्मा ओलीको विचारमा-लोकतन्त्रीकरण र अन्य पार्टी जीवनको लोकतन्त्रीकरणको प्रश्न पार्टीको महाधिवेशनदेखि केन्द्र र तलसम्मका विभिन्न ढङ्गका कामकाजी निकायहरूको गठन र सञ्चालन एवम् तिनीहरूका बिचको सही र सन्तुलित सम्बन्धसँग प्रत्यक्ष सम्बन्धित रहेको छ। खासगरी केन्द्र र तल्ला निकायहरूबिचको सम्बन्ध लोकतान्त्रिक, विधिसम्मत र पार्टी एवम् जनहीत केन्द्रीत छ छैन भन्ने प्रश्न यस सम्बन्धमा महत्वपूर्ण छ।[३२] नेतृत्व निर्माणको लोकतान्त्रिक विधिलाई अपनाउँदा परम्परागत रूपमा चल्दै आएको नेतृत्वमाथि दबाब र खतरा पुग्ने ठानेर पनि यस्तो प्रक्रिया अवलम्वन गर्न तदारुकता नदेखाइएको पनि हुनसक्छ। अधिकांश दलको विधान नेतृत्वमुखी छ। त्यसैले दलको विधान लोकतान्त्रिक बनाउनु अतिआवश्यक छ।

७. ***पार्टी संचालनको कानुन निर्माण तथा प्रभावकारी कार्यान्वियन हुनुपर्नेः*** राजनीतिक दलसम्बन्धी कानुन तथा संविधानमा दलसम्बन्धी व्यवस्था गरिए मुताबिक दलका नियमहरू संयोजित हुनुपर्दछ। दुवैको बिचमा मेल कायम हुनुपर्दछ। "शंङ्कास्पद अवस्थामा सदस्यहरूले र सामान्य अधिकार क्षेत्र भएको अदालतले उक्त दललाई आवश्यक परेमा दलीय कानुन अनुसार बन्धनकारी निर्णयहरू गर्ने गरी निर्देशन गर्न सक्नुपर्दछ।"[३३] न्यूनतम मापदण्डहरू र आधारभूत मूल्यहरू स्थापना गर्ने एउटा सही दलीय कानुनले यसमा ठूलो सहयोग पुऱ्याउँछ।[३४] आन्तरिक लोकतन्त्रलाई व्यवस्थित गर्नका निम्ति संविधान र अन्य कानुनहरूले बाँध्न सक्ने अवस्था हुन्छ। यसो गर्नाले पार्टी सङगठनलाई पारदर्शी बनाउन महत्वपूर्ण भूमिका निर्वाह हुन्छ। संविधान र कानुनले पार्टी स्थापना गरी सञ्चालन गर्न अधिकार दिएको हुँदा त्यो पार्टी जसरी पनि सञ्चालन गर्न पाउने अधिकार सो दलको हुन्छ भन्ने भ्रम पनि यदाकदा दलका नेताहरूमा रहेको पाइन्छ। यो भनेको भ्रम र निरङ्कुश मानसिकताको उपज मात्र हो। किनकि दल भनेका जनसरोकारका विषय र राष्ट्रका सम्पत्ति हुन्। त्यसैले दलहरू पनि कानूनभन्दा माथि हुन सक्दैनन्। पार्टीको विधानमा उल्लेखित प्रावधानहरू लागू हुनसकेका छैनन्। पार्टी आफूले खोलेकोले मनलाग्दो गरी चलाउन पाइन्छ भन्ने प्रवृत्ति छ, तर त्यसो गर्न पाईंदैन। दल राष्ट्रको सम्पत्ति

---

[३०] हेर्नुहोस् संयोजन तथा सम्पादन अधिकारी, भेषराज र प्रसाई, खगेन्द्र, अन्तरपार्टी लोकतन्त्र, कानुनी परामर्श तथा अनुसन्धान केन्द्र (सेल्कार), फेडरिक ईबर्ट स्टिफटुङ्ग, नेपाल, २०६५, पृष्ठ १०

[३१] फ्रेडरिक ईबर्ट स्टिफटुङ्ग, (२०६९), प्रजातन्त्रको हाते पुस्तिका, पृष्ठ १७

[३२] आजको दिशाबोध, मदन भण्डारी फाउण्डेशन, के.पी. शर्मा ओली, *आजको सन्दर्भमा जनताको बहुदलीय जनवाद*, वर्ष ८, अङ्क ५, २०६८ असार १४

[३३] हेर्नुहोस् संयोजन तथा सम्पादन अधिकारी, भेषराज र प्रसाई, खगेन्द्र, अन्तरपार्टी लोकतन्त्र, कानुनी परामर्श तथा अनुसन्धान केन्द्र (सेल्कार), फेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, २०६५, पृष्ठ ११

[३४] मायर, थोमस, अधिनायक नेतामुखी दलदेखि आम सदस्यतायुक्त दलसम्म, फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, २०६५ जेठ, पृष्ठ २४

भएकाले राष्ट्रिय कानुनसँग मेलखाने हिसाबले सञ्चालन गर्नुपर्दछ। नमूना अन्तरपार्टी लोकतान्त्रिक पद्धति हाम्रो संस्कृति र परिवेश अनुकूल खोज्नु पर्दछ।

जर्मनीको दलसम्बन्धी कानुनले दलहरूले आफ्नो विधान र राजनीतिक घोषणामार्फत आफ्ना उद्देश्य, नीति, कार्यक्रम परिभाषित गर्नुपर्ने, आफ्नो वित्तीय कोषको प्रयोग राष्ट्रको कानुनअन्तर्गतको जिम्मेवारी र दायित्व पूरा गर्ने सन्दर्भमा प्रयोग गरेको हुनुपर्ने, राजनीतिक दलले कानुनी हैसियत प्राप्त गर्न कानुनबमोजिमको औपचारिकता पुरा गरी दर्ता भएको हुनुपर्ने, दलको आफ्नो लिखित विधान र कार्यक्रम हुनुपर्ने, विधानमा मूलतः दलको नाम, दलको क्रियाकलाप, सदस्यता लिने प्रक्रिया, सदस्यको काम, कर्तव्य र अधिकार, दलीय अनुशासन उल्लङ्घनमा कारबाहीको व्यवस्था, दलको आन्तरिक साङ्गठनिक स्वरूप र संरचना, कार्य समितिको गठन र अधिकार, आर्थिक स्रोत र परिचालन प्रक्रिया जस्ता व्यवस्था गरेको हुनु पर्ने व्यवस्था छ।[३५]

***८. पार्टीको आर्थिक प्रणाली पारदर्शी हुनुपर्नेः*** हाम्रो देशमा राज्यको तर्फबाट राजनीतिक दलहरूलाई आर्थिक सहयोग गर्ने कुनै ठोस कानुन, नीति र नियमन निकाय बन्न सकिरहेको छैन। दलीय क्रियाकलापलाई स्वच्छ बनाउन राज्यद्वारा दलहरूलाई आर्थिक सहयोग दिने व्यवस्थालाई समेत विभिन्न मुलुकहरूले अपनाएको देखिन्छ। जर्मनीमा सन् १९५९ देखि राजनीतिक शिक्षाको प्रवर्द्धनका लागि व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई सङ्घीय बजेटबाट आर्थिक सहयोग दिने व्यवस्था गरिएकोमा सन् १९६६ को संवैधानिक अदालतले गरेको व्याख्याका आधारमा निर्वाचनको समयमा स्वच्छ प्रचारप्रसारका निम्ति सहयोग पुऱ्याउने उद्देश्यले व्यवस्थापिकाको निर्वाचनमा एक प्रतिशत मत प्राप्त गरेको दलले निश्चित रकम राज्यबाट प्राप्त गर्ने गरी १९६७ मा कानुनी व्यवस्था भएको देखिन्छ।[३६] यदि राज्यको तर्फबाट पार्टीहरूलाई आर्थिक सहयोग उपलब्ध गराउने हो भने त्यस्तो पार्टीले निश्चित दायराभित्र रहेर पार्टीका गतिविधिहरू संचालित गर्नुपर्दछ। लोकतन्त्रको सुदृढिकरण र पार्टीको आन्तरिक लोकतन्त्र सुदृढीकरणका बीच पारस्परिक सम्बन्ध हुने भएकाले यस पक्षमा राज्यको तर्फबाट पनि हस्तक्षेप हुनु जरुरी छ। यहाँसम्मकी "राजनीतिक दलहरू निर्वाचन र पार्टी अभियान सञ्चालन गर्न पार्टीको विचारधारा र सिद्धान्त स्वीकार नगर्ने सम्पन्न व्यक्तिहरूलाई पदहरू बिक्री गर्दछन्।"[३७] दलको आर्थिक पक्षलाई मजबूत पार्न लिइने यस्ता गलत नीतिहरूले पार्टी वैचारिक रुपमा क्षयीकरणको दिशातर्फ जान्छ। पार्टीका नीति, योजना तथा कार्यक्रमहरूमा गैर पार्टी सदस्यहरूको प्रभाव बढ्दछ। निर्वाचन आयोगले दलहरूलाई चुनावी खर्च पेश गर्न माग गर्दा बुझाउन आनाकानी गर्ने र समयमा नबुझाउने प्रवृत्ति पनि छ।

**९. स्थानीय तहका कार्यसमिती र सदस्यहरूको क्षमता अभिबृद्धि गर्नेः** कार्यकर्ता र स्थानीय समितिको क्षमता अभिबृद्धिमा ध्यान पुऱ्याउनु पर्दछ। किनकी यो तह भनेको आधारभूत तहको नागरिकलाई लोकतन्त्रका मूल्य तथा मान्यताहरू सिकाउने महत्वपूर्ण निकाय हो। कार्यकर्ता तथा सदस्यहरू स्वयंको स्तरोन्ती भएन भने उनीहरूले तलतलसम्म पार्टीको राजनीति फैलाउन सक्दैनन्। विकेन्द्रीकरणको अवधारणा गम्भीररुपले उठिरहेको सन्दर्भमा पनि यो पक्षमा राजनीतिक दलहरूको गम्भीरतापूर्वक ध्यान जानुपर्ने हुन्छ।

**१०.नेताहरूको अनौपचारिक बैठकको निर्णयलाई औपचारिकता दिनुपर्नेः** दलका नेताहरूले आफू अनुकूल हुनेगरी अनौपचारिक बैठक गर्ने र त्यस्तो बैठकले गरेका निर्णयहरूलाई सिंगो दलको निर्णय बनाएर लैजाने प्रवृत्ति पनि दलहरूभित्र भएको देखिन्छ। यसउपर एउटै कमिटी र मातहत कमिटी तथा कार्यकर्ताहरूबाट

---

[३५] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, दाहाल काशीराज, *लोकतान्त्रिक राज्य निर्माणमा राजनीतिक दलको भूमिका,* कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२, पृष्ठ ५१

[३६] सम्पादक, अधिकारी, भेषराज, नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान, दाहाल काशीराज, *लोकतान्त्रिक राज्य निर्माणमा राजनीतिक दलको भूमिका,* कानुनी परामर्श तथा अनुसन्धान केन्द्र र फेडरिक इबर्ट स्टिफटुङ्ग नेपाल, २०१२, पृष्ठ ५२

[३७] Dahal, Devraj, Inner Party Democracy in Nepal Problems and Preferences

आपत्ती प्रकट भएका कुराहरूपनि आउने गरेका छन् । पार्टीका अनेकौं तहमा नेताहरूको अनौपचारिक बैठक बस्ने कुरालाई अन्यथा लिन सकिँदैन । नेता तथा कायकर्ताका बिचमा हुने यस प्रकारका अनौपचारिक बैठकको महत्वालाई इन्कार गर्न सकिँदैन । तर त्यो बैठकका निर्णयहरूलाई औपचारिकता प्रदान गर्न वा भनौं लोकतान्त्रिक विधिअन्तर्गत लैजान आवश्यक छ । जे निर्णय गर्नु छ त्यो औपचारिक संरचना र लोकतान्त्रिक विधि प्रयोग गर्दा विवाद हुँदैन तर त्यसो हुननसक्दा अर्को नेता तथा कायकर्ताले प्रतिष्ठाको विषय बनाइकन निर्णयलाई खुलेआम चुनौती समेत दिनसक्दछ । यो विषयले अन्तरपार्टी लोकतन्त्रको बेवास्ता गरिएको भनेर आरोप र प्रत्यारोप पनि हुनेगरको छ । त्यसैले यस पक्षलाई पनि उचित ध्यान दिनुपर्ने हुन्छ ।

**११.पार्टीभित्र प्रशिक्षण गर्ने निकाय सुदृढ हुनुपर्नेः** नेपालका प्रायः सबै दलहरूभित्र केन्द्रीय तहमा कार्यकर्तालाई तालीम तथा प्रशिक्षण गर्ने निकाय खडा गरिएको भएपनि तीनिहरू व्यवस्थित हुनसकेको देखिँदैन । नेता तथा कार्यकर्ताको सैद्धान्तिक वैचारिक स्तर उठाउन पार्टीले लिएका नीतिहरू अद्यावधिक गरीकन आम पार्टी नेता, कार्यकर्ता तथा सदस्यहरूमा यसलाई लैजान यस्तो निकाय प्रभावकारी हुनेगर्दछ । पार्टीमा लोकतन्त्रका मूल्य तथा मान्यताहरूलाई स्थापित गर्न यस्ता निकायहरूले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । पार्टीभित्र यस्ता कार्यहरू सघन रुपमा संचालित हुनुपर्दछ । तर हुनसकिरहेको देखिँदैन । पार्टीको आन्तरिक लोकतन्त्रलाई बलियो पार्न पार्टीभित्रको शिक्षण प्रशिक्षण कार्यले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ । त्यसैले यस पक्षमा पनि दलहरूले उचित ध्यान दिनुपर्ने हुन्छ ।

**उपसंहार**

दलभित्र अलोकतान्त्रिक व्यवहारको प्रवृत्ति, कारण र तिनको समाधानका निम्ति पहल गर्नु लोकतन्त्रको भविष्यको निम्ति आवश्यक हुन्छ । अहिले प्रायः सबै राजनीतिक दलहरूभित्र लोकतान्त्रिक संस्कारको विकास हुनुपर्दछ भन्ने विचारहरू आइरहेका छन् । किनकी दलहरूहभित्र नेता तथा कार्यकर्ताहरूमा लोकतान्त्रिक मूल्य तथा मान्यताहरू सधैँभरी अपनाउनु पर्छ भनेर जरा गाडिइसकेको अवस्था छैन । भावनाले होइन प्रणालीले मात्र पार्टीभित्र लोकतन्त्र सञ्चालित हुन्छ र दिगो पनि हुन्छ । विधि अन्तर्गत सबैले चल्नु पर्दछ । दलहरूसँग राजनीतिक संस्कृति उन्नत हुनुपर्दछ । राजनीतिक दलका कारणले नै लोकतन्त्रप्रति जनताको विश्वास घट्दै गएको भएपनि लोकतन्त्रको विकल्प छैन । लोकतन्त्रका संयन्त्र, मूल्य तथा मान्यताहरू स्थापित भएका छैनन् । लोकतन्त्रका संयन्त्र, मूल्य तथा मान्यताहरू राज्य र दलहरूमा कामयावी हुन सकेका छैनन् । दलको आन्तरिक जीवन संस्थागतकरण हुनसकेको छैन । अब यसो गर्न ढिलाई गर्नुहुँदैन । वास्तवमा "अन्तरपार्टी लोकतन्त्रले नेतृत्व र पार्टी संरचनाको कार्यलाई लोकतन्त्रीकरण गर्न मद्दत गर्दछ । त्यसैले यो एउटा लोकतन्त्रको निम्ति महत्वपूर्ण पूर्वशर्त हो ।"[३८]

■

[३८] Dahal, Dev Raj, Party Building and Governance in Nepal

# संविधानमा महिला अधिकार
# अन्तरसंवाद कार्यक्रम

*मदन भण्डारी फाउन्डेसनले २०७३ साल जेठ ३० गते **'संविधानमा महिला अधिकारः अन्तरसंवाद कार्यक्रम'** आयोजना गरेको थियो । सहभागि अतिथिहरूलाई नयाँ संविधानबाट महिला अधिकार स्थापना हुने अपेक्षा कस्तो थियो, संविधान निर्माणमा महिलाको भूमिका कस्तो रह्यो, महिला अधिकारको एजेण्डाले संविधान निर्माणलाई कस्तो र कसरी प्रभाव पार्‍यो, संविधानमा महिला अधिकारका के कस्ता प्रावधान लिपिबद्ध गरिएका छन्, संविधानमा उल्लेखित ती प्रावधानको कार्यान्वियनका चुनौती के हुन् र तिनको कार्यान्वियनमा क–कसको कस्तो भूमिका रहनेछ र रहनुपर्छ, संविधानमा लिपिबद्ध हुन नसकेका महिला अधिकार के हुन् र तिनको प्राप्तीमा के कसरी अघि बढ्नुपर्ला ? भन्ने प्रश्न गरेका थियौं । फाउन्डेसनका अध्यक्ष उषाकिरण भण्डारीले सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै अन्तरसंवाद कार्यक्रममा धारणा प्रस्तुत गर्नुहुने सबैमा धन्यवाद व्यक्त गर्नु भएको थियो । पत्रकार सुवास देवकोटाले संचालन गरेको कार्यक्रममा अतिथि महानुभावहरूबाट व्यक्त विचार यहाँ प्रस्तुत गरिएको छ – सम्पादक ।*




**विमला पौडेल राई (पूर्व सदस्य, राष्ट्रिय योजना आयोग):** संविधानसँग महिलाहरूका धेरै अपेक्षाहरू थिए, जनताको बलमा आएको यो संविधानले पूरा पनि गरेको छ । महिलाहरूले जन आन्दोलनदेखि, संसद घेर्ने र संसदमा कलम लिएर जानेसम्म गर्‍यौं । परिणामस्वरुप सम्पत्तिको अधिकार सुनिश्चित गरिएको छ । नागरिकताका सवालमा केही मुद्दा बाँकी छन् । तर सन्तानको नागरिकताका लागि बुबा नै चाहिने परिस्थिति हटेर आमाको नामबाट पनि नागरिकता पाउँने व्यवस्था भएको छ । सम्माननीय राष्ट्रपतिले जसरी त्यसबेला महिलालाई हरेक क्षेत्रमा ३३ प्रतिशत सहभागिता गराउन भूमिका खेल्नु भएको थियो,

त्यसैलाई अहिले संविधानले सुनिश्चित गरेको छ। यो सबैभन्दा ठुलो उपलब्धि हो। यस्तै, महिलाहरूको प्रजनन् स्वास्थ्यमा महिलाकै अधिकार सुनिश्चित गरिएको छ, यो ठुलो उपलब्धि हो। लैङ्गिक हिंसामा न्याय र थप क्षतिपूर्ति पाउने व्यवस्था पनि महत्वपूर्ण उपलब्धि हो।

**२) हरिप्रिया खड्गी (नेता, नेपाल महिला संघ):** महिला अधिकार प्राप्तीका लागि हामीले बिभिन्न बेला आन्दोलन गर्‍यौं। ०६२/०६३ को जनआन्दोलनपछि धेरै उपलब्धि हासिल भए। संविधानले अहिले तिनलाई संस्थागत गर्‍यो। स्थानीय तहमा ५० प्रतिशत महिलाको सहभागिता राखिनु धेरै ठुलो फड्को हो। निर्णायक तहमा महिलाहरू आउन सके भने महिलाका अधिकारहरू स्थापित हुने बाटो खुल्नेछ। संविधानमा अधिकार सुनिश्चित भएर मात्र हुँदैन। यसका लागि महिलाहरूलाई निर्णायक तहमा ल्याउन सक्नु पर्छ। त्यसपछि मात्र महिलाका अधिकार सुनिश्चित हुनेछन्।

**३) आरती चटौत (संचारकर्मी) :** महिला र पुरुषबीच समानता हुनुपर्ने हाम्रो अपेक्षा थियो। तर, वर्षौंदेखि पछि पारिएका महिलाहरूको उत्थानका लागि त्यतिले मात्र पुग्ने होइन। थप अधिकार दिनु पर्छ।

अहिलेको संविधानमा महिलाका अधिकारहरू सुनिश्चित गराउन महिलाहरूको भूमिका एकदमै ठूलो छ। सञ्चारकर्मीको नाताले मेरो अनुभवमा, महिलाहरूको विषयमा गम्भिर भएर लाग्ने भनेका महिला मात्रै हुन्। केहि पुरुषहरू सकारात्मक भएपनि महिलाहरूको सक्रियताबिना यो सम्भव थिएन। संविधानले महिलाका दुई तीनवटा बिषयलाई स्थापित गरेको छ। लिङ्गको आधारमा भेदभाव गरिने छैन भनेको छ। यसले तेस्रो लिङ्गीलाई पनि समेट्छ। कुनै पनि महिलालाई विवाह गरेको आधारमा भेदभाव तथा कुनै अधिकारबाट बञ्चित गरिने छैन भनिएको छ। शारीरिक बनोटको आधारमा भेदभाव गरिने छैन भनेर स्पष्ट पारिएको छ। पैतृक सम्पत्तीमा जन्मसिद्ध अधिकार राखिएको छ। महिलाको हकलाई मौलिक हकमा स्थापित गरिनु त्यतिकै महत्त्वपूर्ण छ। राज्यका हरेक संरचनामा महिलाको समान सहभागितालाई सुनिश्चित पारिएको छ। 'माई बडी माई राइट' लाई स्थापित गरेको छ। महिलाका लागि शिक्षा, स्वास्थ्य तथा रोजगारीलाई मौलिक हकमा स्थापित गरेको छ।

राज्यको निर्देशक सिद्धान्तमा घरमा महिलाले गर्ने कामको पनि आर्थिक मूल्याकङ्न गरिनुपर्ने लेखिएको छ। यो विश्वका अत्यन्तै विकसित मुलुकहरूले पनि स्विकार्न सकेका छैनन्। यसले बजेट विनियोजनमा पनि सकारात्मक प्रभाव पार्नेछ।

**४) निर्मला ढुङ्गाना (प्रतिनिधि, एकल महिला) :** संविधानमा महिलाका अधिकार धेरै समेटिएका छन्। तर, बालविवाहबारे संविधानमा लेखिएको प्रावधान कार्यान्वयन गर्न एकदमै कठिन छ। एकल महिलालाई अहिले पनि असाहय नै मानिएको छ। यस्तो हुनुहुँदैनथ्यो।

**५) बविता वस्नेत (संचारकर्मी) :** महिलाको ३३ प्रतिशत सहभागिताको कुरा राखिनु महत्वपूर्ण उपलब्धि हो। वर्तमान राष्ट्रपति निर्वाचित हुनुभएपछि आम महिलामा महिलाले पनि राष्ट्रप्रमुख भएर देश चलाउन सक्ने रहेछन् भन्ने बुझाई बन्यो। महिलाको भावी पुस्ताले म पनि राष्ट्रपति हुन सक्छु भन्ने सपना देख्दै हुर्कने वातावरणको सिर्जना हुनु निकै ठूलो कुरा हो। यो संविधानले देशमा राष्ट्रपति वा उपराष्ट्रपतिमध्ये एकजना महिला हुनै पर्ने बनाउनु ठूलो उपलव्धी हो।

अबको चुनौती भनेको कार्यान्वयन कस्तो हुन्छ भन्ने मात्र हो। ३३ प्रतिशत सहभागिताको कुरामा महिलाहरूलाई प्रतिस्पर्धा गर्न गाह्रो परिस्थिति नहोस् भन्ने विचार पुर्‍याउनु पर्छ।

**६) डा. मिना आचार्य** (महिला अधिकार अभियन्ता) : संविधानमा लेखिँदैमा पूर्ण भईहाल्यो भन्ने म मान्दिन। कार्यान्वयनका लागि जनचेतना आवश्यक छ। महिलाका लागि आधारभूत शिक्षा, स्वास्थ्य निःशुल्क भनिएको छ। तर, महिलालाई प्रजनन् अधिकार दिनुपर्नेमा सुरक्षित मातृत्व मात्र भनियो। यी दुईबीच धेरै फरक छ। यो विषयमा अन्तरिम संविधानभन्दा अहिलेको संविधान धेरै पछाडी गयो। आर्थिक अधिकारको कुरामा पनि निर्देशक सिद्धान्तमा मात्र राखिएको छ, त्यसलाई संविधानको धारामा राखेर कार्यान्वयन गराउन अर्को संघर्ष गर्नुपर्ने स्थिति बनेको छ। नागरिकताको सवालमा पनि अन्तरिम संविधानभन्दा अहिले केही पछाडी परेको छ।

पार्टीमा महिलाको हैसियतबारे पनि यो संविधानले बोलेको छैन । राम्रो कुरा चाहिँ के छ भने ३३ प्रतिशत महिला उम्मेद्वार बनाउँनै पर्ने प्रावधान छ। ३३ प्रतिशत उम्मेद्वार उठाउन नसक्ने पार्टीले समानुपातिकबाट पनि त्यति पुऱ्याउनु पर्ने प्रावधान अर्को राम्रो पक्ष हो । सामाजिक सुरक्षाको बिषय राखिनु पनि सकारात्मक पक्ष हो । सम्पत्तिमा समान अधिकार भने पनि कसरी पाउने भन्ने कहीँ उल्लेख छैन । यसले कार्यान्वयनमा चुनौती आउन सक्छ ।

महिला हिंसा संविधानमा भएपनि प्रहरीले उजुरी लिन मान्दैन । महिला अस्मिताको बिषयले सामाजिक, आर्थिक, राजनैतिक र मनोवैज्ञानिक असर पार्छ । हिंसा विरुद्ध लडेर न्याय पाउने अधिकार पनि उपलब्ध छ। तर, ऐन आएपछि मात्र धेरै बिषय निश्चित हुने मेरो धारणा छ ।

**७) विमला केसी** (नेत्र, अनेमसंघ क्रान्तिकारी) झण्डै सात दशक संघर्ष गरेका महिलाहरूमा पुरुष सरह स्वतन्त्रता पाउनुपर्ने अपेक्षा अनुसार संविधानमा धेरै पक्ष समेटिएका पनि छन्। यसो हुनुमा महिला अधिकारमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको योगदान छ। नागरिकताको प्रावधान पनि सातचोटी काटेर मात्र यस्तो बनेको हो। महिलाहरू एक नभएको भए यो सम्भव नै थिएन ।

मौलिक अधिकारको धारा १८ मा समानताको हक र धारा ३८ को महिला सम्बन्धि हक संरक्षित छ। जसमा, अंश, वंश, स्वतन्त्रताका हकहरू सम्बोधन गरिएको छ । तर, माथिल्लो सदनमा महिला सहभागिता अनिवार्य गरिएपनि राष्ट्रपति र उपराष्ट्रपतिमा वा राखिएकोमा अन्यौल हुने हुँदा हामीले हटाउन धेरै जोड गर्दा पनि सकिएन। यो प्रावधानले राष्ट्रपति र उपराष्ट्रपति दुवै महिला नपर्न सक्छन् ।

नागरिकतामा पुरुषको सहमतीमा मात्र महिलाको नाममा वंशज कायम गर्न सक्ने व्यवस्था छ। यसलाई आंशिक नै भएपनि सकारात्मक नै मान्नु पर्दछ। संविधान कार्यान्वयनमा एकजुट भएर दबाब र मार्ग निर्देशन गर्न सक्दा सहज हुन्छ ।

**८) गोमा देवकोटा** (अध्यक्ष, अनेमसंघ) महिलाका थुप्रै अपेक्षा रहेकोमा संविधानले अधिंकाश अपेक्षा पुरा गरेको छ। यो संविधान निर्माणमा महिलाहरूले पार्टीभित्र, सदन, सडक सबैतिर आवाज उठाए । यही अथक मिहिनेतका कारण यी उपलब्धि हासिल भएका हुन् ।

तर, हरेक ठाउँमा हामीले ३३ प्रतिशतको व्यवस्था गरेपनि मन्त्रीहरूमा ३३ प्रतिशत लेख्न सकिएन । तर, जति राम्रा प्रावधान छन्, तिनलाई कार्यान्वयन गर्न पनि सम्पूर्ण महिला एकजुट हुनु आवश्यक छ ।

**९) सरस्वती केसी (नेत्र, राप्रपा नेपाल)** जनसंख्याको ५१ प्रतिशत महिलाहरू पुरुषसँग समान हुनुपर्छ भनेर लड्दै आएकोमा यो संविधानबाट पनि पूर्ण समान अधिकार पाउन सकेनौं । केही अधिकार पाएकै हौं । थप अधिकार प्राप्तीका लागि महिलाहरू सशक्तरुपले लाग्नुको बिकल्प छैन ।

**१०) विन्दा पाण्डे** (नेत्र, नेकपा (एमाले) ) जनआन्दोलनको बेलामा संविधान जनताले बनाउने र समानतामा आधारित हुने अपेक्षा थियो। महिलाको अपेक्षा समानताले मात्र पुग्दैन भन्ने हो। किनभने, बहुसंख्यक महिलाहरू सिमान्तकृत अवस्थामै छन्। उनीहरूलाई मूल धारमा ल्याउन केही सकारात्मक व्यवस्था गर्नैपर्छ ।

पहिलो संविधान सभामा अरु जस्तै महिलाहरूको ककस बन्यो, त्यसको दबाबले संविधान निमार्णका लागि बनेका २४ वटा समितिमा आठ/आठ जना महिला रहे । तर, दोस्रो संविधान सभामा ककसप्रति धारणा राम्रो नहुँदा महिलाहरू पनि एकिकृत हुने अवस्था भताभुंग बन्यो। तर, महिलाहरूबीचको समन्वयले सकारात्मक परिणाम ल्याउन सफल भएका छौं ।

अन्तरिम संविधानमा छोरा र छोरीलाई समान अधिकार हुनेछ भनिएको छ। यो प्रावधान एक कदम अघि हो। वंशको सवालमा भने हाम्रो अपेक्षा पूरा भएन । सहभागितामा भने निर्वाचित संस्थाहरूमा मात्रै व्यवस्था गरियो । शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष व्यवस्था गर्न सकिनेछ भनिएको छ। निर्देशक सिद्धान्तको कार्यान्वयनमा संसदीय समितिले अनुगमन गर्ने समिति गठन गरी त्यसको प्रतिवेदन संसदमा छलफल गर्ने उल्लेख छ। यो पहिलेभन्दा सकारात्मक हो ।

**११) सिता पौडेल (नेतृ, अनेमसंघ)** हाम्रो अपेक्षा

समानता नै हो। त्यसका लागि सकारात्मक विभेदको नीति आवश्यक छ। तर, समग्रमा यो संविधानलाई महिलामैत्री मान्न सकिन्छ।

**राधा ज्ञवाली** (नेतृ, अनेमसंघ) यो संविधानलाई नेपालको इतिहासकै उत्तम संविधान भन्न सकिन्छ। एक सय वर्षदेखिको आन्दलोनले चाहेको महिला र पुरुषविचको समानतालाई यसले संस्थागत गरेको छ। तर, सहमतीको दस्तावेज भएकाले यसमा केही छुटेका छन्, जसलाई स्विकार गर्नैपर्छ।

संविधान निर्माणमा महिलाहरूको भूमिका पुरुषहरूको भन्दा फरक छ। पेटमा, काँधमा बच्चा बोकेर संघर्षमा उत्रियौँ। महिला संगठनहरूको उत्तिकै भूमिका छ। यो संविधानमा महिला अधिकारलाई मौलिक हकमा राखिएको छ। प्रस्तावनामै लैगिंक विभेद अन्त्य गर्ने कुरा उल्लेख छ।

संविधानमा महिला आयोगको व्यवस्था छ। नागरिकतामा महिला र पुरुष नछुट्टिनु पर्नेमा केही विभेद छन्। तर, महिलाले विवाह गरेर आउनासाथ नागरिकता दिनुहुन्न भन्नेमा म पनि सहमत छु।

**१२) कमला पन्त** (नेतृ, नेपाली कांग्रेस) धेरै अग्रणी महिलाहरूले अधिकारका लागि ठूलो संघर्ष गर्नुभयो। २००४ सालदेखिको संघर्षको बलमा २०४७ सालमा हामीले पाँच प्रतिशत कोटा पायौँ। जसमा ११ जना चुनाव लड्दा ६ जना महिलाले जिते। त्यसले महिलाहरूले चुनाव जित्दैनन् भन्नेहरूलाई कडा जवाफ दियो। पछि त्यसैलाई आधार बनाएर संकल्प प्रस्ताव पेश गऱ्यौं, जसमा ३३ प्रतिशत, हिंसाको अन्त्य, छोरीलाई अंश र आमाको नामबाट नागरिकता थियो।

अहिले संविधानमा ती संस्थागत भएपनि नागरिकतामा अझै केही विभेद बाँकि छन्।

बराबरी हकको कुरा गर्दा, केही ठाउँमा महिलाहरूको उपस्थिति रहेपनि कार्यकारी ठाउँमा सहभागिताको सुनिश्चितता गरिएको छैन। यो संविधान खुला भएकाले हाम्रा अपेक्षाहरूलाई भोलीका दिनमा संशोधन गरेर प्राप्त गर्न सकिन्छ।

**१३) पुष्पा भुषाल** (नेतृ, नेपाली कांग्रेस) २१ औं शताब्दीमा पनि पितृसत्तात्क मानसिकतामा रहेको समाजमा रहेका विभेद र कुरीतीहरूलाई वैधानिक ढंगले अन्त्य गरेर महिलाको राजनीतिक, आर्थिक र सामाजिक उत्थान गर्ने अपेक्षा केहीरुपमा संविधानले पूरा गरेको छ। महिला हक अधिकारमा अलग वैचारिक विचारधारा भएका महिलाहरू एक ठाउँमा उभिएको इतिहास छ। त्यसैले निरन्तरता पाउँदा परम्परागत र संकिर्ण मानसिकताका राजनैतिक दल पनि सकारात्मक बन्न पुगे र यो उपलब्धि हासिल भयो। नागरिकतामा महिलाले बच्चालाई आफ्नो पहिचान दिने अधिकार पाए। यो हिजो नभएको सकारात्मक काम हो।

मौलिक हकमा राज्यको हरेक अंगमा महिलालाई समानुपातिक रुपमा सहभागि गराईनुपर्छ भने पनि राज्यको हरेक अंगको परिभाषित गर्न बाँकि छ। त्यसलाई बहसको रुपमा उठाउँदा नियमावलीमा सुधार गर्ने ठाउँ अझै बाँकि छ। उपलब्धिहरूलाई भूमिका र चुनौतीसँग जोड्न सक्दा अरु धेरै कुरा हासिल गर्न सक्छौं भन्ने लाग्छ।

**१४) सावित्रा भुषाल** ( नेतृ, अनेमसंघ) संविधानले महिलालाई सबै ठाउँमा ५० प्रतिशत सहभागिता ग्यारेण्टी गरोस् भन्ने हाम्रो अपेक्षा थियो। तर, यो संविधान निमार्ण हुनु भनेकै ऐतिहासिक उलब्धि हो। किनभने, दक्षिण एसिया तथा विकसित देशहरूको भन्दा यो संविधान उत्कृष्ट छ।

यो संविधान प्राप्तीमा लामो र निरन्तर संघर्षको योगदान छ। योगमायाले गर्नुभएको आन्दोलन, जुन बहुविवाह बिरुद्ध, विधवा विवाहको पक्षमा, सतीप्रथा बिरुद्ध थियो, त्यसको पनि योगदान छ। साधना, मंगला, साहानाले शिक्षा सम्बन्धमा गर्नुभएका संघर्ष र पछि विभिन्न महिला संगठनहरूले गरेको आन्दोलनको पनि उत्तिकै भूमिका छ।

**१५) शशी श्रेष्ठ (नेतृ, माओवादी केन्द्र)** राष्ट्र निर्माण र सामाजिक–आर्थिक रुपान्तरणमा महिलाले खेलेको भूमिकाको अनुपातमा यो संविधान आएन। महिलाको सहभागिता बेगर राष्ट्रको सर्वाङ्गिण विकास हुन सक्दैन भनेर भाषणमा भने जसरी राजनीतिक नेतृत्वले व्यवहार गरेन।

तर, विगतलाई हेर्ने हो भने यो संविधानलाई प्रगतिशील भन्न सकिन्छ। संविधान निर्माणमा पनि महिलाको भुमिका महत्वपूर्ण रह्यो। निरन्तर र एकताबद्ध आन्दोलनको परिणाम हो यो। थुप्रै अग्रज

दिदीबहीनीहरूको योगदान छ, यसमा ।

यो संविधानमा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख छ । यसलाई टेकेर हामीले धेरै गर्न सक्छौँ ।

**१६) प्रा. डा. संगीता रायमाझी (महिला अधिकार अभियन्ता)** नागरिकता, सामाजिक उत्थान, आर्थिक विकास जस्ता संविधानमा लेखिएका बिषयको कार्यान्वयनमा केही चुनौती छन् । यसका लागि हामीले राष्ट्रपतिको अम्ब्रेलामा रहेर कसरी अघि बढ्न सकिन्छ भन्ने सुझाव लिइरहेका छौँ । संविधानमा लेखिएका बिषयलाई परिणाममुखी बनाउन संयन्त्र बनाउनुपर्ने हाम्रो विचार छ ।



**१७) दुर्गा पौडेल (नेतृ, राजमो)** महिलाले संविधानमा समानताको हक खोजेका थिए । मानवबीच बिभेद नहोस् भन्ने हाम्रो चाहना हो । यस्तोमा महिलाका अधिकार सुनिश्चित गर्न यो संविधानले हस्तक्षेपकारी भूमिका निर्वाह गरेको छ ।

संविधानको धारा ३८ को ६ वटा बुँदामा सम्पत्तिको हक, प्रजननको हक जस्ता सकारात्मक छन् । महिलाहरूको संयुक्त आन्दोलनले नै यो प्राप्त भएको हो । अब यसलाई कार्यान्वयन गर्न पनि एकताबद्ध भएर लाग्नुपर्नेछ ।

■

## नयाँ संविधान जारी पछि

# राष्ट्रपति र प्रधानमन्त्रीको निर्वाचन सम्पन्न

गणतन्त्र नेपालको दोस्रो र संविधान जारी भएपछि पहिलो राष्ट्रपतिमा विद्यादेवी भण्डारी २०७२ कार्तिक १० गते निर्वाचित हुनु भयो । उहाँ नेपालको पहिलो महिला राष्ट्रपति पनि हो ।

भोजपुरबाट विद्यार्थी राजनीति गर्दै राजनीतिमा संलग्न हुनु भएकी विद्या नेकपा (एमाले) को केन्द्रीय उपाध्यक्ष हुनुहुन्थ्यो । उहाँ बुटवलमा भएको आठौँ र काठमाडौँमा भएको नवौं महाधिवेशनबाट उपाध्यक्ष चुनिनु भएको थियो । उहाँ स्वर्गीय जननेता मदन भण्डारीको पत्नी पनि हुनुहुन्छ ।

२०५० सालको उपचुनावमा कांग्रेसका तत्कालीन सभापति कृष्णप्रसाद भट्टराईलाई पराजित गरेर राष्ट्रिय राजनीतिमा चर्चित हुनुभएकी उहाँले त्यसपछि २०५१ को मध्यावधी र २०५६ को संसदीय निर्वाचनमा पनि बिजयी हाशिल गर्नुभएको थियो । यसअघि उहाँले रक्षा र जनसंख्या तथा वातावरण मन्त्रालय सम्हालिसक्नु भएको थियो ।



संसदमा भएको मतदानमा ५४९ मत खसेकोमा भण्डारीले ३२७ मत पाउनु भएको थियो । उहाँलाई एमालेसँगै एमाओवादी, राप्रपा नेपाल, फोरम लोकतान्त्रिक सहितका दलहरूले मतदान गरेका थिए ।

उहाँका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेद्वार

कुलबहादुर गुरुङले २१४ मत पाउनु भएको थियो। गुरुङलाई कांग्रेस बाहेक केही साना दलको समर्थन थियो। मधेसी मोर्चासहित केही साना दलले भाग नलिएको उक्त निर्वाचनमा ८ मत बदर भएको थियो।

राष्ट्रपतिमा निर्वाचित भएपछि सञ्चारकर्मीलाई पहिलो प्रतिक्रिया दिँदै भण्डारीले मुलुकको सार्वभौमिकता र संविधानको रक्षा गर्दै समृद्धिका लागि आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

नयाँ संविधानको कार्यान्वयन गर्दै मुलुकसामु तेर्सिएका समस्याको मिलेर समाधान गर्नुपर्ने उहाँको जोड थियो। 'मुलुकको हित नै मेरो सर्वोपरी हित हो। मुलुक र जनताप्रतिको जिम्मेवारी पूरा गर्नेछु' त्यसक्रममा उहाँको प्रतिक्रिया थियो।

**प्रधानमन्त्रीमा केपी शर्मा ओली**

नेकपा (एमाले) का अध्यक्ष तथा संसदीय दलका नेता केपी ओली २०७२ साल असोज २३ गते प्रधानमन्त्रीमा निर्वाचित भएपछि असोज ३ गते जारी संविधान पहिलो पटक कार्यान्वयन भयो।

प्रधानमन्त्रीमा निर्वाचित हुन २ सय ९८ सांसदहरूको मत चाहिनेमा ओलीले ३ सय ३८ मत पाउनु भएको थियो। ५ सय ८७ सांसदमा नेपाली कांग्रेसका सभापति सुशिल कोइरालाले २ सय ४९ मत मात्र पाउनु भएको थियो।

यसरी, नयाँ संविधान अन्तर्गत नियुक्त हुने ओली पहिलो प्रधानमन्त्री हुनु भयो।

निर्वाचन हुनु अघि सहमतिमा सरकार निर्माण गर्ने प्रयास निकै चलेपनि हुन नसकेपछि तत्कालिन राष्ट्रपति डा. रामवरण यादवले बहुमतीय प्रक्रिया सुरु गर्न आह्वान गर्नु भएको थियो।



त्यो आह्वान अनुसार संसदले बहुमतीय प्रक्रिया सुरु गरेपछि नयाँ प्रधानमन्त्रीका लागि दुई सत्ताधारी दलहरू नेपाली कांग्रेस र नेकपा (एमाले) का प्रमुखहरूले उम्मेद्वारी दर्ता गराउनु भएको थियो। यसरी, केही महिनाअघि नेपाली कांग्रेस, नेकपा (एमाले) र एनेकपा माओवादीबीच संविधान निर्माण र सहमतिमा नयाँ सरकार निर्माण गर्ने सहमति खण्डित हुन पुगेको थियो। तीन दलबीच नेपाली कांग्रेस नेतृत्वको सरकारले संविधान जारी गर्ने तथा त्यसपछि नेकपा (एमाले) नेतृत्वको सरकार निर्माण गरेर त्यसैलाई निर्वाचन गराउने जिम्मा दिने भद्र सहमति भएको थियो।

यस्तोमा एमाले अध्यक्ष ओलीलाई एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालले प्रधानमन्त्रीको उमेद्वारमा प्रस्ताव गर्नुभएको थियो भने अर्को प्रतिपक्षी दल राप्रपा नेपालका अध्यक्ष कमल थापाले त्यसलाई समर्थन गर्नु भएको थियो।

त्यसबाहेक, संविधान जारी गर्ने अन्तिम समयमा बाहिरिएको मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) का अध्यक्ष विजयकुमार गच्छदारले एमाले र एकीकृत माओवादीसंग ८ बुँदे सहमति गर्दै अध्यक्ष ओलीलाई नै

समर्थन गर्नुभएको थियो । यी बाहेक अरु एक दर्जन साना दलहरूको पनि ओलीलाई समर्थन रहेको थियो ।

उता, तत्कालिन प्रधानमन्त्री सुशील कोइरालालाई संविधान निर्माण र जारीमा असन्तुष्ट तराई केन्द्रीत दलहरूको समूह संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले संसद सुरु हुनु केही अघि सहयोग गर्ने निर्णय गरेको थियो ।

संसदलाई सम्वोधन गर्ने क्रममा प्रधानमन्त्रीका उमेद्वार ओलीले आफुहरूले अन्तिमसम्म पनि कांग्रेसलाई सघाएको भन्दै विगतको सहमतिको आधारमा आफ्नो उम्मेद्वारी फिर्ता लिएर आफुलाई समर्थन गर्न कोइरालालाई आग्रह गर्नुभएको थियो ।

प्रधानमन्त्रीमा निर्वाचित भएपछि ओली बसेकै स्थानमा आएर प्रतिस्पर्धी कोइरालाले बधाई दिनु भएको थियो । त्यबेला एमाले सभासदको घेरामा रहनु भएका ओली र कोइरालाले अंकमाल गर्नुभएको थियो ।

त्यसलगत्तै एमाओवादी अध्यक्ष दाहालले पनि ओलीलाई अङ्कमाल गर्दै बधाई दिनु भएको थियो ।

प्रधानमन्त्रीमा निर्वाचित भएपछि ओलीले सबै राजनीतिक दललाई साथमा लिएर अघि बढ्ने बताउनु भएको थियो ।

यसरी, प्रजातन्त्रको पुर्नबहालीपछि २०५१ सालमा पहिलो पटक सरकारको नेतृत्व गरेको एमालेले गणतन्त्र स्थापनापछि आफ्ना तीन जना शीर्ष नेतालाई प्रधानमन्त्रीको कुर्सीमा पुर्‍याउन सफल भएको थियो । पहिलो संविधानसभामा तेस्रो स्थान हासिल गरेर पनि एमालेका तर्फबाट माधवकुमार नेपाल र झलनाथ खनालले प्रधानमन्त्रीको जिम्मेवारी पाउनु भएको थियो ।



यी पुराना प्रसङ्गभन्दा धेरै फरक यो पटक, नेकपा (एमाले) ले राष्ट्रपति र प्रधानमन्त्री दुवै पदमा आफ्ना उमेद्वारहरूलाई बिजयी बनाउन सफल भयो । मुलुकका दुई प्रमुख पदमा आफ्ना उमेद्वार बिजयी बनाउनु भनेको राष्ट्रको नेतृत्व गर्ने दिशामा महत्वपूर्ण सफलता हो ।

■

# गतिविधि

**६४ औँ मदन जयन्तीको अवसरमा विचार गोष्ठी**

जननेता मदन भण्डारीको ६४ औँ जन्मजयन्तीको अवसरमा मदन भण्डारी फाउन्डेसन केन्द्रीय कार्यसमितिको आयोजनामा २०७२ साल असार १४ गते काठमाडौँमा एक विचार गोष्ठीको आयोजना गरियो । **जनताको बहुदलीय जनवाद र सामाजिक आर्थिक रुपान्तरण** विषयक विचार गोष्ठीमा प्रमुख अतिथि मदन भण्डारी फाउन्डेसनका संरक्षक तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली हुनुहुन्थ्यो ।



उहाँले नै प्रमुख वक्ताको रुपमा गोष्ठीमा विचार प्रस्तुत गर्नुभएको थियो । एमालेका उपाध्यक्ष वामदेव गौतमले समेत गोष्ठीमा विचार व्यक्त गर्नुभएको थियो । नेकपा (एमाले) केन्द्रीय कमिटीका सचिव प्रदीप ज्ञवालीले जननेता मण्डारीको व्यक्तित्व र उहाँको योगदानको बारेमा चर्चा गर्नुभएको थियो भने एमाले स्थायी समितिका सदस्य शंकर पोखरेलले **जनताको बहुदलीय जनवाद र सामाजिक आर्थिक रुपान्तरण** विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको अध्यक्षता मदन भण्डारी फाउन्डेसनका तत्कालिन अध्यक्ष श्रीमती विद्यादेवी भण्डारीले गर्नुभएको थियो । स्वागत मन्तव्य श्री सानुकुमार श्रेष्ठ र संचालन फाउन्डेसनका सचिव भेषराज अधिकारीले गर्नुभएको थियो ।



## कार्यपत्र

## सामाजिक-आर्थिक रूपान्तरण र जनताको बहुदलीय जनवाद

'देशमा जनताको जनवादी राजनीतिक सत्ताको स्थापनापछि जनवादी अर्थव्यवस्थाको निर्माण गर्ने, सुदृढीकरण गर्ने र समाजवादमा संक्रमणको निम्ति भौतिक तयारी गर्ने कामलाई ठोस योजनाका साथ अघि बढाइने छ ।'

***जननेता मदन भण्डारी***

### १. जनताको बहुदलीय जनवाद र यसका विशेषता

जनताको बहुदलीय जनवाद जननेता मदन भण्डारीको अगुवाइमा प्रतिपादित नेपाली क्रान्तिको मौलिक कार्यक्रम हो । ८० को दशकमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले बेहोर्नु परेको अभूतपूर्व धक्का, नेपालको कम्युनिस्ट तथा प्रजातान्त्रिक आन्दोलनका अनुभव तथा नेपाली समाजका विशेषता तथा विशिष्टताको गहिरो विश्लेषण गरी अघि सारिएको यस कार्यक्रमले नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशनबाट विधिवत मान्यता पाउन सफल भएको थियो । त्यसयता जबजका प्रयोग र विकासका २३

वर्षहरू बितेका छन् । पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशनमा नेपाली क्रान्तिको कार्यक्रमका रूपमा स्विकार गरिएको जबजले पार्टीको छैटौं महाधिवेशनमा आइपुग्दा नेतृत्वकारी विचारको मान्यता पाउन सफल भएको थियो । पार्टीको आठौं महाधिवेशनबाट यसले मार्गदर्शक सिद्धान्तका रूपमा आफुलाई स्थापित गर्न सफल भयो । नवौं महाधिवेशनमा आइपुग्दा सिद्धान्त नबनाइकनै सिद्धान्त भनियो भन्ने कोणबाट प्रश्नहरू उठाइयो । तर नवौं महाधिवेशनले त्यस विषयलाई स्पष्ट गर्दै जनताको वहुदलीय जनवाद सिद्धान्तका रुपमा स्थापित भइसकेको निश्कर्ष निकाल्यो ।




उक्त महाधिवेशनबाट पारित दस्तावेजमा भनिएको छ 'जनताको वहुदलीय जनवाद नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त हो । यो नेपाली समाजको गुणात्मक रूपान्तरण गर्ने कार्यक्रम मात्र होइन, त्यस्तो कार्यक्रमको निरूपण, त्यसका रणनीतिहरूको तर्जुमा, त्यस्तो रणनीतिहरूको कार्यान्वयन गर्ने पार्टीको निर्माण एवं हाम्रा दैनन्दिनका आचरण र व्यवहारलाई दिशा निर्देश गर्ने सिद्धान्त हो । मार्क्सवादका सार्वभौम सच्चाइहरूलाई नेपाली क्रान्तिको विशिष्ट व्यवहारमा लागु गर्ने क्रममा जनताको वहुदलीय जनवादको विकास भएको हो ।' यस कार्यक्रमका विशेषतालाई निम्न रूपमा शुत्रवद्ध गर्न सकिन्छ :

- कम्युनस्टि आन्दोलनको लोकतान्त्रिकरण जबजको सर्वाधिक महत्वको विशेषता हो । यसले राज्यसत्ता, शासन प्रणाली र पार्टीको आन्तरिक जीवनको व्यवस्थापनमा समेत लोकतान्त्रिकरणको मान्यतालाई आत्मसात गरेको छ । पूँजीवादसम्म आइपुग्दा मानव जातीले आर्जन गरेका जीवन्त र मूल्यवान उपलब्धीहरूलाई पूँजीवादी ठान्ने कम्युनिस्ट आन्दोलनको गलत मान्यतालाई सच्याउने काम गरेको छ । पूँजीवादीहरूले आफ्नो वर्गका स्वार्थका लागि उपयोग गरिरहेका मानव जातीले आर्जन गरेका जीवन्त र मूल्यवान उपलब्धिहरूलाई श्रमजिवी वर्गको मुक्ति र हितका पक्षमा लगाउन सकिने सही दृष्टिकोणलाई जबजले अघि सारेको छ । दर्शनको क्षेत्रमा द्वन्द्वात्मक भौतिकवादको विकास जस्तै राजनीतिक शास्त्रको क्षेत्रमा जवजको यो मान्यता त्यतिकै महत्त्वको विषय हो ।
- जनताको वहुदलीय जनवादले क्रान्तिपूर्व पनि कम्युनिस्टहरू जनताको विश्वास जितेर सरकारको नेतृत्व गर्न सक्छन् र सरकारको नेतृत्वका माध्यमबाट राज्यसत्ताको उपरिसंरचनामा हस्तक्षेप गरेर समाजका रूपान्तरणको आधार तयार गर्न सक्छन् भन्ने मान्यता अघि सार्‍यो । ०५१ सालमा कमरेड मनमोहन अधिकारीको नेतृत्वमा कम्युनिस्ट नेतृत्वको सरकार गठन गरी त्यसको सफल प्रयोग गरेर उक्त मान्यतालाई सार्थक बनाउने काम गर्‍यो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका सन्दर्भमा जबजको यो प्रयोग आफैंमा नौलो सफल प्रयोग थियो ।
- जनताको बहुदलीय जनवादको अर्को महत्वपूर्ण विशेषता जनसहभागितामुलक विकास अवधारणा र लोककल्याणकारी राज्य व्यवस्थाको निर्माण हो । नेकपा (एमाले) को नौ महिने सरकारले अघि सारेको आफ्नो गाउँ आफै बनाउँ कार्यक्रम, नौ स को कार्यक्रम, वृद्धभत्ता र विधवा भत्ताको कार्यक्रम जस्ता जनसहभागितामुलक विकास कार्यक्रम र सामाजिक सुरक्षा कार्यक्रमको सफलताले त्यसको सान्दर्भिकतालाई पुष्टि गरे । यतिवेला ती कार्यक्रमहरू नेपाली लोकतन्त्रको विकासका सकारात्मक दृष्टान्तका रूपमा स्थापित बन्न पुगेका छन् ।
- संगठनात्मक जीवनको लोकतान्त्रिकरण जवजको महत्वपूर्ण विशेषता हो । यसका मान्यताहरूले नेकपा (एमाले) को आन्तरिक जीवनलाई मात्रै लोकतान्त्रिकरण गरेको छैन, नेपालको समग्र राजनीतिक आन्दोलन र संगठनात्मक क्षेत्रलाई

समेत गहिरो गरी प्रेरित र प्रभावित गरेको छ। नेतृत्वको केन्द्रिकरणको कुरा गर्ने माओवादीहरू वहुपदिय संरचनामा आउनु र प्रेसिडेन्सियल सिस्टममा विश्वास गर्ने नेपाली कांग्रेस समेत महाधिवेशनबाटै वहुसंख्यक पदाधिकारी र सदस्यको निर्वाचन गर्न आइपुग्नु जवजको सफलता हो ।

- यतिबेला जनताको वहुदलीय जनवादले नेपालको लोकतान्त्रिक आन्दोलनलाई नै दिशानिर्देश गरिरहेको छ। नेपाल अधिराज्यको संविधान २०४७ जारीगर्दाका वखत जननेता कमरेड मदन भण्डारीले पार्टी प्रमुखको हैसियतमा सार्वजनिक गर्नु भएका २७ बुँदे असहमती ०६२/६३ को शान्तिपूर्ण जनआन्दोलनको सफलता पछि पुनर्स्थापित प्रतिनिधिसभाको जेठ ४ को ऐतिहासिक घोषणाका माध्यमबाट स्थापित भए। त्यति मात्रै होइन नेपाली समाजमा राजनीतिक परिवर्तनको जुन प्रकारको विशिष्ट स्थिति देखापरेको छ त्यो आफैंमा विशिष्ट छ। त्यसले एकातिर संवैधानिक राजतन्त्रलाई सिद्धान्तका रूपमा अघि सार्दै आएको नेपाली कांग्रेस गणतन्त्रका पक्षमा र एकदलीयता र दिर्घकालीन जनयुद्धलाई आफ्नो आधारभूत सिद्धान्तका रूपमा अघि सार्दै आएका माओवादीहरू शान्ति प्रकृयाका माध्यमबाट लोकतन्त्रको बाटोमा आइपुग्नु कम महत्वको विषय होइन। यस प्रकारको परिस्थिति निर्माणमा जवजको वैचारिक पक्षको महत्वपूर्ण भूमिका रहेको छ। यस अर्थमा जवजलाई उक्त आन्दोलनको वैचारिक आधारका रूपमा लिनु उपयुक्त हुन्छ ।
- समाजका सबै वर्ग र समुदायका बिचमा राजनीतिलाई स्थापित गर्ने गरी आधारभूत तहको लोकतन्त्रलाई स्थापित गर्नु जबजको अर्को महत्वपूर्ण विशेषता हो। छयालिसको परिवर्तन पछि जननेता मदन भण्डारीले स्थानिय स्वायत्त शासन स्थापना गर्ने उद्देश्यका साथ तदनुरूपको कानुन निर्माणमा जोड दिनु भएको थियो। तर तात्कालिक नेपाली काँग्रेसको सरकारले त्यसको महत्त्वलाई बुझ्न सकेन। पछि नेकपा (एमाले) ले उक्त ऐनमा संशोधन गरी स्थानिय निकायलाई बलियो बनाउने कामको नेतृत्व गऱ्यो। आज नेपाली समाजको तल्लो तहसम्म देखिएका विकासका सकारात्मक पहलकदमीमा त्यस प्रयासको महत्वपूर्ण योगदान रहेको छ। यद्यपि जननेता मदन भण्डारीले परिकल्पना गर्नु भए झैँ स्थानिय निकायलाई स्वायत्त शासनको अवधारणा अनुरूप विकास गर्न भने सकिएन। उक्त अवधारणा अनुरूप स्थानिय निकायको सफल प्रयोग गर्न सकेको भए नेपाली समाजमा राज्यको पुनर्संरचना र संघियताका नाममा जातिय र साम्प्रदायिक विचारहरू मौलाउन पाउने थिएनन् ।
- जनताको वहुदलीय जनवादको महत्वपूर्ण विशेषता सिद्धान्त र व्यवहार तथा रूप र सारको बिचमा तादम्यता कायम गर्ने कुरा पनि हो। नेपालको कम्युनिस्ट आन्दोलनलाई यस दृष्टिकोणले वहुसंख्यक जनताका बिचमा पुग्न र स्थापित हुन ठुलो सहयोग पुऱ्याएको छ। यही दृष्टिकोणले नै नेकपा (एमाले) पंक्तिलाई प्रतिस्पर्धा र पहलकदमीका आधारमा नेतृत्वमा स्थापित हुन प्रेरित गरेको छ। अहिलेसम्म नेकपा (एमाले) राज्यको औपचारिक चुनावमा वहुमत हासिल गर्न असफल रहे पनि सामाजिक जीवनका धेरै अंगहरूमा नेतृत्वकारी हैसियत पाउन सक्नुमा त्यस प्रकारको दृष्टिकोणको महत्वपूर्ण योगदान रहेको छ। विनासकारी भूकम्प पछिको राहत र पुनर्स्थापनाको काममा नेकपा (एमाले)का स्वयंसेवकहरूले देखाएको समाज सेवाको अनुपम् दृष्टान्तले पनि जबजको वैचारिक सामर्थ्यलाई उजागर गरेको छ।
- जनताको बहुदलीय जनवादको सर्वाधिक महत्वको विशेषता मध्ये क्रान्तिकारी सारतत्व सहितको लोकतान्त्रिक मान्यतालाई अंगिकार गर्न सक्नु हो। कतिपयले क्रान्तिकारिताको पक्षलाई देख्ने तर त्यसको नाममा लोकतान्त्रिक मान्यतालाई उपेक्षा गर्ने र कतिपयले लोकतान्त्रिक मान्यतालाई बोक्ने तर क्रान्तिकारी सारतत्वलाई छोड्ने गल्ती गर्न पुग्दछन्। तर जबजले उपरोक्त दुबै मान्यतालाई गहिरो गरी आत्मसात गरेको छ। त्यही दृष्टिकोणवाट निर्देशित हुन सकेका कारणले नै नेकपा (एमाले) ले ०६२/६३ को ऐतिहासिक जनआन्दोलनको सफलता पछि पनि आर्थिक

सामाजिक रूपान्तरणको अपरिहार्यतामा जोड दिन पुगेको हो। नेपाली समाजको पछिल्लो राजनीतिक विकासक्रमलाई संस्थागत गर्नका लागि नेकपा (एमाले)ले अवलम्वन गरेको यो दृष्टिकोणको निकै ठुलो महत्व रहेको छ।

## २. परिवर्तित सन्दर्भमा जनताको वहुदलीय जनवाद

०६२/६३को परिवर्तन पछि जनताको वहुदलीय जनवादको सान्दर्भिकताका सन्दर्भमा विभिन्न कोणबाट प्रश्नहरू उठाइए। कतिपयले जनताको वहुदलीय जनवाद राजतन्त्र विरोधी गणतन्त्रात्मक कार्यक्रम भएका कारणले राजतन्त्रको अन्त्यसँगै त्यसको सान्दर्भिकता सकिएको तर्क गरे। कतिपयले जनताको वहुदलीय जनवादको कार्यक्रमिक औचित्य सकिएको, त्यसको सैद्धान्तिक औचित्य मात्र बाँकी रहेको तर त्यसको संश्लेषण हुन बाँकी रहेको विश्लेषण अघि सारे। तर पार्टीको नवौं राष्ट्रिय महाधिवेशनले त्यस सम्वन्धि भ्रम र अन्यौललाई चिर्दै जनताको वहुदलीय जनवादको कार्यक्रमिक पक्ष जारी नै रहने र जनताको वहुदलीय जनवाद सिद्धान्तका रूपमा स्थापित भइसकेको निश्कर्ष निकाल्यो। यस सन्दर्भमा नवौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छः

'हामीले जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्वन गरेकाछौं, त्यस अनुसार समाजवाद लोकतान्त्रिक विधिभित्रै रहेर निर्माण हुनेछ। अर्थात् समाजवादको पनि राजनीतिक व्यवस्था आधारभूत रूपले लोकतान्त्रिक गणतन्त्र नै हुनेछ। त्यस हिसावले हामीले स्थापना गरेको लोकतान्त्रिक गणतन्त्रले हाम्रा लागि समाजवादमा पुग्दासम्म अवलम्वन गरिने राजनीतिक व्यवस्थाको महत्व राख्दछ। अव यस लोकतान्त्रिक गणतन्त्रलाई स्वच्छन्द पूँजीवादको विकास तर्फ अघि बढाउन चाहने बुर्जुवा वर्ग र लोकतान्त्रिक गणतन्त्रको आर्थिक सामाजिक तथा साँस्कृतिक ढाँचा विकास गर्ने समाजवाद तर्फ जाने श्रमजिवी वर्गका बिचमा अन्तरविरोध चर्किंदै जानेछ। अर्थात् राजनीतिक व्यवस्थाका हिसावले हाम्रा लागि समाजवादसम्मको ढोका खुलेको छ। तर सामाजिक आर्थिक विकासका हिसावले- उत्पादन शक्तिको विकासका हिसावले हामी असाध्यै पछि परेको हुँदा हामीले अहिल्यै समाजवादी कार्यभार निर्धारण गर्न सक्दैनौं। तसर्थ समाजवादको आधार तयार गर्नका लागि जनताको वहुदलीय जनवादी कार्यक्रममा आधारित भएर नयाँ आर्थिक सामाजिक रूपान्तरणका कार्यहरू अघि बढाउनु पर्छ। त्यसैले वर्तमान अवस्थामा पनि हाम्रो कार्यक्रम जनताको वहुदलीय जनवादी कार्यक्रम नै हुनेछ।'

## ३. सामाजिक-आर्थिक विकास र रूपान्तरणको जवजको बाटो

जननेता मदन भण्डारीले क्रान्तिपश्चात् जनवादी व्यवस्थाले समाजवादमा संक्रमणका लागि लामो तयारी गर्नुपर्ने र त्यस दौरान उत्पादक शक्तिको विकास र राष्ट्रिय अर्थतन्त्रको सुदृढिकरणलाई केन्द्रविन्दुमा राख्नुपर्ने कुरामा विशेष जोड दिनुभएको छ। कतिपय मुलुकहरूले समाजवादमा प्रवेशको हतारोले आर्थिक विकासका वस्तुगत नियमहरूलाई उल्लंघन गर्दै मनोगत निर्णयहरू गर्न पुग्दा ती देशले ठुलो मुल्य चुकाउनु परेको अनुभवलाई संश्लेषण गर्दै निकालिएको यो निश्कर्ष निकै मनन् योग्य छ।



जवजको कार्यक्रमले जनताको जनवादी व्यवस्थाको सुदृढीकरणको बाटोबाट नै शान्तिपूर्ण ढंगले समाजवादमा पुग्न सकिने मान्यतालाई अघि सारेको छ। तर त्यो काम सैद्धान्तिक आग्रहबाट प्रेरित भएर हासिल हुन नसक्ने कुरा जवजले स्पष्ट रूपमा अघि सारेको छ। जवजको मान्यता अनुरूप जनवादी व्यवस्थालाई सुदृढ गरी समाजवादमा संक्रमणका लागि आधार तयार गर्न अपेक्षाकृत रूपमा लामो समय लाग्न सक्छ। जवजले जनवादी व्यवस्थाको सुदृढीकरण गर्दै समाजवादमा संक्रमणको आधार तयार गर्नका लागि तीनवटा विशेष अवधि पार गर्नुपर्ने मान्यता अघि सारेको छ। पहिलो- पुरानो व्यवस्थाका शोषण र

उत्पीडनका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रित भएर लाग्ने अवधि, दोस्रो- नयाँ उत्पादन सम्वन्धको आधारमा समाजका सबै क्षेत्रमा भौतिक र साँस्कृतिक दुबै हिसावले विकास गर्ने कुरामा केन्द्रित भएर लाग्ने अवधि र तेस्रो- समाजवादमा संक्रमणको निम्ति केन्द्रित भएर भौतिक तथा साँस्कृतिक तयारी गर्ने अवधि । स्वभाविक रूपमा यस्ता ठोस कुराहरू सम्पादन गर्न अपेक्षाकृत लामो समय चाहिन्छ नै । त्यसमाथि जस्तो प्रकारको राजनीतिक परिस्थितिबाट हामी अगाडि बढ्दैछौं, त्यसका लागि अझै ज्यादा पहलकदमी र प्रतिस्पर्धाको खाँचो पर्दछ । जवजले राम्रो काम समेत राम्रो तरिकाले नै सम्पन्न गर्नु पर्दछ भन्ने मान्यतामा जोड दिन्छ । त्यसका लागि बल प्रयोग होइन, सेवा र घनिष्ट सम्वन्धबाट जनताको विश्वास प्राप्त गर्नु पर्ने हुन्छ । जनताको व्यापक सहभागिता र समर्थन विना कुनै पनि काम दिगो रूपमा सम्पन्न गर्न सकिँदैन । जनताको वहुदलीय जनवादको दृष्टिकोणका आधारमा नेपाली समाजको सामाजिक आर्थिक विकास र रूपान्तरणको कामलाई यसै दृष्टिकोण अनुरूप अघि वढाउनु पर्ने हुन्छ । जवजको अवधारणा अनुरूप आर्थिक सामाजिक विकास र रूपान्तरणको कामलाई योजनावद्ध रूपमा अघि बढाउने हो भने निम्न कुरामा विशेष ध्यान दिनुपर्ने हुन्छ ।

### क) राज्य व्यवस्था र शासन प्रणाली

राज्यसत्ता र शासन प्रणालीको प्रश्न राजनीतिको केन्द्रिय प्रश्न हो । जनताको वहुदलीय जनवादले राज्यसत्ता र शासन प्रणालीका प्रश्नमा मौलिक मान्यता अघि सारेको छ । कम्युनिस्ट नेतृत्वमा स्थापित अहिलेसम्मका जनवादी र समाजवादी राज्य सत्ताहरू एकदलीय रहने गरेका र त्यसको आधारका रूपमा सर्वहारा वर्गको अधिनायकत्वलाई प्रस्तुत गर्ने गरेको सन्दर्भलाई अनुचित ठानेको छ । साथै त्यसले पूँजीवादीले भन्ने गरेको वर्गविहिन वा वर्गभन्दा माथिको राज्यसत्ताको कुरा भ्रमपूर्ण विषय भएको निश्कर्ष निकालेको छ । जवजले अधिनायकत्वको विषयलाई राज्यसत्तामा वर्गको नेतृत्व स्थापित गर्ने र प्रभुत्व हासिल गर्ने विषयका रूपमा लिनुपर्ने मान्यता अघि सारेको छ । त्यसका लागि एकदलीयता वा अधिनायकत्वको मान्यता गलत रहेको निश्कर्ष निकालेको छ । प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने विधिबाट नै राज्यसत्तामा सर्वहारा श्रमजीवी वर्गले आफ्नो नेतृत्व र प्रभुत्व कायम गर्न सक्दछन् र सक्नु पर्दछ भन्ने मान्यता अघि सारेको छ । त्यसका लागि संघर्ष, सेवा, पहलकदमी र प्रतिस्पर्धाको विधिमा जोड दिएको छ ।

यतिबेला हामी संविधान सभाबाट नयाँ संविधान निर्माण गर्ने अन्तिम चरणमा छौँ । हामीले निर्माण गर्ने संविधानले कानुनी रूपमा राज्यसत्तामा कुनै पनि वर्गलाई निषेध गर्ने हुनुहुँदैन । पूँजिवादीहरू हुन् या समाजवादी या कम्युनिस्ट जो सुकैलाई पनि जनताको विश्वास जितेर अघि बढ्ने बाटो दिनु पर्दछ । जवजले त कम्युनिस्ट पार्टीको विकल्प कम्युनिस्ट पार्टी समेत हुनसक्ने सैद्धान्तिक मान्यतालाई अंगिकार गरेको छ । जवकी विश्व कम्युनिस्ट आन्दोलनमा एउटा देशमा एउटा मात्रै क्रान्तिकारी कम्युनिस्ट पार्टी हुन्छ भन्ने मान्यता अन्तरगत अन्य सबै समुहहरूलाई अस्विकार गर्ने मान्यता अवलम्वन गरे । अरुको अस्तित्व स्विकार गरेको दावी गर्नेहरूले पनि प्रतिस्पर्धाको बाटोलाई रोक्न पुगे । यस प्रकारको मान्यताले असल कामका लागि असल बाटोको मान्यता समेत अवरुद्ध भयो । जवजले त्यस प्रकारको कमजोरीबाट कम्युनिस्ट आन्दोलनलाई मुक्त गर्ने सोच अघि सारेको छ । सामाजिक आर्थिक विकास र रूपान्तरणको कार्यदिशातर्फ अघि बढिरहँदा हामीले राज्यसत्ताको प्रश्नलाई सोही अनुरूप ग्रहण गर्नु पर्दछ ।

### ख) आर्थिक सामाजिक व्यवस्था

उत्पादक शक्ति र उत्पादन सम्वन्ध बिचको अन्तरविरोधबाट क्रान्तिको जन्म हुन्छ र क्रान्तिले उत्पादक शक्तिको विकासको स्तर अनुरूपको प्रगतिशील उत्पादन सम्वन्धको विकास गर्दछ । यदि क्रान्तिपश्चात् समाजमा प्रगतिशील उत्पादन सम्वन्धको विकास भएन भने त्यस्तो राजनीतिक क्रान्तिका उपलब्धिहरू संकटमा पर्दछन् । राज्यसत्तामा प्रतिगमन वा प्रतिक्रान्तिको खतरा रहिरहन्छ । उत्पादक शक्ति, उत्पादन सम्वन्ध र क्रान्ति बिचको यो सम्वन्धलाई बुझेर नै हामीले हाम्रो समाजको परिवर्तनको प्रकृयासँग तादाम्यता राख्न सक्ने नयाँ आर्थिक व्यवस्था निर्माण गर्नुपर्ने हुन्छ । त्यसका लागि सबैभन्दा पहिले अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाका

अवशेषहरूलाई समाप्त पार्ने काममा केन्द्रित भएर लाग्नु पर्ने हुन्छ ।

सामन्ती अवशेषको विद्यमान अवस्थाका वारेमा नवौं महाधिवेशनको राजनीतिक प्रतिवेदनमा भनिएको छः 'लामो समयसम्म रहेको सामन्तवाद, सामन्ती उत्पादन सम्वन्ध, सामन्ती उत्पादन पद्धति र सामन्ती सामाजिक आर्थिक ढाँचाले पारेका प्रभावहरू र त्यसका अवशेषहरू अझै पनि नेपाली समाजमा विद्यमान छन् । देशमा अझै औद्योगिक पूँजी र राष्ट्रिय उद्योग व्यवसायको व्यापक विकास भैसकेको छैन । राष्ट्रिय पूँजीको विकास कमजोर अवस्थामा नै छ । वित्तिय र व्यापारिक पूँजीको विकास भने व्यापक रूपमा भइरहेको छ । कृषिमा गुजारा श्रमको प्रचलन अझै ठूलो मात्रामा रहनु, लाखौँको संख्यामा भूमिहिन किसानहरू रहनु, अझै दर्ता नभएको तर वसोवास गरेको जमिन ठुलो मात्रामा रहनु, जमिनको वितरणमा खाडल रहनु जस्ता स्थितिहरू विद्यमान छन् । तिनीहरू सामन्तवादका अवशेषहरू नै हुन् । अव नेपाली समाजलाई नयाँ स्तरबाट लोकतान्त्रिकरकरण गर्ने र समाजवादउन्मुख बनाएर अघि बढाउने क्रममा नै यी अवशेषहरूलाई पनि समाप्त गर्न सकिन्छ ।'

पार्टीले आर्थिक सामाजिक परिवर्तन र विकासलाई प्रमुख कार्यभारका रूपमा ग्रहण गरिरहेको बेला कस्तो प्रकारको आर्थिक व्यवस्थाको निर्माण गर्ने भन्ने प्रश्न महत्वपूर्ण प्रश्न हो । जबजले समाजवादउन्मुख जनवादी व्यवस्थाको निर्माण गर्ने स्पष्ट मान्यता अघि सारेको छ । यस अन्तरगत सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद, वैदेशिक एकाधिकार पूँजिवाद तथा साम्राज्यवादका शोषण, उत्पीडन र प्रभुत्वका सम्पूर्ण आधारहरू र अवशेषहरूलाई अन्त्य गर्दै जनवादी अर्थ व्यवस्थाको निर्माण गर्ने, स्थापित गरिएको नयाँ जनवादी उत्पादन सम्वन्धको आधारमा जनता र देशको जीवनस्तर माथि उठाउने खालका, उत्पादन वृद्धि र विकास निर्माणका ठोस कामहरू गर्दै राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक सबै क्षेत्रमा जनताको जनवादी व्यवस्थालाई सुदृढ एवं विकसित बनाउने र प्रगतिशील नयाँ सामाजिक व्यवस्थाको बलियो जगमा उभिएर समाजवादमा संक्रमण गर्ने ठोस भौतिक तयारीको काममा केन्द्रित भएर संचालन गर्ने आधारभूत महत्वका कामहरू क्रमशः संचालन गरिने छ । जनवादी अर्थव्यवस्थाको आधारभूत चरित्र मिश्रित अर्थतन्त्र हुनेछ । जसमा समानता एवं सामाजिक न्यायमा आधारित भएर श्रमजिवीहरू, निम्न आय भएका गरीवहरू तथा पिछडिएका जाति, समुदाय र क्षेत्रको उत्थान, संरक्षण र विकासमा राज्यको अग्रणी भूमिका रहनेछ । देशको अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका खेल्न निजी क्षेत्रलाई पनि प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ । उपरोक्त कार्यदिशाका आधारमा आर्थिक सामाजिक परिवर्तन र विकासका ठोस कार्यहरू गरिने छ ।

### ग) आर्थिक-सामाजिक विकास र रूपान्तरणका लागि ठोस कार्यक्रम

नेकपाको स्थापनाकालदेखि नै आर्थिक सामाजिक एजेण्डाले पार्टी कार्यक्रममा महत्वपूर्ण स्थान पाउन सफल भए पनि नेपालको राजनीतिक आन्दोलन आम रूपमा अधिकार प्राप्तिको मुद्दामा नै केन्द्रित हुन पुग्यो । ०६२/६३ को ऐतिहासिक जनआन्दोलनको सफलता पछि जनताका अधिकारहरू संस्थागत गर्ने सर्वाधिक अधिकार सम्पन्न निकाय संविधान सभा नै गठन हुन पुगेको छ । संविधान सभाबाट नयाँ संविधानको निर्माण सँगै मुलुक प्राप्त अधिकारका माध्यमबाट आर्थिक सामाजिक सवालहरूमा केन्द्रित भएर अघि बढ्नु पर्ने हुन्छ । सार्वभौम संविधानसभाबाट नयाँ संविधान निर्माण हुने कुराले मुलुक आर्थिक सामाजिक एजेण्डा तर्फ केन्द्रित हुने आत्मगत र वस्तुगत दुबै परिस्थिति तयार हुन पुग्नेछ । राजनीतिक परिस्थितिमा देखिएको यस प्रकारको वदलावलाई आत्मसात गर्दै पार्टीको नवौं महाधिवेशनले आर्थिक सामाजिक विकास र रूपान्तरणका सन्दर्भमा 'सुखी नेपाली, समृद्ध नेपाल' को अवधारणा प्रस्तुत गरेको छ । पार्टी स्थापनाको १०० वर्षलाई केन्द्रविन्दुमा राखेर उक्त उद्देश्य हासिल गरीछाड्ने संकल्प समेत प्रस्तुत गरेको छ । वैशाख १२ को विनासकारी भूकम्प र त्यसपछिका पराकम्पका कारणले देशले बेहोर्नु परेको अकल्पनीय पीडाले आर्थिक सामाजिक विकासलाई योजनावद्ध रूपमा अघि बढाउनुपर्ने बाध्यकारी परिस्थिति सिर्जना गरिदिएको छ । भूकम्पको महाविनाससँगै अनिवार्य बन्न पुगेको पुनर्निर्माण र पुनर्स्थापना तथा राजनीतिक क्रान्तिपश्चात्को नयाँ आर्थिक सामाजिक व्यवस्थाको

आधार तयार पार्नुपर्ने ऐतिहासिक जिम्मेवारी समेतलाई ध्यानमा राखेर हामीले नवनिर्माणको योजना अघि बढाउनुपर्ने भएको छ। जवजको कार्यक्रमले गरेको दिशानिर्देश तथा पार्टीको नवौं महाधिवेशनले यस सम्वन्धमा प्रस्तुत गरेको निश्कर्ष समेतका आधारमा अब पार्टीले आर्थिक सामाजिक विकास र रूपान्तरणका ठोस कार्यक्रम ठोस रूपमा अघि बढाउन सक्नु पर्दछ।




नयाँ संविधानको निर्माणसँगै नेपाल संघीय शासन प्रणाली तर्फ अग्रसर हुने निश्चित छ। हामीले आधारभूत तहको लोकतन्त्रलाई विस्तार गर्ने, पछि परेका पारिएका जनतालाई राजनीतिको मूलधारमा ल्याउन सहयोग पुऱ्याउने तथा राज्यका सेवा र सुविधाहरू जनताको बिचमा पुऱ्याउने सहज हुने बाटोको खोजीका क्रममा संघीयतालाई आत्मसात गर्न लागिरहेका छौं। कुनै पनि राज्य एकात्मक वा संघात्मक कुन प्रकारको चरित्रका आधारमा अघि बढ्दा सफल हुन्छ र जनता सुखी हुन्छन् भन्ने कुरा त्यसको अभ्यासमा भर पर्ने कुरा हो। हामीकहाँ असफल ठानिएको एकात्मक राज्य दुनियाँका धेरै मुलुकहरूमा कायम छ र ती मध्ये थुप्रै मुलुकले त्यसबाट महत्वपूर्ण उपलब्धि समेत हासिल गरेका छन्। संघीय व्यवस्था भएको सफल मुलुकहरूको सूची पनि लामै छ। तर दुबै ढाँचाभित्र असफल भएका मुलुकहरू पनि कम छैनन्। हामीले जनआकांक्षा अनुरूप राज्यको पुनर्संरचना गरेपछि पनि त्यसलाई सही ढंगले संचालन गर्न सकेनौं भने त्यसबाट पाउने लाभबाट हामी वञ्चित हुनेछौं। तसर्थ अब बन्ने हरेक संरचनामा स्पष्ट दृष्टिकोण सहितको सक्षम नेतृत्व स्थापित गर्नु र उक्त नेतृत्वको हातमा सकारात्मक परिणाम ल्याउन सक्ने सही प्रकारको योजना तथा कार्यक्रम हुनु आवश्यक छ। हिजोको हाम्रो राजनीतिक आन्दोलन अधिकारको प्रश्नमा केन्द्रित भएको र अबका दिनमा राजनीतिक आन्दोलन आर्थिक सामाजिक विकास र रूपान्तरणको मुद्दामा केन्द्रित हुनु जरुरी छ। त्यसका लागि आर्थिक, सामाजिक, साँस्कृतिक लगायत पूर्वाधार विकासका क्षेत्रमा योजनावद्ध र ठोस कार्यक्रम अघि सार्नु आवश्यक छ।

यसरी ठोस कार्यक्रमहरू अघि बढाइरहँदा केन्द्रीय स्तरमा, प्रदेश स्तरमा र स्थानिय स्तरमै ठोस योजना तयार गरी लागु गर्नु पर्दछ। अहिलेको जस्तो हिमाल, पहाड र तराई क्षेत्रका लागि एकै प्रकारको नीति तथा कार्यक्रम अघि सार्ने कुरा उपयुक्त होइन। अहिलेको बजेट प्रणाली हिमाली क्षेत्रका लागि पूर्णतः अनुपयुक्त रहेको बुझ्दा बुझ्दै पनि त्यसमा खासै सुधार हुन सकेको छैन। त्यसमाथि हाम्रो भौगर्भिक अवस्था, भूवनौटको स्थिति र माटोको बनौट र गुण समेत विविधतापूर्ण रहेको कुरालाई ठिक ढंगले हाम्रा योजनाहरूले संवोधन गर्न सकेको अवस्था छैन। अवका दिनहरूमा राष्ट्रिय रूपमा एक खालको र ठाउँ विशेषका हकमा अर्को खालको कार्य योजना अघि सार्नु उपयुक्त हुन्छ। त्यसका लागि योजनावद्ध रूपमा ठोस कार्यक्रम बनाएर चरणवद्ध रूपमा अघि बढ्ने नीति अवलम्वन गर्नु आवश्यक छ।

## ४. आर्थिक सामाजिक विकास र रूपान्तरणका लागि आधारभूत पक्षहरूः

### योजनावद्ध विकासको रणनीति

योजनावद्ध पहल र प्रयास विना मानव सभ्यता यहाँसम्म आइपुग्ने नै थिएन। तर कस्तो योजनावद्ध पहल हाम्रो लागि उपयुक्त हुन्छ भन्ने कुरामा स्पष्ट हुनु जरुरी छ। स्वच्छन्द विकासले समग्र विकासलाई नै असन्तुलित बनाउँछ। योजनावद्ध विकासले नै विकासलाई सन्तुलित र प्रभावकारी ढंगले अघि बढाउन सहयोग पुऱ्याउँछ। विकासमा क्षेत्रगत र सामाजिक असन्तुलनलाई कम गर्नका लागि योजनावद्ध विकास जरुरी हुन्छ। केन्द्रिकृत विकासको रणनीतिले पूर्वाधार विकासमा बढी योगदान गर्दछ भने विकेन्द्रित विकास रणनीतिले मानव संशाधनको विकासमा प्रत्यक्ष योगदान पुग्दछ। हामीले अघि बढाउने विकासका कार्यक्रमहरू केन्द्रिकृत र विकेन्द्रित दुबै हुनु आवश्यक छ। ताकी

त्यसले पूर्वाधार विकास र मानव संशाधनको विकासमा प्रभावकारी भूमिका खेल्न सकोस् । पूर्वाधार विकास र मानव संशाधनको सन्तुलित विकासले नै सग्रतामा आर्थिक सामाजिक विकासमा महत्वपूर्ण योगदान दिन सक्दछ । तसर्थ हामीहरू नयाँ संविधान निर्माणसंगै मुलुक संघीयतामा प्रवेश गर्न लागिरहेको सन्दर्भलाई अवसरका रूपमा उपयोग गर्दै योजनावद्ध विकासको प्रकृयालाई चरणवद्ध रूपमा अघि बढाउनु पर्दछ । यस्तो कार्य संघीय तहमा, प्रादेशिक तहमा र स्थानीय तहमा समेत अघि बढाउनु पर्ने हुन्छ ।

## एकिकृत भू उपयोगको नीति

विगतमा भूमिलाई परम्परागत आधारमा वर्गिकरण गरियो । मुलतः कृषि उत्पादनको अवस्थाका आधारमा भूमिको अवल, दोयम, सिम र चार भनि वर्गिकरण गरियो । अहिलेसम्म पनि हाम्रा कानुनी मान्यताहरूमा सोही परम्पराको निरन्तरता कायम छ । जबकी यस बिचमा पूर्वाधार र प्रविधिको विकासले भूमिको परम्परागत उपयोगको अवस्थामा उल्लेख्य परिवर्तन आएको छ । कृषि कार्यको तुलनामा गैरकृषि कार्यका लागि प्रयोग हुने भूमिको मूल्य आकासिएको अवस्था छ । सहरी क्षेत्रको आसपासका भिरपाखाहरू समेत आवास तथा व्यावसयिक क्षेत्रका विकास हुँदै गएको छ । सुविधायुक्त ठाउँमा आवास क्षेत्रको विकास र विस्तार संगै कृषि भूमि तिव्र रूपमा नासिँदै गएको छ । वनक्षेत्र मासिने क्रम पनि जारी छ । सिचाई सुविधा विस्तारगर्न सकिने ठाउँमा वन क्षेत्र र सिँचाईको सुविधा विस्तार गर्न सकिने सम्भावना नभएका ठाउ कृषि कार्यका लागि प्रयोग भइरहेको अवस्था छ । आवासका लागि प्रयोग भएको भूमि वाढि र पहिरो क्षेत्रका रूपमा समेत रहेका छन् । आरक्ष क्षेत्र भित्र र वनक्षेत्रसँग जोडिएका असुरक्षित वस्तीहरू समेत उल्लेख्य मात्रामा छन् । सिमा क्षेत्रमा रहेका कतिपय वस्तीहरू समेत सुरक्षाका दृष्टिकोणले संवेदनशील छन् । खानीज सम्पदा रहेको ठाउमा पनि वस्तीको विस्तार भइरहेको अवस्था छ । वहुमंजिला व्यावसायिक भवनहरू निर्माण भएका ठाउहरू र घना शहरी वस्तीहरूमा एम्वुलेन्स र दमकल जस्ता साधनहरू प्रवेश गर्न नसक्ने अवस्था छ । भूँइचालोले भवनहरूमा क्षतिपुग्दा उद्धारकार्य समेत गर्न नसक्ने स्थिति उत्पन्न हुन पुगेको तितो अनुभव समेत गर्नु परेको छ । यस परिप्रेक्षमा अव सरकारले एकिकृत भूउपयोगको नीति तयार गरी लागु गर्नु पर्दछ ।

एकिकृत भू उपयोगको नीति तयार गर्दा भौगर्भिक अवस्थाको अनिवार्य अध्ययन गराईनु आवश्यक छ । भौगोलिक अवस्थिति र माटोको परिक्षण गरी कुन ठाउँ के कुराका लागि उपयोग गर्ने भन्ने कुरा निर्धारण गर्नु पर्दछ । भूकम्पकीय असर, वाढि, पहिरो, हिमपहिरो, डुवान जस्ता समस्याहरूका आधारमा समेत जमिनको उपयोग नीति वनाउनु पर्दछ । जैविक विविधताको दृष्टिले महत्त्वपूर्ण भूमि र कृषिका लागि उर्वर भूमिलाई संरक्षण गर्ने नीति लिनु पर्दछ । परावर्यावरणका दृष्टिले महत्त्वपूर्ण क्षेत्रको प्राकृतिक अवस्थाको संरक्षण गर्ने नीति लिनु पर्दछ । राजमार्ग(लोकमार्ग)का किनार र नदी किनारमा वस्ती विकास गर्ने प्रवृत्तिलाई दुरुत्साहन गरिनु पर्दछ । यस प्रकारको एकिकृत भूउपयोगको नीतिको कार्यान्वयले सुरक्षित वस्ती विकासका साथै आर्थिक सामाजिक विकासमा महत्वपूर्ण योगदान पुग्नेछ ।

## जनसङ्ख्या नीति

योजावद्ध विकासका लागि सही प्रकारको जनसंख्या नीतिको आवश्यकता पर्दछ । हामीकहाँ प्रत्येक दश वर्षमा जनगणना गर्ने गरिन्छ । तर त्यसका निश्कर्षका आधारमा विकासको योजना बनाउने प्रचलन कमै छ । मानव विकास सूचकांकका आधारमा पछि परेको क्षेत्रलाई प्राथमिकता दिने कुरा गरिए पनि त्यसले प्राथमिकता पाउन सकेको छैन । जनसङ्ख्याको वितरणका आधारमा पूर्वाधारको विकास गर्न सकिएको छैन । सेवा र सुविधाको विस्तार हुन सकेको छैन । विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको व्यवस्था गर्न, गुणस्तरयुक्त सेवा प्रदान गर्नका लागि अस्पतालहरूमा विरामीको चापका आधारमा स्वास्थ्यकर्मीको पर्याप्त अनुपातको व्यवस्था गर्न, त्यस्तै गरी अन्य अत्यावश्यक आधारभूत आवश्यकताका पूर्वाधारको विकासका लागि जनशक्तिको विन्यास गर्न सकिएको छैन । जातिय, भाषिक, सांस्कृतिक र भौगोलिक अवस्थितिलाई ध्यानमा राखेर सामाजिक कार्यक्रमहरू अघि सार्न सकिएको छैन ।

अब हामीले जनसङ्ख्याको अनुपातमा कस्तो ठाउँमा कस्तो प्रकारको पूर्वाधारको विकास गर्नु आवश्यक छ ? कस्ता प्रकारका सेवा र सुविधाहरूको

विस्तार गर्नु आवश्यक छ भन्ने कुराका निर्क्योल गरी अभाव भएका ठाउँहरूमा योजनावद्ध पहल अघि बढाउनु पर्ने हुन्छ । यसरी नै कुन प्रकृतिको भूगोलमा कति जनसङ्ख्या वसोवास गरिरहेको छ र कति मानिसहरू जोखिमको अवस्थामा छन् भन्ने कुराका आधारमा तदनुरूपको पूर्वाधारको विकासमा ध्यान दिनुपर्ने हुन्छ । तसर्थ अवको विकास प्रकृयामा जनसंख्या व्यवस्थापन नीति तयार गरी लागु गर्ने कुरामा हाम्रो जोड रहनु पर्दछ ।

## एकिकृत र सुरक्षित बस्ती विकासको नीति

भूकम्पको महाविनाश पछि एकिकृत र सुरक्षित बस्ती विकासको विषय चर्चामा छ । भूकम्पको असर आम मानिसको मनमा रहँदै एकीकृत र सुरक्षित वस्ती विकास गर्न नसक्ने हो भने अधिसंख्यक मानिसहरू पुरानै ठाउँमा पुरानै अवस्थाका असुरक्षित वस्ती विकास गर्ने काममा अग्रसर हुनेछन् । त्यस प्रकारको स्थितिले भविष्यमा अहिले भन्दा ठूलो मात्रामा मानवीय संकटको सामना गर्ने स्थिति सिर्जना हुन पुग्नेछ । किनकी यस पटकको भूकम्प शनिवारको दिन दिउँसोको समयमा आएका कारणले पनि मानवीय क्षति तुलनात्मक रूपमा कम भयो । आठ हजार भन्दा बढी विद्यालयहरू खण्डहरमा परिणत भएको ठाउँमा विद्यार्थी पढिरहेको अवस्था भए क्षति कुन रूपमा हुन्थ्यो ? त्यस्तै गरी कार्यालयको समयमा वा रातको समयमा भएको भए यस्तो विपदाको सामना गर्नु परेको भए के हुन्थ्यो ? सामान्य ढंगले सोच्चे हो भने पनि अकल्पनिय क्षतिको सहजै अनुमान गर्न सकिन्छ ।

भूकम्प आफैँले ज्यान लिँदैन हामीले बनाएका संरचना र असुरक्षित ठाउँमा रहेका बस्तीहरूका कारणले नै क्षति पुग्दो रहेछ भन्ने कुरा यस पटकको भूकम्प देखाएको छ । तसर्थ अब बन्ने बस्तीहरू सबै प्रकारका विपदाका दृष्टिले सुरक्षित ठानिने ठाउँमा नै निर्माण गर्नु पर्दछ । एकिकृत वस्ती विकास गर्दा आम मानिसहरूको जिविकामा प्रत्यक्ष असर नपुग्ने गरी तथा उनीहरूको सांस्कृतिक विशेषताहरूमा प्रतिकूल असर नपुग्ने गरी नै गर्नु पर्छ । यसका लागि एकीकृत बस्तीहरू सकेसम्म गाविस भित्रकै भौगोलिक रूपले उपयुक्त र सुरक्षित ठाउँको छनौट गरेर वसाल्नु उपयुक्त हुन्छ । एकीकृत वस्ती विकासले मानिसहरूलाई विपदाको समयमा सुरक्षित हुन सहयोग पुऱ्याउने मात्र होइन, पूर्वाधार विकास तथा राज्यका सेवा र सुविधाहरूको विस्तारका दृष्टिकोणले समेत अनुकूलता प्राप्त हुन्छ र त्यसले स्वभाविक रूपमा आर्थिक सामाजिक विकास र रूपान्तरणमा समेत प्रत्यक्ष सहयोग पुऱ्याउने छ ।

## पूर्वाधार विकास सम्वन्धि नीतिः

मानव बस्तीहरू क्रमशः पूर्वाधार विकास भएका ठाउँहरूमा केन्द्रित हुने गरेको अवस्थालाई दृष्टिगत गरी योजनावद्ध रूपमा पूर्वाधारको विकास गर्नु आवश्यक छ । जहाँ एकिकृत बस्ती विकास गरिन्छ ती ठाउँहरूमा सुरुमै पूर्वाधार विकासको योजना पनि तयार गर्नु पर्दछ । अहिलेको जस्तो पहिले मानिसले आफुखूसी घर बनाउने त्यसपछि राज्यले आफ्नो सामर्थ्यका आधारमा पूर्वाधार विकास गर्ने नीति निकै खर्चिलो, पर्यावरणका दृष्टिकोणले निकै अनुपयुक्त कुरा हो । योजनागत हिसावले होइन, वाध्यभएर पछि पूर्वाधारको विकास गर्दा कतिपय ठाउँमा जैविक विविधता नै नाश हुने गरेको, कतिपय ठाउँमा प्राकृतिक सम्पदाको रूपमा सूचिकृत सिमसार लगायत आरक्ष क्षेत्र नै असुरक्षित हुने गरेको, कतिपय ठाउँमा जैविक मार्ग नै अवरुद्ध हुने गरेको र कतिपय ठाउँमा विकास भएका संरचनाहरू नै तोडफोड् गर्नुपर्ने बाध्यकारी स्थिति सिर्जना भएको हामी पाउँछौं । यो सबै अवस्था योजनावद्ध रूपमा पूर्वाधारको विकास नहुनुको परिणाम नै हो ।

योजनावद्ध रूपमा पूर्वाधारको विकास हुन नसक्दा सहरी क्षेत्रमा स्थिति अझ नाजुक देखिने गरेको छ । सडक बनाउने क्रममा अन्य निकायले निर्माण गरेका पूर्वाधारहरू नष्ट हुने, सडक बनिसकेपछि खानेपानी र ढल निकासका लागि पुनः सडक खन्ने गरेको अवस्था हामी देख्छौं । विजुली टेलिफोनको विस्तारमा पनि त्यस्तै प्रकृतिको समस्या देखिने गर्दछ । एउटै एकीकृत योजना अन्तरगत पूर्वाधारको विकास गर्न सक्ने हो भने पटक पटक भइरहने यस प्रकारको क्षतिलाई कम गर्न सकिन्छ । एकै समयमा कम लगानीमा पूर्वाधारको विकास समेत गर्न सकिन्छ । दिर्घकालिन प्रयोगका लागि सडक निर्माण गर्दा, पुल बनाउँदा, वसपार्क जस्ता संरचनाहरू निर्माण गर्दा, जनसम्पर्क वढि हुने सरकारी कार्यालयहरूका भवनहरू निर्माण गर्दा भविष्यका लागि

आवश्यक पर्ने क्षमताको आँकलन गरी तदनुरूपको डिजाईन तयार गर्ने कुरामा पनि समस्या छ। योजनावद्ध रूपमा पूर्वाधारको विकास गर्न सक्ने हो भने यस्ता कमजोरीहरू हटाउन पनि सहज हुनेछ।

## जनशक्ति विकासको नीति

हाम्रो शिक्षा नीति र जनशक्ति विकासका र योजनाबिचको सामञ्जस्यता हुन सकिरहेको छैन। हाम्रो मुलुकमा श्रमवजारमा कस्तो प्रकारको जनशक्तिको आवश्यक छ भन्ने निर्क्योल गरी तदनुरूपको जनशक्ति विकासको योजना वन्ने गरेको छैन। ग्रामिण क्षेत्रका विभिन्न ठाउँहरूमा हामी पर्यटन विकासको सम्भावना कुरा कुरा गर्छौं। पर्यटकहरू हाम्रा हिमाल र पहाडहरू मात्र हेर्न आउने होइनन् त्यहाँ आउँदा उनीहरूले आफ्ना लागि अनुकूल सेवा र सुविधाको अपेक्षा पनि राखेको हुन्छ। तर त्यसका लागि योग्य जनशक्तिको विकास नगरी त्यो सेवा र सुविधा प्रदान गर्न सम्भव हुँदैन। भूकम्प पछि भूकम्पको त्रासमा विदेशी नागरिकहरू नेपालबाट बाहिरिने क्रममा हाम्रो दैनिकीसँग जोडिएक कार्य, पेशा र व्यवसाय समेत वन्द भए। लामो समयसम्म दक्ष कामदारको अभावमा मिठाई पसल, हेयर सैलुन्, टेलरिङ सेन्टर र गार्मेन्टहरूले आफ्नो व्यवसाय र उत्पादन पूर्ववत् अवस्थामा जारी राख्न सकेनन्। तरकारी तथा फलफूल बजारमा समेत लामो समयसम्म त्यसको प्रत्यक्ष असर देखियो। यसरी हेर्ने हो भने श्रम क्षेत्रका कैयौं कामहरूमा नेपाली श्रमिकहरूको आकर्षण नरहने वा तदनुरूपको सिप तथा दक्षता अभाव देखिने गरेको छ। एकातिर मान्छे बेरोजगार बनेर विदेश जान वाध्य हुने अर्कोतिर कयौं पेशा र व्यवसायको संचालनका लागि विदेशी श्रमिकमा भरपर्नुपर्ने विडम्वनापूर्ण स्थिति छ। श्रमवजारको आवश्यकता अनुसार जनशक्ति विकासको रणनीति अघि सारिएको भए यस प्रकारको विरोधाभाषपूर्ण अवस्था आउने थिएन। व्यावसायमुलक रोजारमूखी शिक्षाको अभावमा पनि यस प्रकारको समस्या उत्पन्न हुने गरेको छ। यतिबेला हामीहरू वायुपङ्खी गतिमा पुनर्निमाणको अभियानलाई नवनिर्माणकै अभियानका रूपमा अघि बढाउने कुरामा जोड दिरहेका छौं। १० लाख भन्दा बढी घरहरू, ८ हजार भन्दा बढी विद्यालयहरू, हजारौंको सङ्ख्याका स्वास्थ्य चौकीहरू, सरकारी भवनहरू तथा सैयौंको संख्याका साँस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माण चारपाँच वर्ष भित्रै निर्माण गर्ने योजना बुनिरहेका छौं। तर त्यसका लागि आवश्यक जनशक्ति हामीसँग न्यून सङ्ख्यामा छ। यतिबेलै जनशक्ति विकासको सामाग्रीक योजना नबनाउने हो पुनर्निर्माणको काम अघि वढ्न सक्तैन। यस सन्दर्भमा जुन प्रकारको गंभीरता देखिनुपर्ने हो देखिएको छैन।

## राज्यका निकायहरूको सुदृढीकरण र विस्तार सम्वन्धी नीति

पुननिर्माण तथा आर्थिक सामाजिक विकास र रूपान्तरणका लागि राज्यको परम्परागत कार्यशैलीमा परिवर्तन ल्याउनु आवश्यक छ। अहिलेको जस्तो कार्यसम्पादन प्रकृयाबाट न पुनर्निर्माण र पुनर्स्थापनाको काम नै सम्भव छ न त हामीले सोचे जस्तो आर्थिक सामाजिक विकास र रूपान्तरणको अभिभारा नै पुरा गर्न सकिन्छ। हुन त राज्यले विकास निर्माणका सबै काम गरिदेला भनेर अपेक्षा गरेर बस्ने कुरा राम्रो होइन। जनता आफैं जागरुक भएर विकास निर्माणको काममा लाग्नुपर्ने हुन्छ। नेकपा (एमाले) को नौ महिने सरकारको पालामा अघि सारिएको आफ्नो गाउँ आफै बनाउँ कार्यक्रमको सफलताले जनताको सहभागीता र साझेदारीको महत्वलाई उजागर गरेकै छ। तर राज्यको योजनावद्ध पहल विना त्यस प्रकारको काम अघि वढ्न सक्तैन भन्ने कुरा वुझ्नु जरुरी छ। त्यतिबेला हामी ४ वर्ष भित्रमा पुनर्स्थापना र पुनर्निर्माणको काम योजनावद्ध रूपमा अघि वढाउने तयारीमा जुट्न खोजिरहेका छौं। साथै यतिबेला अघि सारिएको कार्ययोजनालाई भोलिका दिनमा समग्र मुलुकमा विस्तार गर्नुपर्ने मान्यताका पक्षमा पनि छौं। तर त्यो काम परम्परागत कार्यक्षमताका राज्यका निकायवाट सम्पादन हुन सक्तैनन्। त्यसका लागि राज्यका निकायहरूको सामर्थ्यमा नै धेरै वृद्धि गर्नुपर्ने हुन्छ। साथै राज्यका निकायबाट प्रदान गरिने सेवा र सुविधाहरूलाई स्थानीय तहसम्म विस्तार गर्नु आवश्यक हुन्छ। संघियतामा गइसकेपछि यतिबेला राज्यले जिल्लास्तरमा जे जस्ता सुविधाहरू प्रदान गर्दै आएको छ ती सवै सुविधाहरू ग्रामिण तहसम्मै पुऱ्याउनु पर्ने हुन्छ। सुरक्षित बस्ती विकासमा जाने हो भने सहरी क्षेत्रका घरहरूमा मात्रै

होइन, ग्रामिण क्षेत्रका घरहरूमा भवन संहिता लागु गर्नु आवश्यक छ। त्यो सबै कार्यका लागि राज्यका सबै अंगहरूको सुदृढीकरण गर्नु र क्षमता अभिवृद्धि गर्नु नितान्त जरुरी हुनेछ। त्यसका लागि पनि अहिले देखिनै कार्ययोजना वनाएर अघि वढ्नु पर्दछ।

## राष्ट्रिय भवन संहिता

भूकम्पका कारणले भन्दा मानव निर्मित संरचनाका कारणले निकै ठूलो मानविय क्षति भएको यथार्थलाई मनन् गरी भूकम्पीय तथा सबै प्रकारका विपदहरूको व्यवस्थापनका दृष्टिकोणले सुरक्षित घर निर्माण गर्ने गरी भवन संहिता बनाइ लागु गरिनु पर्दछ। अहिलेसम्म भवन संहिता शहरी क्षेत्रका लागि मात्रै बनाइने गरे पनि अव भने त्यो ग्रामिण क्षेत्रमा समेत लागु गरिनु पर्दछ। यसो गरिरहँदा पुराना ऐतिहासिक तथा पुरातात्विक महत्वका ठाउँहरूलाई संरक्षण गर्ने नीति लिनु पर्दछ। तर अन्य ठाउँका हकमा भने योजनावद्ध रूपमा नै भवन संहितामा आधारित संरचनाको विकास गर्ने नीति लिनु पर्दछ। गाम्रिण क्षेत्रका लागि राज्यले जमिन अधिग्रहण गरेर यो कामलाई अघि बढाउनु उपयुक्त हुन्छ भने शहरी क्षेत्रमा ल्याण्ड पुलिङ तथा हाउस पुलिङको अवधारणालाई अघि बढाउनु उपयुक्त हुन्छ। अव बन्ने कुनै पनि संरचनाहरू भूकम्पीय दृष्टिकोणले सुरक्षित बनाउने र अन्य विपदाहरूका दृष्टिकोणले पनि अनुकल हुनु पर्दछ। भवन संहिता अन्तर्गत आधारभूत पूर्वाधारको विकासलाई अनिवार्य गरिनु पर्दछ। अहिले जस्तो सडक बनेपछि त्यसकै वरीपरी वस्ती विकास गर्ने प्रवृत्तिलाई पूर्णतः दुरुत्साहन गरिनुपर्दछ। सडक तथा नदी किनारका असुरक्षित वस्तीहरूलाई पनि यसै क्रममा स्थानान्तरण गरिनु पर्दछ।

भवन संहिता अन्तरगत घर निर्माण गर्दा कुन प्रविधिको प्रयोगबाट कस्ता घरहरू निर्माण गर्ने भन्ने कुरा स्पष्ट गरिनु आवश्यक छ। अव बन्ने हाम्रा वस्तीहरूमा बजार तथा व्यापारिक क्षेत्र र ग्रामिण क्षेत्रका संरचनाहरूको निर्माण अलग अलग हुनु पर्दछ। ग्रामिण क्षेत्रमा दुई तल्लाभन्दा माथिका घरहरू नबनाउने नीति अवलम्वन गरिनु पर्दछ। शहरी क्षेत्रमा पनि आवास क्षेत्र र व्यवसायिक क्षेत्र अलग गरिनु पर्दछ। शहरमा पनि नीजि आवास क्षेत्रमा दुईतल्ला भन्दा ठूला घर नवाउने नीति लिनु पर्दछ। घरका आधारमा धनि र गरिव छुट्टिने अवस्था आउन दिनु हुँदैन। शहरी क्षेत्रमा व्यवसायिक र आवास क्षेत्र अलग अलग बनाउनु पर्दछ। सकेसम्म बजार तथा व्यावसायिक क्षेत्रलाई आवास क्षेत्रबाट अलग गर्ने नीति लिनु उपयुक्त हुन्छ। किनकी अवका बजार तथा व्यवसायिक क्षेत्र २४ घन्टा सेवा प्रदान गर्ने गरी विकास गर्नु उपयुक्त हुन्छ। संघियतामा गइसकेपछि पनि सबै प्रदेशहरूले भवन संहिताको नीतिलाई अनिवार्य रूपमा पालना गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिनु पर्दछ। तर एकीकृत वस्ती विकास गर्दा स्थानिय मौलिकताको जेर्गेनागर्ने कुरामा भने विशेष ध्यान दिनु पर्दछ। नयाँ र आधुनिक प्रविधिलाई प्रयोग गरिरहँदा पनि उक्त विषयलाई ध्यान दिनु पर्दछ।

## सहकारी र सामुहिक प्रणालीमा जोडः

यतिबेला एकीकृत र सुरक्षित वस्ती विकासको कुरा गर्दा मानिसहरू जिविकाको कुरा जोडतोडले उठाइरहेका छन्। यतिबेला प्रत्यक्ष वा परोक्ष रूपमा कृषि कार्यमा हाम्रो देशको कूल जनशक्तिको ८० प्रतिशत हिस्सा संलग्न छ। तर त्यसले कुल ग्राहस्थ उत्पादनमा ३३ प्रतिशतको योगदान समेत गर्न कठिन भइरहेको छ। जवजको अवधारणा अनुरूपको सुखी जनता र समृद्ध नेपाल निर्माण गर्ने एमालेको सपनालाई साकार बनाउने हो भने यस अवस्थामा परिवर्तन अपरिहार्य छ। हाम्रो परम्पारगत कृषि कार्यलाई आधुनिकीकरण गर्ने, आधुनिक ज्ञान, प्रविधि र औजारको प्रयोग गर्न सक्ने गरी त्यसको विकास गर्नु आवश्यक छ। कृषिलाई आधुनिकीकरण गरी बजारसँग जोड्नु आवश्यक छ। अहिले कृषि कार्यमा प्रयोग भइरहेको श्रमशक्तिको दुईतिहाई हिस्सालाई कृषिक्षेत्रबाट अलग गरी गैरकृषि क्षेत्रमा पठाउने रणनीति अवलम्वन गर्नु आवश्यक छ। त्यसमा निर्वाहमुखी कृषि उत्पादन प्रणालीलाई कम्तिमा पनि एक गाउँ एक उत्पादन प्रणालीतर्फ रूपान्तरण गर्नु जरुरी छ। यस प्रकारको रूपान्तरणको प्रकृयामा सहकारी वा सामुहिक खेती प्रणाली सहयोगी हुन सक्छ। यसले चक्लावन्दीको खाँचो पनि एकहदसम्म पुरा हुने र व्यावसायिक कृषि फार्महरूको विकासमा पनि सहयोग पुग्नेछ। तसर्थ सरकारले कानुनी प्रवन्ध गरेर नै कृषिमा सहकारी र सामुहिक उत्पादन प्रणालीको विकास गर्नु पर्दछ।

५. **अन्त्यमा,**

यतिबेला मुलुक पुनर्स्थापना र पुनर्निर्माणको महाअभियानामा जुट्ने तरखरमा छ। सरकारले अधिकार सम्पन्न पुननिर्माण प्राधिकरण गठनको प्रकृया सुरु गरेको छ। पुनर्निर्माणलाई नव निर्माणको अभियानको रूपमा अघि बढाउनु पर्दछ भन्ने नेकपा (एमाले) को मान्यता छ। यस अर्थमा पनि पुनर्निर्माण अभियानलाई मुलुकको राजनीतिक परिवर्तन पश्चात् अपरिहार्य ठानिएको आर्थिक सामाजिक विकास र रूपान्तरणको प्रकृयाको महत्वपूर्ण अंगको रूपमा विकास गर्नु पर्दछ। पुननिर्माण अभियानलाई नवनिर्माण अभियानका रूपमा अघि वढाउनका लागि सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हुनु पर्दछ भन्ने जननेता मदन भण्डारीको भनाई निकै प्रासंगिक छ। राजनीतिक परिवर्तनलाई जनताले प्रत्यक्ष रूपमा अनुभूत हुने गरी आर्थिक सामाजिक विकास र रूपान्तरणको सामाग्रीक योजना पनि क्रमशः अघि वढाउनु पर्दछ। आर्थिक सामाजिक परिवर्तन विनाको राजनीतिक परिवर्तन बर्खाको भेल जस्तै हो। समाजमा भइरहेको क्रमिक परिवर्तनले आजको राजनीतिक परिवर्तन सम्भव भएको हो भन्ने कुरालाई आधार बनाएर योजनावद्ध पहललाई उपेक्षागर्ने काम पनि हुन सक्छ। अर्कोतिर पूँजीवादकै गर्भबाट समाजवादको निर्माण हुन्छ भन्ने पुरानो शास्त्रिय मान्यतालाई समातेर स्वच्छन्द पूँजीवादको विकासको पोषण गर्ने कुरा पनि यस क्रममा अघि आउन सक्छ। यस्ता कुरावाट हामीले हाम्रो आन्दोलनलाई जोगाउन सक्नु पर्दछ। जनताको वहुदलीय जनवाद परम्परागत पूँजीवादी क्रान्तिको सिद्धान्त होइन। यो त नयाँ क्रान्तिको सिद्धान्त अनुरूपको नितान्त मौलिक बाटो हो। यसले पूँजीवादको बाटो हुँदै समाजवाद पुग्ने पुरानो मान्यतालाई धेरै पहिले नै छोडिसकेको छ। नयाँ बाटो अन्तरगत यस कार्यक्रमले जनवादी व्यवस्थाको सुदृढीकरण गर्दै शान्तिपूर्ण बाटोबाट समाजवादमा रूपान्तरण गर्ने नीतिको पैरवी गर्दछ। यस अर्थमा पनि यति बेलाको पुनर्निर्माणका नाममा सुरु गर्न लागिएको नवनिर्माणको अभियानलाई जनवादी व्यवस्थालाई सुदृढ गर्ने हाम्रो राजनीतिक कार्यदिशाको अंग बनाउने गरी संगठित गर्न अग्रसरता लिनु आवश्यक छ। जननेता मदन भण्डारीको ६४ औँ जन्मजयन्तीको अवसरमा जवजको मार्गदर्शनमा आर्थिक समाजिक विकास र रूपान्तरण सहितको नयाँ र समृद्ध नेपाल निर्माण गर्ने संकल्प गरौँ। यसले नै उहाँ प्रतिको वास्तविक सम्मान हुनेछ। ६४ औँ जन्मजयन्तीको अवसरमा जननेता मदन भण्डारी प्रति भावपूर्ण श्रद्धान्जली।

*(यो कार्यपत्र जननेता मदन भण्डारीको ६४ औँ जन्मजयन्तीको अवसरमा मदन भण्डारी फाउन्डेसनद्वारा आयोजित विचार गोष्ठीमा शंकर पोखरेलले प्रस्तुत गर्नु भएको थियो – सम्पादक)*

## धनकुटामा शैक्षिक गोष्ठी

जननेता मदन भण्डारीको ६४ औँ जन्मजयन्तीको अवसरमा मिति २०७२ असार १४ गते मदन भण्डारी फाउन्डेसन, जिल्ला कार्य समिति धनकुटाद्वारा सम्पन्न ***सामुदायिक विद्यालयको खस्कँदो शैक्षिक अवस्था, सरोकारवालाहरूको जिम्मेवारी र जवाफदेहिता*** सम्बन्धी नागरिक बहस कार्यक्रम सम्पन्न भयो। २०७२/०३/१४ गते धनकुटा जि.वि.स. स्थित हलमा दिनको १:४५ देखि शुरु भई ५:३० बजेसम्म संचालित यस कार्यक्रममा आमन्त्रित अतिथि र सामुदायिक विद्यालयसँग सम्बन्धित र सरोकार राख्ने प्रधानाध्यापक, शिक्षक, पत्रकार, विद्यार्थी, कार्यालय प्रमुख तथा प्रतिनिधि, अविभावक लगायत ८० जनाको सहभागिता रहेको थियो। यस कार्यक्रमलाई रेडियो मकालु ९२.२ मेगाहर्जबाट प्रत्यक्ष प्रसारण गरिएको थियो। उक्त दिनको कार्यक्रम दुई चरणमा सम्पन्न भएको थियो।

पहिलो चरणको कार्यक्रमको सभापतित्व मदन भण्डारी फाउन्डेसन धनकुटाका अध्यक्ष श्री दिपक बुढाथोकी र कार्यक्रमको संचालन सचिव होमबहादुर बस्नेतले गर्नुभएको थियो। प्रमुख जिल्ला अधिकारी श्री विजय नारायण मानन्धर प्रमुख अतिथि रहनु भएको यस कार्यक्रमा अन्य अतिथिहरू मदन भण्डारी फाउन्डेसनका पूर्वाञ्चल सदस्य श्री गोपाल गुरागाईं, क्षेत्रिय शिक्षा नि.निर्देशक श्री मोहन लिम्बू, स्थानीय विकास अधिकारी श्री गणेश दाहाल, जिल्ला शिक्षा अधिकारी श्री दुर्गाप्रसाद खरेल, धनकुटा नगरपालिका प्रमुख श्री तीर्थराज धिताल, विषय विशेषज्ञ श्री नारायण जोशी (पूर्व क्याम्पस प्रमुख, धनकुटा ब. क्याम्पस), नेकपा (एमाले) जिल्ला कमिटिका सह सचिव श्री निरन राई, नेपाली कांग्रेसका प्रतिनिधि, एनेकपा माओवादीका

प्रतिनिधि, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधलगायत अन्य पार्टी प्रमुख र प्रतिनिधि, धनकुटा वहुमुखी क्याम्पस प्रमुख श्री निरञ्जन वस्ती, शिक्षक महासंघका केन्द्रीय सदस्य श्री मदन अधिकारी, सशस्त्र प्रहरी छिन्ताङदेवी गुल्मका प्रमुख श्री रविनराज कर्णजीत, नागरिक समाज धनकुटाका अध्यक्ष श्री द्रोण गुरागाईं, नेपाल रेडक्रस सोसाइटी धनकुटाका अध्यक्ष श्री नरेन्द्र पोखेल, पत्रकार महासंघ धनकुटाका सभापति श्री खगेन्द्र घिमिरे, विद्यालय व्यवस्थापन समितिको तर्फबाट प्रतिनिधि तथा शान्ति समिति धनकुटाका संयोजक श्री टंक चौहानलगायत हुनुहुन्थ्यो । सहिदहरूको स्मृतिमा एक मिनेट मौन धारणको कार्यक्रम पछि फाउन्डेसन धनकुटाका उपाध्यक्ष श्री निरेन तामाङद्वारा सहभागि र अतिथिज्युहरूमा स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । फाउन्डेसनका पूर्वाञ्चल सदस्य तथा संसदका पूर्व सदस्य श्री गोपाल गुरागाईंले कार्यक्रमको औचित्यताको बारेमा प्रष्ट पार्नु भएको थियो । दोस्रो चरणको कार्यक्रमको मूख्य विषयवस्तु **सामुदायिक विद्यालयको खस्कँदो शैक्षिक अवस्था, सरोकारवालाहरूको जिम्मेवारी र जवाफदेहिता** सम्बन्धी नागरिक बहस कार्यक्रम संचालन भएको थियो । सवाल-जवाफका रुपमा रहेको यस कार्यक्रमको संचालन फाउन्डेसनका सदस्य श्री जे.पि. भुजेलले गर्नुभएको थियो ।

### तनहुँमा कार्य समिति गठन

२०७३ साल वैशाख २५ गते तनहुँ जिल्लाको व्यास नगरपालिकामा भएको एक भेलाले मदन भण्डारी फाउन्डेसन जिल्ला कार्य समिति गठन गरेको छ । भेला नेकपा (एमाले) जिल्ला पार्टी कार्यालयको हलमा सम्पन्न भएको थियो । भेलाको उद्घाटन नेकपा (एमाले) निर्वाचन आयोगका अध्यक्ष तथा मदन भण्डारी फाउन्डेसनका केन्द्रीय सदस्य सोमनाथ प्यासीले गर्नुभएको थियो । विशेष अतिथिको रुपमा नेकपा (एमाले) केन्द्रीय सदस्य तथा मदन भण्डारी फाउन्डेसनका केन्द्रीय सदस्य देवराज घिमिरे हुनुहुन्थ्यो । भेलामा तनहुँ क्षेत्र नं. ३ का सभासद माननीय टुकराज सिग्देल, नेकपा (एमाले) जिल्ला कमिटीका अध्यक्ष केदार सिग्देल र नेकपा (एमाले) केन्द्रीय सल्लाहकार समिति सदस्य एक बहादुर रानाले आआफ्नो विचार प्रकट गर्नुभएको थियो । भेलाले हरिराज कँडेलको अध्यक्षतामा ३१ सदस्यीय जिल्ला कार्य समिति गठन गरेको छ । स्वागत मन्तव्य प्रेम रानाले गर्नुभएको उक्त भेलाको संचालन रामचन्द्र उपाध्यायले गर्नुभएको थियो ।

### चितवनमा गोष्ठी सम्पन्न

मदन भण्डारीको ६४ औं जन्म जयन्तीको अवसरमा मदन भण्डारी फाउण्डेशन चितवनको आयोजनामा बिचार गोष्ठी भरतपुरमा सम्पन्न भएको छ । फाउण्डेसनका कार्यवाहक अध्यक्ष दावा लामाको अध्यक्षता र नेकपा (एमाले) स्थायी कमिटी सदस्य एवं पूर्व कृषिमन्त्री छविलाल विश्वकर्माको प्रमुख आतिथ्यतामा अयोजित कार्यक्रममा “महा विनासकारी भूकम्प, यस पछिको जोखिम र नवनिर्माण” विषयमा भुकम्पविद् प्रा. डा. हरिहर पौडेल र समाजसेवी डा. तिलचन्द्र भट्टराइले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।



मदन भण्डारी फाउन्डेसन चितवनका सचिव केशवप्रसाद रेग्मीले सञ्चालन गर्नुभएको विचार गोष्ठीमा शिक्षाविद् रमाकान्त शर्मा, नेकपा (एमाले) जिल्ला पार्टी अध्यक्ष जे.एन. थपलिया लगायतले शुभकामना मन्तव्य दिनु भएको थियो ।

प्रस्तुत कार्यपत्रमा नेपाल भूकम्पको उच्च जोखिममा रहेकाले निर्माण गरिने संरचनामा ध्यान दिनु पर्ने, सरकारी तवरबाट प्रकोपको पूर्व तयारीमा लगानि गर्नुपर्ने र स्थायी पुनर्निर्माण गर्नु पर्ने कुरामा जोड दिइएको थियो ।

■

# सूचना

## विवरण उपलब्ध गराइदिने

जननेता मदन भण्डारी र कुशल सङ्गठक जीवराज आश्रित तथा जननेता भण्डारी तथा अन्य व्यक्तित्वको नाममा संयुक्त रूपमा स्थापना गरिएका, निर्माणपछि नामाकरण गरिएका, निर्माणाधीन र निर्माण गर्ने योजनामा रहेका तपसिलमा उल्लेखित संरचना र सिर्जनाहरूको स्थापना या सिर्जना गर्ने व्यक्ति, संस्था, स्थापना मिति, स्थान (गाउँ विकास समिति र नगरका वडा तथा टोल) र त्यसको व्यवस्थापन पक्ष आदि समेतको यथार्थ विवरण स्पष्टसँग उल्लेख गरी फाउन्डेसनको केन्द्रीय कार्यालयमा उपलब्ध गराई ती संरचना, संस्था तथा सामग्रीहरूको संरक्षण तथा सम्बर्द्धनमा मद्दत पुऱ्याउन मदन भण्डारी फाउन्डेसनका जिल्ला कार्यसमितिहरू, फाउन्डेसनसँग आवद्ध संस्थाहरू, अन्य सङ्घ/संस्था तथा व्यक्तिहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल**

क. शैक्षिक तथा अनुसन्धान संस्था,
ख. पाटीपौवा, फलैंचा, सत्तल,
ग. कुवा, इनार, धारा,
घ. सडक, पुल, नहर,
ङ शालिक, सङ्ग्रहालय, पुस्तकालय, पुरस्कार,
च. प्रकाशन, स्मारिका, पुस्तक आदि ।

**मदन भण्डारी फाउन्डेसन**
केन्द्रीय कार्यालय
काठमाडौँ -८, गौशाला
फोन नं. : ४११३६१५, ई-मेलः info@mbf.org.np